# टीकापुर नगरपालिका

# नगर बृहत् योजना-२०७७

## सुदूर पश्चिम प्रदेश, नेपाल



# टीकापुर नगरपालिका
# नगर बृहत् योजना-२०७७
## सुदूर पश्चिम प्रदेश, नेपाल

**टीकापुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल**

(टीकापुर नगरपालिकाको यो बृहत् योजना सहभागितामूलक पद्धतिका आधारमा तयार गरी नागरिक, नगरस्तरका विभिन्न शाखा, विषयगत समिति बिच चरणबद्ध रूपमा छलफल गरी नागरिक तहबाट आवश्यक पृष्ठपोषण समेत लिएर अन्तिम रूप दिइएको हो)

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल



**पत्र सङ्ख्याः**
**चलानी नम्बर :**

## शुभकामना

कुनै पनि नगरको समुचित विकासका लागि निश्चित योजना निर्माण गर्नु आवश्यक हुन्छ । नगरमा रहेका वस्तुगत तथ्याङ्क बिना निर्माण गरिएका योजनाहरू परिणाममुखी हुन सक्दैनन् । टीकापुर नगरपालिका नेपालकै व्यवस्थित योजनाबद्ध एक सुन्दर नगर हो । नगरबासीहरूसँग टीकापुरलाई समृद्ध र व्यवस्थित शहरका रूपमा विकास गर्ने ठूलो सपना छ । त्यही आधारमा अघिल्लो वर्ष घरधुरी सर्वेक्षण गरेर नगरका सबै सूचनाहरू समेटिएको व्यवस्थित नगर प्रोफाइल निर्माण गरेका थियौं । तिनै तथ्याङ्कहरूको आधारमा रहेर नगरको न्यायोचित विकास र समृद्धिका लागि टीकापुर नगरपालिकाले झण्डै एक वर्षको समय लगाएर नगरको बृहत् योजना निर्माण सम्पन्न गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात् पहिलो पटक सम्पन्न भएको स्थानीय तहको निर्वाचनपछि जनप्रतिनिधिसमक्ष नगरबासीहरूका थुप्रै अपेक्षाहरू थिए, छन् । ती अपेक्षाहरूलाई साकार पार्दै टीकापुरलाई सुसंस्कृत नगरीका रूपमा विकासको फराकिलो राजमार्गमा हिँडाउन विभिन्न चरणका छलफलपश्चात् हामीले गत वर्ष नगरको पार्श्वचित्र निर्माण सम्पन्न गर्‍यौं । नगरबासीका घर घर पुगेर हाम्रा गणकहरूले घरधुरी सर्वेक्षण र डिजिटलाइज गर्न जीपीएस तथ्याङ्क समेत संकलन गरेका छन् । यी तथ्याङ्कहरूको समुचित उपयोग गर्दै झण्डै एक वर्षको अवधिमा पटक पटक नागरिकस्तरमा छलफल गरेर, विशेषज्ञहरूसँग अन्तरक्रिया गरेर नागरिकको सहभागितामा हामीले नगरको बृहत् योजना निर्माण गर्न सफल भएका छौं । नितान्त रूपमा यो नगरलाई अघि बढाउने विकासको मार्गचित्र हुने आधार दस्ताबेजका रूपमा हामीले बृहत् योजनालाई लिएका छौं । नगरमा उपलब्ध प्रचुर सम्भावनाहरूलाई आत्मसात गर्दै हामीले दूरदृष्टि तय गरेका छौं । 'उत्पादनशील, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सुव्यवस्थित पर्यटकीय नगर' आफ्नो दूरदृष्टि तय गरेको टीकापुर नगरपालिकाले उपलब्ध श्रोत, साधन र अवसरको अधिकतम् सदुपयोग गर्दै उक्त सोंचलाई सार्थक बनाउने विश्वास लिएको छु ।

योजना निर्माणमा तलबाट माथि (Bottom Up Approach) मान्यताका आधारमा यो आधार दस्ताबेज तयार गरिएको हो । यो तयार गर्न हामीले हाम्रा मात्रै कुराहरू समेटेका छैनौं । योजनाका महत्वपूर्ण पक्षहरू आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास र सुशासनका विविध आयाममाथि प्रत्येक वडामा सहभागितामूलक उपस्थितिमा नागरिकहरूका सुझाव तथा समस्याहरू संकलन गरिएको थियो । संकलित सुझावहरूका आधारमा निर्माण भएको बृहत् योजनाको दस्ताबेजमाथि पुनः वडास्तरमै सार्वजनिक सुनुवाई गरेर पृष्ठपोषण प्राप्त गरी योजनालाई अन्तिम रूप दिइएको हुँदा यसमा प्रत्येक्ष रूपमा नागरिकहरूको सहभागिता रहेको छ । यसकारण पनि यो दस्ताबेज सम्पूर्ण टीकापुरबासीको प्रतिनिधिमूलक आधार दस्ताबेज हो ।

कुनै पनि योजना सधैं स्थिर हुँदैन । समय सापेक्ष रूपमा योजनाहरूमा आवश्यक संशोधन र परिमार्जन गर्नुपर्ने हुन्छ । नगर बृहत् योजनाको निरन्तर समीक्षा, आवधिक परिमार्जन र पूर्ण रूपमा कार्यान्वयन गर्दै योजनालाई जीवन्तता प्रदान गर्न नगरपालिका प्रतिबद्ध रहेको छ । कार्यान्वयन गर्दै जाँदा समय अनुकुल परिमार्जन र निरन्तर समीक्षाका क्रममा नगर बृहत् योजना थप परिस्कृत र विस्तृत हुँदै जानेछ भन्ने विश्वास लिएको छु ।

नगर बृहत् योजना निर्माण गर्न हामीलाई सहयोग गर्ने संस्था The Asia Foundation र प्राविधिक तथा सहजीकरणमा सहयोग गर्ने COMMITED Nepal, को सम्पूर्ण टिम, वडास्तरमा गठन गरिएको वडास्तरीय विषयगत कार्यदलहरू, छलफलमा सहभागी हुनुभएका आमनागरिकहरू, सुझाव र सल्लाह प्रदान गर्ने नागरिक सल्लाहकार परिषदका सम्पूर्ण सदस्यज्यूहरू, विषयगत समितिका संयोजक तथा सदस्यहरू, शाखा प्रमुखहरूलगायत नगरपालिकामा रहेर बृहत् योजना निर्माणका क्रममा सहयोग गर्ने द एशिया फाउण्डेशनका प्रदेश कोर्डिनेटर यज्ञमान सेठी, कमिटेड नेपालका प्रतिनिधि परमानन्द पाण्डे लगायत सम्पूर्ण कर्मचारीहरूप्रति आभार व्यक्त गर्दछु । आगामी दिनमा समेत रचनात्मक सुझाव, सहयोग र सल्लाहको अपेक्षा गरेको छु । नगर बृहत् योजना प्रकाशनको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

..........................................
**तपेन्द्र बहादुर रावल**
नगर प्रमुख

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल



**पत्र सङ्ख्याः**

**चलानी नम्बर :**

## शुभकामना

कुनै पनि नगरको वृहत्तर विकासका लागि योजना नभई नहुने दस्ताबेज हो । स्थानीय सरकारको क्षेत्राधिकार भित्र पर्ने कार्यहरू संचालनका लागि समेत योजना आवश्यक हुन्छ । स्थानीय सरकारको आर्थिक, सामाजिक, भौगोलिक अवस्थाको तथ्य नहुँदा विकास निर्माणका कार्यक्रम सञ्चालन गर्न, नयाँ योजनाहरू तर्जुमा गर्न, राजश्व संकलनको अवस्था विश्लेषण गर्न निकै चुनौतिहरू देखा पर्दछन् । यिनै चुनौतिहरूलाई अवसरका रूपमा बदल्न नगरको समग्र वस्तुस्थितिको सत्य, तथ्य तथ्याङ्कसहितको नगर पार्श्वचित्र निर्माण गरिसकेको टीकापुर नगरपालिकाले तिनै तथ्य, तथ्याङ्कहरूका आधारमा वडास्तरमा रहेका नागरिकहरूसँगको परस्पर छलफल, अन्तरक्रियाबाट प्राप्त सुझाबहरू समेटेर टीकापुर नगरपालिकाको २० वर्षे दीर्घकालीन सोंचसहितको नगर बृहत् योजना तर्जुमा गरेको छ । जुन हामी सम्पूर्ण नगरबासीका लागि अत्यन्तै खुशीको विषय हो ।

लामो समयदेखि जनप्रतिनिधिविहीन अवस्थामा रहेको स्थानीय तहको विकास निर्माण समुचित ढंगले हुन नसक्दा नागरिकका अपेक्षा अत्यधिक छन् । सीमित श्रोत र साधनबाट ती अपेक्षाहरू पूरा गर्न निकै चुनौतिहरू छन् । तथापि नगरमा उपलब्ध श्रोत र साधनको अधिकतम् सदुपयोग गर्दै नगर बृहत् योजनालाई आधार दस्ताबेज मानेर सम्बोधन गर्न सकिने अवसरहरू पनि छन् । बृहत् योजनामा समेटिएका विषयवस्तुहरूले नगरका बासिन्दाहरूको आवाजलाई सम्बोधन गर्नेतर्फ हामी कटिबद्ध भएर लाग्नेछौं ।

यस्तो अवस्थामा यस नगरको समग्र विषयवस्तु, वस्तुस्थिति र घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क, नागरिकहरूका सुझाव समेत समेटेर प्राथमिकताका आधारहरू तय गर्दै बृहत् योजना निर्माण हुनुलाई मैले ठूलो उपलब्धीको रूपमा लिएको छु ।

'उत्पादनशील, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सुव्यवस्थित पर्यटकीय नगर' भन्ने नारालाई आफ्नो दूरदृष्टि तय गरेको टीकापुर नगरपालिकाले उपलब्ध श्रोत, साधन र अवसरको अधिकतम् सदुपयोग गर्दै उक्त सोंचलाई सार्थक बनाउने विश्वास लिएको छु । आवश्यकता अनुसार बृहत् योजनामाथि परिमार्जन गर्दै नागरिकहरूको जीवनस्तर उकास्न, सुमुचित विकास निर्माण गर्न यो दस्ताबेजले हामीलाई मार्गनिर्देशन गर्नेछ । नगरपालिकाको बृहत् योजना निर्माण गर्न उल्लेखनीय योगदान पुऱ्याउने द एशिया फाउण्डेशन, प्राविधिक सहयोग गर्ने कमिटेड नेपालको सम्पूर्ण टिम, नगरपालिकामा रहेर संयोजन गर्ने द एशिया फाउण्डेशनका प्रदेश कोर्डिनेटर यज्ञमान सेठी, कमिटेड नेपालका प्रतिनिधि परमानन्द पाण्डे लगायत नगरपालिकाका सम्पूर्ण कर्मचारीहरूप्रति आभार व्यक्त गर्दै नगर बृहत् योजना प्रकाशनको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

.................................................

**केशरी बिष्ट रावल**
नगर उपप्रमुख

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल



**पत्र सङ्ख्याः**
**चलानी नम्बर :**

## प्रमुख प्रशासकीय अधिकृतका तर्फबाट...

कुनै पनि नगरको योजनाबद्ध विकासका लागि ठोस नीति, कार्यक्रम तथा मार्गचित्र हुनु आवश्यक हुन्छ । तीन तहको सरकारसहितको संघीय संरचनाको अभ्यासमा अघि बढिरहेका बेला कुनै पनि सरकारको सफलताको आधार सबल, सक्षम, प्रभावकारी र सशक्त स्थानीय सरकार नै हो । स्थानीय सरकार सफल हुन यसले तय गर्ने योजना, नीति, कार्यक्रम तथा बजेट वस्तुगत, प्रभावकारी तथा कार्यान्वयनयोग्य हुनुपर्दछ । वस्तुगत र प्रभावकारी योजना, नीति, बजेट र कार्यक्रम बन्न सम्बन्धित स्थानीय तहको वस्तुगत विवरणमा उपलब्ध तथ्यहरूको विश्लेषणसहितको दीर्घकालीन योजना हुनु आवश्यक हुन्छ । नगरमा उपलब्ध तथ्य र तथ्याङ्कका आधारमा तयार गरिएको योजनाले जनताबाट अपेक्षित नतिजा हासिल गर्न सहज हुन्छ ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शनको मर्म र भावना अनुरूप सबल, सक्षम, सशक्त एवं प्रभावकारी स्थानीय सरकार आजको टड्कारो आवश्यकता हो । यसै विषयलाई मध्य नगर गर्दै घरधुरी सर्वेक्षणमार्फत् नगर पार्श्वचित्र निर्माण सम्पन्न गरिसकेको टीकापुर नगरपालिकाले आफ्नो दूरदृष्टि 'उत्पादनशील, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सुव्यवस्थित पर्यटकीय नगर' तय गर्दै टीकापुर नगरपालिकाको नगर बृहत् योजना निर्माण गरेको छ । नगरमा उपलब्ध श्रोत, साधन र अवसरको अधिकतम् सदुपयोग गर्दै उक्त सोंच पूरा हुने विश्वास लिएको छु ।

टीकापुर नगरपालिकाको दीर्घकालीन विकास, समृद्धि र आमनागरिकको जनजीवन उकास्न यो महत्वपूर्ण दस्तावेज तयार भएको छ । नगर बृहत् योजना निर्माण कार्यमा प्राविधिक सहयोग गर्ने संस्था कमिटेड नेपाल, प्राविधिक रूपमा खटिएका सम्पूर्ण कर्मचारी, वडास्तरमा गठन गरिएको वडास्तरीय विषयगत कार्यदल, नागरिक सल्लाहकार परिषदका सम्पूर्ण सदस्यहरू, विषयगत शाखाका कर्मचारीहरू लगायत सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु । कुनै पनि योजना समय सापेक्ष परिवर्तनशील र निरन्तर अद्यावधिक तथा सुधार गर्नु पर्ने तथ्यलाई आत्मसात् गर्दै सरोकारवाला सबैको रचनात्मक सल्लाह, सुझाब र प्रतिक्रियाको अपेक्षा गर्दै विकास निर्माणमा नगर बृहत् योजनाको अधिकतम उपयोगिता रहने विश्वास लिएको छु ।

..........................................
**दमन सिंह चौधरी**
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


**खण्ड १ : प्रारम्भिक** **१**
१.१. परिचय १
१.२. बृहत् योजनाको कानुनी आधार र सान्दर्भिकता २
१.३. बृहत् योजनाको क्षेत्र र सीमा २
**खण्ड २ : बृहत् योजना तर्जुमा विधि** **५**
२.१. योजना तर्जुमा प्रक्रियाको सामान्य झलक ५
२.२. नगरको वस्तुस्थिति विश्लेषण ७
२.३. मस्यौदा तयारी र पृष्ठपोषण ८
२.४. मस्यौदा स्वीकृति र सार्वजनिकीकरण ९
२.५. बृहत् योजना कार्यान्वयन ९
२.६. बृहत् योजना परिमार्जन वा संशोधन ९
**खण्ड ३ : नगर परिचय** **११**
३.१. पृष्ठभूमि ११
३.२. नगरको जनसाङ्ख्यिक अवस्था १३
३.२.१. जनसंख्या प्रक्षेपण १५
३.२.२ जनसंख्या प्रक्षेपण विधि १५
**खण्ड ४ : नगरको समष्टिगत लक्ष्य** **१९**
४.१. नगरको मुख्य प्राथमिकता १९
४.२. नगरको दूरदृष्टि १९
४.३. नगरको दीर्घकालीन लक्ष्य २०
४.४. अपेक्षित उपलब्धी २१
**खण्ड ५ : क्षेत्रगत योजना** **२३**
५.१. आर्थिक विकास २५
५.१.१. सीप तथा रोजगारी २६
५.१.२. कृषि तथा पशुपालन ३०
५.१.३. पर्यटन ३८
५.१.४. उद्योग र वाणिज्य ४२
५.१.५. सहकारी ४५
५.१.६. आर्थिक पूर्वाधार तथा राजस्व परिचालन ४८
५.१.७. स्थानीय आर्थिक विकास अन्तर्गत सङ्गठनात्मक क्षमता विकास ५१
५.२. सामाजिक विकास ५७
५.२.१. शैक्षिक विकास ५७
५.२.२. स्वास्थ्य ७५
५.२.३. सम्पदा संरक्षण ९८
५.२.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण १०७
५.३. पूर्वाधार विकास ११२
५.३.१. भू-उपयोग तथा आवास व्यवस्थापन ११२
५.३.२. पार्क तथा मनोरञ्जन १३०
५.३.३. यातायात १३७
५.३.४. सार्वजनिक निर्माण १५५
५.४. वन, वातावरण र विपद् व्यवस्थापन १७९
५.४.१. प्राकृतिक स्रोत र वातावरण १७९
५.४.२. विपद् तथा आपत्कालीन व्यवस्थापन १९७
५.५. संस्थागत विकास र सुशासन २१७
५.५.१. संस्थागत विकास २१७
५.५.२. सुशासन २१८
**खण्ड ६ : अनुगमन र मूल्याङ्कन** **२२३**
**अनुसुची १ : बृहत् योजना कार्यान्वयनको आर्थिक पक्ष** **२२५**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका २.२ | : विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र | ७ |
| तालिका २.६ | : बृहत् योजना परिमार्जन वा संशोधन | ९ |
| तालिका १/३.२ | : नगरको वडागत जनसाङ्ख्किक स्थिति | १३ |
| तालिका २/३.२ | : अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसंख्याको विवरण | १३ |
| तालिका ३.२.२ | : आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण | १६ |
| तालिका ४.३ | : दीर्घकालीन लक्ष्य | २० |
| तालिका ४.४ | : अपेक्षित उपलब्धी | २१ |
| तालिका ५.१.१ | : आवधिक प्राथमिकता : सीप तथा रोजगारी | २८ |
| तालिका ५.१.२ | : आवधिक प्राथमिकता तालिका : कृषि तथा पशुपालन विकास | ३५ |
| तालिका ५.१.३ | : पर्यटन क्षेत्र विकासको लागि आवधिक प्राथमिकताका कार्यक्रमहरू | ४० |
| तालिका ५.१.४ | : उद्योग व्यापार व्यवसाय प्रवर्द्धनका लागि आवधिक प्राथमिकताका कार्यक्रमहरू | ४३ |
| तालिका ५.१.५ | : सहकारी परिचालन सम्बन्धी नीति तथा प्राथमिकताका कार्यक्रमहरू | ४६ |
| तालिका ५.१.६ | : आर्थिक पूर्वाधार विकास तथा राजस्व परिचालन सम्बन्धी नीति तथा प्राथमिकताका कार्यक्रमहरू | ४९ |
| तालिका १/५.१.७ | : आर्थिक विकास अन्तर्गत सङ्गठनात्मक क्षमता विकासका प्राथमिकताका कार्यक्रमहरू | ५२ |
| तालिका २/५.१.७ | : आर्थिक विकासको अपेक्षित उपलब्धी र परिमाणात्मक लक्ष्य (आ.व. २०९६/९७) | ५५ |
| तालिका १/५.२.१ | : आवधिक प्राथमिकता : शैक्षिक विकास | ६३ |
| तालिका २/५.२.१ | : शिक्षा क्षेत्रको परिमाणात्मक लक्ष्य | ७२ |
| तालिका १/५.२.२ | : नगरपालिकाका स्वास्थ्य संस्था तथा तिनको पूर्वाधारको अवस्था | ७६ |
| तालिका २/५.२.२ | : आवधिक प्राथमिकता : स्वास्थ्य | ८० |
| तालिका ३/५.२.२ | : स्वास्थ्य क्षेत्रको अपेक्षित उपलब्धी | ९५ |
| तालिका ४/५.२.२ | : स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य | ९७ |
| तालिका १/५.२.३ | : आवधिक प्राथमिकता : सम्पदा संरक्षण | १०२ |
| तालिका २/५.२.३ | : सम्पदा संरक्षणका परिमाणात्मक लक्ष्य | १०५ |
| तालिका १/५.२.४ | : आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १०९ |
| तालिका २/५.२.४ | : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको परिमाणात्मक लक्ष्य | १११ |
| तालिका १/५.३.१ | : आवधिक प्राथमिकता : भू-उपयोग तथा आवास व्यवस्थापन | ११७ |
| तालिका २/५.३.१ | : भू-उपयोग तथा आवास व्यवस्थापनको अपेक्षित उपलब्धी/ परिमाणात्मक लक्ष्य | १२७ |
| तालिका १/५.३.२ | : आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन | १३३ |
| तालिका २/५.३.२ | : पार्क तथा मनोरञ्जन क्षेत्रको अपेक्षित उपलब्धी | १३५ |
| तालिका १/५.३.३ | : आवधिक प्राथमिकता : यातायात | १४१ |
| तालिका २/५.३.३ | : टीकापुर नगरपालिकाले निर्माण र स्तरोन्नतीका लागि प्राथमिकता प्राप्त सडकको विवरण | १५३ |
| तालिका ३/५.३.३ | : यातायात क्षेत्रका लागि उपलब्धी सूचक | १५४ |
| तालिका ५.३.४ | : आवधिक प्राथमिकता : सार्वजनिक निर्माण | १६६ |
| तालिका १/५.४.१ | : आवधिक प्राथमिकता : प्राकृतिक स्रोत तथा वातावरण | १८४ |
| तालिका २/५.४.१ | : प्राकृतिक स्रोत र वातावरणको परिमाणात्मक लक्ष्य तथा अपेक्षित उपलब्धी | १९६ |
| तालिका १/५.४.२ | : प्राथमिकता : विपद् तथा आपत्कालीन व्यवस्थापन | २०१ |
| तालिका २/५.४.२ | : विपद् तथा आपत्कालीन व्यवस्थापनको परिमाणात्मक लक्ष्य/ अपेक्षित उपलब्धी | २१५ |
| तालिका १/५.५.२ | : आवधिक प्राथमिकता : सुशासन प्रवर्द्धन | २२० |
| तालिका २/५.५.२ | : सुशासन प्रवर्द्धनको परिमाणात्मक लक्ष्य तालिका | २२२ |
| तालिका ६.१ | : लागत अनुमानको सार संक्षेप | २२५ |

## नक्सा सूची


| | | | |
|---|---|---|---|
| नक्सा ३.१ | : | टीकापुर नगरपालिकाको राजनीतिक नक्सा | ११ |
| नक्सा ५.१.१ | : | टीकापुर नगरपालिकाको वडागत रूपमा बरोजगारीको अवस्था | २६ |
| नक्सा ५.१.२ | : | कृषि केन्द्रित वडा | ३१ |
| नक्सा ५.१.३ | : | टीकापुर नगरपालिकाको पर्यटकीय क्षेत्र | ३८ |
| नक्सा १/५.२.१ | : | सामुदायिक र संस्थागत विद्यालयको विवरण | ५८ |
| नक्सा २/५.२.१ | : | कक्षाकोठाको आधारमा माध्यमिक विद्यालयको क्षमता | ५९ |
| नक्सा ३/५.२.१ | : | कक्षाकोठाको आधारमा आधारभूत विद्यालयको क्षमता | ६० |
| नक्सा ४/५.२.१ | : | सामुदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्था सम्बन्धी विवरण | ७० |
| नक्सा ५/५.२.१ | : | सामुदायिक आधारभूत विद्यालयको भौतिक र शैक्षिक अवस्था सम्बन्धी विवरण | ७१ |
| नक्सा १/५.२.२ | : | नगरमा रहेका स्वास्थ्य संस्था | ७५ |
| नक्सा २/५.२.२ | : | स्वास्थ्य संस्थाको सेवा क्षेत्र | ८२ |
| नक्सा ३/५.२.२ | : | अपाङ्गता भएका तथा दीर्घरोगी बढी भएको क्षेत्र र स्वास्थ्य संस्था | ९४ |
| नक्सा ५.२.३ | : | टीकापुर नगरपालिकाको प्रमुख सम्पदा स्थान | ९९ |
| नक्सा १/५.३.१ | : | टीकापुर नगरपालिकाको संकलित जी.पी.एस. तथ्याङ्कको आधारमा भवनहरूको प्रयोग | १२० |
| नक्सा २/५.३.१ | : | बाढी सम्भाव्य जोखिम बस्ती | १२४ |
| नक्सा ३/५.३.१ | : | जंगली जनावर र मानव बिच द्वन्द्व सम्भाव्य बस्ती | १२५ |
| नक्सा ५.३.२ | : | पार्क तथा मनोरञ्जन स्थल | १३० |
| नक्सा १/५.३.३ | : | नगरको विकास प्राथमिकतामा रहेका सडक | १४४ |
| नक्सा २/५.३.३ | : | नगर बसको प्रस्तावित अल्पकालीन रुट | १४९ |
| नक्सा १/५.३.४ | : | खानेपानीको धारा जडान नभएका परिवार | १६८ |
| नक्सा २/५.३.४ | : | शौचालयको व्यवस्था नभएका परिवार | १७० |
| नक्सा ३/५.३.४ | : | विद्युत सेवा नपुगेका वा मिटर जडान नभएका घरधुरी | १७४ |
| नक्सा ५.४.१ | : | काठ दाउरालाई खाना पकाउने ऊर्जाको प्रमुख स्रोत बनाउने घरधुरी | १९२ |
| नक्सा १/५.४.२ | : | बाढीजन्य जोखिममा रहेका बस्ती | २०३ |
| नक्सा २/५.४.२ | : | सुरक्षित भवन, खुला क्षेत्र तथा प्रतिकार्य आपत्कालीन इकाई | २०६ |


***नोट :*** *यो पुस्तिकामा प्रयोग गरिएको टीकापुरको नक्सा नगरको वडागत भौगोलिक सीमा र नापी विभागबाट जारी राजनीतिक नक्साका बिचमा रहेको असमाञ्जस्यतालाई नगरले आन्तरिक प्रयासबाट सुधार गरी तयार गरेको हो । यो नक्सालाई नापी विभागबाट मान्यता दिलाउने प्रक्रियामा रहेको छ ।*

# खण्ड १
# प्रारम्भिक

## १.१. परिचय

योजनावद्ध विकासको विधिमार्फत् स्थापना भएको टीकापुर नगरपालिकाले विभिन्न अवधिमा विकास र सेवा प्रवाहका विभिन्न विधि अपनाई नगरबासीको अधिकतम हितका आधारमा विकास प्रयासलाई अघि बढाउँदै आएको छ। नगरले विगतमा नेपाल सरकारले तोकेको योजना तथा बजेट तर्जुमा विधिका आधारमा विकास योजना तर्जुमा र कार्यान्वयन गर्दै आएको सीमित स्रोत र साधनले असीमित आवश्यकता सम्बोधन गर्नुपर्ने भएकोले विकासका कार्यक्रमले लामो समयसम्म अपेक्षित गति लिन सकेन । त्यसैले विकास प्रयासलाई उपलब्धीमूलक बनाउन स्रोतको उपलब्धता र विकासको आवश्यकताका बिचमा सन्तुलन कायम गर्नुपर्ने आवश्यकता महसुस गरी विकास र सेवाका प्रमुख क्षेत्रको विकास निर्माणको निर्धारणको मार्गदर्शक दस्ताबेजका रूपमा पहिलो पटक बृहत् योजना तयार गरिएको हो ।

टीकापुर नगरपालिकाले आफ्ना विकास र सेवाका प्रथामिकतालाई योजनावद्ध र व्यवस्थित रूपमा अघि बढाउने मार्गदर्शक दस्ताबेजका रूपमा नागरिक सहभागितामा आधारित विधिमार्फत् नगर बृहत् योजनाको मस्यौदा तयार पारेको छ । नगरको अवस्था पहिचानका लागि गरिएको घरधुरी सर्वेक्षणको विधिबाट तयार गरिएको नगर पार्श्वचित्र २०७५ तथा जनस्तरमा भएको व्यापक विषय केन्द्रित छलफल, नगरका विषयगत शाखा केन्द्रित रहेर गरिएको सबल र कमजोर पक्ष तथा अवसर र चुनौती (SWOT) विश्लेषण तथा नगर कार्यपालिका एवं विषयगत समितिस्तरमा भएको छलफलका आधारमा तयार पारिएको प्रारम्भिक मस्यौदा माथि नगर कार्यपालिकामा थप छलफल गरी नागरिक पृष्ठपोषणका लागि सार्वजनिक गरिएको थियो । निर्धारित पृष्ठपोषण संकलन प्रक्रिया पूरा गरी त्यसलाई समावेश गरी मस्यौदालाई अन्तिम रूप दिइएको हो । नगरको विकास प्रक्रियालाई योजनावद्ध रूपमा अघि बढाउन मार्गनिर्देश गर्ने उद्देश्यले तय गरिएको हो ।

बृहत् योजनाको मस्यौदा माथि आम नागरिकको सुझाव लिनको लागि टीकापुर नगरपालिकाको विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ अन्तर्गत गठित नागरिक सल्लाहकार परिषद मार्फत् नगरस्तरीय सार्वजनिक सुनुवाई आयोजना गरिएको थियो भने वडास्तरका छलफल र नगरस्तरीय सार्वजनिक सुनुवाईका क्रममा आएका टिप्पणीका आधारमा परिषद्ले नगरलाई सुझाव दिएको थियो ।

बृहत् योजनाको उद्देश्य विकासका कार्यक्रमलाई दिशानिर्देश गरिएको तथा यसमा समेटिएका क्षेत्रको व्यापकताका कारणले आगामी २० वर्षसम्मका लागि तय गरिएको समग्र कार्यक्रमको लागत अनुमान गरी विश्वसनीय तथ्याङ्क प्राप्त गर्नु असम्भव प्रायः भएपनि लागतको मोटामोटी अनुमानको संक्षेप यो पुस्तिकाको अन्तिम भागमा अनुसुचीका रूपमा प्रस्तुत गरिएको छ । समग्र कार्यक्रमको लागत विश्लेषण यस योजनामा निर्धारित प्राथमिकताका आधारमा क्षेत्रगत नीति तथा योजना तयारीका क्रममा तयार पारी आवधिक रूपमा यस योजनालाई समेत थप विस्तृत बनाउँदै लगिने छ । यो दस्ताबेज जीवन्त दस्ताबेजका रूपमा रहने भएकाले कतिपय विषय पहिलो पटक प्रस्तुत गर्दा समेट्न नसकिएकोमा स्रोतको विस्तार र आम नागरिकको सुझावको आधारमा त्यस्ता कार्यक्रम समेटी यसलाई परिमार्जन गर्दै लगिने छ ।

## १.२. बृहत् योजनाको कानुनी आधार र सान्दर्भिकता

लक्ष्य, उद्देश्य तथा प्राथमिकताका आधारमा विकासका कार्यक्रम स्थानीय स्तरबाटै अघि बढाउन सकेमा मात्र समृद्ध नेपाल : सुखी नेपालीको सपना प्राप्त हुनेमा दृढ विश्वास सहित टीकापुर नगरपालिकाले विस्तृत योजना निर्माणलाई प्राथमिकतामा राखेको हो । नगरको आन्तरिक स्रोत बढाउने तथा सीमित स्रोत र साधनको उपयोगलाई उपलब्धीमूलक बनाउनु कुनै पनि योजना निर्माणको प्रमुख उद्देश्य हो । नगरको सेवा प्रवाह र विकासका कार्यक्रम तर्जुमालाई निर्देशित गर्न तयार गरिएको नगर बृहत् योजनाले विकास र समृद्धिको जनचाहना पूरा गर्न लाग्ने समय कम गर्न र नगरको विकास प्रयासको प्रभावकारिता विस्तार गर्नमा योगदान गर्ने अपेक्षा रहेको छ । नगरले आफ्नो वार्षिक विकास योजना तर्जुमा र प्राथमिकीकरण गर्दा दीर्घकालीन रणनीति र मध्यकालीन विकास योजनालाई आधार बनाउन सक्ने वातावरणको निर्माणको आधारको रूपमा यस योजनालाई लिइएको छ । बृहत् योजनाले नगरपालिकाको राजस्व नीति निर्धारण र कार्यान्वयन, पूँजीगत सुधार तथा भू-उपयोग योजना तयारीमा पनि योगदान गर्ने अपेक्षा गरिएको छ । विकास कार्यक्रमको प्रभावकारिता र दीगोपनाका लागि दीर्घकालीन विस्तृत योजना, मध्यकालीन विकास योजना र वार्षिक विकास कार्यक्रम निर्माणको सबै प्रक्रियामा नागरिकहरूको कार्यात्मक संलग्नता मार्फत् मात्र सम्भव छ । विकास कार्यक्रमप्रति आम नगरबासीले अपनत्वको महसुस गर्ने वातावरणका लागि पनि सबै प्रक्रियामा बढीभन्दा बढी नागरिक संलग्नता आवश्यक हुन्छ ।

यस पृष्ठभूमिमा नेपालको संविधान २०७२ को धारा ५७ (४) अनुसारको अनुसूची ८ मा उल्लिखित स्थानीय सरकारको अधिकारको सूची र धारा ५९ मा उल्लिखित विकास आयोजना सम्बन्धी प्रावधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, १२, १४, १५ र २४ को अधिनमा रही दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नागरिकहरूको सहभागितामा व्यवस्थित र प्रभावकारी रूपमा नगरपालिकाको विस्तृत योजना (Comprehensive Plan) तर्जुमा गर्ने सम्बन्धमा आधारभूत प्रक्रिया र विधि निर्धारण गर्न टीकापुर नगरपालिकाले विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ जारी गरी सोही कार्यविधिका आधारमा पहिलो पटक नगर बृहत् योजना तयार गरेको छ ।

कार्यविधिमा नगरको विस्तृत योजनाको आवश्यकता, योजना तर्जुमामा ध्यान दिनुपर्ने विषय, योजना निर्माण प्रक्रिया, योजना तर्जुमाका क्रममा जन सहभागिताको विधि र प्रक्रिया, विभिन्न पक्ष तथा निकायको भूमिका, योजना कार्यान्वयन तथा परिमार्जन लगायतका विधि निर्धारित गरेको छ ।

कुनै पनि विकास योजना कार्यकारिणीय विकासको गन्तव्य निर्धारक र दिशानिर्देशक हो । तथापि परिवर्तित सन्दर्भलाई आत्मसात गर्दै त्यसमा आवश्यक सुधार र परिमार्जन गर्दै विकासका योजना कार्यान्वयन हुने कुराको प्रत्याभूति आम नागरिकलाई दिलाउन सके मात्र राज्यप्रति नागरिकको विश्वास प्राप्त हुन्छ । त्यसलै टीकापुर नगरपालिकाले बृहत् योजना माथि सबैको अपनत्व सुनिश्चितता हुने तथा नगरबासीको आवश्यकता सम्बोधन गर्दै यसलाई जीवन्त बनाई राख्न सबै योजनाको मार्गदर्शक तथा समयवद्ध कार्यान्वयनको आधारमा यसले दीर्घकालमा दिशानिर्देश गर्ने कानुनी आधारको रूपमा समेत प्रस्तुत बृहत् योजना तयार गरेको हो ।

## १.३. बृहत् योजनाको क्षेत्र र सीमा

टीकापुर नगरपालिकाको बृहत् योजनाले नगरको विकास र सेवा प्रवाहका प्रमुख क्षेत्रहरूलाई समेट्ने प्रयास गरेको छ । नगरले निर्धारण गरेका आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावारण र विपद् व्यवस्थापन तथा संस्थागत विकास र सुशासन जस्ता विषयगत क्षेत्र अन्तर्गतका विशिष्ठ सेवा क्षेत्र समेटेर यो बृहत् योजना तयार गरिएको हो । बृहत् योजना तयार गर्दा उपयोग गरिएको सूचनाको विश्वसनीयताका लागि नगर आफैले घरधुरी सर्वेक्षण गरी नगर पार्श्वचित्र तयारी तथा केन्द्रित समूह छलफल मार्फत् आम नागरिकको धारणा संकलनको विधिमार्फत् बृहत् योजनालाई वास्तविक समस्याको केन्द्रसम्म


पुगेर समस्या समाधानको आधार पहिल्याउने औजारका रूपमा अघि बढाउन खोजिएको छ। योजना तर्जुमा प्रक्रियामा भएका केन्द्रित समूह छलफल प्रतिनिधिमूलक रूपमा हुनु तथा वडास्तरसम्मका हरेक विशिष्ठ गतिविधिको सूची र तिनको लागत समावेश गर्न नसकिनुलाई यो योजनाको सीमितताका रूपमा लिन सकिन्छ । व्यापक जनसहभागितामा आधारित पद्धतिबाट तयार भएको बृहत् योजना तयारीको अन्तिम चरणमा पुग्दा देखिएको कोभिड-१९ को महामारी र यसको सम्बोधनका लागि केही रूपमा अल्पकालीन कार्यक्रम समेट्दा समुदायसँग पर्याप्त छलफल गर्न नसकिनुलाई पनि सीमितताका रूपमा लिइएको छ । यद्यपि जिवन्त दस्ताबेजका रूपमा पहिलोपटक तयार पारिएको यस बृहत् योजनालाई स्थानीय कार्यविधिमा तोकिए बमोजिम आवधिक रूपमा परिस्कृत गर्दा तथा क्षेत्रगत नीति, रणनीति तथा योजनामार्फत् यो सीमितता पूरा हुने अपेक्षा गरिएको छ ।

# खण्ड २
# बृहत् योजना तर्जुमा विधि

## २.१. योजना तर्जुमा प्रक्रियाको सामान्य झलक

टीकापुर नगरपालिकाको नगर विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ ले निर्धारण गरेका विधि र प्रक्रिया मार्फत् बृहत् योजनाको यो मस्यौदा तयार पारिएको हो । योजना तर्जुमाका लागि सुझाव संकलनका रूपमा सहभागी भएर आ-आफ्नो राय राख्ने खुला अवसर, मस्यौदाको हरेक विषयमा जनप्रतिनिधिहरूका बिचमा भएको व्यापक छलफलले बृहत् योजनालाई अधिकतम जनसहभागितामा आधारित बनाउने प्रयास गरिएको छ । योजनाको प्रारम्भिक मस्यौदा अध्ययन र पृष्ठपोषणका लागि सार्वजनिक गरी सुझाव संकलन गर्ने विधिबाट नागरिक सहभागितामा रहेका कमी पूर्तिको थप प्रयास समेत गरी योजनालाई अन्तिम रूप दिइएको हो ।

टीकापुर नगरपालिकाले बृहत् योजनाको समग्र प्रक्रियामा नगरपालिकालाई प्राविधिक सहयोगका लागि सहयोगी संस्थाको सहयोग लिएको थियो । योजना तर्जुमा प्रक्रियाका लागि तल निर्धारित प्रक्रिया निर्धारण गरी सोही अनुसार चरणबद्ध रूपमा बृहत् योजना तयार गरिएको हो ।



टीकापुर नगरपालिकाले निर्धारण गरेको विस्तृत योजना तर्जुमा प्रक्रियामा आम नागरिकको अधिकतम सहभागिताका लागि वडा तथा नगरस्तरमा नागरिक केन्द्रित संरचना निर्माण गरेको थियो भने योजना तर्जुमाको मुख्य भूमिका भने नगरपालिका स्वयम्ले लिएको थियो । यो प्रक्रियामा विभिन्न पक्षको भूमिका निम्नानुसार निर्धारण गरिएको थियो ।

**क) नगरसभा :** बृहत् योजनामाथि छलफल गरी अन्तिम स्वीकृति प्रदान गर्ने वा अनुमोदन गर्ने ।

**ख) नगर कार्यपालिका र योजना तर्जुमा निर्देशक समिति :** योजना निर्माण प्रक्रियाको नेतृत्व र आवश्यक नीतिगत निर्णय, सोच, लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने । योजनाको मस्यौदामाथि नागरिकस्तरमा छलफलको वातावरण बनाउने तथा नागरिक सुझाव समेत लिएर मस्यौदामाथि दफावार छलफल गरी आवश्यक परिमार्जन गर्ने र नगर सभामा पेश गर्ने ।

**ग) विषयगत समिति र शाखा :** योजना निर्माणमा आफ्नो क्षेत्रसँग सम्बन्धित सूचना संकलन, एकीकरण र विश्लेषण गरी योजना निर्माणको प्राविधिक कार्यको नेतृत्व र कार्यपालिकासँग समन्वय गर्ने ।


**घ) नागरिक सल्लाहकार परिषद् :** विषयगत समिति, नगर कार्यपालिका तथा वडास्तरीय नागरिक कार्यदलसँग निरन्तर सम्पर्क र समन्वयमा रही नागरिकका तर्फबाट योजनाको मस्यौदामा पृष्ठपोषण दिने ।

**ङ) वडा समिति :** वडास्तरीय केन्द्रित समूह छलफल र नागरिक कार्यदलमा हुने छलफलहरूको सहजीकरण गर्ने र बृहत् योजनामा विषयगत कार्यदलले दिने सुझाव तथा पृष्ठपोषण, नागरिक सल्लाहकार परिषद् तथा नगरपालिकामा पठाउने ।

**च) वडास्तरीय विषयगत कार्यदल :** वडास्तरमा नागरिकका समस्या र समाधानका विकल्पबारे आम जनताको प्रतिनिधित्व गरी वडा वा नागरिक सल्लाहकार परिषद्मार्फत् नागरिक आवाजलाई नगरपालिकासम्म पुऱ्याउने, केन्द्रित समूह छलफलमा सहभागिता जनाउने तथा सहभागी जुटाउने ।


**छ) सहयोगी संस्था :** योजना तर्जुमा प्रक्रिया तथा अन्तिम मस्यौदा तयारीमा प्राविधिक एवं विशेषज्ञ सेवा ।

**बृहत् योजना तर्जुमामा संलग्न संरचना तलको प्रवाह चित्रमा प्रस्तुत गरिएको छ ।**




**वडास्तरीय विषयगत कार्यदल**
**(Ward Citizen Task Force)**

माथि उल्लेखित प्रक्रिया तथा संस्थागत संरचनाले बृहत् योजना तयारीमा आवश्यक भूमिका निर्धारण गरेको भएता पनि योजना निर्माणको समग्र प्रक्रियालाई मुलतः तीन प्रमुख चरणमा विभाजन गरिएको थियो । जसलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।




## २.२. नगरको वस्तुस्थिति विश्लेषण

बृहत् योजना निर्माणलाई नगरपालिकाको वास्तविक समस्या समाधानमा केन्द्रित गर्न नगरको वस्तुस्थिति विश्लेषण प्रक्रियालाई सकेसम्म वैज्ञानिक र सहभागितामूलक बनाउने प्रयास गरिएको थियो । वस्तुस्थिति विश्लेषणका लागि अवलम्बन गरिएको प्रमुख तीन ओटा विधि तल प्रस्तुत छ ।

- घरधुरी सर्वेक्षणमार्फत् नगर पाश्र्वचित्र तयारी
- केन्द्रित समूह छलफलबाट जनधारणा संकलन
- नगरको विषयगत शाखाबाट नगरको क्षेत्रगत सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT) विश्लेषण

नगर बृहत् योजना तयारीको पूर्व तयारी स्वरूप नगरको जनसंख्या, विभिन्न विकास र सेवाको स्तर र पहुँचको अवस्था लगायत महत्वपूर्ण सूचना घरधुरी सर्वेक्षणमार्फत् संकलन गरिएको थियो । नगरपालिकाहरूले निर्धारण गरेका तल उल्लिखित ५ ओटा विषयगत क्षेत्र र बृहत् योजनाको लक्ष्य प्राप्तिमा योगदान पुग्ने गरी अन्य क्षेत्र समेत समेटेर नागरिकको आवश्यकता पहिचान र योजना निर्माण सम्बन्धी समुदायस्तरीय छलफल गरिएको थियो ।

सर्वसाधारण नगरबासीले नगरपालिका (सरकार) बाट प्राप्त गर्नुपर्ने आधारभूत सेवा जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, विद्युत, सिँचाई, कृषि तथा पशु प्राविधिक सेवा आदिले बृहत् योजनामा पर्याप्त स्थान पाउने सुनिश्चिताका लागि विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्रको समूह बनाइएको थियो ।

**तालिका २.२ : विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र**

| क्र.सं. | विषयगत क्षेत्र | प्रमुख क्षेत्र अन्तर्गतका उपक्षेत्र |
|---|---|---|
| १ | आर्थिक विकास | कृषि र पशुपालन, स्वरोजगार, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| २ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण । |
| ३ | पूर्वाधार विकास | सडक तथा पुल, झोलुङ्गे पुल, सिँचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, सञ्चार, पार्क, खेल मैदान, यातायातको वैकल्पिक माध्यम आदि । |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् पूर्वतयारी र प्रतिकार्य । |
| ५ | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवाप्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, सूचनाको हकको प्रत्याभूति, लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन आदि । |

माथि उल्लिखित विषयगत क्षेत्रलाई तल उल्लेखित मुख्य विषयमा समाहित गरिएको थियो भने संस्थागत विकास र सुशासनलाई सबै क्षेत्रको अन्तरसम्बन्धित सवालका रूपमा समेटिएको थियो ।

| | |
|---|---|
| क्षेत्र १ : भू-उपयोग | क्षेत्र २ : आर्थिक विकास |
| क्षेत्र ३ : यातायात | क्षेत्र ४ : सार्वजनिक निर्माण |
| क्षेत्र ५ : वातावरण | क्षेत्र ६ : शिक्षा |
| क्षेत्र ७ : स्वास्थ्य | क्षेत्र ८ : आपत्कालीन सेवा क्षेत्र |
| क्षेत्र ९ : प्राकृतिक स्रोत साधन | क्षेत्र १० : आवास विकास |
| क्षेत्र ११ : पार्क तथा मनोरञ्जन | क्षेत्र १२ : ऐतिहासिक/साँस्कृतिक सम्पदा संरक्षण |

हरेक क्षेत्रका प्रमुख समस्या तथा समाधानका उपायका सम्बन्धमा नागरिकले आफ्नो राय स्वतन्त्र रूपमा राख्न सक्ने र खास व्यक्तिको धारणाले अन्यको भावना प्रस्तुतिलाई सीमित गर्न नसक्ने गरी वडास्तरमा भौगोलिक क्षेत्र, पेशा तथा व्यवसाय एवं महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको प्रतिनिधित्व सुनिश्चित हुने गरी सहयोगी संस्था तथा नगरको सम्बन्धित शाखाका प्रतिनिधिको सहजीकरणमा केन्द्रित समूह छलफल गरी सबैको सुझाव तत्क्षण टिपोट गर्ने व्यवस्था मिलाइएको थियो । नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा कार्यपालिका र नगर सभा सदस्यबाट यो प्रक्रियाको अनुगमन र सुपरिवेक्षण गरिएको थियो। वडागत छलफलको अन्त्यमा सहभागीबाट नगरको मुल पहिचान अर्थात् दूरदृष्टि निर्धारणका लागि सुझाव लिइएको थियो। यो प्रक्रियामा नगरका नौ वडामा गरी वडास्तरीय नागरिक कार्यदल तथा अन्य नागरिकबाट ४०० भन्दा बढी नगरबासीको प्रत्यक्ष सहभागिता थियो।

केन्द्रित समूह छलफलबाट प्राप्त नागरिकको विचार तथा सुझाव एकीकृत गरी समस्या र समाधानका उपायको वडागत सँगालो तयार गरी केन्द्रित समूह छलफल, नगर पार्श्वचित्र, अन्य नीतिगत दस्तावेज तथा बाह्य स्रोतका सूचना समेत समावेश गरी सम्बन्धित क्षेत्रमा नगरको सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती विश्लेषण गरिएको थियो । यो प्रक्रियाका लागि विषयगत शाखाले सहयोगी संस्थासँग मिलेर कार्य गरेको थियो ।

## २.३. मस्यौदा तयारी र पृष्ठपोषण

नगरको वस्तुस्थिति विश्लेषण पछि सबै क्षेत्रका समस्या समाधानका उपायका सन्दर्भमा नागरिकको सुझाव पुनरावलोकन गरी नगर प्रमुखको संयोजकत्वमा नगर कार्यपालिका तथा विषयगत शाखासहितको बैठकबाट नगरको दूरदृष्टि र दीर्घकालीन लक्ष्य निर्धारण गर्नुका साथै प्राविधिक समूहले तयार पारेको क्षेत्रगत लक्ष्य, उद्देश्य, नीति तथा प्राथमिकता सहितको बृहत् योजनाको खाका माथि सम्बन्धित विषयगत समितिले विस्तृत रूपमा छलफल गरी क्षेत्रगत मस्यौदा तयार पार्‍यो । प्रारम्भिक मस्यौदा तयारी पछि मस्यौदालाई पूर्णता दिने र पृष्ठपोषण लिने प्रक्रिया निम्नानुसार तय गरिएको थियो ।

- नगर कार्यपालिकामा प्रारम्भिक मस्यौदामाथि छलफल गरी आवश्यक परिमार्जनसहित नागरिकस्तरीय टिप्पणी तथा पृष्ठपोषणका लागि सार्वजनिकीकरण
- नागरिक सल्लाहकार परिषद्को नेतृत्वमा वडागत छलफल तथा नगरस्तरीय सार्वजनिक सुनुवाई
- नागरिक सल्लाहकार परिषद्बाट नागरिकस्तरमा संकलित सुझाव एकीकृत रुमपा नगरमा प्राप्ति

## २.४. मस्यौदा स्वीकृति र सार्वजनिकीकरण

नगर कार्यपालिकाबाट यस सार्वजनिक गरिएको मस्यौदामाथि जनस्तरबाट भएका टिप्पणी तथा सुझावका आधारमा बृहत् योजनालाई आवश्यकता अनुसार नगर कार्यपालिकाले आवश्यक परिमार्जन सहित अनुमोदन गरेको हो । यससँगै नगरको विकास योजना निर्माण तथा कार्यान्वयनको नयाँ अध्याय शुरु हुनेछ ।

## २.५. बृहत् योजना कार्यान्वयन

बृहत् योजना समग्र विकास योजना तथा कार्यक्रमको मार्गदर्शक नीतिगत दस्ताबेजका रूपमा रहने छ । यसको कार्यान्वयनको अवस्था समीक्षा तथा आवश्यकता अनुसार परिमार्जन पनि गरिनेछ । यो प्रक्रियालाई पनि अधिकतम सहभागितामूलक बनाइने छ । यो योजनाका आधारमा विभिन्न क्षेत्रगत नीति, रणनीति तथा योजना निर्माण र कार्यान्वयनलाई पनि प्राथमिकताका साथ अघि बढाइने छ । बृहत् योजना कार्यान्वयनकोसहजीकरणका लागि प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण हुने गरी एक नगरस्तरीय योजना शाखा निर्माण गरिने छ भने दीर्घकालमा नगरस्तरको योजना आयोगका परिकल्पना पनि गरिएको छ । यसरी यो योजनाको सान्दर्भिकता निरन्तर कायम भइराख्ने अपेक्षा गरिएको छ । स्थानीय कानुन बमोजिम निर्माण भएको यो योजनामा थपघट तथा परिमार्जनका लागि कार्यविधि अनुसारको सहभागितामूलक पद्धति प्रयोग गरी यसलाई नगरको कानुनी दस्ताबेजको रूपमा उपयोग गरिने छ ।

## २.६. बृहत् योजना परिमार्जन वा संशोधन

यो योजनालाई जीवन्तता दिन नियमित समीक्षा र परिमार्जन अपरिहार्य हुन्छ । बृहत् योजना नीतिगत र कानुनी दस्ताबेज समेत भएकोले यसमा संशोधन र परिमार्जन गर्दा सहभागितामूलक पद्दती अबलम्बन गरिने छ । संशोधनको सहभागीमूलक पद्दती नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । योजना संशोधन र परिमार्जनको अन्तिम निर्णय नगर कार्यपालिका र सभाबाट नै हुन्छ । बृहत् योजनामा उल्लिखित लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम संशोधन वा परिमार्जन गर्दा यहाँ प्रयोग गरिएका क्रम संख्या वा अक्षरका संकेतलाई आधार मानी तलको तालिकामा प्रस्तुत गरिएको विधिलाई आधार मानिने छ ।

**तालिका २.६ : बृहत् योजना परिमार्जन वा संशोधन**

| संशोधन गर्नुपर्ने उद्देश्य, नीति वा कार्यक्रमको उदाहरण | हालको व्यवस्था | गरिएको परिवर्तन |
|---|---|---|
| **उद्देश्य सम्बन्धी :** पूर्वाधार विकास अन्तर्गत पार्क तथा मनोरञ्जन उपक्षेत्र (५.४.२) को नाम उद्देश्य नं २। | उद्देश्य २ जस्ताको त्यस्तै | पूर्वाधार विकास अन्तर्गत  पार्क तथा मनोरञ्जन उपक्षेत्र (५.४.२) को उद्देश्य नं २ हटाइएको वा निम्नानुसार हुनेगरी परिमार्जन गरिएको । |
| **नीति सम्बन्धी :** पूर्वाधार विकास अन्तर्गत पार्क तथा मनोरञ्जन उपक्षेत्रको उद्देश्य नं २ को नीति ख । | नति ख. जस्ताको त्यस्तै | उल्लिखित नीति हटाइएको वा निम्नानुसार [...] हुनेगरी परिमार्जन गरिएको । |
| **कार्यक्रम सम्बन्धी :** प्रार्थमिकता तालिका ५.४.२ को मुख्य कार्यक्रम (ख) अन्तर्गत म. (२) अर्थात् मध्यकालीन कार्यक्रम नं २ । | मध्यकालीन कार्यक्रम नं. २ जस्ताको त्यस्तै | उल्लिखित कार्यक्रम सम्पन्न भइसकेकोले हटाइएको वा निम्नानुसार परिमार्जन गरिएको वा सम्बन्धित कार्यक्रम २.१. थप गरिएको । |

हरेक पटक अल्पकालीन अवधि वा २ देखि ३ वर्ष (नगरले पहिलो पल्ट २ वर्ष राखेको भएपनि यसको अवधि ३ वर्षमा नबढाई परिवर्तन गर्न सक्छ । पहिलोपटक निर्धारित अल्पकालीन अवधि समाप्त हुनुभन्दा केही अघि नै मध्यकाल र दीर्घकालका प्राथमिकतामा आधारित रहेर नगरस्तरमा छलफल तथा सुनुवाईको विधिबाट नयाँ अल्पकालीन कार्यक्रम तय गर्नुपर्ने र मध्यकाल र दीर्घकालका कार्यक्रममा परिमार्जन गर्नुपर्ने हुन्छ ।

# खण्ड ३
# नगर परिचय

## ३.१. पृष्ठभूमि

नेपालको सुदूरपश्चिम प्रदेशमा पर्ने कैलाली जिल्लाको पूर्वमा अवस्थित टीकापुर, पूर्व-पश्चिम राजमार्गदेखि १४ कि.मी. दक्षिण, भारतको सिमानादेखि उत्तरतर्फ कर्णाली नदीको पश्चिममा र २८°३१'३०" उत्तरी अक्षांश र ८१°०७'३१५" पूर्वी देशान्तरमा अवस्थित छ । टीकापुर नगरपालिका समुद्र सतहबाट १४५-१६१ मिटर उचाईमा रहेको छ । २०४६ सालको जनआन्दोलन पश्चात् टीकापुर नगरोन्मुख गा.वि.स. हुँदै वि.सं. २०५३ साल माघ १७ गते टीकापुर नगरपालिका घोषणा भएको हो । तात्कालीन समयमा देशैभर एकैसाथ घोषणा भएका १५ वटा नगरपालिकाहरू मध्ये एक टीकापुर पनि हो । साविकको नारायणपुर र धनसिंहपुर गाउँ विकास समितिलाई टीकापुरमा गाभेर २०७३ फागुन २७ गते मन्त्री परिषद्को निर्णयबाट हालको टीकापुर नगरपालिकाको स्थापना भएको हो । टीकापुर नगरपालिका नेपालकै आधुनिक योजना सहितको नगरपालिका हो ।

**नक्सा ३.१ : टीकापुर नगरपालिकाको राजनीतिक नक्सा**



वि.सं. २०२८ सालमा घना जङ्गल फडानी गरेर तत्कालीन मन्त्री खड्गबहादुर सिंहले यो नगरको स्थापना गर्नु भएको हो । घना जङ्गल भएको यस क्षेत्रमा बस्ती बस्ने क्रममा यहाँका बस्तीहरू “टीका” जस्तै गरी गोलाकार रूपमा बसेकोले यस ठाँउको नाम “टीकापुर” रहन गएको भनाई छ भने अर्कोतर्फ टीकापुरमा बस्ती बसाउने क्रममा जङ्गल फडानीको कार्य दशैंको “टीका” का दिनदेखि प्रारम्भ गरिएकोले यस ठाउँको नाम “टीकापुर” रहन गएको भन्ने भनाई पनि छ । हाल टीकापुर नगरपालिका ११८.३३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ ।

टीकापुर शहरीकरणको विकास क्रमलाई नियाल्दा वि.सं. २०२४ चैत्र २ गते तत्कालीन राजा महेन्द्र महाकाली अञ्चल कञ्चनपुर जिल्ला स्थित वर्तमान शुक्लाफाँट वन्यजन्तु आरक्षणमा शिकार खेल्ने प्रयोजनका लागि आएको तथ्य भेटिन्छ । सोही क्रममा राजा महेन्द्रलाई वि.सं. २०२४ चैत्र २४ गते आकस्मिक हृदयघात भए पश्चात् स्वास्थ्य लाभका लागि अनुकुल स्थानको खोजी हुँदा स्वदेशी तथा विदेशी विशेषज्ञहरूबाट हालको “टीकापुर बृहत् उद्यान” रहेको ठाउँ, हावापानी, भू-धरातलीय बनौट, अवस्थित आदिका दृष्टिले सर्वाधिक मात्रामा उपयुक्त भएको सिफारिस भएकोले २०२४ चैत्र २५ का दिन राजालाई पूर्वोक्त स्थानमा ल्याई विश्रामका लागि समुचित व्यवस्था मिलाइएको देखिन्छ । मुलुकको अस्थायी राजधानीको हैसियत प्रदान गर्दै वि.सं. २०२४ चैत्र २५ देखि २०२५ वैशाख २४ गतेसम्म तात्कालीन राजा महेन्द्रबाट पूर्णतः स्वास्थ्य लाभ गरी राज्य सञ्चालन गरिएको गौरवपूर्ण इतिहास पनि यस नगरले बोकेको छ । राजा महेन्द्रले पूर्णतः स्वास्थ्य लाभ गरेको स्थानलाई व्यवस्थित शहरीकरण गर्नका लागि वि.सं. २०२६ मा “महेन्द्र रत्नस्थली शहरी विकास योजना” सञ्चालनार्थ राजाबाटै निर्देश एवं स्वीकृति दिइएको पाइन्छ ।

वि.सं. २०२८ सालमा राजा महेन्द्रको देहान्त भई राजा वीरेन्द्रको गद्दी आरोहण पश्चात् “महेन्द्र रत्नस्थली शहरी विकास योजना” विकास समिति ऐन, २०१३ बमोजिम “टीकापुर शहरी विकास योजना”मा रूपान्तरण गर्दै वि.सं. २०२८ श्रावण १ गते टीकापुर विकास समिति गठन गरिएको थियो । योजनालाई साकार रूप दिन एउटा गुरुयोजना निर्माण गर्नाका साथै उद्यान क्षेत्र नगर बसोबास क्षेत्र, संरक्षित वन क्षेत्र र आधुनिक यान्त्रिक कृषि क्षेत्र निर्माणार्थ ३ हजार १ सय ७३ विगाहा जमिन नगर विकास समितिलाई नेपाल सरकारबाट उपलब्ध गराइएको थियो । यसरी उपलब्ध जमिनमा घना जङ्गल रहेकोले सो जङ्गल कटानी गर्ने कार्य खास गरी वि.सं. २०२८ माघ महिनाबाट थालनी भई गुरु योजना अनुरूप शहरी नियोजनको कार्य अघि बढेको पाइन्छ । सो कार्यका लागि टीकापुर विकास समितिको प्रथम अध्यक्ष खड्ग बहादुर सिंहलाई जिम्मेवारी दिइएको थियो ।

टीकापुर नगरको राजनीतिक एवं प्रशासनिक इकाईको विकास क्रमलाई हेर्दा वि.सं. २०३२ मार्ग २६ गते तत्कालीन मौरनियाँ र मनिकापुर गाउँ पञ्चायत गाभेर एउटै “टीकापुर गाउँ पञ्चायत” बनाइएको यस क्षेत्रलाई वि.सं. २०५३ माघ १७ का दिन कैलाली जिल्लामा दोस्रो नगरपालिका बन्ने सुअवसर जुरेको देखिन्छ । नेपालमा भएको संघीय शासन प्रणालीको सूत्रपात तथा नयाँ राज्य संरचनाका कारण अहिले टीकापुर नगरपालिकाले वि.सं. २०७३ फागुन २७ बाट धनसिंहपुर र नारायणपुर गा.वि.स. समेत समावेश गरी हालको बृहत् टीकापुर नगरपालिका बनेको हो ।

विगतमा मुलुकको “अस्थायी राजधानी”, “कान्छो नेपाल”, बृहत् उद्यानको नगर, “योजनावद्ध नमूना शहर”का रूपमा पहिचान बनाएको विगतलाई समग्र नगरको उत्प्रेरणाको आधारका रूपमा लिई सुव्यवस्थित नगर निर्माणको समग्र पक्ष कार्यान्वयनमा भएका केही कमी कमजोरीलाई सुधार गर्दै टीकापुरवासीको सुख र समृद्धिको दीगो आधार निर्माणका लागि नगरबासीको अधिकतम सहभागिताका आधारमा नगरको पहिलो बृहत् योजना तयार गरिएको छ । यसले नगरको सबै संयन्त्रलाई गतिशील बनाई सीमित स्रोत र साधनको आदर्शतम उपयोगमार्फत् टीकापुरको नयाँ र गौरवपूर्ण पहिचान निर्माणमा यसबाट टेवा पुग्ने विश्वास गरिएको छ ।

## ३.२. नगरको जनसाङ्ख्रिक अवस्था

टीकापुर नगरपालिकाले २०७५ सालमा सम्पन्न गरेको पारिवारीक तथ्याङ्क सङ्कलनबाट प्राप्त तथ्याङ्क अनुसार नगरका १८,६२० घरपरिवारमा ३६,९०९ पुरुष र ४३,७८१ महिला गरी कुल ८०,६९० जनसंख्या रहेको छ । तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसंख्या भने कम अर्थात् ८४.३० प्रतिशत देखिन्छ । नौ वडामा विभाजित यस नगरपालिकाको वडागत विवरण अनुसार सबैभन्दा धेरै वडा न. १ मा ९,८२३ परिवार र ३९,७७८ जनसंख्या रहेको छ भने सबैभन्दा कम वडा नं. ९ मा ७४३ परिवार र ३,६९० जनसंख्या रहेको छ । प्रति वर्ग किलोमिटर जनघनत्व ६८२ रहेको छ । २०७५ को तथ्याङ्क अनुसार वडागत परिवार संख्या तथा लिङ्गको आधारमा जनसंख्याको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका १/३.२ : नगरको वडागत जनसाङ्ख्रिक स्थिति**

| वडा नं. | परिवार संख्या | अक्सर बसोबास गर्ने जनसंख्या | | | लैङ्गिक अनुपात | औसत परिवार आकार | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व प्रति वर्ग कि.मि. |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | | | |
| १ | ९,८२३ | १८,३३३ | २१,४४५ | ३९,७७८ | ८५.४९ | ४.०५ | २१.९१ | १८१६ |
| २ | १,६५१ | ३,३५२ | ४०५६ | ७,४०८ | ८२.६४ | ४.४९ | १७.४७ | ४२४ |
| ३ | ९८३ | २,११७ | २,४९८ | ४,६१५ | ८४.७५ | ४.६९ | ७.६७ | ६०२ |
| ४ | ९९५ | २,०३१ | २,४७८ | ४,५०९ | ८१.९६ | ४.५३ | ५.९३ | ७६० |
| ५ | १,०५९ | २१६६ | २,६७९ | ४,८४५ | ८०.८५ | ४.६२ | १४.२६ | ३४० |
| ६ | १,०६७ | २२७६ | २,७२५ | ५,००१ | ८३.५२ | ४.६९ | १०.९६ | ४५६ |
| ७ | १,३१५ | २७०४ | ३,२९१ | ५,९९५ | ८२.१६ | ४.५६ | १५.०१ | ३९९ |
| ८ | ९९४ | २१६० | २,६८९ | ४,८४९ | ८०.३३ | ४.८८ | १६.५२ | २९४ |
| ९ | ७४३ | १७७० | १,९२० | ३, ६९० | ९२.१९ | ४.९७ | ८.६ | ४२९ |
| **जम्मा** | **१८,६२०** | **३६९०९** | **४३,७८१** | **८०,६९०** | **८४.३०** | **४.३३** | **११८.३३** | **६८२** |

*स्रोत : नगर पार्श्वचित्र, २०७५*

**तालिका २/३.२ : अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसंख्याको विवरण**


| वडा नं. | परिवार संख्या | अक्सर बसोबास गर्ने जनसंख्या | | | अनुपस्थित जनसंख्या | | | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | ९,८२३ | १८,३३३ | २१,४४५ | ३९,७७८ | ६,७६६ | १,९८३ | ८,७४९ | २५,०९९ | २३,४२८ | ४८,५२७ |
| २ | १,६५१ | ३,३५२ | ४०५६ | ७,४०८ | १५६१ | ७३५ | २,२९३ | ४,९१३ | ४,७९१ | ९,७०४ |
| ३ | ९८३ | २,११७ | २,४९८ | ४,६१५ | ५२७ | १३३ | ६६० | २,६४४ | २,६३१ | ५,२७५ |
| ४ | ९९५ | २,०३१ | २,४७८ | ४,५०९ | ७२१ | २३९ | ९६० | २,७५२ | २,७१७ | ५,४६९ |
| ५ | १,०५९ | २१६६ | २,६७९ | ४,८४५ | ७२२ | १९० | ९१२ | २,८८८ | २,८६९ | ५,७५७ |
| ६ | १,०६७ | २२७६ | २,७२५ | ५,००१ | ८४७ | ३५३ | १,२०० | ३,१२३ | ३,०७८ | ६,२०१ |
| ७ | १,३१५ | २७०४ | ३,२९१ | ५,९९५ | ९५१ | ३०४ | १,२५५ | ३,६५५ | ३,५९५ | ७,२५० |
| ८ | ९९४ | २१६० | २,६८९ | ४,८४९ | १,०२४ | ४१२ | १,४३६ | ३,१८४ | ३,१०१ | ६,२८५ |
| ९ | ७४३ | १७७० | १,९२० | ३, ६९० | ३७७ | ११६ | ४९३ | २,१४७ | २,०३६ | ४,१८३ |
| **जम्मा** | **१८,६२०** | **३६९०९** | **४३,७८१** | **८०,६९०** | **१३४९६** | **४४६५** | **१७,९६१** | **५०,४०५** | **४८,२४६** | **९८,६५१** |

*स्रोत : नगर पार्श्वचित्र, २०७५*

घरपरिवार संख्या, जनसंख्या, जनघनत्व र क्षेत्रफलका हिसाबले वडा नं. १ सबैभन्दा ठूलो वडा हो भने क्षेत्रफलको हिसाबमा सबैभन्दा सानो वडाको रूपमा वडा नं. ४ भए तापनि जनसंख्या र घरपरिवारका हिसाबले वडा नं. ९ मा सबैभन्दा कम जनसंख्या र घरपरिवार देखिन्छ । उमेर र लिङ्गअनुसार हेर्ने हो भने यस नगरपालिकाको १०-१४ वर्षका बालबालिकाको संख्या सबैभन्दा उच्च अर्थात् ९७१० (१२.०३ प्रतिशत) देखिन्छ भने सबभन्दा कम ७५ वर्षभन्दा माथिका संख्या रहेको छ । कुल जनसंख्याको सबैभन्दा ठूलो हिस्सा अर्थात् ५० प्रतिशतभन्दा बढी १४ वर्षदेखि २४ वर्षसम्मको उमेर समूह रहेको छ ।

परिवारको आकारको आधारमा हेर्ने हो भने नगरपालिकामा रहेका कुल १८,६२० परिवारमध्ये ४ देखि ५ जना सदस्य संख्या भएको परिवार सबैभन्दा धेरै ७,३७६ अर्थात् ३९.६२ प्रतिशत रहेको छ । दोस्रोमा २ देखि ३ जना सदस्य संख्या भएको परिवार ५,७९४ अर्थात् ३१.१२ प्रतिशत र ८ जनाभन्दा बढी सदस्य संख्या भएको परिवार १,४२८ अर्थात् ७.६७ प्रतिशत रहेका छन् भने १ जना मात्र सदस्य संख्या भएको परिवारको संख्या १,१२६ रहेको छ ।

**उमेरसमूह अनुसार जनसंख्याको विवरण**




माथि प्रस्तुत पिरामीड २०७५ मा गरिएको घरधुरी तथ्याङ्क सङ्कलनबाट प्राप्त जनसंख्याको आधारमा तयार गरिइएको हो । जसमा टीकापुर नगरपालिकाको जनसंख्याको लैङ्गिक अनुपात र विभिन्न उमेर समूहको संरचनाको चित्रण गरिएको छ । टीकापुर नगरपलिकामा विभिन्न उमेर समूह मध्ये १०-१४ उमेर समूह, १५-१९ उमेर समूह र २०-२४ उमेर समूहका जनसंख्या अन्य उमेर समूहभन्दा बढी रहेको छ भने कुल जनसंख्याको सबैभन्दा ठूलो हिस्सा १४ वर्षदेखि २४ वर्ष सम्मको उमेर समूहको रहेको छ। यो उमेर समूहको जनसंख्या भनेको आत्मनिर्भर भई नसकेको जनसंख्या पनि हो भने अहिलेको तुलनामा नगरपालिकाभित्र अर्को दुई, तीन दशकभित्र श्रमशक्तिको संख्याले बढ्ने आधार पनि हो । जसले गर्दा नगरभित्र बढीभन्दा बढी रोजगारीका अवसर आवश्यकता पर्छ । लैङ्गिक अनुपातको हिसाबले उक्त उमेर समूहका पुरुषको संख्या घट्दै गएको र महिलाको संख्या बढ्दै गएको देखिन्छ । वैदेशिक वा अन्य अवसरका लागि बाहिर जाने गरेको कारण गणनाका क्रममा पुरुषहरूको न्यून उपस्थिति भएको नगरको अनुमान छ । तथापि यसको यथार्थ विवरण छैन । वर्तमान अवस्थाले आगामी २० वर्षमा ज्येष्ठ नागरिकको संख्या बढ्ने देखिन्छ ।

## ३.२.१. जनसंख्या प्रक्षेपण

बृहत् योजनाले भविष्यको अनुमानित जनसंख्याको आवश्यकता सम्बोधन गर्नुपर्ने हुन्छ । टीकापुर नगरपालिकाको दूरदृष्टि, दीर्घकालीन लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तय गर्दा तलको तालिकामा उल्लेख गरिएको जनसंख्यालाई आधार बनाइएको छ । जनसंख्या प्रक्षेपण गर्न केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त नगरपालिकाको बिगतका वि.सं २०२८ साल देखिको दश-दश वर्षको फरकमा रहेको जनसंख्या तथा नगरले गरेको पारिवारिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई लिइएको छ । नगरपालिकाको जनसंख्याको पूर्वानुमान गर्दा विभिन्न समयमा भएको राजनीतिक परिर्वतनसंगै स्थानीयको पुनर्संरचनाहरूमा आधारित भएता पनि सम्पूर्ण टीकापुरको हालको संरचनासँग मिल्ने गरी मिलाउन कोसिस गरिएको छ ।

टीकापुरको सन्दर्भमा, वि.सं. २०३२ सालमा तात्कालीन मौरनिया र मनिकापुर गाउँपञ्चायतहरूलाई गाभेर एउटै "टीकापुर गाउँ पञ्चायत" बनाइएको थियो । वि.सं २०४६ साल पछि टीकापुर नगरोन्मुख गा.वि.सं. हुँदै वि.सं.२०५३ साल माघ १७ गते टीकापुर नगरपालिका घोषणा भएको थियो । साविकको नारायणपुर र धनसिंहपुर गाउँ विकास समितिलाई टीकापुरमा गाभेर वि.सं २०७३ फागुन २७ गते हालको टीकापुर नगरपालिकाको स्थापना भएको थियो । नेपालमा विभिन्न समयमा भएको राजनीतिक परिर्वतनसँगै केन्द्र र स्थानीयको पुनर्संरचना हुँदा टीकापुर, मौरनिया, मनिकापुर, नारायणपुर र धनसिंहपुर २०४६ साल अघि गाउँपञ्चायत, २०४६ र २०७३ को बिचमा गाउँ विकास समिति हुँदै २०७३ सालमा हालको टीकापुर नगरपालिका निर्माण भएको हो । संघीय संरचना अनुसार साबिकको टीकापुरलाई वडा नं १-५, नारायणपुरलाई वडा नं. ६-७ र धनसिंहपुरलाई वडा नं. ८-९ मा विभाजित गरिएको छ । त्यसकारण, बिगत २०२८ साल देखिको हालको टीकापुरको जनसंख्या निकाल्दा साबिकको गाउँ विकास समिति/गाउँ पञ्चायतहरू मौरनिया, मनिकापुर, नारायणपुर र धनसिंहपुरको जनसंख्यालाई लिन सकिन्छ ।

## ३.२.२ जनसंख्या प्रक्षेपण विधि

जनसंख्या प्रक्षेपणमा रेखीय वृद्धिदर (Linear Growth Rate) ज्यामितीय वृद्धिदर (Geometric Growth Rate), घातङ्कीय वृद्धिदर (Exponential Growth Rate) तथा समूहगत आंशिक पद्धति (Cohort Component Method) आदि उपयोग गर्न सकिने भएता पनि समूहगत आंशिक पद्धति (Cohort Component Method) निकै उपयुक्त हुन्छ । यस पद्धतिले प्रजननदर, मृत्युदर, तथा प्रवासनदरलाई मध्यनजर गर्दछ । तर, सानो क्षेत्रफल तथा समूहगत विभाजित जनसाङ्खिकीय तथ्याङ्कको अभावमा यी परिमाण अनुमान गर्न असम्भव हुन्छ ।

टीकापुर नगरपालिकाको सन्दर्भमा, २०२८ देखि २०६८ साल सम्मको जनगणनालाई विश्लेषण गर्दा नगरको जनसाङ्खिक वृद्धिदर घट्दो प्रवृत्तिमा देखिन्छ । यसका कारणहरू सशस्त्र द्वन्द, वैदेशिक रोजगारी तथा शैक्षिक अवसरका लागि हुने आन्तरिक तथा अन्तर्राष्ट्रिय प्रवाशन रहेको छ । टीकापुर नगरपालिकाको नगर प्रोफाइलमा उल्लेख गरे अनुसार २०७५ सालमा यहाँको जम्मा जनसंख्या ८०,६९० रहेको थियो । अर्थात् २०६८ देखि २०७५ सालसम्म यस नगरको जनसंख्या मात्र ०.८४ प्रतिशतले वृद्धि भएको पाईन्छ ।

यद्यपि, २०७३ मा भएको नयाँ राज्य संरचना तथा संघीय शासन प्रणालीको स्थापनाले, यस नगरमा पूर्वाधारको विकास, रोजगारको अवसर तथा स्थानीय नागरिकका लागि सेवा प्रवाहमा सुधार हुने अपेक्षाका कारण टीकापुर नगरपालिकाको जनसंख्या वृद्धिदर आगामी वर्षहरूमा बढ्ने अनुमान गरिएको छ । साथै, प्रत्येक वर्षको समय अन्तरालमा जनसाङ्खिक वृद्धिदर उही रहने तथा अरू भूभागको तुलनामा तराईका नगरपालिकामा जनसंख्या वृद्धि बढी हुने हुनाले यहाँको जनसंख्या पनि बढ्ने अनुमान छ । यसकारण, २०६८ सालको जनगणना अनुसार नेपालको औसत जनसंख्या वृद्धिदर १.३५% रहेकोले, सोही वृद्धिदरको प्रयोग गरी तलको शुत्रका आधारमा घातङ्कीय वृद्धिदर पद्धतिद्वारा टीकापुर नगरपालिकाको जनसंख्या पूर्वानुमान गरिएको हो । घातङ्कीय वृद्धिदर पद्धतिले दुईवटा समय अवधिको जनसंख्या वृद्धिदरलाई अनुमान गरी भावी जनसंख्या

पूर्वानुमान गर्दछ । यसका लागि नगरपालिका आफैंले गरेको २०७५ को परिवारिक सर्वेक्षणको आधारमा निर्धारित जनसंख्यालाई आधार वर्षको जनसंख्या मानिएको छ ।

घातङ्कीय वृद्धिदर (Exponential Growth Rate) $Pt = P_0 e^{rt}$

जहाँ, Pt = 't' समय पछि हुने जम्मा जनसंख्या; $P_0$= प्रारम्भिक जनसंख्या; e = २.७१८२८;

r= वृद्धिदर(%); र t= समय अवधि हो ।

नगरपालिकाको आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण निम्नानुसार रहेको छ ।

**तालिका ३.२.२ : आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण**


| जनगणना जनसाङ्खिक विवरण | | जनसंख्या वृद्धिदर | | पूर्वानुमानित जनसाङ्खिक विवरण (वृद्धिदर = १.३५%) | |
|---|---|---|---|---|---|
| साल | जनसंख्या | साल | दर (%) | साल | जनसंख्या |
| २०२८ | १३,७३२ | २०२८-३८ | ७.७२ | २०७८ | ८४०२६ |
| २०३८ | २९,७२७ | २०३८-४८ | ३.८५ | २०८३ | ८९८९४ |
| २०४८ | ४३,६८२ | २०४८-५८ | ३.१६ | २०८८ | ९६१७२ |
| २०५८ | ५९,९१७ | २०५८-६८ | २.३९ | २०९३ | १०२८८८ |
| २०६८ | ७६,०८४ | २०६८-७५ | ०.८४ | २०९८ | ११००७३ |
| २०७५ | ८०,६९० | | | | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग (वि.सं. २०२८-२०६८), नगर पार्श्वचित्र (वि.सं. २०७५)*

माथि तालिकामा देखाइएको, पूर्वानुमानित जनसाङ्खिक विवरण प्रक्षेपण २०७५ सालको नगर प्रोफाइल अनुसार नगरमा अक्सर बसोबास गर्ने जनसंख्या (८०,६९०) लाई आधार मानिएको छ । नगर प्रोफाइलमा दुई किसिमका जनसंख्या अक्सर बसोबास गर्ने जनसंख्या र अनुपस्थित सहितको जनसंख्या (९८,६५१) भएता पनि केन्द्रीय तथ्याङ्क विभागको विधि अनुसार नगरमा अक्सर बसोबास गर्ने जनसंख्यालाई आधार मानिएको हो ।

२०७५ सालको जनसाङ्खिक विवरण, टीकापुर नगरपालिकाको नगर प्रोफाइल निर्माण गरिने क्रममा हरेक घरधुरीमा पुगेर गरिएको सर्वेक्षणमा आधारित रहेको छ । उक्त जनगणना अनुसार टीकापुर नगरपालिकाको जम्मा जनसंख्या ८०,६९० रहेको थियो । २०७८ देखि २०९८ सम्मको समयलाई पाँच वर्षको अन्तरालमा विभाजित गरी, १.३५% वृद्धिदरको प्रयोग गर्दा, २०७५ सालको जनसंख्यामा करिब चार हजारले वृद्धि भई २०७८ को जनसंख्या ८४,०२६ हुन आउने देखिन्छ । यसैगरी, सोही पद्धति र वृद्धिदरको प्रयोग गर्दा २०८३ को ८९,८९४; २०८८ को ९६,१७२ ; २०९३ को १०२,८८८ र २०९८ को ११०,०७३ जनसंख्या रहने अनुमान गरिएको छ ।

**२०२८ देखि २०९८ सम्मको जनसंख्या पूर्वानुमान तथा जनसाङ्खिक प्रवृत्ति**



आर्थिक वर्ष २०९६/९७ को अन्तसम्मको अवधिलाई आधार बनाएर तयार गरिएको बृहत् योजना जिवन्त दस्ताबेजका समय समयमा अध्यावधिक भइरहने हुनाले २०७८ को राष्ट्रिय जनगणना तथा आवश्यकता अनुसार नगरले आन्तरिक ताथ्याङ्क अध्यावधिक गर्ने क्रममा यो पूर्वानुमानलाई थप विश्वस्नीय बनाउँदै लैजाने छ । जनसंख्याको वर्तमान अवस्था चित्रण र भावी जनसंख्या प्रक्षेपणका लागि जनगणनाका लागि नेपाल सरकारले उपयोग विधि अवलम्बन गर्नुपर्ने हुँदा अक्सर बसोबास गर्ने जनसंख्यालाई नै मुख्य आधार बनाइएको छ । तथापि टीकापुरको विकाससँगै यहाँ अस्थायी बसोबास गर्ने जनसंख्या बढ्ने तथा नगरबाहिर रहेको जनसंख्या पनि नगरमा नै फर्कने अपेक्षा रहेकोले बृहत् योजना परिमार्जका क्रममा जनसंख्याको अवस्थालाई पनि अध्यावधिक गरिने छ । नगरपालिकाले बृहत् योजना पहिलो पटक निर्माण गर्दा भने माथिको जनसंख्या प्रक्षेपणमा देखिएको प्रवृत्तिलाई मध्यनजर गरिएको छ ।

# खण्ड ४
# नगरको समष्टिगत लक्ष्य

## ४.१. नगरको मुख्य प्राथमिकता

टीकापुर नगरपालिकाले बृहत् योजना तयारीका क्रममा भएका वडास्तरीय केन्द्रित छलफलका लागि नगरको विकासका प्राथमिकता निर्धारणमा नागरिक सुझाव संकलन गर्न विशेष विधि कार्यान्वयन गरेको थियो । खुला मतदानको विधिबाट पहिचान गरिएको प्राथमिकता तथा नगरको मुख्य प्राथमिकताको क्षेत्र सम्बन्धमा वडास्तरमा व्यक्त विचार समेतलाई कार्यपालिकास्तरमा छलफल गरिएको थियो । मत सर्वेक्षण अनुसार टीकापुर नगरपालिकाले आर्थिक विकासलाई मुख्य प्राथमिकता दिनुपर्ने देखिएको थियो भने नगरलाई कृषि र पर्यटनमा जोड दिनु पर्ने विचार प्रतिनिधिमूलक रूपमा व्यक्त गरिएको थियो । त्यसैगरी शिक्षा, स्वास्थ्य र यातायातलाई क्रमशः दोस्रो, तेस्रो र चौथो प्राथमिकता बनाइएको थियो । यसरी नगरबासीको धारणा र नगरपालिकाको समग्र हितका लागि कार्यपालिका तथा विषयगत शाखाको सहभागितामा प्राप्त सुझाव समेत राखी कृषि तथा औद्योगिक क्षेत्रलाई उत्पादनशील बनाउने तथा पर्यटन क्षेत्रलाई आय र रोजगारीको दोस्रो महत्वपूर्ण आधार बनाउने गरी नगरले मुख्य प्राथमिकता तय गरेको छ । व्यवस्थित भू-उपयोग योजनासहित भौतिक पूर्वाधार विकास तथा शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकासलाई समेत नगरले महत्वपूर्ण प्राथमिकतामा राखेको छ ।

## ४.२. नगरको दूरदृष्टि

११८.३३ वर्ग किलोमिटर क्षेत्रफल रहेको टीकापुर नगरपालिकामा ७० प्रतिशतभन्दा बढी जमिन कृषियोग्य फाँटका रूपमा रहेको छ । नगरका ३५ प्रतिशत परिवार कृषि पेशामा आवद्ध छन् । अन्नवाली यहाँको प्रमुख उत्पादन रहे पनि कृषि क्षेत्रको विविधिकरण र व्यवसायीकरण अन्तर्गत उखु र केरा उत्पादन महत्वपूर्ण कृषि उपक्षेत्रको रूपमा विकास हुँदै गरेको छ । नगरमा कृषि र वेतबाँस तथा वनजन्य उत्पादनमा आधारित साना र मझौला उद्योग पनि सञ्चालनमा छन् । यो क्षेत्रको विकासले नगरको विकास र समृद्धिमा ठूलो योगदान गर्न सक्ने सम्भावना छ । यस आधारमा आधारभूत स्थानीय उत्पादन र ती उत्पादनमा मूल्य अभिवृद्धि सहित व्यावसायिक र औद्योगिक उत्पादनमा जोड दिई उत्पादनशील नगर बनाउने दूरदृष्टि राखिएको छ ।

स्वस्थ नागरिक बिना नगरको सर्वाङ्गीण विकास सम्भव नभएकोले आवश्यक भौतिक पूर्वाधार र संस्थागत विकास मार्फत् सबै टीकापुरवासीलाई स्वास्थ्य सेवाको सरल र सहज पहुँच उपलब्ध गराई स्वस्थ टीकापुर निर्माण गर्ने दूरदृष्टि पनि नगरले लिएको छ । यो सोच परिपूर्तिका लागि स्वच्छ र सफा नगर निर्माण तथा स्वास्थ्य समस्याको रोकथाम र नगरस्तरमा नै गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्नु नगरको महत्वपूर्ण लक्ष्य रहने छ ।

पूर्वाधार विकासका अतिरिक्त शिक्षा क्षेत्रको शासकीय र व्यवस्थापकीय सुधार मार्फत् नगरबासीलाई गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षाको पहुँच दिलाउनुका साथै नगरभित्र रहेको प्राविधिक शिक्षा प्रवाहलाई नगर र नगरबासीको माग र आवश्यकता अनुरूप बनाउँदै सीपमूलक र व्यवसायिक शिक्षा प्रवाह र प्राप्तिमा नगरको भूमिका बढाई शिक्षित नगरको पहिचान निर्माण गर्ने गरी शिक्षित टीकापुरलाई नगर दूरदृष्टिको अंग बनाइएको छ ।

सुरक्षित, गुणस्तरीय र भरपर्दो यातायात र सार्वजनिक सेवाका अन्य पूर्वाधारको उपलब्धता र पहुँच नगरको आर्थिक सामाजिक विकासको मेरुदण्ड हो । यसलाई नै दृष्टीगत गरी सडक, पुलपुलेसा तथा कल्भर्ट, खानेपानी र सरसफाईका सार्वजनिक पूर्वाधार, सिँचाईका पर्याप्त र उपयोगी पूर्वाधार, सेवा प्रवाहका लागि आवश्यक भवन तथा अन्य पूर्वाधार, विद्युत र सञ्चार सेवाका लागि पर्याप्त भौतिक पूर्वाधार तयारी पनि नगरको महत्वपूर्ण प्राथमिकता हो । यसैलाई दृष्टिगत गरी टीकापुरलाई पूर्वाधार युक्त बनाउने दीर्घकालीन लक्ष्यलाई नगर दूरदृष्टिको अंग बनाइएको छ ।

योजनावद्ध विकासको वैज्ञानिक प्रक्रियामार्फत् निर्माण गरिएको टीकापुर नगरपालिकासँग नगरका सबै पूर्वाधार र सेवालाई सुव्यवस्थित शहरी मापदण्डमा पुऱ्याउने गरी काम गर्ने आफ्नै संस्थागत अनुभव रहेको छ । नगर विकास योजनाका आधारमा कृषि क्षेत्र, औद्योगिक क्षेत्र, उद्यान क्षेत्र, बजार र बस्ती क्षेत्र, वन क्षेत्र आदि विभाजन गरी विकास शुरु भएको यस नगरको हालको भूगोलमा भने योजनावद्ध विकासको विधि अवलम्बन नभई विकास भएका बस्ती तथा वडासमेत समेटिएका छन् । विगतको अनुभव र नगरको संवैधानिक र कानुनी अधिकारका आधारमा वर्तमान अवस्था सुहाउँदो शहरी विकास विधिमार्फत् समग्र टीकापुरको पूर्वाधार विकास र सेवा प्रवाहको पद्धतिलाई भू-उपयोग नीति तथा योजना अनुकुल बनाई सुव्यवस्थित नगरको स्तर हाँसिल गर्नु पनि नगर दूरदृष्टिको अंग रहेको छ ।

नगरको विशिष्ट साँस्कृतिक समिश्रण, स्थानीय जातजातिको आफ्नै विशिष्ठ पहिचान र संस्कृति, टीकापुर पार्क, कर्णाली नदी र डल्फिन क्षेत्र, विभिन्न साना ठूला पार्क तथा संग्रहालय, ऐतिहाँसिक मठ मन्दिर आदिले नगरको सुन्दरतामा योगदान गरिरहेका छन् भने वन र कृषि क्षेत्र लक्षित हरित पर्यटनको सम्भावना पनि प्रशस्त रहेको छ। नगरका पर्यटकीय पूर्वाधारको उचित व्यवस्थापन तथा प्रवर्द्धन र पर्यटकीय सम्भावनाको भरपुर उपयोग गरी यस नगरलाई पर्यटकीय नगरको रूपमा विकास गर्न सकिने सम्भावना छ ।

नगरमा उपलब्ध स्रोत साधन र अवसरको सदुपयोग गर्दै नेपाल सरकारले दिएको समृद्ध नेपाल : सुखी नेपालीको सोच पूरा गर्नमा समेत योगदान गर्ने गरी यस नगरपालिकाले आफ्नो दूरदृष्टि निर्धारण गरेको छ ।

**उत्पादनशील, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सुव्यवस्थित पर्यटकीय नगर**

## ४.३. नगरको दीर्घकालीन लक्ष्य

नगरले आफ्नो दूरदृष्टि वा सोच हाँसिल गर्नका लागि निम्नानुसारको दीर्घकालीन लक्ष्य तय गरेको छ ।

**तालिका ४.३ : दीर्घकालीन लक्ष्य**

| | |
|---|---|
| उत्पादनशील नगर | • व्यावसायिक खेती र उत्पादन विविधिकरण<br>• कृषि उत्पादन र उत्पादकत्वमा गुणात्मक वृद्धि<br>• कृषि र स्थानीय कच्चा पदार्थमा आधारित औद्योगिक उत्पादन<br>• आकर्षक रोजगारीका क्षेत्रको रूपमा कृषि र उद्योग क्षेत्रको विकास |
| स्वस्थ र शिक्षित नगरबासी | • गुणस्तरीय, विश्वसनीय पहुँचयोग्य आधारभूत र माध्यमिक शिक्षा<br>• आयमूलक र सीपमूलक व्यावसायिक शिक्षा<br>• निःशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा<br>• नगरस्तरमा विशिष्टीकृत स्वास्थ्य सेवाको सरल र सहज पहुँच<br>• स्वच्छ र सफा नगर |
| पूर्वाधारयुक्त नगर | • दीगो, भरपर्दो र सुरक्षित यातायातका पूर्वाधार र सेवा<br>• सार्वजनिक सेवाका पूर्वाधारको उपलब्धता, गुणस्तरीयता र पहुँच<br>• सार्वजनिक भौतिक पूर्वाधारको दीगो उपयोग र उपयुक्त व्यवस्थापन |

| | |
|---|---|
| सुव्यवस्थित नगर | ● सकारात्मक भू-उपयोगमा आधारित पूर्वाधार निर्माण र शहरी विकास<br>● स्थानीय पहिचान सहितको सुरक्षित र उत्थानशील बस्ती |
| पर्यटकीय नगर | ● टीकापुर पार्क र डल्फिन क्षेत्र लक्षित पर्या पर्यटन विकास<br>● स्थानीय कला र संस्कृतिको संरक्षण र प्रवर्द्धन<br>● कृषि पर्यटन गन्तव्यका रूपमा कृषि क्षेत्रको विकास<br>● सुदूर पश्चिमका पहाडी जिल्ला केन्द्रित पर्यटन हव |

## ४.४. अपेक्षित उपलब्धी

**तालिका ४.४ : अपेक्षित उपलब्धी**

| क्र.सं. | उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल | मध्यकाल | दीर्घकाल |
|---|---|---|---|---|---|
| १ | अति विपन्न परिवार संख्या | १३.२९ | १२ | १० | ५ |
| २. | आंशिक वा पूर्ण बेरोजगार जनसंख्या (प्रतिशत) | ३६.६३ | ३१ | १५.९ | ५ |
| ३. | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | ११०० | १,३०० | २,०२९ | ३,००० |
| ४ | खाद्य तथा पोषण सुरक्षित घरधुरी (प्रतिशत) | २९ | ३४ | ५३ | ७२ |
| ५ | ३० मिनेटको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवारको प्रतिशत | | | ७१.३ | ९० |
| ६ | १५ वर्ष माथिको जनसंख्याको साक्षरता दर | ६५ | ६८ | ८० | ९५ |
| ७ | १६ देखि ४० वर्षको युवाहरूको साक्षरता दर | ८३ | ८५ | ९० | १०० |
| ८ | माध्यमिक तहको खुद भर्नादर | ४५.५ | ५० | ८० | ९८ |
| ९ | आधारभूत तहमा विद्यालय छाड्ने दर | १५ | १३ | ५ | ०.५ |
| १० | मातृ मृत्युदर | ० | <१ | <१ | <१ |
| ११ | बाल मृत्युदर | | | | |
| १२ | औसत आयु | ७०.५ | ७०.५ | ७२ | ८० |
| १३ | स्थानान्तरण वा जोखिम न्यूनीकरण आवश्यक रहेको जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) | ५००० | ४००० | २५०० | ० |
| १४ | कालोपत्रे सडकमा आवद्ध घरधुरी (प्रतिशत) | १५ | २५ | ४० | ७० |
| १५. | दीगो भरपर्दो र सुरक्षित यातयातका पूर्वाधारको पहुँचमा रहेको परिवार (प्रतिशत) | | ३० | ५५ | ८० |
| १६. | समयवद्ध स्थानीय यातायात सेवाको पहुँचमा रहेका परिवार (प्रतिशत) | | ३० | ६० | ८० |
| १७. | घरधुरी धारा सहित नगर मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या (प्रतिशत) | ३० | ४५ | ८० | ९० |

| क्र.सं. | उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल | मध्यकाल | दीर्घकाल |
|---|---|---|---|---|---|
| १९. | खाना पकाउनको लागि काठ दाउराको प्रयोग गर्ने परिवारको संख्या (प्रतिशत) | ५५.५४ | १० | ५ | ० |
| २०. | व्यवस्थित सेप्टीक ट्यांक सहितको शौचालय भएको परिवार (प्रतिशत) | ३१.३ | ४० | ८० | १०० |
| २१. | विद्युतीय भुक्तानी पद्धतिमा आवद्ध करदाता (प्रतिशत) | | | ५० | ८० |
| २२ | इ-नक्सा स्वीकृति सेवा आवद्ध सेवाग्राही (प्रतिशत) | | | ४० | ८० |

*स्रोत : आधार वर्षको सूचना सन्दर्भमा नगरपार्श्वचित्र र नगर तथा वडास्तरीय छलफलमा आधारित*

# खण्ड ५
# क्षेत्रगत योजना

यो खण्डमा नगरपालिकाले विगतदेखि विकास निर्माण र सेवा प्रवाहका लागि विभाजन गरिएको विषयगत क्षेत्र तथा ती क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूको नीति तथा प्राथमिकता प्रस्तुत गरिएको छ । कृषि, पशुपालन, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र राजश्व तथा आर्थिक पूर्वाधारलाई आर्थिक विकास अन्तर्गत समेटिएको छ । सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषय समेटिएको छ। भू-उपयोग तथा बस्ती व्यवस्थापन, पार्क तथा मनोरञ्जन, यातायात र खानेपानी, सरसफाई, सिँचाई, सामुदायिक भवन, विद्युत र सञ्चार जस्ता सार्वजनिक निर्माण र सम्बन्धित सेवालाई पूर्वाधार विकास अन्तर्गत समेटिएको छ। त्यसैगरी वन, वातावरण र विपद् व्यवस्थापन अन्तर्गत प्राकृतिक स्रोत, वातावरण र विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी विषय समेटिएको छ । यो खण्डको अन्त्यमा नगरको सुशासन नीति समेटिएको छ। सबै क्षेत्रको पृष्ठभूमि सहित लक्ष्य, उद्देश्य र नीति तथा प्राथमिकतालाई क्रमशः प्रस्तुत गरिएको छ।

## ५.१. आर्थिक विकास

टीकापुर नगरपालिका एक ऐतिहासिक र पर्यटकीय महत्वको क्षेत्र हो । टीकापुर नगरपालिकालाई कैलाली जिल्लाको पूर्वी क्षेत्रको आर्थिक तथा सामाजिक अन्तरसम्बन्धको केन्द्र मान्न सकिन्छ । नेपाल-भारत जोड्ने मोहना नदी, पूर्वी क्षेत्रमा बग्ने कर्णाली नदी, पर्यटकीय स्थल टीकापुर पार्क, ऊर्वर भूमि, व्यवस्थित शहर जस्ता प्रशस्त आधारशीला बोकेको टीकापुर नगरपालिका आफैंमा विशिष्ट पहिचान बनाउन सक्ने सम्भावना रहेको नगरपालिका हो । नगरपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जालको विस्तार भइरहेका कारण नगरपालिकाको पूर्वाधार विकासमा थप सहज भएको छ । उपयुक्त हावापानी, माटोको बनोट भएको यस नगरपालिकामा कृषिको लागि उपयुक्त ऊर्वर माटो रहेको स्थल हो । नगरपालिकामा अधिकांश घर परिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यहाँको अर्थतन्त्र मुख्यतया व्यापार, व्यवसाय, नोकरी, कृषि, वन, पशुपालन, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा आधारित छ ।

नगरपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जालको विस्तार भइरहेका कारण नगरपालिकाको सडक बाहेकका पूर्वाधार विकासमा पनि सहजता हुँदै गएको छ । कृषि, व्यापार, सेवामूलक व्यवसाय साथै यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू यहाँका आर्थिक कृयाकलापहरू चलायमान बनाउने माध्यम हुन् । वैदेशिक रोजगार पनि यस नगरको वैकल्पिक आर्थिक आम्दानीको आधार हो । प्रचुर मात्रामा कृषियोग्य जमिन रहेको तथा नेपालको अन्न भण्डारको रूपमा चिनिएको, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको कैलाली जिल्ला र विशेषतः टीकापुर नगरपालिका प्रसिद्ध नेपालकै व्यवस्थित टीकापुर पार्कको कारणले पनि नेपालको आकर्षक पर्यटकीय गन्तव्यको रूपमा चिनिएको छ । थारु जातिको संस्कृति, रहनसहन तथा चाडपर्व लगायत उल्लेख्य संख्यामा रहेका संस्कृतिहरू, कर्णाली नदी, डल्फिन अवलोकन स्थल, व्यवस्थित आधुनिक शहरी बसोबास रहेको नगर तथा टीकापुर पार्क लगायतका स्थलहरू नगरपालिकाको प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् ।

नगरपालिकामा विकासको साझेदारिताको लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानुन, नीति, नियम कार्यान्वयनमा रहनुले नगरपालिकाको आर्थिक विकासको क्षमता तथा अवसर उपलब्ध भइरहेको छ ।

## आर्थिक विकासका क्षेत्र

हरेक क्षेत्रका लागि चाहिने सीपयुक्त जनशक्ति उत्पादन गर्नुका साथै रोजगारीका नयाँ अवसर सिर्जना गर्नु महत्वपूर्ण हुने भएकोले क्षेत्रगत उद्देश्य तथा नीतिको अभिन्न अंगका रूपमा रोजगारी र आर्थिक अवस्थाको चित्रण गरी रोजगार प्रवर्द्धनको नीति सर्वप्रथम प्रस्तुत गरिएको छ । कृषि तथा पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र पूर्वाधार विकास आर्थिक विकासका प्रमुख प्राथमिकताका क्षेत्र हुन् । समग्र विकास प्रक्रिया अघि बढाउनका लागि आन्तरिक स्रोतको उपलब्धता सुनिश्चित गर्ने कुरा पनि आर्थिक विकासको महत्वपूर्ण प्राथमिकता रहने भएकोले राजस्वलाई पनि यो क्षेत्रको अभिन्न अंगका रूपमा समेटिएको छ ।

यस अन्तर्गत निम्न उपशीर्षकका आधारमा आर्थिक विकासका क्षेत्रहरूलाई अध्ययन गरिन्छ ।

१. सीप तथा रोजगारी

२. कृषि तथा पशुपालन

३. पर्यटन

४. उद्योग र वाणिज्य

५. सहकारी

६. आर्थिक पूर्वाधार तथा राजस्व परिचालन


७. स्थानीय आर्थिक विकास अन्तर्गत सङ्गठनात्मक क्षमता विकास

## ५.१.१. सीप तथा रोजगारी

### १. पृष्ठभूमि

नगर पार्श्वचित्र २०७५ अनुसार नगर क्षेत्रभित्र स्वेच्छिक बेरोजगारी गणना नगर्दा काम गर्ने उमेरको जनसंख्याको ३६.३६ प्रतिशत परिवार संख्या बेरोजगारको अवस्थामा रहेका छन्। अन्य वडामा भन्दा वडा नं. १ मा बेरोजगारको संख्या बढी मात्रामा रहेको छ। यस वडामा सुकुम्बासी शिविर क्षेत्र समेत रहेको छ। नगरका वडाहरूमा रहेको बेरोजगारीको अवस्थालाई तलको नक्सामा देखाइएको छ

**नक्सा ५.१.१ : टीकापुर नगरपालिकाको वडागत रूपमा बेरोजगारीको अवस्था**



कृषि, पशुपालन, उद्योग व्यवसाय आदिबाट आम्दानी गर्ने परिवार संख्या १७,०४० मध्ये ३५ प्रतिशत परिवारहरू कृषिमा आवद्ध रहेका छन् । यसमध्ये कृषिबाट आम्दानी गर्ने परिवार संख्या करिब २,९०० रहेको र वार्षिक औसत आम्दानी प्रति परिवार रू. ७५ हजार मात्र देखिन्छ । केराखेती सँगसँगै उत्पादित वस्तु तथा सामुदायिक वनमा पाइने बेतहरूबाट रोजगारी सृजना हुन सक्ने देखिन्छ । हाल केराखेतीबाट उत्पादित केराका विभिन्न परिकार लगायत यहाँ उत्पादन भएका केराहरू नेपालका प्रमुख शहरहरूमा निर्यात हुने गर्दछ । तर सामुदायिक वनमा बेत पाइने भएता पनि हाल ३ (तीन) जनाले मात्र सो कार्य गरेको पाइन्छ । यहाँका बेत भारततर्फ जाने गर्दछ । बेतको काठहरू प्रयोग गरी विभिन्न सामाग्रीहरू तयार गर्न सकेमा बढी रोजगारी सृजना हुने सम्भावना देखिन्छ । यसका लागि नगरपालिकाको सहयोग आवश्यक रहेको छ ।

विप्रेषणबाट आम्दानी गर्ने परिवार संख्या ६ हजार रहेको छ । नगर क्षेत्रमा वार्षिक रूपमा विप्रेषण आम्दानी ८९ करोड रहेको (वार्षिक औसत आम्दानी प्रति परिवारमा रू. १ लाख ४० हजार) भएको पाइन्छ । दैनिक ज्यालाबाट प्राप्त गर्ने परिवार संख्या ५ हजार रहेका छन् जसको वार्षिक औसत आम्दानी प्रति परिवार रू. १ लाख ८० हजार मात्र रहेको छ । यस आधारमा निम्न लक्ष्यसहित सीप तथा रोजगारी प्रवर्द्धनको उद्देश्य तथा नीति तय गरिएको छ ।

## २. लक्ष्य

स्थानीयस्तरमा रोजगारीका अवसर सिर्जना गरी नगरबासीको आय वृद्धि गर्ने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : स्थानीय आर्थिक विकासमा टेवा पुग्ने गरी सीप विकास र रोजगारी सिर्जना गर्नु ।**

**नीति क.** औपचारिक शिक्षा लिन नचाहने युवा जनशक्तिहरूलाई मध्यनजर गर्दै नगरपालिकाको माग बमोजिम कृषि, पर्यटन, उद्योग, पूर्वाधार विकास तथा सेवा व्यवसाय क्षेत्रमा दक्ष र अर्धदक्ष जनशक्ति उत्पादनका लागि व्यावसायिक र प्राविधिक शिक्षालयबाट तालिम दिने प्रबन्ध मिलाइने छ ।

**नीति ख.** बेरोजगारको पहिचान र सुचिकृत गरी सार्वजनिक क्षेत्र विकास निर्माण कार्यक्रम तथा आयोजनामा श्रमिकको माग बमोजिम सीप विकास तालिममा जोड दिइनेछ । सुचिकृत बमोजिम सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी रोजगारीका अवसर सृजना गरिनेछ ।

**नीति ग.** केराबाट खाद्य पदार्थ, केराको बोटको रेशाबाट कपडा र बेतबाँसबाट विभिन्न सामाग्री बनाउनका लागि बेरोजगार वा नयाँ युवा प्रतिभाहरूलाई प्रोत्साहन गरी नवीन सीप तथा प्रविधिमार्फत उद्यमशील बनाइनेछ ।

**नीति घ.** बेरोजगार व्यक्तिहरूले आफूसँग भएको सोच, सीप र अनुभवका आधारमा स्वरोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्यमशीलता अभिवृद्धि गर्न विशेष उद्यमशीलता तालिम प्रदान गरी उनीहरूबाट प्रस्तावित प्रस्तावको मूल्याङ्कनका आधारमा सहुलियतपूर्ण ऋण सहायताको व्यवस्था गरिनेछ ।

**नीति ङ.** वैदेशिक रोजगारबाट फर्केका वा विप्रेषणबाट प्राप्त हुने रकमलाई उत्पादनशील तथा रोजगारीमूलक कार्यक्रममा लगानी गर्न प्रोत्साहित गरिनेछ । यसका लागि अनुदानसहित सहुलियत ऋणको व्यवस्था गरिनेछ ।

**नीति च.** स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरूको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन गरी स्थानीय उत्पादनलाई स्वरोजगारीका अवसरसँग आवद्ध गर्दै लगिनेछ ।

**नीति छ.** कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, पूर्वाधार लगायत क्षेत्रका लागि उपलब्ध सीप तथा बजारको माग आवधिक रूपमा विश्लेषण गरी नागरिकको सीप विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

**नीति ज.** स्थानीयस्तरमा उत्पादन भएका वस्तुहरू (जुत्ता, कपडा, बेतका सामाग्रीहरू आदि) लाई स्थानीय तहमा नै प्रयोगमा ल्याउने नीति अनुरूप विभिन्न निजी तथा सार्वजनिक निकायसँग समन्वय गरिनेछ ।

**तालिका ५.१.१ : आवधिक प्राथमिकता : सीप तथा रोजगारी**

**क.** नगरभित्र बेरोजगारको संख्या धेरै रहेको छ । नगरपालिकाको प्रत्येक वर्षको वार्षिक नीति तथा कार्यक्रममा बेरोजगारीलाई रोजगारी उपलब्ध गराउने विषयमा उल्लेख भएता पनि उक्त नीतिलाई कार्यान्वयनका लागि नगरपालिकासँग स्पष्ट ऐन कानुन बनिसकेको छैन । प्राथमिकता बमोजिम सबै वडाका शिक्षित बेरोजगार वा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई सार्वजनिक निर्माण तथा शहरी सेवाका लागि नगरलाई आवश्यक पर्ने तालिम, उद्यमशील तथा व्यवसायिक कार्यमा सहभागिता गराउने लगायत आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका समुदायलाई रोजगारीका अवसर उपलब्ध गराउनका लागि उपयुक्त नीति तथा कानुन आवश्यक पर्ने भएकोले सोको निम्न प्राथमिकता तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सीप विकास तथा रोजगार प्रवर्द्धन सम्बन्धी दीर्घकालीन नीति बनाउने (सीप विकास, आयमूलक क्षेत्रमा लगानी, मौसमी बेरोजगारी समस्या समाधान, वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि स्वरोजगार प्रवर्द्धन लगायत) | १. पर्यटन, उद्योग तथा वाणिज्य, कृषि तथा पशुपालन क्षेत्रको नीति तथा कानुनमा सीप र रोजगारी प्रवर्द्धनका विषय समेट्ने । | १. सीप तथा रोजगारी प्रवर्द्धनका नीति तथा कानुन कार्यान्वयनको अवस्था विश्लेषण गरी आवश्यक परिमार्जन वा संशोधन गर्ने । |
| २. नगरस्तरीय दैनिक ज्यालादर निर्धारण गर्ने । | | |
| ३. कोभिड-१९ को कारण बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केकाहरूको लागि रोजगारी व्यवस्था गर्न अल्पकालीन कार्ययोजना बनाउने । | ३. सीपमा आधारित लघु उद्यम तथा व्यवसाय प्रवर्द्धन सम्बन्धी नीति बनाउने । | |

**ख.** बेरोजगारहरूको संख्या र वर्गीकरण, प्राथमिकता बमोजिम सार्वजनिक निर्माण तथा शहरी सेवा अनुरूप नगरपालिकाको माग बमोजिमका कार्य क्षेत्र, बजारको सम्भावना, शैक्षिक बेरोजगार तथा विदेशबाट फर्केका व्यक्तिको चाहना र क्षमताका आधारमा रोजगार कार्यक्रम सञ्चालन र कार्यान्वयन गर्नका लागि अध्ययन गर्नुपर्ने देखिन्छ । यसका आधारमा आवश्यक पाठ्यक्रमको विकास गर्न र कक्षा सञ्चालन गर्न तत्काल विज्ञ टोलीमार्फत र भविष्यमा शैक्षिक निकाय गठन गरी हालको बेरोजगार संख्यामा क्रमशः कम गर्दै लैजानुपर्ने देखिन्छ। तथापि नगरपालिकाको नगर पार्श्वचित्र र नगरस्तरीय छलफल बमोजिम केही तालिमका क्षेत्र पहिचान गरी तत्काल कार्यान्वयनका लागि समेत प्रस्ताव गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. बेरोजगारहरूको अभिलेख अद्यावधिक गर्ने ।<br><br>१.१. विभिन्न व्यवसायीहरूसँग समन्वय गरेर बेरोजगारी संख्या र बजारको माग बमोजिम (शहरी पूर्वाधार र सेवा प्रवाहलाई समेत ध्यानमा राखेर) Labor Market को अध्ययन गर्ने । | १. नगरस्तरको श्रम सर्वेक्षण गरी रोजगारीको अवस्था अद्यावधिक गर्ने । | १. श्रम सर्वेक्षण र बजारको श्रमिकको माग र आपूर्ति विश्लेषणका लागि आवधिक रूपमा निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. विज्ञमार्फत् स्थानीय उद्यमशीलताका सम्भावित क्षेत्रहरूको अध्ययन गर्ने र अल्पकालीन तथा दीर्घकालीन सीप विकास तालिमका लागि पाठ्यक्रम तयार गर्ने । | २. श्रम सर्वेक्षण र विज्ञ परामर्श प्रवर्द्धनका क्षेत्र पहिचानका आधारमा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम तय गर्ने । | २. सीप विकास तथा स्वरोजगारी सम्बन्धी परामर्श तथा वित्तीय क्षेत्र समन्वय सेवालाई निरन्तरता दिने । |
| ३. उद्यमशीलता र स्वरोजगारी अन्तर्गत केराखेती र सोबाट प्रशोधित खाद्यवस्तु तयारी, वेतका सामाग्री निर्माण, इलेक्ट्रिसियन, पलम्बर, कपाल काट्ने आदि तालिम कार्यक्रम तय गरी कार्यान्वयन शुरु गर्ने । | ३. तय गरिएका उद्यमशीलता र स्वरोजगारी प्रवर्द्धनका कार्यक्रम (सीप विकास, लघु उद्यम सञ्चालनका लागि सरल कर्जा लगायत बीऊ पूँजी सहयोग) कार्यान्वयन गर्ने । | |
| ४. सम्बन्धित निकायसँग समन्वय गरी विज्ञमार्फत प्रत्येक वडाका ५ जना बेरोजगार युवाहरूलाई प्राथमिकताका आधारमा होटल व्यवसाय लगायत लामो अवधिको विशिष्टीकृत तालिम उपलब्ध गराउने । | ४. अल्पकालमा गरिएका तालिमको उपलब्धीका आधारमा फ्लोअप कार्यक्रम र नयाँ सीप विकास तालिम सञ्चालन । | ४. आय आर्जनका क्रियाकलापमा हुने संलग्नता तथा मध्यकालको उपलब्धीका आधारमा लामो अवधिको सीप विकास तालिमलाई निरन्तरता दिने । |
| ५. युवा तथा श्रमिक वर्गलाई पूर्वाधार विकास सम्बन्धी सीप उपलब्ध गराउने तथा कोभिड-१९ का कारण रोजगारी गुमाएकाहरूका लागि श्रममा आधारित अल्पकालीन रोजगारीका कार्यक्रम तय गरी आर्थिक र पूर्वाधार विकासका नियमित कार्यक्रमको अंग बनाउने । | | |
| ६. सम्बन्धित निकायसँग समन्वय गरी विज्ञ मार्फत् प्रत्येक वडाका ५ जना बेरोजगारी युवाहरूलाई प्राथमिकताका आधारमा बैंक, होटल व्यवस्थापन आदि सम्बन्धी तालिम दिने । | ६. संघ र प्रदेशको सहयोगमा पूर्व व्यावसायिक र प्राविधिक शिक्षा सम्बन्धी पाठ्यक्रम तयार गर्ने । | |
| ७. सार्वजनिक विकास र निर्माण सम्बन्धी आवश्यक क्षेत्रमा तालिम तथा रोजगारी दिने । | ७. सीप लिन चाहनेहरूका लागि सहजीकरण, सीपयुक्त जनशक्तिलाई स्वरोजगारी सम्बन्धी परामर्श तथा वित्तीय समन्वय सेवा नगरको आर्थिक विकास शाखाबाट उपलब्ध गराउने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ८. कोभिड-१९ का कारण रोजागरी गुमाएकाहरूका लागि श्रममा आधारित अल्पकालीन रोजगारीका कार्यक्रम तय गरी आर्थिक र पूर्वाधार विकासका नियमित कार्यक्रमको अंग बनाउने । | ८. वैदेशिक रोजगारबाट फर्कने युवा लक्षित स्वरोजगार प्रवर्द्धन सेवा शुरु गर्ने । | ८. वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित स्वरोजगारी प्रवर्द्धन सेवालाई परिमार्जन सहित निरन्तरता दिने । |

## ५.१.२. कृषि तथा पशुपालन


### १. पृष्ठभूमि

"कृषि, पर्यटन र पूर्वाधार : समृद्ध टीकापुरको आधार" भन्ने नारा र "उत्पादनशील, स्वस्थ, शिक्षित, पूर्वाधार युक्त, सुव्यवस्थित पर्यटकीय नगर" को सोच राखी अगाडि बढ्दै गरेको टीकापुर नगरले आर्थिक रूपमा सबल बन्ने ध्येय प्राप्तिका लागि कृषि र पशुपालन, पर्यटन, उद्योग र वाणिज्य तथा पूर्वाधार विकासलाई मूल आधारको रूपमा लिएको छ । कृषि र पशुपालन क्षेत्रको महत्वलाई आत्मसात गर्दै नगरको दीर्घकालीन सोच र तदनुरूपको ध्येय प्राप्तिमा सघाउ पुऱ्याउने उद्देश्यले खाद्य तथा पोषण सुरक्षा, रोजगारी सिर्जना र कृषिजन्य उद्योग व्यवसायको प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै सोही अनुरूपको नीति तथा कार्यक्रम तय गरिएको छ ।

**खाद्य तथा पोषण सुरक्षा**

टीकापुर नगरपालिकामा कुल १८,६२० परिवार मध्ये ६,५२१ अर्थात ३५ प्रतिशत परिवार कृषि पेशामा प्रत्यक्ष रूपमा कृषि पेशामा सहभागी छन् । तथापि सबैजसो परिवार खासगरी पारिवारिक प्रयोजनको लागि कुनै न कुनै रूपमा कृषिमा आवद्ध छन् । ३५ प्रतिशत परिवार मध्ये २८ प्रतिशत आफ्नै उत्पादनबाट वर्षभरि खान पुग्नेमा पर्दछन् । बढीमा १३ प्रतिशत परिवारले पारिवारिक उपभोग बाहेक अन्नबाली बिक्री गर्ने गर्दछन् भने ४/४ प्रतिशतले क्रमशः तेलहन र तरकारीजन्य उत्पादनहरू बिक्री गर्ने गर्दछन् । अन्य बालीहरूतर्फ यो संख्या एकदम नगण्य छ । यसको सोझो अर्थ हो, लगभग ७१ प्रतिशत परिवारले कुनै न कुनै रूपमा खाद्य पदार्थको जोहो अन्यत्रबाट गर्नु गर्दछ । नगरभित्र गैह्र कृषि क्षेत्रमा सीमित रोजगारीको अवस्थालाई हेर्दा वैदेशिक रोजगारीबाट प्राप्त हुने आम्दानी (रू. १ लाख ४० हजार प्रति परिवार प्रति वर्ष) नै खाद्य वस्तुहरू खरिद लगायतमा खर्च हुने देखिन्छ । बाली विविधिकरण, उपलब्ध जमिनको प्रभावकारी उपयोग र सोका लागि सिँचाई, उन्नत उत्पादन पद्धति आदिका माध्यमबाट प्रति एकाई उत्पादन (उत्पादकत्व) बढाउन सके कृषिमा संलग्न हरेक परिवारलाई खाद्यमा स्व-निर्भिर बनाउँदै विप्रेषित रकमलाई उत्पादनशील क्षेत्रमा लगाई धेरैभन्दा धेरै रोजगारीको सिर्जना पनि गर्न सकिन्छ ।

## नक्सा ५.१.२ : कृषि केन्द्रित वडा



नगरले कृषिका लागि प्राथमिकतामा राखिने वडाहरू माथि नक्सामा देखाइएको छ। नक्साका आधारमा वडा नं. १ को ब्लक नं १ देखि ३२ सम्म तथा वडा नं २ का केही भू–भाग बाहेकका खेतीयोग्य जमिनलाई कृषि क्षेत्रको रूपमा विकास गर्न उपयुक्त हुने देखिन्छ ।

अर्कोतर्फ, नगरमा ५२ प्रतिशत परिवार पशुपन्छी पालनमा सहभागी देखिन्छन् । उल्लेख्यरूपमा उन्नत जातको प्रयोग भएको पशुपालन क्षेत्रले सिंगो नगरलाई दुध, माछा, मासु, अण्डा आदिमा आत्मनिर्भर बनाउँदै किसानहरूलाई आम्दानी बढाउन र खाद्य सुरक्षणमा दरिलो टेवा दिएको छ । बढ्दो शहरीकरण, युवाहरूको विदेश पलायन र स्थान अभावका कारण भने नगरमा पशुपालन क्षेत्रबाट अधिक उत्पादन हुन सकेको छैन ।

उन्नत ब्रिड/जात र पालन पद्धतिको अभावमा अपेक्षित कृषि उत्पादन हुन सकेको छैन । नगरभित्र मासुजन्य वस्तुहरूको खपत दिन प्रतिदिन बढ्दो छ । हाल नगर क्षेत्रभित्र उत्पादनको अवस्था, यसलाई बढाउन सकिने सम्भावना र बढ्दो बजार माग आदिलाई हेर्दै उन्नत पशुपालन पद्धति, बिउ बैंक, ब्रिडर फार्मका माध्यमबाट पशुपन्छीपालन कार्यलाई व्यावसायिकरण गर्नुका साथै डेरी उद्योग आदिका माध्यमबाट टीकापुर नगरपालिकाले पशुपन्छीजन्य वस्तु उत्पादनमा सिंगै प्रदेशलाई नेतृत्वदायी भूमिका खेल्न सक्ने प्रवल सम्भावना छ ।

### रोजगारी सिर्जना

नगरभित्रको कूल जनसंख्या ४५,३७६ मध्ये १२,०१९ अर्थात् २६ प्रतिशत जनसंख्या रोजगार छ । तथापि यो हिस्सा गणनामा आंशिक बेरोजगार र स्वेच्छिक बेरोजगारको संख्या घटाइएको छैन । त्यस मध्ये अधिकांश स्वरोजगार हुन् जसको ठुलो हिस्सा कृषि र साना व्यापार व्यवसायहरूले ओगटेको छ। नगर क्षेत्रमा १० लाखभन्दा बढी लगानीको उद्योग व्यवसायहरू जम्मा ३ वटा अर्थात् १ प्रतिशतभन्दा कम छन् । बाँकी मध्ये ८० प्रतिशत साना व्यापार व्यवसायहरू हुन् जो ५ लाखसम्म लगानीका छन् । यिनै साना व्यवसायले नगर भरि २,००० जनालाई स्वरोजगार र लगभग ४,६०० बराबरलाई आंशिक रूपमा लाभ दिन सफल छन् ।

दैनिक ज्यालादारीमा आश्रित ५ हजार परिवार पनि नगरभित्र बसोबास गर्दछन् । बढ्दै गएको शहरीकरणले भविष्यमा साना व्यापार व्यवसायको अवसरहरू त बढाउलान् तर त्यसबाट भयावह बेरोजगार अवस्थालाई समाधान गर्न सक्दैन । यसको लागि उपलब्ध जमिनको प्रभावकारी उपयोग गर्दै कृषिको व्यावसायिकरण र कृषिजन्य उद्योग व्यवसायको प्रवर्द्धन नै प्रभावकारी उपाय हुन सक्छ ।

### कृषिजन्य उद्योग व्यवसायहरू

नगरभित्र समग्र उद्योग व्यवसायको अवस्था सन्तोषजनक छैन । भएका एकाध ठूला उद्योगहरू बन्द छन् । उद्योग र व्यापार व्यवसायलाई नै आम्दानीको प्रमुख श्रोतको रूपमा लिने परिवारको संख्या जम्मा ११ प्रतिशत हाराहारीमा छ । त्यसमध्ये उद्योगतर्फ यो १ प्रतिशतभन्दा पनि कम छ । कृषिजन्य उद्योग व्यवसायको अवस्था त लगभग छैन या त नगण्य छ । कृषिमा व्यावसायिकता ल्याई उत्पादन बढाउँदै उद्योग व्यवसायहरू बढाई रोजगारीको धेरै अवसरहरू सिर्जना गर्न सकिने सम्भावना हुँदाहुँदै पनि विविध कारणहरूले गर्दा त्यसो हुन सकेको छैन । वैदेशिक रोजगारी एक प्रमुख कारण हो । सर्भेको समयमा १७,८५५ जना कामको शिलशिलामा टीकापुर बाहिर (नेपाल भित्र- ५२२१, विदेश - १२६३४) हुनुले यही कुराको पुष्टि गर्दछ । खासमा, यो संख्या १५-५९ वर्ष अवधि भित्रको हो जो आर्थिक रूपमा सक्रिय हुन्छन्, हुन सक्छन् । यति धेरै सक्रिय जनसंख्याको अभावको नकारात्मक प्रभाव कृषिमा पनि परेको छ । यसलाई दृष्टिगत गरी उपलब्ध अवसरहरूलाई अधिकतम प्रयोग गर्दै कृषिजन्य उद्योग व्यवसायको प्रवर्द्धनतर्फ लाग्नु पर्दछ ।

## २. लक्ष्य

कृषि उत्पादनशील नगर बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

### उद्देश्य १ : खाद्य तथा पोषण सुरक्षित नगर निर्माण गर्ने ।

कृषि र पशुपालनमा लागिपर्ने परिवारको संख्या क्रमश : ३५ र ५२ प्रतिशत भए पनि नगरका अधिकांश घरपरिवार पारिवारिक प्रयोजनका लागि थोरथोर कृषि कर्म र पशुपालन गर्दछन् । आफ्नो उत्पादनले बाह्रै महिना खान पुग्ने परिवार जम्माजम्मी २९ प्रतिशत मात्र छ । कृषि तथा पशुजन्य क्षेत्रको उत्पादकत्व वृद्धि गरी नगरका हरेक नागरिकलाई खाद्य र पोषणको सवालमा स्व-निर्भर बनाउन सके नगरको समग्र आर्थिक विकासमा बहुआयामिक प्रभाव पर्न सक्छ । यही सम्भावनालाई ख्याल गर्दै योजना अवधिमा स्व-निर्भर परिवारको हालको संख्या २९ प्रतिशत अर्थात ५,३७३ परिवारलाई ७२ प्रतिशत (१३,३२१ परिवार) मा पुर्‍याउने लक्ष्य राखिएको छ। "हर घर, खाद्य र पोषणमा आत्मनिर्भर" भन्ने अभियान मार्फत् किसानहरूलाई समेट्ने योजना बनाइएको छ ।

| हाल खाद्यमा स्व-निर्भर परिवार | योजना अवधिमा हाँसिल गर्ने (लक्ष्य) | अल्पकालीन लक्ष्य (शुरुको २ वर्षको) | मध्यकालीन लक्ष्य (३-७ वर्ष) | दीर्घकालीन लक्ष्य (८-२० वर्ष) |
|---|---|---|---|---|
| ५,३७३ (२९%) | १३,३२१ (७१%) | १,००० (८%) | ६,००० (४५%) | ६,३२१ (४७%) |

**नीतिहरू**

**नीति क.** कृषिको हकमा, उत्पादकत्व बढाउनका लागि बाली विविधिकरण र त्यही अनुरूपको उत्पादन योजना बनाई उन्नत उत्पादन पद्धतिको माध्यमबाट उपलब्ध खेतीयोग्य जमिनको प्रभावकारी उपयोग गरिनेछ ।

**नीति ख.** उत्पादनका लागि आवश्यक पर्ने सिँचाई लगायत कृषि सामग्रीहरू जस्तैः उन्नत बिउ, मल, प्रविधि तथा आधुनिक उपकरणहरूको आपूर्तिलाई निजी वा समूह/सहकारी वा दुबैको माध्यमबाट सर्वसुलभ गराइनेछ । सिँचाईको हकमा सञ्चालनमा रहेको ठूला आयोजना अथवा नवीन प्रविधिहरूमार्फत् उपलब्ध गराइनेछ । यसका लागि, सौर्य सिँचाई, ट्युबवेल जस्ता प्रविधिहरू प्रयोग गरिनेछ ।

**नीति ग.** आवश्यक जनशक्तिको प्रबन्ध गरी तालिम तथा परामर्शको माध्यमबाट प्राविधिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ । स्थानीय निजी उद्यमी व्यवसायी (एग्रोभेट) तथा समूह/सहकारी प्रतिनिधि सदस्यहरूको पनि क्षमता अभिवृद्धि गरी सोमार्फत् अथवा सोसँगको समन्वयमा किसानहरूका लागि आवश्यक प्राविधिक सेवा, परामर्श आदि नियमित प्रदान गरिनेछ ।

**नीति घ.** "हर घर, खाद्य र पोषणमा आत्मनिर्भर" अभियानमा सबैलाई समेट्ने उद्देश्यले प्राविधिक तालिम, परामर्श बाहेक किसानका लागि "प्रोत्साहन" को पनि व्यवस्था गरिनेछ ।

**नीति ङ.** खाद्य र पोषणको महत्व सम्बन्धी नागरिकस्तरमा जागरण ल्याई सन्तुलित/पोषणयुक्त आहार उपभोग गर्ने गराउनेतर्फ उत्प्रेरित गरिनेछ ।

### उद्देश्य २ : रोजगारीको सिर्जना गर्ने ।

हालको बेरोजगारी अवस्था र यसको सम्भावित भावी स्वरूपलाई हेर्दै स्थानीयस्तरमा रोजगारीको अवसरहरू सिर्जना गर्नु अहिलेको एक प्रमुख दायित्व हो । यसमा नगरको धिमा गतिमा शहरीकरणबाट सिर्जित हुने रोजगारी तथा व्यापार व्यवसायको सीमित अवसरहरूको अलावा कृषिको व्यावसायिकरण र कृषिजन्य उद्योगहरूको प्रवर्द्धनले नै प्रमुख भूमिका खेल्न सक्छ । यही सम्भावनालाई मध्यनजर

गर्दै प्रस्तावित योजना अवधिमा कृषि तथा पशुपालन क्षेत्रबाट ९,००० जना अतिरिक्त रोजगारी (अहिलेको रोजगारीमा ५७ प्रतिशत र समग्रमा २० प्रतिशत थप) सिर्जना गर्ने लक्ष्य राखिएको छ। कुल ९,००० जना मध्ये २,५०० जना स्व-निर्भर परिवारहरू (७२ प्रतिशत) मध्येबाट स्तरोन्नति हुँदै, १,५०० जना हालको खाद्यान्न लगायत फसल बिक्री गर्ने (२८ प्रतिशत) मध्येबाट अझ व्यावसायिक बन्दै र ५,००० जनालाई कृषिको व्यावसायिकरण तथा कृषि र पशुजन्य उद्योग व्यवसाय प्रवर्द्धनबाट रोजगार बनाइनेछ।

| हाल रोजगार | योजना अवधिमा हाँसिल गर्ने (लक्ष्य) | अल्पकालीन लक्ष्य (शुरुको २ वर्षको) | मध्यकालीन लक्ष्य (३-७ वर्ष) | दीर्घकालीन लक्ष्य (८-२० वर्ष) |
|---|---|---|---|---|
| १२०१९ (२६%) | १९०१९ (४२%) | १३०१९ (२९%) | १६०१९ (३५%) | १९०१९ (४२%) |

**नीतिहरू**

**नीति क.** स्व-निर्भर तथा व्यावसायिकतातर्फ उन्मुख कृषकहरूलाई स्तरोन्नती गर्दै पूर्ण व्यावसायिक बनाइने छ। यसका लागि, प्रोत्साहनसहित क्षमता विकास, सहुलियतपूर्ण वित्त, विमा, प्रविधि, बजार आदिमा पहुँचको सुनिश्चितता गरिनेछ।

**नीति ख.** प्रतिस्पर्धी बालीहरूको छनौट गरी स्थानीयस्तरमा सहज हुने गरी व्यावसायिक रूपमा केरा, उखु, तरकारी र अन्नबाली (कृषि) र माछा, गाई/भैंसी, बंगुर, खसी/बोका (पशु) को खेती/पालन गरिनेछ। योजना अवधिमा ५०० हेक्टरमा तरकारी, १,००० हेक्टरमा केरा खेतीको, १,००० हेक्टरमा ऊखु खेतीको र १,५०० हेक्टरमा अन्नबालीको खेती गर्ने लक्ष्य राखिएको छ। व्यावसायिक पशुपालनतर्फ उन्नत पालन पद्धति र नश्ल सुधारमार्फत् उत्पादकत्व वृद्धिमा जोड दिइनेछ।

**नीति ग.** नश्ल सुधारको लागि सार्वजनिक निजी अवधारणामा आधुनिक "बिउ बैंक" र "ब्रिडिङ्ग फार्म" स्थापना तथा सञ्चालन गरिनेछ। यसरी स्थापना भएको "बिउ बैंक" र "ब्रिडिङ्ग फार्म" ले नगरका साथै सिंगै प्रदेशलाई सेवा दिनेछ।

**नीति घ.** व्यावसायिक कृषि तथा पशुपालन कार्यलाई उन्नत पद्धति, नवीन प्रविधियुक्त तथा पूर्ण रूपमा यान्त्रिकीकरण गरी उच्च प्रतिस्पर्धी बनाइनेछ।

**नीति ङ.** मूल्य श्रृङ्खलामा आधारित रहेर कृषि र पशुजन्य उद्योग व्यवसायको प्रवर्द्धन गरिनेछ। स्थानीय उत्पादनमा आधारित मझौला तहको उद्योग व्यवसायहरूलाई प्राथमिकतामा राखिनेछ।

### उद्देश्य ३ : कृषिजन्य उद्योग व्यवसायको हवको रूपमा विकसित नगर निर्माण गर्ने।

नगरमा हाल कृषिजन्य उद्योग व्यवसायको स्थिति सन्तोषजनक छैन। भएका एकाध ठूला उद्योगहरू बन्द छन्। व्यावसायिक कृषि तथा पशुपालनलाई प्राथमिकतामा राख्दै उत्पादनमा जोड दिने नगरको नीतिका कारण कृषि तथा पशुजन्य उद्योग व्यवसायको सम्भावना अधिक छ। यही कुरालाई ध्यान दिई व्यावसायिक खेती पश्चात उपलब्ध अवसरहरूको अधिकतम प्रयोग गर्दै योजना अवधिमा कम्तीमा २० साना, मझौला तथा ठूला उद्योगहरू सञ्चालनमा ल्याइने छ। यसका लागि निम्न अनुसारको नीति तथा कार्यक्रमहरू प्रस्ताव गरिएका छन्।

**नीतिहरू**

**नीति क.** उद्योग मैत्री नीति तथा सहयोग र सहकार्यको प्रत्याभूत गर्दै लगानी सुनिश्चित गरिनेछ।

**नीति ख.** ठूला उद्योगहरूका अलावा साना तथा मझौला उद्योगहरूलाई पनि प्राथमिकतामा राखी सोही अनुसार प्रवर्द्धनात्मक नीति अवलम्बन गरिनेछ।

**नीति ग.** किसानहरूलाई सहकारीमा र सहकारीहरूलाई विशिष्टीकृत सहकारीमा आवद्ध गराउँदै सोको लगानी तथा व्यवस्थापनमा उद्योग व्यवसायहरू स्थापना तथा सञ्चालन गरिनेछन्।

**अन्य नीतिहरू**

**नीति क.** प्रदेश तथा केन्द्र सरकार लगायत विभिन्न निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

**नीति ख.** किसान, निजहरूले गरेका कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटाबेश तयार गरी अध्यावधिक गर्दै लगिनेछ ।

**नीति ग.** सीप, पूँजी, प्रविधि, क्षमता विकास, बजार सम्पर्क विस्तारका अलावा कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरूपको प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ । विमा, जोखिम कोष, क्षतिमा आधारित अनुदान आदि केही सम्भाव्य उपायहरू हुन् जसको लागि नगरले श्रोतहरूको व्यवस्थापन गर्नेछ । कृषि कार्यको प्रकृति र कृषि उत्पादनको आधारमा कृषि कार्यको वर्गीकरण गरिने छ ।

**नीति घ.** स्वच्छ र स्वस्थ उत्पादन, त्यस अनुसारको उत्पादन पद्धतिको अवलम्बन, सोको गुणस्तर मापन र प्रमाणीकरणको व्यवस्था गरिनेछ ।

**नीति ङ.** Innovation & Entrepreneurship सेन्टरको स्थापना गरी सोमार्फत् नवीनतम प्रविधिहरूको खोजी, पुष्ट्याई तथा प्रवर्द्धन, व्यवसाय स्थापना, सञ्चालन र व्यवस्थापनको लागि तालिम, परामर्श एवं बजार, वित्त तथा विमामा सहज पहुँच आदिको सुनिश्चितता गरिनेछ । यो सेन्टरलाई Center of Excellence को रूपमा विकास गरी सिंगो प्रदेशलाई नै सेवा प्रदान गर्न सक्षम बनाइनेछ । आवश्यकता अनुसार अन्य निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

**तालिका ५.१.२ : आवधिक प्राथमिकता : कृषि तथा पशुपालन विकास**

| | | |
|---|---|---|
| **क.** नगरमा खाद्य सुरक्षा, पोषण, कृषि र पशुपालन क्षेत्रको व्यावसायिकरण र त्यसमा आधारित उद्योग व्यवसायको प्रबर्द्धन गर्ने कार्यका लागि हाल नगरमा भएका विद्यमान ऐन कानुनहरू पर्याप्त छैनन् । उक्त प्रयोजनका लागि निम्न नीति तथा कार्यक्रमहरू निर्माण तथा सो को कार्यान्वयन गरिन्छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. हालका नीतिहरूको समीक्षा गरी उद्योग (कृषिजन्य उद्योग) मैत्री नीति निर्माण गर्ने । | १.नीतिहरूको समीक्षा गरी समयानुकुल परिमार्जन गर्ने । | १.नीतिहरूको समीक्षा गरी समयानुकुल परिमार्जन गर्ने । |
| २. नगरको प्राथमिकता अनुसार प्रवर्द्धनात्मक नीतिहरू तर्जुमा गर्ने । | २. नगरको प्राथमिकता अनुसार प्रवर्द्धनात्मक नीतिहरू समयानुकुल परिमार्जन गर्ने । | २. नगरको प्राथमिकता अनुसार प्रवर्द्धनात्मक नीतिहरू समयानुकुल परिमार्जन गर्ने । |
| ३. सम्भाव्य उद्योग व्यवसायहरूको अध्ययन गरी लगानी व्यवस्थापनको लागि नीतिगत तथा प्रक्रियागत सहजीकरण गर्ने । | ३. निरन्तर | ३. निरन्तर |
| **ख.** नगरलाई खाद्य सुरक्षा र पोषणमा आत्मनिर्भर बनाउँदै कृषि र पशुपालन क्षेत्रको व्यावसायिकरण र त्यसमा आधारित उद्योग व्यवसायको प्रबर्द्धन गरी अधिकतम रोजगारीको सिर्जना गर्नका लागि निम्न कार्यक्रमहरू सञ्चालन गरिन्छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. सम्पूर्ण किसान, तिनको समूह/सहकारी लगायत अन्य सरोकारवालाहरू र तिनले गर्ने कृषि कर्म, माटो लगायतको डाटावेश तयार गर्ने। यही तयारीकै शिलशिलामा सम्भावना, रुचि, पूर्वाधार र "हर घर, खाद्य र पोषणमा आत्मनिर्भर" अभियानमा सरिक हुने पहिलो २ वर्षमा लक्षित गरिएको १,००० किसानहरू पहिचान गर्ने। | १. सम्पूर्ण किसान, तिनको समूह/सहकारी लगायत अन्य सरोकारवालाहरू र तिनले गर्ने कृषि कर्म, माटो लगायतका डाटावेश अध्यावधिक गरी दोश्रो ५ वर्षको लागि लक्षित गरिएको ६,००० किसान परिवारहरू पहिचान गर्ने । | १. सम्पूर्ण किसान, तिनको समूह/सहकारी लगायत अन्य सरोकारवालाहरू र तिनले गर्ने कृषि कर्म, माटो लगायतका डाटावेश अध्यावधिक गरी दोश्रो ५ वर्षको लागि लक्षित गरिएको ६,८२१ किसान परिवारहरू पहिचान गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. लक्षित किसानहरू पहिचान गरी तिनको आवश्यकता अध्ययन गर्ने । | २. लक्षित किसानहरू पहिचान गरी सोको आवश्यकताहरू अध्ययन गर्ने र परिपूर्तिका स्थानीय कार्यक्रम तयार गर्ने । | २. लक्षित किसानहरू पहिचान गरी सोको आवश्यकताहरू अध्ययन गर्ने । |
| ३. आवश्यकता, भौगोलिक अवस्था, अवसर आदिलाई ध्यान दिई बाली विविधिकरण र त्यस अनुसारको उन्नत प्रविधि र पद्धतिसहितको उत्पादन योजना तयार गर्ने । | ३. उत्पादन योजनालाई समयानुकुल परिमार्जन गर्ने । | ३. उत्पादन योजनालाई समयानुकुल परिमार्जन गर्ने । |
| ४. कृषक समूह/सहकारी प्रतिनिधि र स्थानीय एग्रोभेट लगायतको क्षमता अभिवृद्धि गरी सोसँगको निरन्तर समन्वयमा कृषि उपजहरू, प्रविधि एवं प्राविधिक सेवाहरूको उपलब्धता सुनिश्चित गर्ने । | ४. कृषक समूह/सहकारी प्रतिनिधि र स्थानीय एग्रोभेट लगायतको क्षमता अभिवृद्धि गरी सोसँगको निरन्तर समन्वयमा कृषि उपजहरू, प्रविधि एवं प्राविधिक सेवाहरूको उपलब्धता सुनिश्चित गर्ने । | ४. कृषक समूह/सहकारी प्रतिनिधि र स्थानीय एग्रोभेट लगायतको क्षमता अभिवृद्धि गरी सोसँगको निरन्तर समन्वयमा कृषि उपजहरू, प्रविधि एवं प्राविधिक सेवाहरूको उपलब्धता सुनिश्चित गर्ने । |
| ५. प्रतिस्पर्धी बालीहरूको छनौट गरी शुरुको २ वर्षको लक्ष्य अनुसारको सम्भाव्य व्यावसायिक किसानहरू पहिचान गर्ने । | ५. दोश्रो ५ वर्षको लक्ष्य अनुसारको सम्भाव्य व्यावसायिक किसानहरू पहिचान गर्ने । | ५. तेश्रो १० वर्षको लक्ष्य अनुसारको सम्भाव्य व्यावसायिक किसानहरू पहिचान गर्ने । |
| ६. "बिउ बैंक" र "ब्रिडिङ्ग फार्म" को लागि सम्भावना अध्ययन, व्यावसायिक योजना आदि तयार गरी लगानी कर्ता तथा यसका विधिहरू त्यार गर्ने । | ६. आधुनिक "बिउ बैंक" र "ब्रिडिङ्ग फार्म" स्थापना तथा सञ्चालन गर्ने । | ६. आधुनिक "बिउ बैंक" र "ब्रिडिङ्ग फार्म" लाई समयानुकुल सुधार गरी सेवाहरूलाई निरन्तरता दिने । |
| ७. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटाबेश तयार गर्ने । | ७. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटाबेश अध्यावधिक गर्ने । | ७. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटाबेश अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिने । |
| ८. स्वच्छ र स्वस्थ उत्पादन सुनिश्चित गर्न गुणस्तर मापन र आवश्यक प्रमाणीकरणको लागि सम्भावना अध्ययन गर्ने । | ८. नगरमा वस्तु तथा उत्पादित फसलहरूको गुणस्तर मापन र प्रमाणीकरण कार्य शुरु गर्ने । | ८. गुणस्तर मापन र प्रमाणीकरण कार्यलाई अत्याधुनिक गर्दै उक्त कार्यलाई निरन्तरता दिने । |
| ९. कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरूपको प्रभावकारी उपायहरूको खोजी गर्ने। | ९. कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरूपको प्रभावकारी उपायहरू कार्यान्वयनमा जाने । | ९. जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउने उपायहरूको कार्यान्वयनलाई निरन्तरता दिने । |
| १०. Innovation & Entrepreneurship (I&E) सेन्टरको स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने । | १०. Innovation & Entrepreneurship (I&E) सेन्टरको स्थापना गरी सेवा प्रवाह गर्ने । | १०. Innovation & Entrepreneurship (I&E) सेन्टरलाई अझ विकसित गर्दै सेवा प्रवाहलाई निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ११. प्रभावकारी सञ्चार माध्यमबाट खाद्य तथा पोषणको महत्व सम्बन्धी जागरण ल्याई सन्तुलित/पोषणयुक्त आहार उपभोग गर्ने गराउने तर्फ उत्प्रेरित गर्ने । | ११. प्रभावकारी सञ्चार माध्यमबाट खाद्य तथा पोषणको महत्व सम्बन्धी जागरण ल्याई सन्तुलित/पोषणयुक्त आहार उपभोग गर्ने गराउने तर्फ निरन्तर उत्प्रेरित गर्ने । | ११. प्रभावकारी सञ्चार माध्यमबाट खाद्य तथा पोषणको महत्व सम्बन्धी जागरण ल्याई सन्तुलित/पोषणयुक्त आहार उपभोग गर्ने गराउने तर्फ निरन्तर उत्प्रेरित गर्ने । |
| ११.१. धानको मूल्य समयमै तोक्न खाद्यसंस्थानसँग आवश्यक समन्वय गर्ने तथा खाद्यान्न भण्डारणको लागि पर्याप्त गोदामहरूको व्यवस्थापन गर्ने । | | |
| | १२. खाटेना भुराखानी वन क्षेत्रमा सम्भाव्यताको आधारमा माछा पालन व्यवशायको शुरुवात गर्ने । | |
| | १३. नगरका प्रत्येक तीन वडाको क्लष्टरमा एउटाका दरले पशुसेवा केन्द्रको स्थापना गर्ने । | |
| | १४. व्यावसायिक रूपमा कृषि उत्पादनमा लाग्ने कृषकहरूको लागि विशेष अनुदान तथा सहयोगको प्याकेजहरूको व्यवस्था गर्ने । | |

**ग.** नगरले राखेको उद्देश्य प्राप्त गर्ने गरी प्रस्ताव गरिएको कार्यक्रमहरू प्रभावकारी कार्यान्वयनका लागि दक्ष जनशक्ति व्यवस्थापनका अतिरिक्त कृषि कार्यमा संलग्न किसानहरूको क्षमता विकास गर्नु अपरिहार्य हुने हुनाले क्षमता अभिवृद्धिको लागि निम्न कार्यहरू गर्नेछ ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. किसानको आवश्यकता विश्लेषणका आधारमा व्यवसायिक कृषि तथा पशुपालन लक्षित क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वन शुरु गर्ने । | १. तय भएका कार्यक्रमका आधारमा दोश्रो ५ वर्षको लक्ष्य अनुरूप किसानहरूलाई आवश्यक तालिम, अभिमुखिकरण तथा परामर्श दिने । | १. तेश्रो १० वर्षको लक्ष्य अनुरूप किसानहरूलाई आवश्यक तालिम, अभिमुखिकरण तथा परामर्श दिने । |
| २. कोभिड-१९ को कारण बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केकाहरूमध्ये कृषि कार्यमा संलग्न हुन चाहनेहरूको पहिचान गरी उनीहरूमा लक्षित सीप विकास, तालिम, कृषि तालिम र शिक्षा, उद्यमशीलता, अध्ययन, अनुदान, वा सहुलियत ऋण व्यवस्था गर्ने । | | |

## ५.१.३. पर्यटन

### १. पृष्ठभूमि

टीकापुर नगरपालिकाले आफ्नो प्राकृतिक स्वरूप तथा स्थानीय जातजातिको कला र संस्कृति जस्ता सम्पदामा आधारित पर्यटनलाई प्राथमिकता दिई नगरलाई कैलाली जिल्लाको पर्यटन हवका रूपमा विकास गर्ने र नगरबासीलाई पर्याप्त आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गर्दै समृद्धि हाँसिल गर्ने दूरदृष्टि राखेको छ । प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको टीकापुर नगरपालिका ऐतिहासिक महत्वको साथै यहाँको प्राकृतिक सौन्दर्यता, नदीहरू, धार्मिकस्थलहरू र हरियाली प्राकृतिक रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण स्थलको रूपमा रहेको छ। यहाँको प्रमुख पर्यटकीय स्थलका रूपमा टीकापुर बृहत् पार्क, बनानाज एग्रो फार्म, डल्फिन संरक्षण क्षेत्र, थारु समुदायको संस्कृति, ऐतिहासिक पदम प्रकाशेश्वर मन्दिर आदि जस्ता पर्यटक भित्रिने क्षेत्रहरू रहेका छन्। जसलाई नक्सा ५.२.३ मा देखाइएको छ ।

**नक्सा ५.१.३. टीकापुर नगरपालिकाको पर्यटकीय क्षेत्र**



वि.स. २०७५ को विवरण अनुसार आन्तरिक पर्यटक २२,४५५ र बाह्य पर्यटक १५०० ले भ्रमण गरेको देखिन्छ । पर्यटकहरूको बसोबासका लागि नगर क्षेत्रभित्र २ वटा रिसोर्ट सहित १५ वटा होटलहरू (नन्स्टार) सञ्चालनमा रहेका छन् । बहुसाँस्कृतिक पहिचानयुक्त थारु बाहुल्य यस नगरको आफ्नै विशिष्ट पहिचान रहेको छ । नगर क्षेत्रमा विभिन्न समयमा पर्यटन सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम (मेला, महोत्सव प्रदर्शनी) हुँदै आएको छ । ऐतिहासिक धार्मिक र पर्यटकीय स्थलहरूको थप प्रचार प्रसार, पर्यटकमैत्री वातावरणको प्रबर्द्धन तथा थप पूर्वाधारको विकास गर्न सके त टीकापुरको आर्थिक विकास र रोजगारी श्रृजनामा महत्वपूर्ण योगदान हुन सक्ने देखिन्छ ।

## २. लक्ष्य

पर्यटनमार्फत् स्थानीय आय र रोजगारी प्रवर्द्धन गर्ने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : पर्यटन क्षेत्रलाई नगरपालिकाको आर्थिक विकासको मेरुदण्डका रूपमा विकास गर्नु ।**

**नीति क.** पर्यटनमा टेवा पुग्ने गरी नगरपालिकाभित्र थारु जातिको भाषा, संस्कृति तथा सम्पदाहरूको संरक्षण तथा प्रचार प्रसारमा जोड दिइनेछ ।

**नीति ख.** नगरपालिकाभित्र रहेका अमूल्य प्राकृतिक स्रोतहरूको व्यवस्थापन र संरक्षण गरी पर्यटन प्रबर्द्धनमा जोड दिइनेछ ।

**नीति ग.** पर्यटकको सुरक्षाको प्रबन्ध गरी उचित सेवा, सत्कार सहितको पर्यटकीय आवास व्यवस्थापनका लागि निजी क्षेत्र तथा समुदायलाई प्रोत्साहित गरिनेछ । स्टार होटल वा स्टार होटल लगायत समुदायमा आधारित होमस्टे सेवा सञ्चालन गर्नका लागि आवश्यक पूर्वाधार विकास जस्तैः विद्युत ट्रान्सफर्मर, खानेपानी र पहुँच मार्ग आदि निर्माणको लागि प्राथमिकताका साथ बजेटको व्यवस्था गरिनेछ ।

**नीति घ.** टीकापुरलाई पर्यटकीय विश्रामस्थलका रूपमा स्थापित गर्न यस क्षेत्रभित्र रहेका सबै औपचारिक तथा अनौपचारिक होटलहरूको वर्गीकरण, न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र प्रमाणीकरणका नियमनको व्यवस्थापन गरिनेछ ।

**नीति ङ.** पर्यटनमा टेवा पुऱ्याउन नगर क्षेत्रभित्रका पर्यटकीय दृष्टिले महत्वपूर्ण तथा पर्यटकले उपयोग गर्ने क्षेत्रहरूलाई सुचिकृत गरी त्यस्ता क्षेत्रको प्रचार प्रसार, सार्वजनिक शौचालय, फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणमा विशेष जोड दिई आकर्षक पर्यटन गन्तब्यका रूपमा विकास गरिनेछ ।

**नीति च.** भारतको सीमा क्षेत्र लगायत नेपालका छिमेकी नगरपालिका र निजी क्षेत्रसँगको समन्वयमा टीकापुरको पर्यटन प्रबर्द्धनका लागि आवश्यक समन्वय गरिनेछ ।

**नीति छ.** जलपर्यटन विकासको लागि कर्णाली नदीमा जल नौका, कोरिडोर तथा ग्रिनबेल्ट बनाइनेछ ।

**नीति ज.** प्रमुख पर्यटकीय क्षेत्रमा सडकको पहुँच तथा व्यवस्थित पूर्वाधारयुक्त बनाउन संघ तथा प्रदेश सरकारसँग समवन्य गरिनेछ ।

**नीति झ.** टीकापुरको योजनावद्ध विकासको विगतलाई सिभिल इन्जिनियर तथा शहरी योजना सम्बन्धी अध्ययन गराउन सम्बन्धित निकायसँग समन्वय गरी यो विषयलाई पनि पर्यटनको विधाका रूपमा विकास गर्दै लगिनेछ ।

**नीति ञ.** बेतको लागि प्रख्यात सत्ती कर्णाली सामुदायिक वनलाई नमूना सामुदायिक वनका रूपमा स्थापित गरी पर्यटकहरू आकर्षण गरिनेछ । सामुदायिक वनहरूमा बोटानिकल गार्डेन स्थापना गरिनेछ ।

**नीति ट.** टीकापुरलाई Agro Tourism का रूपमा विकास गरी रोजगारी सृजना गर्न केराखेती लगायत अन्य क्षेत्रको पहिचान गरी पर्याप्त बजेटको व्यवस्था गरिनेछ ।

**नीति ठ.** नेपालको एकमात्र डल्फिन पाइने स्थलको रूपमा रहेको यस नगरपालिकालाई आवश्यक प्रचार प्रसार तथा व्यवस्थापकीय कार्यहरू गरिनेछ ।

### तालिका ५.१.३ : पर्यटन क्षेत्र विकासको लागि आवधिक प्राथमिकताका कार्यक्रमहरू

**क.** टीकापुर नगरपालिकामा पर्यटन प्रवर्द्धनको नीतिगत व्यवस्था छैन । संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई पर्यटन सम्बन्धी अधिकार प्रदान गरिएको भएतापनि ऐतिहासिक, धार्मिक र बहुसाँस्कृतिक पर्यटकीयस्थल रहेको टीकापुर नगरपालिकामा संविधान तथा कानुनले दिएको अधिकार बमोजिम कार्यान्वयन गर्न स्पष्ट पर्यटन सम्बन्धी योजना, नीति, कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा लगिनेछ । त्यसैले पर्यटन प्रवर्द्धनका लागि आवश्यक नीति तथा कार्यक्रमहरू निर्माण गर्नु पर्छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. होटल, रेष्टुरेण्ट,होमस्टे सञ्चालन सम्बन्धी कार्यविधि र वर्गीकरण तथा स्तर निर्धारण सम्बन्धी (मापदण्ड, स्तरोन्नति सहित) बनाउने । | १. पर्यटन ऐन तथा नियमावली बनाउने (पर्यटकीय क्षेत्र निर्धारण, पर्यटन शुल्क व्यवस्थापन,पार्क तथा पर्यटकीय क्षेत्रको संरक्षण तथा सरसफाई) आदि तर्जुमा गर्ने । | १. पर्यटन सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको समीक्षा तथा आवश्यक परिमार्जन । |
| | २. दीर्घकालीन पर्यटन नीति बनाउने र पर्यटन प्रवर्द्धनको गुरुयोजना तयार गर्ने | २. पर्यटन गुरुयोजनामा आवश्यक परिमार्जन गर्ने । |

**ख.** नेपालकै व्यवस्थित बसोबास व्यवस्थासहित स्थापना भएको टीकापुर नगरपालिकामा टीकापुर पार्क, कर्णाली नदी, पदम प्रकाशेश्वर महादेव मन्दिर र डल्फिन हेर्न मिल्ने मोहना नदी, थारु बाहुल तथा बहुसाँस्कृतिक नागरिकहरूको बसोबास आदिका कारण पर्यटनको प्रचुर सम्भावना रहेको छ । तथापि कतिपय पूर्वाधारको विकास तथा आवश्यक सूचना तथा सञ्चारको व्यवस्था गर्न नसकेका कारणले गर्दा यस क्षेत्रको पर्यटन विकास ओझेलमा परेको छ । पर्यटन प्रबर्द्धन तथा रोजगारी सृजनाका लागि तपसिल बमोजिमका पूर्वाधार र वस्तु तथा सेवाका कार्यहरू कार्यान्वयन गरिनेछ । यसलाई समुत्थान गर्नको लागि आगामी वर्षदेखि तपसिलका कार्यक्रम आवधिक रूपमा कार्यान्वयन गरिने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. उपयुक्त प्रचार सामग्री तयार गरी नगरमा रहेका प्राकृतिक, धार्मिक, ऐतिहासिक, साँस्कृतिक पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्ने । (जस्तै: रामजानकी मन्दिर, पदमप्रकाशेश्वर मन्दिर, पर्शुराम कुण्ड, डल्फिन क्षेत्र, टीकापुर पार्क, पुरानो सापनुही ताल, सतमोहरी ताल, अस्नेहरी ताल, कलुवापुर दरबार, रानी महल आदि ।) | १. प्रचारात्मक कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने । | |
| २. टीकापुरको पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसार र जानकारीका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी राजमार्ग, नजिकका एयरपोर्टहरूमा होडिङ बोर्ड आदि राख्ने । | २. पर्यटकीय स्थानहरूमा सूचना तथा संकेतहरूको व्यवस्था गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. सेवा प्रदायकसँगको समन्वयमा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउन आवश्यक सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्र र स्थान निर्धारण गर्ने । | ३. निर्धारित पर्यटकीय स्थलमा निःशुल्क इन्टरनेट सेवाका लागि उपकरण जडान गर्ने । | ३. नगरका सबै सार्वजनिकस्थल तथा पर्यटकीय स्थानमा क्षेत्रमा WiFi को लागि उपकरण जडान गर्ने । |
| ४. थारु संग्रहालय निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने । | ४. थारु संग्रहालय निर्माण गर्ने । | |
| ५. टीकापुर पार्कलाई निजी सार्वजनिक साझेदारी PPP Model मा सञ्चालनका लागि अध्ययन गर्ने । | ५. टीकापुर पार्कभित्र स्वीमिङपुल, बोटिङ, रिसोर्ट, साइकल ट्रयाक, निर्माण तथा व्यवस्थापन गर्ने । | ५. निजी क्षेत्रलाई प्रेरित गरी आवश्यकतानुसार होटल तथा रिसोर्टहरूको निर्माण कार्यलाई प्राथमिकता दिने (निजी क्षेत्रबाट) |
| ६. चिसापानीदेखि वडा नं. ८ को श्रीलंकासम्म ग्रीनबेल्ट र रिसोर्ट स्थापनाका साथै Cycling, Horse Riding, Rafting लगायतका परियोजना सञ्चालनका लागि (DPR) तयार गर्ने । | ६. सम्भाव्यताका आधारमा चिसापानीदेखि वडा नं. ८ को श्रीलंकासम्म ग्रीनबेल्ट र रिसोर्ट स्थापना गरी Cycling, Horse Riding, Rafting को पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने । | |
| ७. समुदायमा आधारित होमस्टे सञ्चालनका लागि उपयुक्त स्थानहरूको अध्ययन र विश्लेषण गर्ने । | ७. समुदायमा आधारित कम्तीमा ४ वटा होमस्टे स्थापना गर्ने (राजी, माझी, थारु, मगर समुदायको) | ७. प्रत्येक वडामा कम्तीमा एक वटा समुदायमा आधारित होमस्टे सञ्चालन गर्ने । |
| ७.१. राजी, माझी, थारु, मगर समुदाय आदिलाई समुदायमा आधारित होमस्टे सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम दिने । | | |
| ८. पर्यटन तथा होटेल व्यवसायमा कोभिड-१९ ले पारेको असर र सो को न्युनिकरणको लागि अध्ययन, परामर्श, वैकल्पिक योजना तयारी तथा सो क्षेत्रको पुनः शुरुवातको लागि समन्वयमार्फत् मद्दत गर्ने । | | |
| | ९. प्रमुख पर्यटकीय स्थानहरूमा सडकको पहुँच पुऱ्याउने, केरा खेती तथा टीकापुरको कृषि उत्पादन सम्बन्धी अध्ययन अनुसन्धानका लागि कृषि पर्यटन प्याकेज बनाई कार्यान्वनका लागि निजी क्षेत्र तथा कृषि समुहहरूसँग समन्वय गर्ने । | ९. सबै पर्यटकीय स्थानहरूमा सडकको पहुँच पुऱ्याउने । |

| | | |
|---|---|---|
| | १०. नगरका प्रमुख पर्यटकीय क्षेत्रमा सार्वजनिक शौचालय तथा अन्य आधारभूत पूर्वाधारको व्यवस्था गर्ने ।<br>११. सत्ती कर्णाली सामुदायिक वन लगायत अन्य पर्यटकीय क्षेत्र नजिक भएका सामुदायिक वनमा बोटानिकल गार्डेन तयार गर्ने ।<br>१२. स्थानीय पर्यटक व्यवसायीलाई भारतीय पर्यटक आकर्षित गर्ने पर्यटन प्याकेज निर्माण गरी प्रचारमा लाग्न प्रोत्साहन गर्ने । | १०. संघ र प्रदेश सरकारको समन्वयमा शहरी योजना अध्ययन र अनुसन्धानका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने । |

## ५.१.४. उद्योग र वाणिज्य

### १. पृष्ठभूमि

कृषि, पर्यटन जस्तै: नगर क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग व्यापार व्यवसायहरू समेत नगरपालिकाको अर्थतन्त्रका मेरुदण्ड हुन् । नगरपालिकाभित्र सञ्चालनमा रहेका उद्योग तथा व्यापार व्यवसाय, सेवामूलक व्यवसायहरू नगर क्षेत्रमा आर्थिक क्रियाकलापलाई चलायमान बनाउने माध्यमहरू हुन् । टीकापुर नगरपालिका क्षेत्रभित्र १० वटा बजार केन्द्र रहेका छन् । यस क्षेत्रमा २०२ वटा साना घरेलु उद्योगहरू रहेका छन् । साथै नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न किसिमका उद्योग व्यवसायीहरूको संख्या १,६७७ रहेको छ । धेरैजसो व्यवसायीहरू सानो रकमको लगानीमा व्यवसाय सञ्चालन गरिरहेका छन् । अन्तर्राष्ट्रिय उत्पादनले गर्दा स्थानीय छालाजुत्ता उद्योग विस्थापन हुँदै गएको छ । यहाँ रहेका पूर्वाधारको अधिकतम उपयोग गरी उद्योग क्षेत्र प्रवर्द्धनको अवसर नगरलाई छ भने विभिन्न कारणले उपयोग परिवर्तन गरिएका पूर्वाधारलाई उद्योग र व्यवसायको प्रयोजनमा उपयोग गराउने चुनौती भने रहेको छ ।

### २. लक्ष्य

औद्योगिक उत्पादनका आधारमा नगरलाई उत्पादनशील नगर बनाउने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : उद्योग व्यवसायमार्फत् आर्थिक वृद्धिमा योगदान तथा रोजगारी सिर्जना गर्नु ।**

**नीति क.** स्थानीय आर्थिक विकासलाई टेवा पुऱ्याउने किसिमका ठूला तथा मध्यम उद्योग व्यवसाय स्थापना र सञ्चालनमा संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

**नीति ख.** नयाँ व्यवसाय तथा कारखाना शुरुवात गर्न उपयुक्त भू-उपयोग योजनाद्वारा निर्धारण गरिएका औद्योगिक क्षेत्रका लागि आवश्यक सेवाको व्यवस्थापन गरिनेछ ।

**नीति ग.** कम्तीमा ५० प्रतिशत स्वदेशी रोजगारीमा वृद्धि गर्ने उद्योग तथा व्यवसायहरूलाई कर छुट, जमिनको बहालमा निश्चित अवधिको सहुलियत, मुख्य सडकदेखि उद्योगसम्म जाने सडकको पहुँच लगायतको अन्य सुविधा उपलब्ध गराइनेछ । साथै उक्त उद्योग व्यवसायको माग बमोजिम प्राथमिकताका आधारमा नगरबासीलाई सीपका आधारमा रोजगारीको अवसर दिन प्रोत्साहित गरिनेछ ।

**नीति घ.** साना तथा घरेलु उद्योगबाट उत्पादन हुने वस्तुहरूलाई प्रोत्साहन गरिनेछ । स्थानीयस्तरको कच्चा पदार्थद्धारा वस्तु उत्पादनका लागि अनुदानको व्यवस्था गरिनेछ ।

**नीति ङ.** स्थानीयस्तरमा उत्पादन हुने वस्तु उत्पादनका लागि सहुलियत ऋण, अनुदान तथा उत्पादित वस्तुहरूलाई स्थानीयस्तरमै अनिवार्य रूपमा उपभोगका लागि सार्वजनिक निकाय, सामुदायिक तथा निजी विद्यालयहरूसँग सहकार्य गरी कार्यान्वयन गरिनेछ ।

**नीति च.** स्थानीय उद्योग व्यापार व्यवसायीहरूको लगत नवीनतम सूचना प्रविधिमार्फत् अद्यावधिक गरी बजार नियमन र अनुगमन गरिनेछ । सबै व्यवसायीहरूको कारोवार विद्युतीय व्यापारमा (E-Commerce) आधारित भई व्यवसाय कारोबारका आधारमा करका दर तोकी कर संकलन गरिनेछ ।

**नीति छ.** नगर क्षेत्रभित्र व्यापार व्यवसायको विविधिकरण गरी सबै प्रकारका वस्तु उपलब्ध हुने वातावरण सृजना गरिनेछ। यसका लागि स्थानीय हाटबजारको व्यवस्थासहित सपिङ कम्प्लेक्स तथा डिपार्टमेण्ट स्टोर खोल्नका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरी बजारको व्यवस्थापन गरिनेछ ।

**तालिका ५.१.४ : उद्योग व्यापार व्यवसाय प्रवर्द्धनका लागि आवधिक प्राथमिकताका कार्यक्रमहरू**

**क.** बजार अनुगमन निर्देशिका २०७५, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन २०७५, आर्थिक ऐन २०७५, विनियोजन ऐन २०७५ लगायतका नियम कानुनहरू नगरपालिकामा अहिलेकै अवस्थामा विद्यमान रहेको छ । टीकापुर नगरपालिका नेपालमा आधुनिक गुरुयोजना रहेको नयाँ शहरको रूपमा परिचित छ । यस नगरभित्र विभिन्न किसिमका व्यापार व्यवसायहरू सञ्चालनमा छन तर तिनिहरूलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ । यस नगरपालिकाको व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापन तथा नागरिकहरूको आर्थिक समृद्धि र थप रोजगारी सिर्जनाका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम नगरपालिकाले विविध नीति विधिहरू निर्माण गर्नु पर्नेछ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. साना उद्योग व्यापार व्यवसाय स्थापना, सञ्चालन, बजार व्यवस्थापन, नियमन तथा प्रवर्द्धन सम्बन्धी ऐन नियम बनाउने । | १. बजार क्षेत्र विस्तार तथा औद्योगिक नगर स्थापनाका लागि नीति बनाउने । नगरको उद्योग वाणिज्य नीति बनाउने । | १. उद्योग तथा व्यवसाय प्रवर्द्धनमा मौजुदा नीति तथा कानुनको प्रभावकारिता विश्लेषणका आधार मा तिनमा आवश्यक संशोधन वा परिमार्जन गर्ने । |

**ख.** टीकापुर नगरपालिका क्षेत्रभित्र साना उद्योग, व्यापार व्यवसायहरू सञ्चालनमा रहेका छन् । तर सबैको यथार्थ विवरण नगरपालिकासँग छैन । तिनीहरूको अभिलेखीकरणको कार्य थप व्यवस्थित गर्नुपर्ने देखिन्छ । स्थानीयस्तरमा रहेका कच्चा पदार्थको उपयोग हुन नसकेको अर्थात् त्यहाँ उत्पादन भएका वस्तुहरूले बजार नपाएको अवस्था छ । तिनको उपयोग गरी उद्योग व्यवसायहरू स्थापनाको प्रचुर सम्भावना देखिन्छ । समग्र टीकापुरलाई आर्थिक व्यापारिक केन्द्रको रूपमा विकासका लागि आवश्यक पूर्वाधार तयार गर्न सकेमा उद्योग स्थापना र बजार व्यवस्थापन गर्न सकिने सम्भावनाहरू रहेका छन् ।

यस नगरपालिकामा रहेका बजार भारतीय खुला सिमानाका कारण यहाँको बजार अपेक्षित रूपमा फस्टाउन सकेको छैन । नगरका कतिपय नागरिकहरू आफ्ना दैनिक सरसामानहरू खरिदको लागि पनि भारतको तिकुनियाँ बजार जाने कारणले बजारको अवस्था सामान्य छ । यसर्थ नगरभित्र बजार तथा व्यापार व्यवसायलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिन्छ । यस नगरपालिकाको व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापन तथा नागरिकहरूको आर्थिक समृद्धि तथा रोजगारीको पर्याप्त व्यवस्था गर्नको लागि नगरले तपसिल अनुसारका कार्यक्रमहरू निर्माण गरी सञ्चालन गर्दै नागरिकहरूको आर्थिक समृद्धि तथा आय-आर्जन तथा रोजगारीका अवसरहरू सिर्जना गर्दछ । यी आधारमा आवधिक कार्यक्रम निम्नानुसार प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. उद्योग व्यवसाय स्थापनाका लागि सार्वजनिक जग्गाको लगत तयार /अद्यावधिक गर्ने । | | |
| २. स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थहरूको समेत प्रयोग भई उद्योग स्थापना सम्भावना सम्बन्धी अध्ययन गर्ने । | २. स्थानीय रूपमा उत्पादन हुने केराको थाम (बोट)लाई कच्चा पदार्थका रूपमा प्रयोग गर्न मिल्ने गरी सोको उद्योग स्थापना गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. मुख्य बजार क्षेत्रमा सपिङ कम्प्लेक्स खोल्नका लागि DPR तयार गर्ने । | ३. सार्वजनिक निजी साझेदारी बमोजिम परियोजना कार्यान्वयनका लागि मनसाय सुची तयार गर्ने ।<br><br>३.१. सम्भाव्यता र साझेदारीका आधारमा मुख्य बजार क्षेत्रका वडाहरूमा डिपार्टमेण्ट स्टोर, सपिङ कम्प्लेक्स स्थापनाको कार्य अघि बढाउने । | ३. प्रत्येक वडामा सपिङ कम्प्लेक्स तथा डिपार्टमेण्ट स्टोर खोल्ने । |
| ४. बजार क्षेत्रमा हाटबजार स्थापना गर्ने । | ४. हाट बजारको स्तरोन्नति गरी पूर्वाधारयुक्त बनाउने (थोक व्यवसाय, कोल्ड स्टोर आदि) | |
| ५. कोभिड-१९ का कारण नगरमा फर्किएका तथा वैदेशिक रोजगारीबाट फर्किएकाहरूका लागि कृषि, पशुपालन वा अन्य उद्योग वा व्यवसाय सञ्चालन गर्न चाहेमा लाभदायक व्यवसायिक विकल्प छनौट, व्यवसाय योजना निर्माण तथा सीप तथा पूँजी व्यवस्थापनका लागि नगरको तर्फबाट सहजीकरण गर्ने । | | |
| ६. कर तथा भन्सार छलेर भारतबाट सामान ल्याउने कार्य नियन्त्रणका लागि नगरको तर्फबाट सम्बन्धित निकायसँग पहल गर्ने र स्थानीय बजारमा सामान खरिदका लागि नगरबासीलाई उत्प्रेरित गर्ने । | | |
| | ७. स्थानीय रूपमा उत्पादन भइरहेका फलफूल तथा खाद्यान्नहरूको प्रशोधनका लागि उद्योगहरू खोल्ने (सार्वजनिक निजी सहकारी साझेदारी अनुरूप) । | |
| | ८. केराबाट मात्रै बन्ने खानाका परिकारहरूको (बनानाज रेष्टुरेण्टहरू) व्यावसायिकरण तथा थारु लगायतका जात जातिहरूको जात विशेषका खानाहरूको प्रवर्द्धनात्मक कार्यक्रमहरू जस्तैः खाना महोत्सव तथा थारु रेष्टुरेन्टहरू को स्थापनाका लागि निजी क्षेत्रसँग आवश्यक सहयोग तथा सहजीकरणको व्यवस्था गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ९. साना तथा घरेलु उद्योगका लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने तथा साना तथा घरेलु उद्योग विकासका लागि कोष खडा गर्ने ।<br><br>१० नगरको सहयोग र समुदाय र निजी क्षेत्रलाई उत्प्रेरित गरी बाँस तथा बेतबाट वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने । | ११. संघ र प्रदेश सरकारको समन्वयमा भू-उपयोग बमोजिम औद्योगिक क्षेत्र विकास तयार गरी विभिन्न उद्योग धन्दा तथा कलकारखानाहरू स्थापना गर्ने ।<br><br>१२. संघ र प्रदेश सरकार तथा निजी क्षेत्रको सहयोगमा उद्योग व्यवसायीहरूको विद्युतीय कारोवार (E-commerce) मार्फत् कर संकलनका लागि सफ्टवेयरको विकास गर्ने । |

## ५.१.५. सहकारी

### १. पृष्ठभूमि

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीयस्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्थाप्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कम हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच बढाउँदै समावेशीकरणमा समेत टेवा पुऱ्याइरहेका छन् । नगरमा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि र बहुउद्देश्यीय प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ । साथै यी संस्थाहरूले नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ । यस नगरपालिकामा रहेका ७७ वटा सहकारी संस्थाहरू मध्ये ५९ वटा सक्रिय रहेका छन् बाँकी निष्कृय तथा सञ्चालनमा नरहेको अवस्थामा छन् । प्रायः सहकारीहरूले कृषि व्यवसाय, अटो रिक्सा, वैदेशिक रोजगारी, शिक्षा, स्वास्थ्य आदिमा लगानी गरेको पाइन्छ ।

आधार वर्ष सन् २०१५ मा सहकारीमा पहुँच (३० मिनेटभित्रको पैदल यात्रामा) भएको परिवारको प्रतिशत ५४% भएकोमा सन् २०३० सम्म ८०% पुऱ्याउने लक्ष्य राखिएको छ (SDG-8.3) । यस नगरपालिकामा पनि निक्षेप संकलन अरबौं रूपैयाँ पुगिसकेको र २४० जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ ।

### २. लक्ष्य

सहकारीलाई स्थानीय आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने ।

## ३. उद्देश्य तथा नीतिहरू

### उद्देश्य १ : सहकारीलाई स्थानीय आर्थिक विकासमा मूलप्रवाहीकरण गर्ने ।

**नीति क.** स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरूको संस्थागत तथा क्षमता विकास गर्नुको साथै विकासमा सहकारीसँगको साझेदारी र सहकार्यमा जोड दिइनेछ ।

**नीति ख.** आर्थिक रूपमा विपन्न परिवारका लागि कृषि ऋण सरल तवरले उपलब्ध हुने व्यवस्था गरिनुका साथै सहकारीहरूमा तरल अवस्थामा रहेको पूँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने प्रबन्ध मिलाई पूँजीको संरक्षण गर्ने नीति लिइनेछ । यसका लागि आवश्यक कानुन निर्माण गरिनेछ ।

**नीति ग.** सबै परिवारलाई सहकारीमा पहुँच हुने गरी सहकारी संस्थाको व्यवस्था, नियमन, संरक्षण र प्रबर्द्धन कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । सहकारीमार्फत् कृषि तथा दुग्धजन्य उत्पादनको खरिद बिक्री प्रक्रियालाई सरलीकरण गरी उत्पादक तथा उपभोक्ताको हित गरिनेछ ।

**नीति घ.** सहकारी सम्बन्धी स्थानीय सहकारीहरूलाई विधिसम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकीकृत तथ्याङ्क निर्माण र अद्यावधिक गरिनेछ ।

**नीति ङ.** स्थानीय सहकारी संस्थाका पदाधिकारी, कर्मचारीहरूलाई लक्षित गरी सहकारी शिक्षाको माध्यमबाट सहकारी व्यवसाय प्रबर्द्धन गरिनेछ । सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको नियमित व्यवस्था मिलाउन सम्बन्धित सहकारी संस्थाहरूलाई जिम्मेवार बनाइने छ ।

**नीति च.** कृषिजन्य तथा दुग्धजन्य वस्तुहरूको संकलन, प्रशोधन तथा बजार व्यवस्थापन कार्यलाई प्रोत्साहन गर्न सहकारीको अवधारणामा उद्योगको स्थापना तथा सञ्चालनका लागि पहल गरिनेछ । उद्यम सहकारी, पर्यटन सहकारी र कृषि सहकारी स्थापनामा जोड दिइनेछ ।

**नीति छ.** सहकारी गाभ्ने/गाभिने (मर्जर) कार्यलाई प्रोत्साहित गरिनेछ ।

**नीति ज.** जैविक मल प्रयोग गरी हुने अर्गानिक खेतीका लागि सहकारी मार्फत् सरल ऋण प्रवाहका लागि सहजीकरण गरिने छ ।

**तालिका ५.१.५ : सहकारी परिचालन सम्बन्धी नीति तथा प्राथमिकताका कार्यक्रमहरू**

**क.** नगरपालिकालाई प्राप्त अधिकार बमोजिम सबै सहकारीहरूलाई नियमन गर्न आवश्यक देखिन्छ । हाल नगरपालिकामा रहेका सहकारीहरूको बचत तथा ऋण लगायत उत्पादन तथा आयमूलक क्षेत्रमा के कति लगानी भइरहेको छ, सोको स्पष्ट सूचना नगरपालिकासँग छैन । सहकारीको पूँजीलाई विषयगत क्षेत्र तथा अन्य उत्पादन क्षेत्रमा केन्द्रिकृत गरी प्रभावकारीरूपमा सञ्चालन र नियमनका लागि सहकारीको व्यावसायिक योजना (Business Plan) आवश्यक पर्दछ । अर्थात् सबै सहकारीहरूलाई सहकारीको सिद्धान्त अनुसार कार्य गर्न गराउन, अनिवार्यरूपमा व्यवसायिक योजना बनाई नगरपालिकामा पेश गर्नुपर्ने र सोही बमोजिम नगरपालिकाले नियमन गर्नुपर्ने व्यवस्थालाई कानुनद्वारा नै स्पष्ट गर्न आवश्यकतानुसार ऐन तथा नियमावलीको संशोधन गर्नुपर्ने हुन्छ । त्यसैले नीति तथा कानुनको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सहकारी ऐन बमोजिम नियम बनाउने (सहकारी सञ्चालन, व्यवस्थापन, वर्गीकरण, सेवा क्षेत्र निर्धारण एकीकरण वा गाभ्ने विषय आदि समेटिएको) | १. सहकारी नीति बनाउने । | १. सहकारी सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको अवस्था अध्ययन गरी समयानुकुल संशोधन र परिमार्जन गर्ने । |
| २. सहकारीहरूका लागि व्यावसायिक योजनाको खाका तयार पार्ने । | २. व्यावसायिक योजनाको खाका बमोजिम सबै सहकारीको आफ्नो व्यावसायिक योजना अनिवार्य बनाउने सम्बन्धी निर्देशिका जारी गर्ने । | |

**ख.** हाल नगर क्षेत्रमा सबै नगरवासीको सहकारीमा पहुँच नभएको र विषयत सहकारी, उद्यम सहकारी, कृषि सहकारी पर्याप्त मात्रामा स्थापना भएको छैन । सहकारीहरू स्थापना हुने र सञ्चालन नहुने अर्थात् सम्बन्धित निकायबाट नियमन अभावका कारण सर्वसाधारणको रकम जोखिममा पर्ने सम्भावना बढ्दै गएकाले सहकारीप्रतिको विश्वास कम हुँदै गएको छ । दीगो विकासको लक्ष्य बमोजिम नगर क्षेत्रभित्रका न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ताको सहकारीमा पहुँच अभिवृद्धि गर्न आवश्यक रहेको छ । साथै उनीहरूको पूँजी तथा उत्पादनलाई एकीकृत गरी आर्थिक तथा सामाजिक विकासमा परिचालन गर्न, समुदायमा आधारित लोकतान्त्रिक स्वायत्त र स्वशासित सङ्गठनका रूपमा विकास गर्न नगरपालिकाबाट प्रभावकारी नियमनका लागि सहकारीका क्षेत्रमा थप सुधार गर्नुपर्ने देखिन्छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सबै वडाका सहकारी सञ्चालक र कर्मचारीहरूका लागि सहकारी शिक्षा तथा व्यावसायिक योजना निर्माण सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने । | १. सबै सहकारीहरूको Business Plan बनाउने र नियमन गर्ने । | |
| २. नगर क्षेत्रमा रहेका सबै सहकारीको विस्तृत लगत तयार गर्ने (पूँजी, बचत, क्षेत्रगत लगानी, सञ्चालन व्यवस्थापन, प्रविधिको प्रयोग आदि) | २. सहकारी संस्थाहरूको विवरण एकीकृत अद्यावधिक तथा Online System बाट नियमनका लागि Software बनाउने । | |
| ३. समान प्रकृतिका सहकारी गाभ्ने र एक वडा एक विषयगत सहकारी रहने गरी प्रक्रिया अघि बढाउने । | ३. क्लस्टरस्तरमा विषयगत सहकारी संस्था स्थापना गर्ने । | ३. प्रत्येक वडामा कम्तीमा १ र १ वटा विषयगत सहकारी संस्था स्थापना गर्ने |
| | ३.१. प्रत्येक वडाका १ बस्तीमा उद्यम सहकारी/कृषि सहकारी स्थापना गर्ने । | ३.१. प्रत्येक वडाका बस्तीमा उद्यम सहकारी/कृषि सहकारीस्थापना गर्ने । |
| | | ३.२. वडास्तरमा एक भन्दा बढी विषयगत शहकारी नरहने गरी गाभ्ने प्रक्रिया पूरा गर्ने । |
| | ४.कृषि सहकारीहरूलाई उत्पादकको रूपमा विकास गर्ने गरी क्षमता अभिवृद्धिका कार्यक्रम तथा प्रभावकारी अध्ययन अवलोकनको व्यवस्थामार्फत व्यवस्थाकीय क्षमता बढाउने । | |

## ५.१.६. आर्थिक पूर्वाधार तथा राजस्व परिचालन

### १. पृष्ठभूमि

नगरपालिकाको कुल बजेटको आन्तरिक स्रोत ४.५ प्रतिशत रहेको छ । चालु खर्चको तुलनामा पूँजीगत खर्च कम रहेको छ । नगरभित्र आन्तरिक स्रोतले प्रशासनिक खर्च समेत धान्न नसक्ने अवस्था रहेको छ । धेरैजसो बजेटहरू सडकमा विनियोजन गरिएका छन् । हाल नगरपालिकाले मूख्य बजारक्षेत्र लगायत यस वरपरका बस्तीलाई जोड्ने गरी आन्तरिक चक्रपथको (DPR) निर्माण गरी, आयोजना कार्यान्वयनको चरणमा अगाडि बढाइरहेको छ । यसरी निर्माण हुने पूर्वाधारले आर्थिक गतिविधिका साथै स्थानीय राजस्व अभिवृद्धिमा समेत योगदान गर्ने हुनाले बाह्य सहयोग समेतबाट निर्माण हुने पूर्वाधारलाई नगरले अवसरका रूपमा लिएको छ भने पूर्वाधारलाई व्यावसायिक गतिविधि र राजस्वको आधार बनाउने र राजस्व चुहावट न्यूनीकरण गरी पूर्वाधारका लागि पर्याप्त स्रोत जुटाउने चुनौती रहेको छ ।

### २. लक्ष्य

आर्थिक सम्भाव्य पूर्वाधारमार्फत् स्थानीय विकासका स्रोतमा आत्मनिर्भर नगर बनाउने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : आर्थिक सम्भाव्य पूर्वाधारको विकासमा जोड दिई नगरको आर्थिक वृद्धि, रोजगारी सृजना र आन्तरिक स्रोत अभिवृद्धि गर्ने ।**

**नीति क.** वडाहरूको आर्थिक सामाजिक तथा पूर्वाधारको अवस्था र आवश्यकतालाई मध्यनजर गरी सुत्रबद्ध अनुदानलाई निरन्तरता दिइनेछ ।

**नीति ख.** स्थानीय आर्थिक विकासलाई प्रबर्द्धन गर्न आर्थिक पूर्वाधार विकासमार्फत् रोजगारी अभिवृद्धि र आन्तरिक स्रोत अभिवृद्धिमा जोड दिइनेछ । यस्ता पूर्वाधारहरूको निर्माण कुल बजेटको (सशर्त अनुदान बाहेक हुन आउने रकम) निश्चित प्रतिशत रकम अनिवार्य रूपमा छुट्याउने नीति अबलम्बन गरी ऋण रकम वा निजी क्षेत्रको रकमलाई समेत प्राथमिकतामा राखी समावेश गरिनेछ ।

**नीति ग.** रोजगारी अभिवृद्धि र आन्तरिक स्रोत अभिवृद्धि हुने आर्थिक सम्भाव्यता भएका आयोजनाहरूलाई प्राथमिकता दिइनेछ । यस्ता आयोजनाहरूको Project Bank तयार गरिनेछ ।

**नीति घ.** आर्थिक सम्भाव्यता भएका पूर्वाधार सेवाहरूको विकास, पुनर्निर्माण, स्तरोन्नति, सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्रको व्यावसायिकता, उद्यमशीलता, दक्षता एवं नवीनतम सूचना प्रविधिलाई नगरको सर्वाङ्गीण विकासमा अधिकतम उपयोग गरिनेछ ।

**नीति ङ.** निजी क्षेत्रको लगानीलाई भित्र्याउनका लागि आवश्यक सहयोग, सम्पर्क र समन्वय, सहजीकरणका लागि विज्ञ टोलीको गठन गरिनेछ । विज्ञ टोलीबाट निजी क्षेत्रलाई आकर्षण गराउनका लागि उपलब्ध गराइने सेवा र सुविधा (कर छुट, Viability Gap Funding, अन्य सेवा सुविधा आदि) का विषयमा अध्ययन गराई स्थानीय आर्थिक विकासको थप नीतिहरू तय गरिनेछ ।

**नीति च.** छिमेकी स्थानीय सरकार समेतका लागि पारस्परिक हितका आधारमा यातायातसहित आधार-भूत शहरी पूर्वाधारका सेवाहरू (खानेपानी, फोहोरमैला आदि) विस्तार तथा विकासका कार्यहरू सामुहिक रूपमा गरिनेछ ।

**नीति छ.** नगरपालिकाको आन्तरिक स्रोतमा अभिवृद्धि हुने गरी पूर्वाधार विकासमा जोड दिइनेछ । पूर्वाधारलाई सेवा शुल्कमा आवद्ध गरिनेछ ।

**नीति ज.** पूर्वाधार विकास निर्माणका लागि उपभोक्ता समिति गठन गर्दा समितिका पदाधिकारीहरूले अनिवार्य कर तिर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**नीति झ.** आर्थिक विकासको समग्र पक्षमा समन्वय र सहजीकरणका लागि नगरपालिकामा स्थानीय आर्थिक विकास शाखालाई प्रभावकारी र जिम्मेवारी बनाइनेछ ।

**तालिका ५.१.६ : आर्थिक पूर्वाधार विकास तथा राजस्व परिचालन सम्बन्धी नीति तथा प्राथमिकताका कार्यक्रमहरू**

**क.** नगरपालिकाको सीमित स्रोतबाट मात्र आर्थिक तथा सामाजिक पूर्वाधार विकास निर्माणका कार्यहरू गर्न प्रायः असम्भव देखिन्छ । यसका लागि वैकल्पिक स्रोतको आवश्यकता पर्दछ । वैकल्पिक स्रोतका लागि सार्वजनिक निजी साझेदारी लगायत अन्य नवीनतम उपायमार्फत् स्रोतको व्यवस्थापन गर्न सकिन्छ। हाल नगरपालिकामा सार्वजनिक निजी साझेदारीमार्फत् सीमित कार्यहरू हुँदै आएका छन् । तर पनि नगरपालिकासँग स्पष्ट ऐन तथा नियमवाली छैन । निजी क्षेत्रलाई पूर्वाधार विकासमा आकर्षण गर्न, उनीहरूको लगानीलाई सुनिश्चित गर्न, जोखिम न्यूनीकरण वा कम सम्भाव्य भएका क्षेत्रमा निजी क्षेत्रको रकमलाई समेत आकर्षण गर्न स्पष्ट सार्वजनिक निजी साझेदारी ऐन आवश्यक छ । यसका अलावा निजी क्षेत्रले सञ्चालन, व्यवस्थापन गर्ने परियोजना वा नगरपालिकाले अन्य कुनै पूर्वाधारका क्षेत्रमा आफ्नो लागत फिर्ता र सञ्चालन तथा मर्मत खर्चलाई ध्यानमा राखी सेवा शुल्क लगाउन र संकलनका लागि सेवा शुल्क निर्धारण सम्बन्धी कार्यविधिको समेत आवश्यकता देखिन्छ । छिमेकी गाउँपालिका वा नगरपालिकाहरूको संयुक्त प्रयासबाट समेत ठुलो रकम जुटाई केही ठूला साझेदारी आयोजनाहरू निर्माण गर्न सकिने भएकाले उक्त साझेदारीमार्फत् कार्यान्वयनका लागि आर्थिक, मानवीय, भौतिक स्रोत साधनको समुचित परिचालन तथा व्यवस्थापनका कानुनीगत संरचना सहित कार्यविधि आवश्यक देखिन्छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सार्वजनिक निजी साझेदारी ऐन तर्जुमा गर्ने (आयोजना लेखाजोखा समिति, सम्भाव्य परि पूर्ति कोष (VGF) को व्यवस्था सहित) | १. अन्तरपालिका स्तरको साझेदारीतामा निर्माण गर्न सकिने पूर्वाधार व्यवस्थापन सम्बन्धी आवश्यक कार्यविधि बनाउने । | १. सार्वजनिक निजी साझेदारी सम्बन्धी कानुन तथा राजस्व पूर्वाधार सम्बन्धी नीतिमा आवश्यक संसोधन र परिमार्जन गर्ने । |
| २. नगरको भौगोलिक, आर्थिक सामाजिक र पूर्वाधारको अवस्था र आवश्यकता बमोजिम अनुदान सुत्रलाई पुनरावलोकन गरी नयाँ सुत्र तय गर्ने । | २. राजस्व नीति तथा राजस्व सुधार योजना निर्माण गर्ने । | |
| ३. स्थानीय आर्थिक विकास तथा पूर्वाधार लगानी र सेवा शुल्क निर्धारण सम्बन्धी कार्यविधि तयार गर्ने । | | |
| ४. योजना प्राथमिकीकरण विधि सहितको स्थानीय बजेट तर्जुमा दिग्दर्शन तयार गर्ने । | | |

**ख.** नगरस्तरीय ठूला पूर्वाधारका योजनाहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न माथि उल्लेख भए बमोजिम नगरपालिकाले नीति तथा कानुनको तर्जुमा, जग्गाको व्यवस्थापन, आर्थिक लाभ तथा रोजगारी उपलब्ध गराउने खालका सम्भाव्य पूर्वाधारका क्षेत्रहरूको पहिचान आदि कार्यका लागि विज्ञ टोलीको आवश्यकता पर्दछ। यस्ता खालका ठूला आयोजनाहरू बहुवर्षिय हुने र सोको प्रभावकारी र नतिजान्मुख कार्यान्वयनका लागि पूँजीगत लगानी योजना Capital Investment Plan तथा मध्यकालीन खर्चको संरचना (Mid Term Expenditure Framework-MTEF) जस्ता वित्तीय औजारको प्रयोग गर्नुपर्ने हुन्छ। हालको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले समेत मध्यकालीन खर्च संरचनालाई स्थानीय तहमा अनिवार्य रूपमा लागु गर्नुपर्ने कानुनी व्यवस्था गरेकाले सोको कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

हाल आन्तरिक आयबाट पूँजीगत खर्चमा भन्दा पनि बढी चालु क्षेत्रमा खर्च भइरहेकोले आन्तरिक आयको अभिवृद्धि सँगसँगै पूँजीगत क्षेत्रमा लगानी बढाउन आवश्यक देखिन्छ। नगरमा पूँजीगत क्षेत्रमा लगानीको अभिवृद्धि सँगसँगै आर्थिक वृद्धि हुन गई आन्तरिक स्रोत समेत बढ्दै जान्छ। हाल नगरपालिकाले सबै करदातालाई करको दायरामा ल्याउन नसकेको सन्दर्भमा सूचना प्रविधिको प्रयोगमार्फत् तथ्याङ्कको अद्यावधिक सहित राजस्व संकलन गर्नुपर्ने भएकाले राजस्व प्रशासनको सुदृढीकरण र सूचना प्रविधिको उपयोग मार्फत् आन्तरिक स्रोत अभिवृद्धि गर्नु आवश्यक देखिन्छ। यस आधारमा आवधिक प्राथमिकता तल प्रस्तुत छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सार्वजनिक जग्गाको लगत तयार गर्ने र अद्यावधिक गर्ने। | १. सार्वजनिक निजी साझेदारी बमोजिम परियोजना कार्यान्वयनका लागि मनसाय सुची तयार गर्ने। | १. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुन सक्ने परियोजनाको सुची संक्षेपीकरण गरी कार्यान्वयन अघि बढाउने। |
| २. विज्ञ टोलीको सहयोगमा आयोजनाहरूको Project Bank तयार गर्ने। | २. पूँजी सुधार कार्यक्रम (CIP) कार्यान्वयन गर्ने (थप परिमार्जन सहित)। | २. राजस्व सुधार कार्ययोजना कार्यान्वयनको समीक्षा गरी आवधिक र वार्षिक योजना निर्माण र कार्यान्वयन गर्ने। |
| ३. Capital Improvement Program (CIP) प्रारम्भिक प्रारूप तयार गर्ने र MTEF सँग आवद्ध गर्ने। | ३. सम्भाव्य परिपूर्ति कोष (Viability Gap Funding) का लागि बजेट छुट्याउने। | ३.अन्तरपालिका समन्वयमा सञ्चालन गर्न सकिने सम्भाव्य पूर्वाधार विकासका कार्य अघि बढाउने। |
| ४. प्रोफाइलका आधारमा GIS Tax Mapping Database स्थापना गर्ने। | ४. छिमेकी स्थानीय तहसँग पारस्परिक हित बमोजिम गर्न सकिने कार्यक्रमहरूको सूची तयार गर्ने। | ४. पूर्वाधार सञ्चालन र उपयोगको सेवा शुल्क व्यवस्थापनलाई निरन्तरता दिने। |
| ५. हालको राजस्व अभिवृद्धि कार्य योजना (Revenue Improvement Action Plan) को पुनरावोलकन गरी प्रचलित कानुन बमोजिम कर तथा गैरकर र सम्भावित आर्थिक पूर्वाधारबाट उठ्न सेवा शुल्क बमोजिम राजस्व अभिवृद्धि कार्य योजना तयार गर्ने। | ५. नगर आफैं वा साझेदारीमा निर्माण गरेका पूर्वाधार आयोजना सञ्चालन र सेवा शुल्क निर्धारण गर्ने। | |

| | | |
|---|---|---|
| **ग.** माथि उल्लेख भए बमोजिमका पूर्वाधार विकास सम्बन्धी नीतिगत कार्यमा नगरपालिकालाई सहयोग गर्न र कार्यान्वयनका लागि विभिन्न निकायहरूसँग समन्वय गर्न नगरपालिकाको आर्थिक विकास शाखाको जिम्मेवारी स्पष्ट हुनुपर्ने देखिन्छ । साथै उनीहरूको क्षमताको विकास पनि अपरिहार्य देखिन्छ । हालको अवस्थामा आर्थिक विकास शाखाको सीमित क्षमताका कारण विज्ञ टोली गठनको प्रस्ताव गरिएको छ । विज्ञ टोलीको सहयोग मार्फत् आर्थिक विकास शाखाको क्षमता अभिवृद्धि हुँदै जाने र भविष्यमा आर्थिक विकास शाखा नगर योजना आयोगको एक अभिन्न अंगका रूपमा रहने गरी टीकापुर नगर योजना आयोगको प्रस्ताव गरिएको छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. ठूला पूर्वाधार, निजी क्षेत्रको लगानी तथा नीतिगत रूपमा सहयोगका लागि विज्ञटोली गठन गर्ने । | १. निरन्तर | १. टीकापुर नगर योजना आयोग गठन गर्ने । |
| २. आर्थिक विकास शाखाको कामको जिम्मेवारी (ToR) तोक्ने । | २. निरन्तर | |
| ३. जनप्रतिनिधि, आर्थिक विकास शाखा तथा पूर्वाधारसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई परियोजना विकास, PPP Financing तथा परियोजनाको आर्थिक तथा वित्तीय विश्लेषण सम्बन्धी तालिम उपलब्ध गराउने । | ३. निरन्तर | |
| ४. जनप्रतिनिधि, आर्थिक विकास शाखा, आर्थिक प्रशासन, पूर्वाधार आदिसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई Capital Investment Plan तथा MTEF सम्बन्धी तालिम सञ्चालन गर्ने | | |

***नोट :*** *माथि उल्लेख भए बमोजिम आर्थिक पूर्वाधारका अन्य क्रियाकलापहरू Physical works, Land Use Plan, Transportation sector लगायत यससँग सम्बन्धित अन्य क्षेत्रहरूमा परेका प्राथमिकता बमोजिमका योजनाहरूको सूचि बमोजिम हुनेछ । सो बमोजिम Capital Improvement Program तयार गरी कार्यान्वयन गरिनेछ ।*

## ५.१.७. स्थानीय आर्थिक विकास अन्तर्गत सङ्गठनात्मक क्षमता विकास

### १. पृष्ठभूमि

नगरको स्थानीय आर्थिक किवास प्रक्रियालाई गति दिन उल्लिखित समग्र स्थानीय आर्थिक विकाससँग सम्बन्धित नीति, प्राथमिकता बमोजिमका आवधिक कार्यक्रमहरूलाई कार्यान्वयन गरी उद्देश्य प्राप्तीका लागि संस्थागत संरचना सहित कर्मचारीको व्यवस्थापन हुन आवश्यक छ । संविधानले दिएको अधिकारलाई अवसरका रूपमा लिंदै वर्तमान सङ्गठनात्मक स्वरूपमा सामान्य परिमार्जन तथा संस्थागत विकासका कार्यलाई अघि बढाउनुपर्ने आवश्यकता छ ।

### २. लक्ष्य

स्थानीय आर्थिक विकासमा प्रभावकारिता हाँसिल गर्ने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : आर्थिक विकासका गतिविधिहरूलाई संस्थागत गरी स्थानीय विकासका कार्यहरूलाई मुलप्रवाहीकरण गर्नु**

**नीति क.** कृषि तथा पशु सेवा, पर्यटन, उद्योग, राजस्व तथा सहकारी हेर्ने आवश्यक जनशक्तिसहित आर्थिक विकास शाखा स्थापना गरिने छ ।

**नीति ख.** आर्थिक विकास शाखालाई व्यवसायिक योजना निर्माणका लागि सम्बन्धित व्यक्ति तथा फर्मलाई सहयोग उपलब्ध गराउनुका साथै आर्थिक र व्यवसायिक क्षेत्रका सरोकारवालासँग समन्वय गर्ने सचिवालयको भूमिका निर्वाह गर्न सक्ने स्तरमा पुऱ्याइने छ ।

**नीति ग.** नगरमा रहेको श्रमको माग र आपूर्ति विश्लेषण गरी माग र आपूर्तिका बिचमा सामञ्जस्यता कायम गर्नका लागि आर्थिक विकास शाखाबाट आवश्यक भूमिका निर्वाह गरिने छ ।

**नीति घ.** आर्थिक नीति निर्माण, कार्यान्वयन, समीक्षा र परिमार्जन गर्ने जस्ता नीतिगत कार्यलाई व्यवस्थित गर्ने तथा बजेट तथा राजस्व समितिका लागि प्राविधिक सहयोग गर्ने भूमिका पनि निर्वाह गर्न सक्ने गरी यस शाखाका जनशक्तिलाई सार्वजनिक वित्त व्यवस्थापन लगायतको सीप विकास तथा तालिमहरू उपलब्ध गराइने छ ।

**नीति ङ.** नगरको बजेट तथा योजना नीति र प्रक्रियामा सहयोग पुऱ्याउन विज्ञ टोलीसहित स्थानीय नगर योजना आयोगको गठन गरिनेछ । साथै स्थानीय राजस्व परामर्श समिति तथा आर्थिक विकास समितिको सचिवालयलाई व्यवस्थित र क्रियाशील गराइने छ ।

**तालिका १/५.१.७ : आर्थिक विकास अन्तर्गत सङ्गठनात्मक क्षमता विकासका प्राथमिकताका कार्यक्रमहरू**

**क.** नगरपालिकामा आर्थिक विकास शाखा रहेको भए पनि आर्थिक विकासको समग्र पक्ष हेर्न सक्ने गरी जनशक्ति तथा पूर्वाधारयुक्त शाखाको रूप यसले पाएको छैन । शाखा अन्तर्गत कर्मचारीको जिम्मेवारी तोकिएको भएपनि शाखाको कार्य जिम्मेवारी स्पष्ट रूपमा तोकिएको छैन । नगर कार्यपालिका अन्तर्गतको आर्थिक विकास समितिलाई पनि पर्याप्त रूपमा क्रियाशील बनाउन बाँकी छ । आर्थिक विकास शाखा र आर्थिक विकास समितिका पदाधिकारीहरूलाई आ-आफ्नो जिम्मेवारीका विषयमा स्पष्टता ल्याउनु पर्नेछ । त्यसैले आर्थिक नीति तर्जुमासहित पूर्वाधार विकासका लागि आर्थिक विकास समितिका पदाधिकारी र आर्थिक विकास शाखाका कर्मचारीहरूको जिम्मेवारी स्पष्ट गर्नु आवश्यक देखिन्छ । आगामी वर्षहरूमा निर्धारित कार्य कुशलतापूर्वक कार्यान्वयन गर्न उनीहरूलाई आवश्यकता बमोजिम निरन्तर क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ । त्यसैले आर्थिक विकास शाखालाई कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, राजस्व तथा पूर्वाधार, सहकारी आदि क्षेत्रको विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने शाखाका रूपमा विकास गर्नु संस्थागत सङ्गठन विकासको मुख्य प्राथमिकता हो ।

व्यावसायिकता र उद्यमशीलता वृद्धिका लागि आवश्यकतानुसार विज्ञहरूको सल्लाह सुझावहरूको व्यवस्था गरी कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गरिन्छ ।

पर्यटन योजना, नीति तथा कानुन तर्जुमा गर्न, पर्यटकीय पूर्वाधार विकास निर्माणमा समन्वयका लागि नगरस्तरीय पर्यटन समिति तथा पर्यटन डेक्सको स्थापना गर्ने कुरा पनि प्राथमिकतामा रहने छ । साथै पर्यटकीय क्षेत्रको प्रचार प्रसार र पर्यटकहरूको दैनिक अभिलेखीकरण हुने गरी प्रविधियुक्त पर्यटन सूचना केन्द्रको व्यवस्था, नगरमा आउने पर्यटकहरूको सुरक्षामा सहयोग गर्न, पर्यटकीय क्षेत्रको व्यवस्थापन र रेखदेखका लागि पर्यटन प्रहरीको व्यवस्था लगायतका कार्यहरू टीकापुर नगर कार्यपालिकाको कार्यालयले गर्नुपर्ने आवश्यकता पनि महसुस गरिएको छ ।

हाल नगरपालिकाबाट नगर क्षेत्रभित्र रहेका सहकारी संस्थाहरूको प्रभावकारी नियमन हुन सकेको छैन । सहकारी शाखामा दक्ष एवं पर्याप्त जनशक्तिको व्यवस्था गरी माथि उल्लेखित नीति तथा कानुन तर्जुमा गर्न, सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्न, सूचना प्रविधिका आधारमा सहकारी संस्थाहरूलाई सहजीकरण गर्न, सहकारी संस्थाले गरेका कारोवारहरूको विश्लेषण गरी सर्वसाधारणको पूँजीलाई उद्देश्य अनुरूप लगानीको सुनिश्चितताका लागि नगरपालिकाको क्षमता विकास गर्नुपर्ने देखिन्छ ।

| यस बाहेक नगरको बजेट तथा वित्त व्यवस्थापनमा समग्र पक्ष व्यवस्थापनको क्षमता विकासका लागि पनि आवश्यक कार्य गरिने छ । | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणमा अन्यथा भएकोमा बाहेक नगरपालिकाको आर्थिक विकास शाखालाई अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा कृषि तथा पशुपालन, उद्योग र वाणिज्य, पर्यटन, राजस्व, सहकारी क्षेत्र हेर्ने जिम्मेवार कर्मचारीको व्यवस्था गरी विशेष शाखाको रूपमा विकास गर्ने । | १. नगरपालिकामा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र पर्यटन प्रचार प्रसार तथा Online मार्फत् अभिलेखीकरण अद्यावधिकका लागि Software तयार गर्ने । | १.टीकापुर नगर योजना आयोग गठन गर्ने । |
| २. नगरस्तरीय पर्यटन समितिको गठन गर्ने । | २. पर्यटन प्रहरीको व्यवस्था गर्ने । | २.आर्थिक विकास शाखामा आवश्यकता अनुसार इकाई तथा जनशक्ति थप गर्ने । |
| ३. नगरपालिकामा पर्यटन डेस्कको स्थापना गर्ने । | ३. व्यावसायिक उत्पादनको लागि प्राविधिक जनशक्तीको व्यवस्थापनका लागि एक वडा एक कृषि प्राविधिकको व्यवस्था गर्ने । | ३. नयाँ कर्मचारीलाई स्थानीय आवश्यकता अनुसारको आर्थिक क्षेत्रको क्षमता विकास कार्यक्रममा सहभागी गराउने । |
| ४. नगरपालिकामा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने । | ४. शीत भण्डार सञ्चालनका लागि आर्थिक विकास अन्तर्गत कृषि शाखावाट समन्वय हुने व्यवस्था मिलाउने । | ४.क्षमता विकासका क्षेत्रगत (कृषि, पर्यटन, उद्योग वाणिज्य, राजस्व आदि) कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिने । |
| ५. जनशक्ति विश्लेषणका आधारमा नगरपालिकामा कृषिकार्यको लागि विशेषज्ञ तथा अन्य जनशक्तिको व्यवस्थापन गर्ने । | ५. आर्थिक विकास शाखालाई श्रम सर्वेक्षण, औद्योगिक गणना, पर्यटन सूचना व्यवस्थापन आदि गर्न सक्ने गरी आवश्यक क्षमता विकास तथा सीप उपलब्ध गराउने । | ५. कर्मचारी र जनप्रतिनिधिलाई आर्थिक विकासका समग्र पक्षको अनुशिक्षण वार्षिक रूपमा सञ्चालन गर्ने । |
| ६. स्थानीय तरकारी तथा फलफुल लगायतका उत्पादनको वैज्ञानिक मूल्य निर्धारणका लागि उत्पादक कृषक, स्थानीय व्यवसायी र नगर प्रतिनिधि सम्मिलित एक बजार मूल्य निर्धारण समिति गठन गर्ने । | ६. आर्थिक विकास शाखाका सम्बन्धित इकाईका कर्मचारीलाई स्वरोजगारी र उद्यमशीलता सम्बन्धी परामर्श सेवा र वित्तिय सहजीकरण सम्बन्धी तालिम उपलब्ध गराउने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ७. सम्बन्धित कर्मचारी तथा उत्पादक लक्षित उत्पादन (कृषि र औद्योगिक) र बजारीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने। | ७. आर्थिक विकास शाखामा समग्र नगरको आर्थिक क्रियाकलापको अद्यावधिक गर्ने प्रणालीको विकास गर्ने र कर्मचारीहरूलाई नगरको वार्षिक कुल ग्राहस्थ उत्पादनको विश्लेषण गर्ने सम्बन्धी तालिम प्रदान गर्ने । | |
| ८. विषयगत सहकारी (कृषि, उद्यम, वहुउद्देश्यीय) कृषि सहकारीहरूको क्षमता विकास र सेवा विस्तारमा लागि आवश्यक सहयोग गर्न कर्मचारीहरूलाई सहजीकरण तालिम कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । | ८. जनप्रतिनिधि लक्षित आर्थिक विकास सम्बन्धी अनुशिक्षणलाई निरन्तरता दिने । | |
| ९. ठूला पूर्वाधार, निजी क्षेत्रको लगानी तथा नीतिगत रूपमा सहयोगका लागि विज्ञटोली गठन गर्ने। | | |
| १०. आर्थिक विकास शाखाको कामको जिम्मेवारी (ToR) तोक्ने | | |
| ११. जनप्रतिनिधि, आर्थिक विकास शाखा तथा पूर्वाधारसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई परियोजना विकास, PPP Financing तथा परियोजनाको आर्थिक तथा वित्तीय विश्लेषण सम्बन्धी तालिम उपलब्ध गराउने। | | |
| १२. आर्थिक विकास सम्बन्धी जिम्मेवारी लिएका नगर कार्यपालिका अन्तर्गतका ईकाइलाई बजेट, राजस्व, योजना प्राथमिकिकरण, आर्थिक विकासका आधारभूत पक्ष आदिको अनुशिक्षण दिने । | | |
| १३. जनप्रतिनिधि, आर्थिक विकास शाखा, आर्थिक प्रशासन, पूर्वाधार आदिसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई Capital Improvement Program तथा मध्यकालीन खर्च संरचना (Mid Term Expenditure Framework - MTEF) सम्बन्धी तालिम दिने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १४. स्थानीय आर्थिक विकास सहजीकरण र प्रबर्द्धनका लागि आर्थिक विकास समितिका पदाधिकारीहरूलाई जिम्मेवार बनाउने । | | |

**तालिका २/५.१.७ : आर्थिक विकासको अपेक्षित उपलब्धी र परिमाणात्मक लक्ष्य (आ.व. २०९६/९७)**

### क. कृषि तथा पशुपालन

| उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| खाद्य तथा पोषण सुरक्षित घरधुरी (%) | २९ | ३४ | ५३ | ७२ |
| कृषि क्षेत्रमा रोजगारी (%) | २६ | २९ | ३५ | ४२ |
| कृषि क्षेत्रबाट हुने आम्दानीमा वृद्धि (रू., प्रति वर्ष) | ७५०७६ | १००००० | २००००० | ३००००० |
| पशुपालन क्षेत्रबाट हुने आम्दानीमा वृद्धि (रू. प्रति वर्ष) | २१४४६ | ४०००० | १००००० | २००००० |
| व्यावसायिक कृषिबाट हुने आम्दानीमा वृद्धि (रू. प्रति वर्ष) | ७५०७६ | २५०००० | ७५०००० | १५००००० |
| व्यावसायिक पशुपालनबाट हुने आम्दानीमा वृद्धि (रू. प्रति वर्ष) | २१४४६ | १५०००० | ५००००० | १०००००० |

### ख. पर्यटन

| उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| आन्तरिक पर्यटक आवगमन संख्या | २२,००० | २७,००० | ५०,००० | १००,००० |
| बाह्य पर्यटक आवगमन संख्या | १,५०० | ५,००० | १०,००० | २५,००० |
| पर्यटकहरूको बसाई (औसत दिनमा) | | १ | १.५ | २.५ |

### ग. उद्योग र वाणिज्य

| उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| साना घरेलु उद्योग संख्या | २०२ | २५० | ३५० | ५०० |
| उद्योग व्यवसायीहरूको संख्या | १,६७७ | २,००० | ३,५०० | ८,००० |
| उद्योग व्यवसायबाट प्रत्यक्ष रोजगारी संख्या | | २,४०० | ३,००० | ५,००० |

### घ. रोजगारी

| उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| बेरोजगार प्रतिशत | | | १५.९ | ५ |
| प्रति व्यक्ति आय | १,१०० | १,३०० | २,०२९ | ३,००० |
| पर्यटन, कृषि, पशुपालन, उद्योग व्यापार व्यवसाय र शहरी पूर्वाधार वा सेवा सम्बन्धी सीपमूलक तालिम लिई रोजगार प्राप्त गर्नेको संख्या | | | इच्छुक सबै | इच्छुक सबै |

***नोट :*** *नगर पार्श्वचित्र बमोजिम कृषि, विप्रेषण र दैनिक ज्यालादारी गर्ने परिवारको वार्षिक औसत आयलाई आधार मानी आधार वर्षमा रू. १,१०० कायम गरिएको र सोही बमोजिम आ.व. २०७८।७९ मा १,३०० र ततपश्चात SDG लक्ष्य बमोजिम प्रक्षेपण गरिएको ।*

### ङ. सहकारी

| उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| सहकारीमा पहुँच भएका परिवारको प्रतिशत (घरबाट ३० मिनेट पैदल यात्रामा) | | | ७१.३ | ९० |

### च. आर्थिक पूर्वाधार तथा राजस्व परिचालन

| उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| कुल बजेटमा आन्तरिक स्रोतको अंश (प्रतिशतमा) | ४.५ | ६ | १० | १८ |
| कुल बजेटमा पूँजीगत खर्चको अंश (प्रतिशतमा) | ३५ | ४० | ५० | ६० |

## ५.२. सामाजिक विकास

यो खण्डमा टीकापुर नगरपालिकाको सामाजिक विकास अन्तर्गत शिक्षा र स्वास्थ्य क्षेत्रको नीति तथा आवधिक प्राथमिकता समावेश गरिएको छ । यस बाहेक सम्पदा संरक्षण तथा सामाजिक समावेशीकरणको विषय पनि यस खण्डमा रहेको छ । नगरपालिकाले सामाजिक विकास अन्तर्गत समेट्दै आएको खानेपानी तथा सरसफाई क्षेत्रको नीति तथा कार्यक्रम भने पूर्वाधार विकास अन्तर्गत सार्वजनिक निर्माणमा समेटिएको छ ।

## ५.२.१. शैक्षिक विकास

### १. पृष्ठभूमि


शिक्षा विकासको आधार हो । साथै मर्यादित एवम् परिष्कृत जीवन सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दीगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रूपमा स्वीकार गरिँदै आएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक तथा सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अबलम्वन गरेको छ ।

टीकापुर नगरपालिकामा ३४ ओटा सामुदायिक विद्यालय र ३९ ओटा निजी विद्यालय गरी जम्मा ७३ ओटा विद्यालय रहेका छन् । ३४ ओटा सामुदायिक विद्यालय मध्ये १२ ओटा माध्यमिक विद्यालय र २२ ओटा आधारभूत विद्यालय रहेका छन् भने निजी तर्फ १५ ओटा माध्यमिक र २४ ओटा आधारभूत विद्यालय रहेका छन् । प्राविधिक विद्यालय एक ओटा सामुदायिक माध्यमिक विद्यालयमा सञ्चालन भइरहेको छ ।

नगरपालिकामा १२ ओटा (सामुदायिक) माध्यमिक विद्यालय मध्ये ३ ओटा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना छैन भने २२ ओटै आधारभूत विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना भएको छैन । नगरपालिका भित्रको १३ ओटा आधारभूत सामुदायिक विद्यालयमा कम्प्युटर-ल्याब स्थापना र सञ्चालन हुन बाँकी रहेको छ । नगरपालिकाभित्रको ३४ ओटा सामुदायिक विद्यालय मध्ये १४ ओटामा मात्र पुस्तकालय सञ्चालनमा रहेको छ भने ५ ओटा विद्यालयमा मात्र प्राथमिक उपचार बक्सको व्यवस्था रहेको छ । ३४ ओटा विद्यालय मध्ये ३० ओटा विद्यालयमा घेराबार रहेको छ भने ४ ओटामा घेराबारको निर्माण भएको छैन । त्यसैगरी ४ ओटा विद्यालयमा छात्र र छात्राको लागि छुट्टा-छुट्टै शौचालयको निर्माण भएको छैन । अपाङ्गता भएका छात्र-छात्राहरूको लागि छुट्टै शौचालयको व्यवस्था ३४ ओटा विद्यालय मध्ये ४ ओटामा मात्र रहेको छ । सामुदायिक विद्यालय मध्ये ९ ओटा विद्यालयमा खानेपानीको व्यवस्था हुन सकेको छैन ।


आधारभूत तहमा भर्ना हुने उमेरका १३,५५५ बालबालिका मध्ये ८४१ जना बालबालिका विद्यालय छाडेका वा विद्यालय भर्ना नभएको अवस्था छ । जसमध्ये २०० जना बालबालिका ५ वर्ष उमेरका रहेका छन । टीकापुर नगरपालिकामा बाल विकास केन्द्रमा भर्ना हुने उमेरका बालबालिका २०७५ सालमा गरेको घरधुरी सर्वेक्षण अनुसार २७१२ (३ र ४ वर्ष उमेरका) देखिन्छन् भने सोही उमेरका बालबालिका बाल विकास केन्द्र (सामुदायिक र निजी) मा जम्मा १,४६३ भर्ना भएका छन् । अझै ४६ प्रतिशत बालबालिका पूर्व प्राथमिकको सेवा बाहिर रहेको देखिन्छ । १५ प्रतिशत बालबालिकाले आधारभूत तहमै कक्षा छाडेको देखिन्छ । २५ प्रतिशत बालबालिकाले माध्यमिक तहमा कक्षा छाडेको देखिन्छ । आधारभूत तहको सिकाई उपलब्धि दर ३९.६ प्रतिशत र माध्यमिक तहको औसत सिकाई उपलब्धि दर ३३.४ प्रतिशत रहेको देखिन्छ । १५ वर्ष माथिको जनसंख्याको साक्षरता दर ६५ प्रतिशत रहेको छ । १६ देखि ४० सम्मको युवाको साक्षरता दर ८३ प्रतिशत पुगेको छ भने १५ देखि २४ को साक्षरता दर ९६ प्रतिशत पुगेको छ ।

**नक्सा १/५.२.१ : सामुदायिक र संस्थागत विद्यालयको विवरण**





माथिको नक्सामा हरियो रंगको सामुदायिक विद्यालय र रातो रंगको संस्थागत विद्यालय जनाइएको छ। हरेक जिपिएस विन्दुमा लेखिएको नम्बरले विद्यालयको क्रमसंख्या अनुसारको नामलाई संकेत गर्दछ।

**नक्सा २/५.२.१ : कक्षाकोठाको आधारमा माध्यमिक विद्यालयको क्षमता**




माथिको नक्सामा जनाइएको रातो विन्दुले कक्षाकोठाको क्षमताभन्दा कम विद्यार्थी भएको विद्यालयको स्थान जनाउँछ । प्रति कक्षाकोठा ४० जनाभन्दा कम विद्यार्थी भएको विद्यालयलाई Under Utilized Classroom भनिएको छ भने हरियो विन्दुले प्रतिकक्षाकोठा ४० जनाभन्दा बढी विद्यार्थी भएको विद्यालयको संकेत गरेको छ जसलाई Over Crowded Classroom भनिएको छ ।

**नक्सा ३/५.२.१ : कक्षाकोठाको आधारमा आधारभूत विद्यालयको क्षमता**




माथिको नक्सामा जनाइएको रातो विन्दुले कक्षाकोठाको क्षमताभन्दा कम विद्यार्थी भएको विद्यालयको स्थान जनाउँछ। प्रति कक्षाकोठा ४० जनाभन्दा कम विद्यार्थी भएको विद्यालयलाई Overcrowded Classroom भनिएको छ। कक्षाकोठा संख्या र विद्यार्थीलाई आधार मान्दा Overcrowded र Undercrowded देखिएता पनि बालमैत्री, अपाङ्गतामैत्री र प्रविधिमैत्री कक्षाकोठा निर्माण गर्नुपर्ने देखिन्छ।

संविधानले आधारभूत, माध्यमिक र प्राविधिक शिक्षा सम्बन्धमा स्थानीय तहलाई दिएको अधिकार र संघ, प्रदेश तथा अन्य निकायबाट उपलब्ध शैक्षिक जनशक्तिलाई नगरले शैक्षिक विकासको अवसरको रूपमा लिएको छ भने सामुदायिक विद्यालयमा बालबालिकाको पहुँच वृद्धि, टिकाउ र गुणस्तर सुधारका लागि भएका प्रयासलाई नतिजामूलक बनाउदै बालबालिकाको सिकाई उपलब्धि वृद्धि, शिक्षकको नियमित उपस्थिति, कक्षा समयसम्म शिक्षकलाई कक्षाकोठामा टिकाउने, पठनपाठनका सम्बन्धमा अभिभावक सचेतना अभिवृद्धि, विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन र शिक्षकहरूलाई क्षमता विकास सहित पारदर्शी र जवाफदेही बनाउँदै विद्यालय सुशासनको प्रत्याभूति सहितको गुणस्तरीय शिक्षाको उपलब्धता र पहुँच सुनिश्चित गर्ने चुनौती नगरलाई छ।

## २. लक्ष्य

उपयोगी, गुणस्तरीय र पहुँचयोग्य आधारभूत, माध्यमिक र प्राविधिक शिक्षाको सुनिश्चितता गर्नु।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १: सामुदायिक विद्यालयहरूमा अपाङ्गतामैत्री, बालमैत्री र भौतिक पूर्वाधार निर्माण गरी विद्यालयको वातावरण बालमैत्री र भयरहित बनाउनु।**

**नीति क.** सबै सामुदायिक विद्यालयको भौतिक संरचना अपाङ्गमैत्री र बालमैत्री बनाइने छ।

**नीति ख.** आवश्यक सेवाको सुनिश्चितता नभएका सामुदायिक विद्यालयमा स्वच्छ र सफा खानेपानी, शौचालय, घेराबार लगायत आवश्यक सेवाको सुनिश्चितता गरिनेछ।

**नीति ग.** विद्यालयमा उपयुक्त (बालमैत्री) खेलमैदानको उपलब्धता सुनिश्चित गरिनेछ।

**नीति घ.** खेलकुद सामाग्रीको व्यवस्था नभएका विद्यालयहरूमा खेलकुद सामाग्री र सबै सामुदायिक विद्यालयमा खेलकुद शिक्षकको व्यवस्थाका साथै सम्बन्धित विषयमा आवश्यक तालिमको व्यवस्था गरिनेछ।

**नीति ङ.** विद्यालय शान्ति क्षेत्रको अवधारणा पूर्ण कार्यान्वयन गरी विद्यालयमा भयरहित वातावरण सिर्जना गर्न आवश्यक कानुनी र संरचनागत व्यवस्था गरिने छ।

**नीति च.** शिक्षण सिकाईलाई सहभागितामूलक र भयरहित बनाउनका लागि आधुनिक सिकाई विधिको पूर्ण कार्यान्वयन गरिनेछ।

**उद्देश्य २. नगरको शिक्षाको विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु।**

**नीति क.** आधारभूत र माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित र गुणस्तर सुधार गर्न आवश्यक ऐन नियम निर्माण गरी कार्यान्वयन गरिनेछ। सम्बन्धित सरोकारवालाहरूको सहभागितामा गुणस्तर सुधारका कार्यक्रम निर्धारण गरी कार्यान्वयन गरिने छ।

**नीति ख.** शिक्षकको ज्ञान र सीप कक्षा कोठामा पुऱ्याई बालबालिकाको सिकाई उपलब्धी दर उच्च बनाउन उत्प्रेरणा, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन विधिको प्रभावकारी कार्यान्वयन गरिनेछ।

**नीति ग.** बालविकास केन्द्रको बसाई व्यवस्थापन बालमैत्री बनाई सबै बालविकास केन्द्रमा मण्टेश्वरी विधिबाट शिक्षण सिकाईको वातावरण सिर्जना गरिनेछ।

**नीति घ.** निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको नीति व्यवहारिक कार्यान्वयनमा लगिने वातावरण निर्माण गरिनेछ।

**नीति ङ.** निरन्तर मूल्याङ्कन प्रणालीको व्यवहारिक कार्यान्वयन गर्ने आधार तयार गरिनेछ।

**नीति च.** सामुदायिक विद्यालयमा विज्ञान र प्राविधिक धार तर्फको विषय समावेश गरी नमूनाका रूपमा सञ्चालन गराउन सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गर्ने नीति लिइनेछ ।

**नीति छ.** व्यवहारिक र जीवनोपयोगी शिक्षाको कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

**नीति ज.** सामुदायिक विद्यालयमा पुस्तकालय र उपकरणको उपलब्धता सहित कम्प्यूटर शिक्षाको प्रभावकारी कार्यान्वयन र इ-हाजिरीको व्यवस्था गरिनेछ ।

**नीति झ.** नगरका शैक्षिक प्रशासनिक निकाय र शिक्षण संस्थामा पारदर्शिता र सुशासन कायम गर्न सामाजिक जवाफदेहिताका विभिन्न औजारको कार्यान्वयन गरिने छ ।

**नीति ञ.** सामुदायिक विद्यालयको गुणस्तर सुधार गरी क्रमश: निजी विद्यालयको संख्या घट्ने वातावरण तयार गरिनेछ ।

**नीति ट.** निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको व्यवहारिक कार्यान्वयनका लागि आधारभूत र माध्यमिक शिक्षाको पहुँच बाहिर रहेका बालबालिकालाई पहुँचमा ल्याउनका लागि उत्प्रेरणा प्याकेज तय गरी कार्यान्वयन गरिने छ ।

**नीति ठ.** स्थानीय पाठ्यक्रम निर्माणमा नैतिक शिक्षालाई जोड दिइने छ ।

**उद्देश्य ३ : नगरको शिक्षा शाखा, विद्यालय शिक्षक, कर्मचारी र विभिन्न संरचनाको क्षमता विकास गर्नु ।**

**नीति क.** शिक्षकहरूलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ ।

**नीति ख.** नगर शिक्षा समिति र वडा शिक्षा समितिलाई क्षमता विकास गरिनेछ ।

**नीति ग.** नगरमा निर्माण भएका विभिन्न शिक्षा संरचनालाई जनशक्ति र प्राविधिक रूपमा सबल बनाइनेछ ।

**नीति घ.** नगरमा निर्माण भएका शिक्षा संरचनाको क्षमता विकास गरी पारदर्शिता र सुशासन सुनिश्चितताका लागि आवश्यक क्षमता विकास गरिनेछ ।

**नीति ङ.** नगरस्तरीय शिक्षा अनुगमन समिति गठन गरी उक्त समिति मार्फत् शिक्षा क्षेत्रको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।

**नीति च.** शिक्षकहरूलाई सिकाई उपलब्धीका आधारमा पुरस्कार र दण्डको व्यवस्था मिलाईने छ ।

**उद्देश्य ४ : विद्यालयको क्षमता र सेवा क्षेत्र सुनिश्चित गर्नु ।**

**नीति क.** विद्यालयको क्षमता मापनका आधारहरू तयार गरी क्षमता यकिन गरिनेछ ।

**नीति ख.** क्षमता विश्लेषण तथा हाल विद्यालयले समेट्ने क्षेत्र र पहुँच योग्यता लगायत विद्यालयको सेवा क्षेत्र सम्बन्धी आधारहरू तयार गरी सेवाक्षेत्र सुनिश्चित गरिनेछ ।

**नीति ग.** विद्यालयको सेवा क्षेत्र भित्रका बालबालिकाहरूलाई सेवा क्षेत्रभित्र नै अध्ययन गर्नका लागि प्रोत्साहन गरिने छ ।

**उद्देश्य ५: प्राविधिक शिक्षाको विकासका लागि आवश्यक पूर्वाधार र वातावरण तयार गर्नु ।**

**नीति क.** सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक धारका कक्षाहरू सञ्चालनमा प्रोत्साहन गरिनेछ ।

**नीति ख.** टीकापुर पोलिटेक्निकल इन्स्टिच्यूटमा समावेश भएका कृषि वाली तथा पशुपालन बाहेकका प्राविधिक विषय नगरस्तरमा अध्ययनको व्यवस्था मिलाउन सम्बन्धित पक्षसँग समन्वय गरिने छ ।

**नीति ग.** बहु प्राविधिक विद्यालय सञ्चालन गर्नका लागि सामुदायिक निजी साझेदारी नीति अवलम्बन गरिनेछ ।

**नीति घ.** नगर क्षेत्रमा मेडिकल कलेज, इन्जिनियरिङ कलेज, कृषि क्याम्पस खोल्नका लागि आवश्यक पहल गरिनेछ ।

**नीति ङ.** सुदूर पश्चिम विश्वविद्यालयको डिन कार्यालय भवन स्थापनाका लागि आवश्यक पहल गरिने छ ।

## तालिका १/५.२.१ : आवधिक प्राथमिकता : शैक्षिक विकास

**क.** टीकापुर नगरपालिकामा आधारभूत तहमा अध्ययन गर्ने उमेरका लगभग १५ प्रतिशत बालबालिकाहरूको शिक्षामा निरन्तर पहुँच हुन सकेको छैन अर्थात् ५ देखि १२ वर्ष उमेर समूहका १५ प्रतिशत बालबालिकाले विद्यालय छाडेको अवस्था छ। सामुदायिक विद्यालयको गुणस्तर संस्थागत विद्यालयको तुलनामा कमजोर देखिन्छ। नगरले शिक्षा ऐन निर्माण गरेको छ तर सामुदायिक विद्यालयमा बालबालिका आकर्षित गर्ने ठोस नीति, नियम र कार्यविधि निर्माण हुन सकेको छैन त्यसैले सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित र गुणस्तर सुधार, अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्नका लागि आवश्यक शिक्षा नियमावली, निर्देशिका र कार्यविधि निर्माण गरी आवश्यक कानुनी प्रक्रिया पूरा गर्ने।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. शिक्षा नियमावली निर्माण गर्ने। | १. शिक्षा ऐन तथा नियमावली अध्यावधिक गर्ने। | १. शिक्षाको विकासका लागि निर्माण गरिएको नीति नियमको पूर्ण कार्यान्वयन र आवश्यक परिमार्जन गर्ने। |
| २. अनिवार्य शिक्षा कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण गर्ने। | २. निर्माण गरेका कार्यविधिको आवश्यकता अनुसार परिमार्जन गरी कार्यान्वयन गर्ने। | |
| ३. संवैधानिक अधिकार बमोजिम आधारभूत तहसम्म मातृ भाषाको कक्षा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि निर्माण गर्ने। | ३. मातृभाषाको कक्षा सञ्चालन गर्न चाहने विद्यालयको लागि कानुनी रूपमा प्रोत्साहन गर्ने। | |
| ४.फरक क्षमता भएका र विपन्न बालबालिकाको शिक्षामा पहुँच र त्यस्ता बालबालिकाको संरक्षण सम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्ने। | ४. फरक क्षमता भएका बालबालिकाहरूको शिक्षामा पहुँच सम्बन्धी कार्यविधिको आवश्यकता अनुसार परिमार्जन गर्ने। | |
| ५. सबै बालबालिकाहरूको शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिको लागि कार्यविधि निर्माण गर्ने। | ५. सबै बालबालिकाहरूको शिक्षामा पहुँच र गुणस्तर सुधारका लागि निर्माण भएका कार्यविधिको आवश्यक कार्यान्वयनमा जोड दिने। | |
| ६. हरेक विद्यालयको आफ्नो सेवा क्षेत्र तोक्ने सम्बन्धी कार्यविधि निर्माण गर्ने र सो अनुरूप व्यवस्थित गर्ने। | ६. सामुदायिक विद्यालयको सेवा क्षेत्र तोक्न निर्माण भएको कार्यविधिको आवश्यकता अनुसार अध्यावधिक गर्दै कार्यान्वयनमा जोड दिने। | |
| ७. प्राविधिक शिक्षाको विकासका लागि निजी सामुदायिक लगानी सम्बन्धी नीति निर्माण गर्ने। | ७. प्राविधिक शिक्षाको विकास र प्रवर्दन गरी दक्ष जनशक्ति उत्पादनका लागि निजी सामुदायिक लगानी सम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्ने। | |

| | | |
|---|---|---|
| ८. निजी विद्यालयलाई सामुदायिक विद्यालयमा रूपान्तरण गर्ने नीति निर्माण गर्नका लागि आवश्यक वातावरण तयार गर्ने । | ८. निजी विद्यालयलाई सामुदायिक विद्यालयमा रूपान्तरण गर्ने नीति निर्माण र कार्यान्वयन गर्ने । | ८. संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयमा रूपान्तरण गर्ने नीति अनुरूप सामुदायिकमा रूपान्तरण गर्ने । |
| **ख.** टीकापुर नगरपालिकामा विद्यालय शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक संरचना (जस्तैः नगर शिक्षा समिति, वडा शिक्षा समिति) निर्माण नभएकोले शिक्षामा भएका प्रगतिको समीक्षा, प्रभावकारी अनुगमन, शिक्षाको विकासका लागि आवश्यक योजना निर्माण र कार्यान्वयन जस्ता पक्षलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संरचना र प्रभावकारी योजना निर्माण गर्ने । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगर र वडा शिक्षा समिति गठन गर्ने र क्षमता विकास गर्ने । | १. नगर र वडा शिक्षा समितिको नियमित क्षमता अभिवृद्धि गर्ने । | १.गठन भएका समितिहरूको जिवन्तताको लागि आवश्यक वातावरण निर्माण गर्ने । |
| २. वडा शिक्षा समिति मार्फत् विद्यालयको प्रगतिको नियमित समीक्षा गर्ने । | २. वडा शिक्षा समिति मार्फत् विद्यालयको प्रगति समीक्षा गर्ने परिपाटी वार्षिक योजनामा अभिलेख गर्ने । | २. शिक्षाका सबै संरचनाको क्षमता विकास गर्ने । |
| ३. वडा शिक्षा योजना निर्माण गर्ने । | ३. वडा शिक्षा योजनाको नियमित समीक्षा र अध्यावधिक गर्ने । | ३. शिक्षाको योजनाबद्ध विकासका लागि योजना शाखामा पर्याप्त जनशक्तिको व्यवस्थापन गर्ने । |
| ४. विद्यालयको भौतिक शैक्षणिक र व्यवस्थापन तथा शिक्षक/कर्मचारीको जवाफदेहितालाई केन्द्रित गरेर नगर शिक्षा योजना निर्माण गर्ने । | ४. नगर शिक्षा योजनाको नियमित समीक्षा र अध्यावधिक गर्ने । | |
| ५. सबै विद्यालयको विद्यालय सुधार योजना निर्माण गर्ने विद्यालयको अभिलेख तयार गर्ने । | ५. विद्यालय सुधार योजनाको नियमित समीक्षा गर्ने । | |
| ६. नगर तथा वडाहरूमा शिक्षा अनुगमन समिति गठन गर्ने । | ६. प्रत्येक वडामा वडा शिक्षा समितिको माध्यमबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | |
| **ग.** नगरपालिका भित्रका बाल विकास केन्द्रमा भर्ना हुने उमेरका बालबालिका सबै बाल विकास केन्द्रमा भर्ना भएका छैनन् । बाल विकास केन्द्रको सिकाई वातावरण बालमैत्री बनाई सबै बाल विकास उमेरका बालबालिकाहरूलाई बाल विकासमा भर्ना गरी बाल विकासको खुद भर्नादर शत प्रतिशतमा पुऱ्याउन बालविकासको शैक्षिक एवं भौतिक वातावरण प्रभावकारी बनाउने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. बाल विकास केन्द्र नभएका विद्यालयमा वा समुदायमा आवश्यक भएका स्थानमा बाल विकास केन्द्र स्थापना गर्ने । | १. स्थापना भएका बाल विकास केन्द्रको भौतिक व्यवस्थापन गर्ने । | १. बाल विकास केन्द्र सञ्चालन भएका भवन वा कक्षा कोठा अपाङ्गमैत्री बनाउने । |
| २. अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरी बाल विकास केन्द्रमा भर्ना हुने उमेरका सबै बालबालिकाहरूलाई बाल विकासमा ल्याउने । | २. बालविकास केन्द्रका अभिभावकलाई बालबालिका बाल विकासमा नियमित पठाउन थप प्रोत्साहनका कार्यक्रम निर्माण गर्ने । | २. बाल विकास केन्द्र सबै अभिभावकको आकर्षणको केन्द्रको रूपमा विकास गरी शत प्रतिशत बालबालिका बाल विकासबाट कक्षा १ मा भर्ना हुने वातावरण तयार गर्ने । |
| ३. बाल विकास केन्द्रको बसाई व्यवस्थापन र सिकाई वातावरण बालमैत्री र भय रहित बनाउने । | ३. बा.वि.के.को सिकाई वातावरण निरन्तर बालमैत्री र भयरहित बनाउन थप प्रोत्साहन गर्ने । | ३. बाल विकास केन्द्रलाई बाल विकास उमेरका बालबालिकाहरूको लागि पूर्ण बालमैत्री वातावरण तयार गर्ने । |
| ४. बाल विकास केन्द्रका सबै सहजकर्ताहरूलाई मन्टेश्वरी शिक्षण विधि सम्बन्धी तालिम प्रदान गर्ने । | ४. तालिम प्राप्त सहजकर्ताहरूलाई उनीहरूको सीप र क्षमता कक्षाकोठामा लैजाने वातावरण तयार गर्ने । | |
| ५. बाल विकास केन्द्रका सहजकर्ताहरूलाई उचित पारिश्रमिकको व्यवस्था गर्ने । | ५. बाल विकास शिक्षा सहज र सर्वसुलभ बनाउन नगरबाट विनियोजन हुने रकममा बाल विकासका लागि विशेष प्राथमिकता दिने । | |

**घ.** टीकापुर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरू केहीमा कक्षाकोठाको तुलनामा बढी विद्यार्थी र केहीमा कक्षाकोठाको तुलनामा कम विद्यार्थी अध्ययन गरिरहेका छन्, जसलाई नक्सा नं. २/५.२.१ र ३/५.२.१ मा सूचित गरिएको छ । खानेपानी, शौचालय, घेराबार, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्यूटर प्रयोगशाला, प्राथमिक उपचार बक्स, खेलकुद सामाग्री, शैक्षिक सामाग्री लगायत धेरैजसो विद्यालयहरूमा अपाङ्गता मैत्री भवन र शौचालयको व्यवस्था हुन सकेको छैन, जसलाई नक्सा नं. ४/५.२.१ र ५/५.२.१ मा सूचित गरिएको छ । जसले गर्दा सबै प्रकारका बालबालिकाको विद्यालय पहुँच, बालमैत्री र भयरहित सिकाई वातावरण तयार गर्नका लागि चुनौति देखिएको छ । विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तर सुधार, भौतिक निर्माण र सेवा सुविधा प्रभावकारी बनाउने साथै आवश्यकता अनुसार प्राविधिक विद्यालय स्थापना र सञ्चालन गर्ने ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. उपलब्ध पूर्वाधारको अधिक र न्यून प्रयोगको वर्तमान अवस्थालाई आधार बनाई विद्यालयको भौतिक पूर्वाधार निर्माण र सुधारको विश्लेषण गर्ने । | १. भौतिक निर्माण आवश्यक सामुदायिक विद्यालयको भौतिक निर्माण गर्ने । | १. भौतिक निर्माण गर्दा अपाङ्गमैत्री र बाल मैत्री संरचनाको लागि विशेष आधार तयार गरी पूर्ण कार्यान्वयन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. स्थानीय सामाग्री प्रयोग गरेर शैक्षिक सामाग्री निर्माण र प्रयोग गर्ने । | २. शैक्षिक सामाग्री निर्माण र प्रयोगका लागि सबै विद्यालयलाई अनिवार्य गर्ने | २. शैक्षिक सामाग्रीको निर्माण र प्रयोगका आधारमा विद्यालयलाई पुरस्कृत गर्ने |
| ३. सबै सामुदायिक विद्यालयमा प्राथमिक उपचार बक्सको व्यवस्था गर्ने । | ३. सबै माध्यमिक विद्यालयको माध्यमिक तहमा एक ओटा प्राथमिक उपचार कक्षको निर्माण गर्ने । | ३. सबै सामुदायिक विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था गर्ने । |
| ४. सबै सामुदायिक विद्यालयमा कम्तीमा ५ कक्षा सम्म अंग्रेजी माध्यमबाट पठनपानठन सञ्चालन गर्ने । | ४. आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठनपाठनका लागि वातावरण तयार गर्ने । | ४. आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्ने । |
| ५. सबै सामुदायिक विद्यालयलाई निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनका लागि तालिम प्रदान गर्ने | ५. निरन्तर मूल्याङ्कन प्रणाली सबै सामुदायिक विद्यालयमा अनिवार्य र व्यवहारिक बनाउने । | ५. निरन्तर मूल्याङ्कन प्रणाली प्रति अभिभावक र सरोकारवालाको विश्वास जित्ने वातावरण तयार गर्ने |
| ६. पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलापको लागि शिक्षकलाई अभिप्रेरित हुने तालिम प्रदान गर्ने । | ६. सबै सामुदायिक विद्यालयमा पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलाप अनिवार्य गर्ने । | ६. पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलापको आधारमा विद्यालयलाई थप प्रोत्साहन गर्ने । |
| ७. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रक्रियालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्य सम्पादन सम्झौता गर्ने । | ७. शिक्षकहरूलाई कार्य प्रगतिका आधारमा थप प्रोत्साहन सहितको व्यवस्था गर्ने । | ७. शिक्षकहरूलाई कार्यसम्पादनका आधारमा ग्रेड वृद्धि गर्ने । |
| ८. घेराबार निर्माण नभएका सामुदायिक विद्यालयमा घेराबार निर्माण थालनी गर्ने | ८. घेराबार नभएका सबै सामुदायिक विद्यालयमा घेराबार निर्माण गर्ने | ८. सबै सामुदायिक विद्यालयलाई भौतिक र मनोवैज्ञानिक रूपमा सुरक्षित बनाउने |
| ९. सामुदायिक विद्यालयको औसत सिकाई उपलब्धी वृद्धिका आधारहरू तयार गर्ने । | ९. विद्यालयहरूलाई औसत सिकाई उपलब्धीका आधारमा पुरस्कृत गर्ने । | ९. सामुदायिक विद्यालयको औसत सिकाई उपलब्धी दर तहगत र कक्षागत रूपमा कम्तीमा वि प्लस श्रेणीमा पुऱ्याउने |
| १०.खानेपानी नपुगेका सामुदायिक विद्यालयमा खानपानी सेवा विस्तारको थालनी गर्ने । | १०. खानेपानी सेवा नपुगेका सबै सामुदायिक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने । | |
| | ११ छात्रा र छात्रहरूका लागि सबै सामुदायिक विद्यालयमा छुट्टा-छुट्टै शौचालयको निर्माण सम्पन्न गर्ने । | |


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १२. सामुदायिक विद्यालयमा विद्यालय बसको व्यवस्थाका लागि पूर्व तयारी गर्ने । | १२.विद्यालय बस सञ्चालनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने । | १२. आवश्यक सबै सामुदायिक विद्यालयमा विद्यालय बसको व्यवस्था गर्ने । |
| १३.विज्ञान प्रयोगशाला नभएका सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणका लागि वातावरण निर्माण गर्ने । | १३.विज्ञान प्रयोगशाला नभएका सामुदायिक माध्यमिक विद्यालय सबैमा विज्ञान प्रयोगशाला सञ्चालन गर्ने । | १३. सबै सामुदायिक विद्यालयमा कम्तीमा ६ कक्षादेखि माथि विज्ञान प्रयोगशाला अनिवार्य निर्माण गर्ने ।१२. तहगत पुस्तकालय सञ्चालन गर्ने । |
| १४. पुस्तकालय नभएका विद्यालयहरूमा पुस्तकालय सञ्चालनका लागि आवश्यक तयारी गर्ने | १४.पुस्तकालय नभएका समुदायिक विद्यालयमा पुस्तकालयको निर्माण र सञ्चालन गर्ने । | १४.तहगत पुस्तकालय सञ्चालन गर्ने । |
| १५. मर्ज गर्न सकिने सम्भावना भएका विद्यालयहरूलाई मर्ज गर्ने आवश्यक अध्ययन पूरा गरी मर्ज गर्न थालनी गर्ने । | १५.मर्ज गर्न सकिने सबै सामुदायिक विद्यालय मर्ज गर्ने र मर्ज भएर खाली भएका विद्यालय भवनलाई अन्य सामुदायिक प्रयोगमा ल्याउने । | |
| १६. सामुदायिक विद्यालयको कम्तीमा कक्षा ५ सम्म दिवा खाजाको व्यवस्थालाई निरन्तरता दिने । | १६.सामुदायिक विद्यालयको आधार भूत तहसम्म दिवा खाजाको व्यवस्था गर्ने । | १६.सबै सामुदायिक विद्यालयमा दिवा खाजाको व्यवस्था गर्ने । |
| १७. माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्सको व्यवस्थाको लागि वातावरण तयार गर्ने साथै कक्षा ५ देखि माथि सञ्चालन भएको विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्थाको लागि विशेष पहल गर्ने। | १७.माध्यमिक तहमा एक विद्यालय एक नर्सको व्यवस्था कार्यान्वयन गर्ने साथै कक्षा ५भन्दा माथिका विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था अनिवार्य गर्ने । | |
| १८. अपाङ्गता भएका बालबालिकाहरूको लागि नगरपालिका स्तरमा आवासीय विद्यालय निर्माणका लागि आधार तयार गर्ने | १८. अपाङ्गता भएका बालिकाहरूको लागि आवासीय विद्यालय सञ्चालन गर्ने । | १८. अपाङ्गता भएका बालबालिकाहरूको लागि सञ्चालन भएको आवासीय विद्यालयको प्रभावकारी व्यवस्थापन गर्ने । |
| १९.सामुदायिक विद्यालयमा इ-हाजिरीको शुरुवात गर्ने । | १९.सामुदायिक विद्यालय सबैमा इ-हाजिरीको व्यवस्था गर्ने । | |
| २०.माध्यमिक तहमा प्राविधिक धार सञ्चालनका लागि आवश्यक आधार तयार गर्ने । | २०.सबै माध्यमिक तहमा प्राविधिक धार सञ्चालन गर्ने । | २०.सामुदायिक विद्यालयको माध्यमिक तह सबैमा प्राविधिक धार सञ्चालन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २१.विद्यालयका शिक्षकहरूलाई क्षमता विकास तालिम प्रदान गर्ने । | २१.विषयगत शिक्षकहरूलाई क्षमता विकास तालिम प्रदान गर्दै प्रविधि मैत्री बनाउने । | २१.विद्यालयका सबै शिक्षकहरूलाई प्रविधि मैत्री तालिम प्रदान गर्ने । |
| २२.बहु प्राविधिक विद्यालयसँग सञ्चालनका लागि आधार तयार गर्ने । | २२. नगरपालिकाभित्र बहु प्राविधिक विद्यालय सञ्चालन गर्ने । | |
| २३. स्टाफ नर्सको व्यवस्था नभएका विद्यालयमा शिक्षकहरूलाई प्राथमिक उपचार सम्बन्धी तालिमको व्यवस्था गर्ने । | २३. स्टाफ नर्सको व्यवस्था नभएका सबै सामुदायिक विद्यालयमा कम्तीमा एक जना शिक्षकलाई प्राथमिक उपचार सम्बन्धी तालिमको व्यवस्था गर्ने । | |
| २४ टीकापुर विश्वविद्यालय स्थापनाका लागि प्रदेश र संघ सरकारसँग समन्वय गर्ने । | २४. टीकापुर विश्व विद्यालय स्थापनाका लागि आवश्यक वातावरण तयार गर्ने । | |
| २५. सामुदायिक विद्यालयमा रेडक्रस र स्काउट सम्बन्धी आवश्यक ज्ञान सीप उपलब्ध गराउन समन्वयात्मक गतिविधि सञ्चालन गर्ने । | २५. रेडक्रस र स्काउट सम्बन्धी आवश्यक ज्ञान सीप उपलब्धताको निरन्तरता । | २५. रेडक्रस र स्काउट लगायत मानवीय सेवाका विभिन्न पक्षका सिकाई क्रियाकलापलाई थप व्यवस्थित गर्ने । |
| २६. योग लगायत जीवन उपयोगी शिक्षा सम्बन्धी आवश्यक ज्ञान सीप उपलब्ध गराउन वातावरण तयार गर्ने । | २६. आधारभूत विषयका अतिरिक्त योग लगायत अन्य जीवन उपयोगी शिक्षा सम्बन्धी आवश्यक ज्ञान सीपलाई नियमित पठनपाठनको अभिन्न अंग बनाउने । | २६. योग लगायत जीवन उपयोगी शिक्षाको निरन्तरता र प्रभावकारीता विस्तारका कार्य गर्ने । |

**ङ.** विद्यालय प्रशासन तथा व्यवस्थापनको अभिभावक प्रति जवाफदेहिताको प्रभावकारिता कमजोर देखिएको छ । विद्यालय प्रशासन र व्यवस्थापनलाई क्षमता विकास गरी अभिभावक प्रति जवाफदेही बढाउन सकेमा सामुदायिक विद्यालय प्रति अभिभावकको विश्वास बढाउन सकिने हुँदा सामुदायिक विद्यालयमा बालबालिकाको नियमितता, गुणस्तर अभिवृद्धि जस्ता पक्षमा सहयोग पुग्ने भएकोले विद्यालय प्रशासन र व्यवस्थापनको क्षमता विकास गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने ।


| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
|---|---|---|
| १. विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको प्रभावकारी व्यवस्थापनको लागि तालिम प्रदान गर्ने । | १. विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन र विद्यालय सुधार योजना निर्माण र अध्यावधिक सम्बन्धी क्षमता विकास तालिम प्रदान गर्ने । | १. नगरपालिकामा शिक्षाको विकासका लागि बटम अप योजना तर्जुमा प्रक्रियाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने । |
| २. पारदर्शिता र जवाफदेहिता अभिवृद्धि साथै सूचनाको स्वतः प्रकाशन सम्बन्धी विद्यालयका शिक्षक र व्यवस्थापन समितिलाई क्षमता विकास तालिम दिने । | २. पारदर्शिता र जवाफदेहिता प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उत्कृष्ट विद्यालयहरूलाई पुरस्कृत गर्ने । | २. विद्यालय शासनलाई पारदर्शिता र जवाफदेहिताको सुनिश्चित गर्ने । |
| ३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनका लागि प्राविधिकलाई क्षमता विकास गर्ने । | ३. सबै सामुदायिक विद्यालयमा आवश्यक उपकरण सहित प्रभावकारी शैक्षिक सूचना व्यवस्थापन प्रणाली स्थापना र प्रभावकारी कार्यान्वयन गर्ने । | |

**नक्सा ४/५.२.१ : सामुदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्था सम्बन्धी विवरण**




माथिको नक्सामा माध्यमिक विद्यालयको सेवाहरूको बारेमा संकेत गरिएको छ जसमा S संकेतले विज्ञान र C ले कम्प्यूटर प्रयोगशाला नभएको, F ले प्राथमिक उपचार कक्ष, B ले विद्यालयमा घेराबार T ले बालक र बालिकाको लागि छुट्टछुट्टै शौचालय L ले पुस्तकालय र D ले विद्यालयमा खानेपानीको सेवा नभएको संकेत गर्दछ ।

नक्सा ५/५.२.१ : सामुदायिक आधारभूत विद्यालयको भौतिक र शैक्षिक अवस्था सम्बन्धी विवरण




माथिको नक्सामा आधारभूत विद्यालयको सेवाहरू नभएको बारेमा संकेत गरिएको छ जसमा S संकेतले विज्ञान र C ले कम्प्यूटर प्रयोगशाला नभएको, F ले प्राथमिक उपचार कक्ष, B ले विद्यालयमा घेराबार T छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय L ले पुस्तकालय र D ले विद्यालयमा पानीको सेवा नभएको संकेत गर्दछ ।

**शिक्षा क्षेत्रको अपेक्षित उपलब्धी (आ.व. २०९६/९७)**

- १५ वर्ष माथिको जनसंख्याको साक्षरता दर ६५ प्रतिशतबाट बढेर ९५ प्रतिशत पुगेको हुनेछ।
- १६ देखि ४० वर्षको युवाहरूको साक्षरता दर ८३ प्रतिशत बाट १०० प्रतिशत पुगेको हुनेछ। आधारभूत तहको खुद भर्नादर ८९.४ बाट बढेर १०० प्रतिशत पुगेको हुनेछ।
- माध्यमिक तहको खुद भर्नादर ४५.५ प्रतिशतबाट बढेर ९८ प्रतिशत पुगेको हुनेछ।
- सामुदायिक विद्यालयमा पुस्तकालयको स्थापना र सञ्चालन भएको हुनेछ।
- सामुदायिक विद्यालयमा पिउन योग्य स्वच्छ सफा खानेपानी, विद्यालय घेराबार, छात्रछात्राको लागि छुट्टा-छुट्टै शौचालय र कम्प्यूटर प्रयोगशाला हुनेछ।
- कक्षा ५भन्दा माथिका सबै विद्यालयमा विज्ञान प्रयोगशाला सञ्चालन भएको हुनेछ।
- प्रारम्भिक बाल विकासमा खुद भर्नादर शत प्रतिशत हुनेछ। आधारभूत तहमा विद्यालय छाड्ने दर १५ प्रतिशतबाट ०.५ प्रतिशतमा पुग्नेछ र माध्यमिक तहमा विद्यालय छाड्ने दर २५ प्रतिशत बाट घटेर २ प्रतिशतमा पुग्ने छ। मातृभाषामा पठनपाठन गर्ने विद्यालयको संख्या वृद्धि भएको हुनेछ।
- विद्यालय शिक्षामा महिला शिक्षिकाको प्रतिशत ४७ बाट बढेर कम्तीमा ५० प्रतिशत पुगेको हुनेछ।
- सबै सामुदायिक विद्यालय बालमैत्री र अपाङ्गमैत्री हुनेछन्।
- सामुदायिक विद्यालयको माध्यमिक तह कम्तीमा ५० प्रतिशत प्राविधिक धार सञ्चालन भएको हुनेछ।
- बहु प्राविधिक विद्यालय सञ्चालन भएको हुनेछ।

**तालिका २/५.२.१ : शिक्षा क्षेत्रको परिमाणात्मक लक्ष्य**

| क्र.सं. | उपलब्धी सूचक | एकाइ | आधार वर्ष | अल्पकाल | मध्यकाल | दीर्घकाल |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा नियमावली र कार्यविधि निर्माण सम्बन्धी जनप्रतिनिधिलाई अभिमुखिकरण, निर्माण र नियमित अद्यावधिक(प्रत्येक पटक निर्वाचित) | संख्या | ० | ५५ | ११० | ११० |
| २ | वडा शिक्षा समिति गठन, पुनर्गठन र क्षमता विकास तालिम (९ वटा वडा प्रत्येक वडामा ७ जना, पदावधि २ वर्ष) | संख्या | ० | ६३ | १२६ | ३७८ |
| ३ | नगर शिक्षा समिति गठन र समितिका पदाधिकारीहरूलाई क्षमता विकास तालिम/पुनर्ताजकीय तालिम | पटक | | १ | २ | ७ |
| ४ | वडा शिक्षा समिति गठन र समितिका पदाधिकारीहरूलाई क्षमता विकास तालिम/पुनर्ताजकीय तालिम | पटक | | ९ | १८ | ५४ |
| ५ | नगर शिक्षा योजना निर्माण र अद्यावधिक | पटक | | १ | १ | ३ |
| ६ | वडा शिक्षा योजना निर्माण र अद्यावधिक (९ वटै वडामा एक पटक निर्माण गर्ने र २ वर्षको अवधिमा अद्यावधिक गर्ने) | पटक | | ९ | १८ | ५४ |

| क्र.सं. | उपलब्धी सूचक | एकाइ | आधार वर्ष | अल्पकाल | मध्यकाल | दीर्घकाल |
|---|---|---|---|---|---|---|
| ७ | विद्यालय सुधार योजना निर्माण र अद्यावधिक | पटक | | १ पटक ३४ विद्यालय | १ पटक ३४ विद्यालय | २ पटक ३४ विद्यालय |
| ८ | बालविकास केन्द्रमा बालमैत्री कक्षाकोठा व्यवस्थापन | संख्या | ० | ९ | २५ | ० |
| ९ | बालविकास केन्द्रका सहजकर्ताहरूलाई मन्टेश्वरी विधिबाट शिक्षण सिकाई क्रियाकलाप सम्बन्धी तालिम/ पुनर्ताजकीय तालिम | संख्या | ० | ३४ | ६८ | २०४ |
| १० | बालविकास केन्द्रका अभिभावकहरूलाई अभिभावक सचेतना कार्यक्रम( प्रत्येक वर्ष १ पटक ७२ वटा बालविकासलाई) | पटक | | १ | २ | ६ |
| ११ | विद्यालय भवन निर्माण (अहिले ५ वटा विद्यालयमा कक्षा कोठाको क्षमताभन्दा बढी बालबालिका अध्ययन गरिरहेका छन्) | संख्या | | १ | ३ | १ |
| १२ | विद्यालय भवन/कक्षाकोठा मर्मत | पटक | ० | ५ | १५ | १४ |
| १३ | अपाङ्गता भएका बालिकाहरूको लागि आवासीय विद्यालय भवन निर्माण | संख्या | ० | | १ | १ |
| १४ | माध्यमिक तहमा प्राथमिक उपचार कक्ष निर्माण | संख्या | २ | ५ | ५ | ० |
| १५ | आधारभूत विद्यालयमा प्राथमिक उपचार कक्ष निर्माण | संख्या | २ | ७ | १० | ३ |
| १६ | विज्ञान प्रयोगशाला निर्माण | संख्या | ९ | ३ | २० | २ |
| १७ | कम्प्यूटर प्रयोगशाला निर्माण | संख्या | २१ | ३ | १० | ० |
| १८ | पुस्तकालय स्थापना | संख्या | १४ | ५ | १३ | २ |
| १९ | घेराबार निर्माण/मर्मत | संख्या | ३० | ४ निर्माण | १५ मर्मत | १५ मर्मत |
| २० | बालक र बालिकाको लागि छुट्टाछुट्टै शौचालय निर्माण | संख्या | ३० | ४ | ० | ० |
| २१ | खानेपानी निर्माण | संख्या | २५ | ५ | ४ | ० |
| २२ | आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्नका लागि शिक्षकलाई तालिम | पटक | | १ | २ | २ |
| २३ | निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धी शिक्षकलाई तालिम/पुनर्ताजकीय | पटक | | १,२८५ (शिक्षक) | २,२८५ (शिक्षक) | २,२८५ (शिक्षक) |
| २४ | पाठ्यक्रममा आधारित शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी शिक्षक तालिम | पटक | | २ | ३ | २ |
| २५ | खेलकुद सामाग्री सहयोग (नगरमा भएका ३४ वटै विद्यालयलाई) | पटक | | १ | २ | ७ |


| क्र.सं. | उपलब्धी सूचक | एकाइ | आधार वर्ष | अल्पकाल | मध्यकाल | दीर्घकाल |
|---|---|---|---|---|---|---|
| २६ | शैक्षिक सामाग्री सहयोग | पटक | | २ | ५ | १३ |
| २७ | विद्यालय बस सञ्चालनमा सहयोग (पहिलो २ वर्ष तयारी मध्यकालीनमा मा.वि. सबैमा र दीर्घकालीनमा ११ वटा आ.वि.मा बस सेवा विस्तार गरी भौगोलिक दूरी र विद्यार्थी संख्याको आधारमा आधारभूत विद्यालय आधा घटाउन सकिने) | संख्या | | ० | १२ | १२ |
| २८ | सामुदायिक विद्यालयको कक्षा ५ सम्म दिवा खाजाको व्यवस्था भएकाले त्यसलाई २ वर्षको आवधिसम्म निरन्तरता दिदै मध्यकाल र दीर्घकालमा आधारभूत तहसम्म दिवा खाजाको व्यवस्था गर्ने | संख्या | कक्षा पाँच सम्मका सबै विद्यार्थी | ५२०६ विद्यार्थी | ९३१६ विद्यार्थी | १०००० विद्यार्थी |
| २९ | विद्यालयमा इ-हाजिरिको व्यवस्था | संख्या | ० | १२ | २२ | |
| ३० | माध्यमिक तहमा प्राविधिक धार सञ्चलन | संख्या | २ | १ | २ | १ |
| ३१ | बहु प्राविधिक विद्यालय सञ्चालन | संख्या | १ | | २ | |
| ३२ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीका लागि आवश्यक प्रविधि र उपकरण सहयोग | संख्या | | १२ | २२ | |
| ३३ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी शिक्षकलाई तालिम | पटक | | १२ | २२ | |

## ५.२.२. स्वास्थ्य

### १. पृष्ठभूमि

टीकापुर नगरपालिकामा नगरका विभिन्न वडाहरूमा अवस्थित सरकारी अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आयुर्बेद औषधालय, गाउँघर-क्लिनिक, प्रसुती सेवा केन्द्र तथा विभिन्न निजी स्वास्थ्य संस्थामार्फत् स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । साथै १२० जना महिला स्वास्थ्य स्वयंसेविकाहरू आ–आफ्नो समुदायमा प्राथमिक उपचार, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन् । प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रमलाई विस्तार गरी अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक र घुम्ती शिविरहरू तथा महिला स्वास्थ्य स्वयंसेवकद्वारा नगरबासीलाई स्वास्थ्य सेवा पुऱ्याइँदै आएको छ । स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक कार्य गर्नका लागि अन्य संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । ती संघ संस्थाहरूले नगरपालिकासँगको सहकार्यमा विभिन्न स्वास्थ्य सम्बन्धी गतिविधि कार्यक्रम गर्दै आएका छन् । नगरले स्वास्थ सेवा सुधार तथा सबै नगरबासी माझ स्वास्थ सेवाको पहुँच पुऱ्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरू आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्दै आएको छ ।

**नक्सा १/५.२.२ : नगरमा रहेका स्वास्थ्य संस्था**




यस नक्सामा नगरमा रहेका सबै स्वास्थ्य संस्थाको अवस्थिति देखाइएको छ । सामुदायिक स्वास्थ्य संस्थाको पूर्वाधारको अवस्था तलको तालिकामा देखाइएको छ ।

**तालिका १/५.२.२ : नगरपालिकाका स्वास्थ्य संस्था तथा तिनको पूर्वाधारको अवस्था**

| वडा नं. | स्वास्थ्य संस्थाको नाम | भवन | कैफियत |
|---|---|---|---|
| १ | टीकापुर अस्पताल (५१ शैया) | छ | ज्योतिनगरमा शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र निर्माण हुँदै |
| २ | बिजयनगर शहरी स्वास्थ्य केन्द्र | छ | आधारभूत स्वास्थ्य केन्द्रका लागि भवन निर्माण हुँदै |
| ३ | रामपुर शहरी स्वास्थ्य केन्द्र | छ | आधारभूत स्वास्थ्य केन्द्रका लागि भवन निर्माण हुँदै |
| ४ | अस्नेहरी शहरी स्वास्थ्य केन्द्र | छ | आधारभूत स्वास्थ्य केन्द्रका लागि भवन निर्माण हुँदै |
| ५ | मनिकापुर शहरी स्वास्थ्य केन्द्र | आफ्नै भवन छैन | आधारभूत स्वास्थ्य केन्द्रका लागि भवन निर्माण हुँदै |
| ६ | नारायणपुर स्वास्थ्य चौकी | छ | - |
| ७ | सत्ती शहरी स्वास्थ्य केन्द्र | आफ्नै भवन छैन | आधारभूत स्वास्थ्य केन्द्रका लागि भवन निर्माण हुँदै |
| ८ | धनसिंहपुर स्वास्थ्य केन्द्र | छ | - |
| ९ | भुंगा शहरी स्वास्थ्य केन्द्र | आफ्नै भवन छैन | आधारभूत स्वास्थ्य केन्द्रका लागि भवन निर्माण हुँदै |

नगरपालिकाका सबै वडाहरूमा अस्पताल, तथा स्वास्थ्य संस्था रहेका छन् तर केही वडाहरूमा आवश्यक भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण, जनशक्तिको अभाव रहेको छ। ५१ शैयाको सरकारी अस्पताल र १५ शैयाको एक निजी अस्पताल भए पनि ठूला र गम्भीर प्रकृतिका रोग उपचारका लागि भने नगर वा जिल्ला बाहिर नै जानुपर्ने अवस्था छ। अझै पनि नगरका अस्पतालहरूमा ICU, NICU सेवा साथै आधुनिक उपकरणहरू इन्डोस्कोपी, सिटि स्क्यान, एम.आर.आई. आदिको उपलब्धता तथा दक्ष जनशक्ति छैनन्। साथै, अस्पतालहरूमा बिरामीको चाप अनुसार चिकित्सक तथा स्वास्थ्यकर्मीहरू नभएको तथा नाम दर्ता गरी उपचार सेवा उपलब्ध गराउनका लागि काउण्टर संख्या पर्याप्त बनाउन तथा नाम दर्ता र परीक्षण प्रक्रियालाई अपेक्षित रूपमा छिटो गराउन सकिएको छैन। नगरपालिकामा पछिल्लो समय देखा परेका ५ प्रमुख रोगहरू श्वास प्रश्वाससँग सम्बन्धित रोगहरू, पेट सम्बन्धी समस्या, टाइफाईड र छाला रोग रहेका छन्। साथै, दीर्घ रोगहरूमा बाथ/हाडजोर्नीसम्बन्धी समस्या, रक्तचाप, मधुमेह, दम रोग, मुटु रोग, क्यान्सर रोग र मृगौला सम्बन्धी रोग रहेका छन्। संविधान र संघीय कानुनले दिएको स्थानीय अधिकार अनुरूप स्वास्थ्य सम्बन्धी ऐन बनिसकेकोले उक्त ऐन कार्यान्वयनका लागि केही नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माण हुन भने बाँकी रहेको छ।

दीगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा नेपाल सरकारले मातृ मृत्युदर सन् २०१५ मा प्रति १ लाख २३८ रहेकोमा २०३० सम्म ६९ मा झार्ने, तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसुती गराउनेको अनुपात ५८ प्रतिशत रहेकोमा ९० प्रतिशत पुऱ्याउने, ५ वर्ष मुनिको बाल मृत्युदर प्रति १ हजारमा ३९ जनाबाट घटाई २२ र नवजात शिशु मृत्युदर २३ बाट १० मा ल्याउने तथा कम उमेरमा बच्चा जन्माउने दर प्रति हजारमा ८८ बाट ३० मा झार्ने लक्ष्य राखेको छ। पोषण सुरक्षा कार्यक्रममार्फत् कुपोषण दर घटाइने छ। त्यसैगरी ३० मिनेटभित्र स्वास्थ्य संस्थाको पहुँच प्राप्त भएका परिवारको अनुपात ६८ बाट बढाएर ९० प्रतिशत पुऱ्याउने लक्ष्य पनि सरकारले राखेको छ भने सरुवा रोग तथा पानीजन्य रोगलाई नगण्यस्तरमा झार्ने लगायत स्वास्य क्षेत्रका समग्र सूचकमा सुधार ल्याउने लक्ष्य पनि लिएको छ।

नगरपालिकालाई खुला दिसा मुक्त क्षेत्र नगर घोषणा तथा मिति २०७४।०७।२९ गते २ वर्ष मुनिका सबै बालबालिकाहरूले समयमै पूर्ण खोप प्राप्त गरी यस टीकापुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता नगर घोषणा गरिएको छ। २० वर्ष वा सोभन्दा कम उमेरमा आमा बन्नु मातृ तथा शिशु दुबैको स्वास्थ्यका दृष्टिकोणबाट जोखिमपूर्ण मानिन्छ। शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, आर्थिक रूपमा अपरिपक्व अवस्थामा गर्भाधान र सन्तान जन्माउँदा एकातर्फ अपरिपक्व, कम तौलको, शारीरिक र बौद्धिकरूपमा विकलाङ्ग शिशु जन्मन सक्ने जोखिम रहन्छ भने अर्कोतर्फ गर्भावस्थाको हेरविचार, मातृ तथा शिशुको स्याहार, खानपान, सरसफाई जस्ता विषयमा पर्याप्त जानकारी नहुँदा आमा र शिशु विभिन्न प्रकारका संक्रमणको शिकार हुन सक्ने सम्भावना रहन्छ। तथापि, यस नगरपालिकामा अझै पनि किशोरीहरू कम उमेरमा आमा

बनेको तथा १५-१९ वर्षको बिचमा सन्तान जन्माएको तथ्याङ्क पनि रहेको देखिन्छ । टीकापुर अस्पतालमा सुरक्षित गर्भपतन सेवा लिने किशोरीहरूको संख्या पनि उल्लेखनीय छ ।

नगरको माथि उल्लिखित अवस्थामा संवैधानिक अधिकार, प्रदेश अन्तर्गतका स्वास्थ्य संस्था तथा स्वास्थ्य क्षेत्रमा अन्तर स्थानीय तह सहकार्यको सम्भावनालाई अवसरका रूपमा लिंदै सीमित पूर्वाधार र जनशक्तिका बिच आधारभूत स्वास्थ्य सेवामा सबै नगरबासीको सरल र सहज पहुँचको सुनिश्चित गर्दै निर्धारित अवधिभित्र स्वास्थ्य सम्बन्धी दीगो विकास लक्ष्य हाँसिल गर्ने चुनौती यस नगरलाई रहेको छ ।

## २. लक्ष्य

नगरको स्वास्थ्य सेवाको स्तर सुधार गरी टीकापुरलाई स्वस्थ नगर बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी, गुणस्तरीय र जवाफदेही बनाई आधारभूत स्वास्थ्य सेवामा सबै नगरबासीको पहुँच सुनिश्चित गर्नु ।**

**नीति क.** नेपाल सरकारको न्यूनतम सेवा मापदण्ड अनुरूप आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक वडाहरूमा रहेका स्वास्थ्य संस्थाबाट पूर्ण रूपमा निःशुल्क गरिने छ ।

**नीति ख.** स्वास्थ्य सेवामा गरीब, सीमान्तकृत, दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, असक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरूको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरू तय गरी लागु गरिनेछ । स्वास्थ्य संस्थामा त्यस्ता पक्षको पहुँच सरल बनाउन भौतिक पूर्वाधारहरूको र सेवाको अभ्यासमा आवश्यक सुधार गरिने छ ।

**नीति ग.** स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण, सेवा सञ्चालन वा विस्तार गर्दा सकेसम्म बढी जनघनत्व भएको स्थान छनौट गरिनेछ ।

**नीति घ.** नगरको ग्रामीण वडाहरू थप प्राथमिकतामा राखी हरेक बस्तीमा स्वास्थ्य सेवा विस्तार गर्न हाल संचालनमा रहेका खोप केन्द्र र गाउँघर क्लिनिकलाई थप व्यवस्थित बनाई स्वास्थ्य चौकीबाट टाढा रहेका बस्तीहरूमा गैरसरकारी संस्था र निजी क्षेत्रसँगको सहकार्यमा घुम्ती शिविर सञ्चालन गरिनेछ ।

**नीति ङ.** स्वास्थ्य बीमा सेवालाई थप व्यवस्थित र विस्तार गरी विपन्न, दलित, पिछडिएका वर्ग र ज्येष्ठ नागरिक मात्र भएको परिवारको स्वास्थ्य बीमा वडास्तरबाटै निःशुल्क रूपमा गर्न आवश्यक प्रबन्ध गरिने छ ।

**नीति च.** सामुदायिक अस्पतालमा बालरोग, स्त्री तथा प्रजनन स्वास्थ्य तथा नसर्ने प्रकृतिका रोगको पहिचान र उपचार सेवा सुधार गर्न दक्ष जनशक्ति तथा पर्याप्त स्वास्थ्य उपकरणको व्यवस्थापन गरिने छ । साथै अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर निर्धारण र मापन प्रणाली कार्यान्वयन गरिनेछ । स्वास्थ्य सेवाको विस्तारमा बाह्य संघ संस्थासँगको साझेदारीलाई प्राथमिकता दिइने छ ।

**नीति छ.** नगरस्तरीय ट्रमा सेवा सुदृढीकरण गरिने छ । टीकापुर अस्पतालामा ट्रमा सेवा इकाई स्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय गरिने छ ।

**नीति ज.** आयुर्वेद, होमियोप्याथिक, प्राकृतिक तथा चिकित्सा सेवा सहितको एकीकृत स्वास्थ्य सेवाको विकास तथा विस्तार गर्न समन्वय र सहजीकरण गरिने छ । व्यायाम र योगाभ्यासलाई स्वास्थ्य क्षेत्रको अभिन्न अंगको रूपमा विकास गर्न पूर्वाधार तयारी तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनमा विभिन्न पक्षसँग समन्वय र साझेदारी गरिने छ ।

**नीति झ.** वडास्तरमा खोप केन्द्रको पूर्वाधार र सेवा व्यवस्थापन गरी पूर्ण खोप सुनिश्चिततालाई निरन्तता दिइने छ ।

**उद्देश्य २ : गुणस्तरीय स्वास्थ्य सेवाको विकास, विस्तार र सुधार गर्नु ।**

**नीति क.** नगरका सबै किसिमका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरलाई सुधार गर्न नेपाल सरकारको स्वास्थ्य पूर्वाधार विकास मापदण्ड एवम् न्यूनतम सेवा मापदण्डको प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

**नीति ख.** सबै स्वास्थ्य संस्थामा खानेपानी, सरसफाई, विश्राम वा प्रतिक्षा स्थल, सेवा प्राप्त गर्न लाग्ने समय, बिरामीलाई हुने व्यवहार आदिको न्यूनतम स्तर कायम गरिनेछ । निजी स्वास्थ्य संस्थाबाट समेत निर्धारित स्तर कायम गर्न समन्वयकारी र नियमनकारी भूमिका निर्वाह गरिने छ ।

**नीति ग.** नगरको सबै अस्पताल, स्वास्थ्य चौकीहरूसम्म सडक र यातायातको पहुँच पुऱ्याई आपत्कालीन स्वास्थ्य सेवा तुरुन्त उपलब्ध हुने गरी निःशुल्क रूपमा निश्चित 'ख' वर्गको मापदण्डको एम्बुलेन्स सञ्चालन गरिने छ ।

**नीति घ.** सबै वडाहरूमा व्यवस्थित तथा निश्चित ठाउँमा खोप क्लिनिकको भवन निर्माण गर्ने तथा शहरी स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर र आपत्कालीन प्रसुति सेवा (Emergency obstetric care) उपलब्ध गराइने छ ।

**नीति ङ.** नगर अन्तर्गत रहेका स्वास्थ्य संस्थालाई नेपाल सरकारको स्वास्थ्य पूर्वाधार विकास मापदण्ड अनुसारको उपयुक्त भवनसहित पूर्वाधारयुक्त बनाइने छ । सामुदायिक अस्पतालबाट उपलब्ध हुने कतिपय सेवाहरूलाई स्वास्थ्य चौकीसम्म विस्तार गर्दै क्रमशः स्तरोन्नती गरिने छ ।

**उद्देश्य ३ : स्वास्थ्य सेवालाई थप जवाफदेही र संवेदनशील (Sensitive) क्षेत्रको रूपमा विकास गर्नु ।**

**नीति क.** नगरस्तरमा स्वास्थ्य अनुगमन संयन्त्र निर्माण र क्रियाशील गराई सबै स्वास्थ्य संस्थाको प्रभावकारी अनुगमनका साथै निजी तथा सामुदायिक क्षेत्रबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा स्वास्थ्य सेवामा संलग्न संघ संस्थाको सेवाको नियमन गरिनेछ । नगर स्वास्थ्य समिति र स्थानीय स्वास्थ्य व्यवस्थापन समितिको भूमिका थप प्रभावकारी बनाइने छ ।

**नीति ख.** सामुदायिक अस्पताल र स्थानीय स्वास्थ्य संस्थाको सेवाको पारदर्शिता र विश्वसनीयता अभिवृद्धिका लागि आन्तरिक क्षमता तथा संरचनागत सुधार गरिनुका साथै आवश्यक प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गरिने छ ।

**नीति ग.** शिशु मृत्युदर, विभिन्न उमेर समूहका बाल मृत्युदर लगायत सबै किसिमका रोक्न सकिने मृत्युदर, कुपोषण दर, खोप अभ्यास, प्रोटोकल अनुसार गर्भ जाँच, दक्ष स्वास्थ्यकर्मीबाट प्रसुती सेवा लिने संख्या आदिमा सुधार गर्ने दीगो विकास लक्ष्य र राष्ट्रिय लक्ष्य हाँसिल गर्ने दिशामा भएका प्रगतिको वार्षिक समीक्षाको विधि तय गरी कार्यान्वयन गरिने छ ।

**नीति घ.** औषधी, उपकरण र प्रविधिजन्य स्वास्थ्य सामाग्रीको मूल्य, गुणस्तर निर्धारण, खाद्य पदार्थ सुरक्षा, औषधी गुणस्तर र बजार मूल्य नियन्त्रणका लागि निश्चित मापदण्ड बनाई नगरबाट नियमन गरिने छ ।

**नीति ङ.** महामारीको पूर्व तयारी र प्रतिकार्यका लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी द्रुत प्रतिकार्य टोली Community Rapid Response Team (CRRT) गठन र क्रियाशील गराइने छ । साथै, विपद्को समयमा प्राथमिक उपचार लगायत आपत्कालीन उपचार सेवा प्रभावकारी बनाउन Community Rapid Response Team (CRRT) परिचालन गरिने छ ।

**नीति च.** किशोरकिशोरी, परिवार नियोजन लगायत यौन तथा प्रजनन सम्बन्धी स्वास्थ्य सेवा र सूचना तथा शिक्षा सबैको पहुँचमा हुने गरी नगर र वडास्तरबाट प्रतिकारात्मक, प्रवर्द्धनात्मक र सेवामूलक गतिविधि सञ्चालन गरिने छ ।

**नीति छ.** स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका बढाउनुका साथै बाह्य संघ संस्थासँग समन्वयात्मक रूपमा सचेतनामूलक गतिविधि सञ्चालन गरिने छ ।

**नीति ज.** क्षयरोग, कुष्ठरोग, कालाजार, मलेरिया, पानीजन्य रोग, पशुपंक्षीबाट सर्ने रोग आदि रोकथामका उपाय प्रवर्द्धन गरी सरुवा रोगको समस्याको दीगो समाधान गरिने छ ।

**उद्देश्य ४ : स्वास्थ्य सेवा प्रवाहमा नगरको क्षमता विकास गर्नु ।**

**नीति क.** सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा नगरपालिकाको स्वास्थ्य शाखा तथा नगरभित्रका सबै स्वास्थ्य संस्थामा आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ । त्यसका लागि आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था तथा उपलब्ध जनशक्तिको क्षमता विकास गरिनेछ ।

**नीति ख.** नगरको स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाहरू तथा स्वास्थ्य क्षेत्रमा काम गर्ने कर्मचारी तथा स्वयंसेवकहरूको कार्यका बिच प्रभावकारी समन्वय सुनिश्चित गरिनुका साथै उत्कृष्ट स्वास्थ्यकर्मी तथा स्वयंसेविकालाई पुरस्कार र क्षमता विकासका अवसर उपलब्ध गराइने छ ।

**नीति ग.** स्वास्थ्य सेवा प्रवाह र स्वास्थ्य क्षेत्रमा हाँसिल भएको उपलब्धी मापन र विश्लेषण गर्न सक्ने गरी आन्तरिक तथ्याङ्क व्यवस्थापन प्रणालीमा सुधार गरिने छ ।

**नीति घ.** स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोबल वृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षा सुनिश्चित गरिने छ ।

**नीति ङ.** आचारसंहिता मार्फत् चिकित्सक/स्वास्थ्यकर्मी र बिरामी बिचको सुमधुर सम्बन्ध कायम गर्दै सद्भावपूर्ण व्यवहार सुनिश्चित गर्न प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

**उद्देश्य ५ : स्वास्थ्य सेवालाई सूचना प्रविधिमैत्री बनाउनु ।**

**नीति क.** स्वास्थ्य संस्था तथा सेवालाई थप पारदर्शी र व्यवस्थित गर्न डिजिटल सूचनापाटी, डिजिटल टिकट काउन्टर, डिजिटल हाजिरी तथा डिजिटल टोकन प्रणालीको व्यवस्था गरिने छ ।

**नीति ख.** स्वास्थ्य तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, विश्लेषण गरी नगरको नीति निर्माण प्रक्रियामा तथ्याङ्कको प्रयोगलाई बढावा गर्ने ।

**नीति ग.** सबै स्वास्थ्य चौकी तथा अस्पतालमा बिरामीहरूको डिजिटल प्रोफाइल राखिने छ । नगरको स्वास्थ्य शाखामा स्वास्थ्य सूचना संकलन तथा डिजिटल स्वास्थ्य तथ्याङ्क व्यवस्थित गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ । हाल प्रयोगमा रहेको स्वास्थ्य सूचना प्रणाली District Health Information System 2 (DHIS2) मा सुधार, व्यवस्थित र नगरका लागि थप उपयोगी बनाइने छ ।

**नीति घ.** नगरबासीका लागि विभिन्न सामाजिक सञ्जाल, नगरको वेभसाइट र स्वास्थ्य सूचना सम्बन्धी एप्स मार्फत् नगर तथा बाह्य संघ संस्थामार्फत् उपलब्ध हुने स्वास्थ्य सेवाको जानकारी र सचेतनामूलक सन्देश प्रवाह गरिने छ ।

**नीति ङ.** निश्चित मापदण्ड बनाई अनलाइन मार्फत् निःशुल्क र सःशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको व्यवस्था गरिने छ ।

## तालिका २/५.२.२ : आवधिक प्राथमिकता : स्वास्थ्य

**क.** नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रूपमै प्रत्याभूत गरेको छ। टीकापुर नगरपालिकामा स्थानीय अधिकार अनुरूप नगर स्वास्थ्य तथा सरसफाई ऐन र स्वास्थ्य तथा सरसफाई कार्यविधि निर्माण भई सकेको भए पनि उक्त ऐन र कार्यविधि कार्यान्वयनका लागि आवश्यक नियमावली, निर्देशिका निर्माण हुन बाँकी रहेको छ। नेपाल सरकारको न्यूनतम मापदण्ड अनुरूप आधारभूत स्वास्थ्य सेवाहरू नगरका स्वास्थ्य संस्थाहरूबाट पूर्ण रूपमा निःशुल्क र सबै नगरबासीको पहुँचमा सुनिश्चित गर्न स्वास्थ्य तथा सरसफाई ऐन प्रभावकारी रूपमा कार्यान्वियन गर्दै आवश्यक निर्देशिका तथा कार्यविधिहरू निर्माण गर्न आवश्यक छ।

संघीय सरकारले निर्माण गरेका जनस्वास्थ्य ऐन २०७५, राष्ट्रिय स्वास्थ्य नीति २०७६, स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा, स्वास्थ्य पूर्वाधार विकास मापदण्ड र शहरी विकास मन्त्रालय अर्न्तगतको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको स्वास्थ्य पूर्वाधार मापदण्ड तथा स्तरलाई आधार मानी नगर अनुकुल नगरको आफ्नै स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड निर्माण गर्न आवश्यक छ।

दीगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा नेपाल सरकारले निर्धारण गरेको समग्र स्वास्थ्य सूचक र नेपाल सरकारको पन्धौ योजना आधार पत्रको अपेक्षित उपलब्धीमा उल्लेख भएका लक्ष्य हाँसिल गर्न नगरको स्वास्थ्य क्षेत्रलाई थप प्रभावकारी र उपलब्धीमूलक बनाई स्वास्थ्य सेवाका कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड तत्काल निर्माण गरी लागु गर्ने र कार्यान्वयनको अवस्थाको आवधिक समीक्षा, आवश्यक परिमार्जन तथा संशोधन गर्दै सम्बन्धित आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको स्वास्थ्य तथा सरसफाई ऐन कार्यान्वयनका लागि नियमावली, निर्देशिका र निम्न अनुसारका कार्यविधिहरू निर्माण गर्ने।<br>• एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि<br>• शव वाहन सम्बन्धी कार्यविधि<br>• रक्त सञ्चार सञ्चालन सम्बन्धी कार्यविधि<br>• निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि<br>• स्वास्थ्य बीमाका लागि स्थानीय प्रेषण प्रणाली सम्बन्धी कार्यविधि<br>• एच.आई.भी.संक्रमितहरूलाई पोषण खर्च सम्बन्धी कार्यविधि<br>• गुणस्तरीय सुरक्षित मातृत्व सम्बन्धी कार्यविधि<br>• आकस्मिक कोष सम्बन्धी कार्यविधि<br>• अन्य सान्दर्भिक कार्यविधिहरू | १. स्वास्थ्य ऐन तथा कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने।<br>२. स्वास्थ्य क्षेत्रको उपलब्धीको आवधिक समीक्षा गरी मध्यकालीन लक्ष्य प्राप्तिमा भएका प्रगतिको लेखाजोखा गर्ने।<br>३. 'ख' वर्गको एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने। | १. स्वास्थ्य सम्बन्धी आवश्यक कानुन, कार्यविधि, निर्देशिकाहरू पुनरावलोकन, परिमार्जन र संशोधन गर्दै जाने।<br>२. स्वास्थ्य क्षेत्रको उपलब्धीको आवधिक समीक्षा गरी दीर्घकालीन लक्ष्य प्राप्तिमा भएका प्रगतिको लेखाजोखा गर्ने। |

| | | |
|---|---|---|
| | ४. विशिष्ठ स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन एवं अनलाइन स्वास्थ्य परामर्श सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने । | |
| ५. स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड तयार गर्ने ।<br><br>६. विपन्न नागरिक औषधी उपचार-कोष निर्देशिका पूर्ण कार्यान्वयनमा ल्याउने ।<br><br>७. नगरका स्वास्थ्य चौकी, अस्पतालका स्वास्थ्य कर्मचारी-हरूलाई थप जवाफदेही र उत्तरदायी बनाउन कर्मचारी आचार संहिता निर्माण गर्ने । | ५. स्वास्थ सेवा तथा पूर्वाधारको मापदण्ड कार्यान्वनयको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने । | ५. स्वास्थ्य क्षेत्रका अपेक्षित उपलब्धी प्राप्तिमा भएको प्रगतिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार थप नीतिगत र कानुनी प्रबन्ध गर्ने । |

**ख.** स्वास्थ र शिक्षित नगरबासी जहाँ निःशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा, नगरस्तरमा विशिष्टीकृत स्वास्थ्य सेवाको सरल र सहज पहुँच तथा स्वच्छ र सफा नगर बनाउने टीकापुर नगरपालिकाको दूरदृष्टि रहेको हुँदा नगरको स्वास्थ्य क्षेत्रको दीर्घकालीन लक्ष्य हाँसिल गर्नका साथै बृहत् योजनाका आवधिक कार्यक्रमहरूलाई समेत सहयोग हुने हिसाबले नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रम बनाउनेमा मात्र सीमित नभई नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति २०७६ र पन्ध्रौ योजना आधार पत्रलाई समेत आधार मानी नगरको छुटै दीर्घकालीन स्वास्थ्य नीति निर्माण गरी कार्यन्यन गर्न आवश्यक छ । तिनको आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको दीर्घकालीन स्वास्थ्य नीति निर्माण गर्ने ।<br><br>२. नगरको वार्षिक नीति र बजेट कार्यक्रम तथा कुनै पनि स्वास्थ्य सम्बन्धी परियोजनामा बजेट विनियोजन गर्दा कार्यक्रम तथा परियोजनालाई नगरबासीको आवश्यकता अनुरूप प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने नीति निर्माण गर्ने । | १. स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । |


**ग.** नगरका ग्रामीण वडाहरूका प्रत्येक बस्तीदेखि स्वास्थ्य संस्थासम्म एम्बुलेन्स र अन्य यातायातको साधन जान सक्ने बनाउन प्रत्येक वडाहरूको मानव बस्तीदेखि स्वास्थ्य संस्थासम्म कम्तीमा एम्बुलेन्स र अन्य यातायातको साधन गुड्न सक्ने गरी सडकको विस्तारमार्फत् एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन निम्न आवधिक प्राथमिकताका कार्यक्रम प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरका ग्रामीण वडाहरूको प्रत्येक बस्तीहरूमा कम्तीमा एम्बुलेन्स र अन्य यातायातका साधानहरू जान नसक्ने बस्तीहरूको पहिचान गरी त्यस्ता बस्तीहरूमा सडक बिस्तारको लागि पहल शुरु गर्ने । | १. एम्बुलेन्स र अन्य यातायात का साधानहरू जान नसक्ने बस्तीहरूको पहिचानका आधारमा आगामी शुरु हुने नयाँ सडकका परियोजनाहरूमा समायोजन गरी सडक विस्तारको काम शुरु गर्ने । | १. नगरको सबै बस्तीदेखि वडाका सबै शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, अस्पतालहरूसम्म सडक र यातायातको पहुँच विस्तार गरिसक्ने । |

**घ.** नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको स्वास्थ्य पूर्वाधार मापदण्ड तथा स्तरअनुसार टीकापुर जस्तो नगरपालिकामा (४०,०००-१००,००० जनसंख्या भएको नगर) २०,००० जनसंख्या बराबर ०.२५ हेक्टर क्षेत्रफलमा निर्माण भएको ५ देखि १५ शैयाको एक प्राथमिक स्वास्थ्य स्याहार केन्द्र र ५०,००० जनसंख्या बराबर १.३ हेक्टर क्षेत्रफलमा निर्माण भएको २५ देखि ५० शैयाको एक अस्पताल हुनपर्ने मापदण्ड रहेको छ । हाल नगरपालिकाको जनसंख्याका नगर पार्श्वचित्र, २०७५ अनुसार ८०,६९० रहेको छ ।

नगरको स्वास्थ्य सेवाको जि.आइ.एस. नक्सा अनुसार अल्पकालीन र दीर्घकालीन रूपमा निर्माण हुने नयाँ स्वास्थ्य संस्थाहरू वडा नं. १, ५, ६ र ७ का नगरबासीलाई समेट्ने गरी पायक पर्ने स्थानमा निर्माण गर्न आवश्यक छ जहाँ अन्य वडाका भन्दा धेरै संख्याका नगरबासीहरू स्वास्थ्य सेवाका दुरीबाट टाढा रहेको छ । जसलाई तलको नक्सामा देखाइएको छ ।

**नक्सा २/५.२.२ : स्वास्थ्य संस्थाको सेवा क्षेत्र**



नेपाल सरकारको नीति अनुसार नगरको प्रत्येक वडाहरूमा स्वास्थ्य संस्था भए पनि धेरै जस्तो स्वास्थ्य संस्थाहरूमा न्यूनतम राष्ट्रिय मापदण्ड अनुसारको भौतिक पूर्वाधारहरू छैनन् । केही वडाहरू जस्तैः ५, ७ र ९ मा अस्थायी भवनहरूमा स्वास्थ्य सेवाहरू प्रवाह भइरहेको छ । त्यसकारण कम्तीमा पनि मध्यकालसम्ममा नगरका सबै स्वास्थ्य संस्थाहरूको स्तर उन्नति गर्दै न्यूनतम राष्ट्रिय मापदण्डमा पूर्वाधारहरू तयार गर्न तथा नगरको माग अनुसार नयाँ अस्पताल निर्माण गर्दै स्वास्थ्य सेवामा सुधार तथा गुणस्तर प्रबर्द्धन गर्न निम्न अनुसार प्राथमिकताका आवधिक कार्यक्रमहरू तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा रहेका सरकारी स्वास्थ्य भवनका भौतिक पूर्वाधारहरूको आवश्यक पुनर्निमाण, मर्मत सम्भार गरी उपयुक्त मापदण्डमा पुऱ्याउन सकिने भवनको मर्मत सम्भारको कार्य पूरा गर्ने र कोभिड-१९ को माहामारीलाई ध्यानमा राख्दै नगरका प्रमुख नाकाका प्रवेश विन्दुहरूमा आवश्यक स्वास्थ्य सामाग्री र स्वास्थ्यकर्मी सहित स्वास्थ्य जाँच गर्ने पूर्वाधार तयार गर्ने ।<br><br>२. वडा नं. १, २, ३ र ४ मा आधारभूत स्वास्थ्य केन्द्र भवनको निर्माण कार्य पूरा गर्ने । | १. हाल नगरमा सञ्चालनमा रहेका अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, प्रसुती सेवा केन्द्रहरूमा बिरामीका चाप हेरी आवश्यक देखिएमा सेवा तथा पूर्वाधार विस्तार गर्ने । | १. नगर अन्तर्गतका स्वास्थ्य संस्थाको पूर्वाधार र सेवालाई आवश्यक मापदण्डमा पुऱ्याई सबै नगरबासीलाई संविधान प्रदत्त निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक सुनिश्चित गर्ने । |
| | ३. टीकापुर नगरपालिका क्षेत्रभित्र बाल अस्पताल र शिक्षण अस्पताल निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने । सम्भाव्यताका आधारमा संघ र प्रदेश सरकारसँगको समन्वयमा बाल अस्पताल र शिक्षण अस्पतालको स्थापना र सञ्चालनका लागि प्रशासनिक र पूर्वाधारका कार्य सम्पन्न गर्ने । | ३. संघ र प्रदेश सरकारसँगको समन्वय र सहयोगमा बाल अस्पताल र शिक्षण अस्पताल निर्माण गरी सञ्चालन गरिसक्ने । |
| ४. वडा नं. ५ को मनिकापुर शहरी स्वास्थ्य केन्द्र, वडा नं. ७ को सत्ती शहरी स्वास्थ्य केन्द्र र वडा नं ९ को झुंगा शहरी स्वास्थ्य केन्द्रको भवनको निर्माणको सम्पूर्ण प्रक्रिया पूरा गरी निर्माण कार्य शुरुवात गर्ने ।<br><br>५. वडा नं १ टीकापुर अस्पतालको स्वास्थ्यकर्मी निवास (क्वाटर) को भवन निर्माण गरिसक्ने । | ४. वडा नं. ५ को मनिकापुर शहरी स्वास्थ्य केन्द्र, वडा नं. ७ को सत्ती शहरी स्वास्थ्य केन्द्र र वडा नं. ९ को झुंगा शहरी स्वास्थ्य केन्द्रको भवनको निर्माण कार्य पूरा गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ६. हालको स्वास्थ्य संस्थाबाट २ कि.मि. भन्दा टाडा रहेका वडा नं. १, ५, ६ र ७ का केही ठाउँहरूलाई समेट्ने गरी तत्कालका लागि आवश्यक परे गाउँघर क्लिनिकको स्थापना गर्ने तथा भएका गाउँघर क्लिनिकलाई थप व्यवस्थित बनाउने । | ७. सडक दुर्घटना तथा प्रकोपका कारण हुने गम्भीर प्रकृतिका चोटपटक तथा आपत्कालीन स्वास्थ्य सेवाका लागि आकस्मिक ट्रमा सेवाका लागि आवश्यक संरचना तयार गर्ने ।<br><br>८. प्राकृतिक चिकित्सालाई प्रोत्सान गर्न नगरका प्रत्येक वडाहरूमा आयुर्वेद औषधालय, योगा सेन्टर तथा सामुदायिक ब्यायाम सेन्टरका पूर्वाधार तयार गर्ने । | |

**ङ.** नगरको अभिलेख अनुसार शिशु मृत्युदर ४/१०० प्रति वर्ष, प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच सेवा लिने ४८% र दक्ष प्रसुतिकर्मीबाट (डाक्टर, नर्स, तालिम प्राप्त अ.न.मि.) प्रसुति गराएको ८२% रहेको छ । सुरक्षित मातृत्व सेवाहरूलाई अझ सुधार गर्न प्रोटोकलअनुसार पहिलो पटक गर्भवती जाँच सेवा लिनेको संख्या, प्रोटोकलअनुसार ४ पटक गर्भवती जाँच सेवा लिनेको संख्या, दक्ष प्रसुतिकर्मीबाट (डाक्टर, नर्स, तालिम प्राप्त अ.न.मि.) प्रसुति गराएको संख्या, स्वास्थ्य संस्थामा प्रसुति भएको संख्या, प्रोटोकलअनुसार ३ पटक सुत्केरी जाँच गरेको संख्यामा थप सुधार गर्दै नगरको मातृ मृत्युदरलाई तथा नवजात शिशु मृत्युलाई घटाउन निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. महिला स्वास्थ्य स्वंयसेवकहरूलाई मोवाईल मार्फत् गर्भवती महिला र शिशुको सुरक्षासँग सम्बन्धित सूचना आदान प्रदानका लागि मोबाइल उपलब्ध गराईसक्ने ।<br><br>२. नगरस्तरीय सुरक्षित मातृत्व आकस्मिक कोषको स्थापना गर्ने । यसका साथै विपद् प्रतिकार्य कोषको अंगका रूपमा छुट्टै कोभिड-१९ कोष स्थापना गरी कोभिड-१९ माहामारी रोकथाम र प्रतिकार्यका लागि आवश्यक स्रोत जुटाउने र कोरोना संक्रमित तथा यसबाट प्रभावितहका लागि स्वास्थ्य उपचार लगायतको सेवा प्रवाहमा कोषको प्रयोग गर्ने । | २.नगरका सबै वडाका स्वास्थ्य संस्थाहरूमा क्लस्टरस्तरमा प्रसुती सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने ।<br><br>३. नगरस्तरमा आपत्कालीन प्रसुति सेवा (Emergency Obstetric Care) स्थापना र सम्बन्धित विशेषज्ञको निगरानीमा सेवा शुरु गर्ने । | २. अपुग विश्लेषणका आधारमा नगरका सबै वडाका स्वास्थ्य संस्थाहरूमा क्लस्टरस्तरमा प्रसुती सेवा केन्द्र स्थापना गरिसक्ने । |

| **च.** नगरमा ५१ शैयाको सरकारी अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूमा आधुनिक र विशिष्ठ स्वास्थ्य सेवाहरू संचालन गर्दै अन्य स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरूलाई थप स्तर उन्नति गर्दै सकेसम्म नगरका बिरामीहरूलाई नगरभित्रका स्वास्थ्य संस्थाहरूबाट आधुनिक स्वास्थ्य सेवा दिन निम्न अनुसारको आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ । | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. टीकापुर अस्पतालमा एन.आई.सी.यु.सेवा सञ्चालन गर्ने । छिमेकी स्थानीय तह र प्रदेश सरकारसँगको समन्वयमा हाल नेपाल लगायत विश्व भर भैलिरहेको कोभिड-१९ को माहामारीलाई ध्यान राख्दै अस्पतालमा आवश्यकता अनुसार आई.सी.यु बेड र आइसोलेन बेड थप गरी WHO को न्यूनतम मापदण्ड पूरा गरी उपचार कक्षको व्यवस्था गर्ने ।<br><br>१.१ कोरोना संक्रमण हुन सक्ने सम्भावित मानिसहरूलाई राख्न नगरले तोकिएका Quarantine Centers थप व्यवस्थित गर्दै नगरमा रहेका अन्य सार्वजनिक भवनहरूलाई पनि तयारी अवस्थामा राख्ने । | १. विभिन्न निकायसँगको समन्वयमा नगरको सरकारी अस्पतालमा विशिष्ट विशेषज्ञ सेवा सञ्चालनका लागि पर्याप्त जनशक्ति र उपकरणको व्यवस्था गर्ने । साथै हाल सञ्चालनमा आएको प्रयोगशालालाई थप स्तरउन्नती गर्दै सरकारी अस्पतालमा अत्याधुनिक प्रयोगशाला स्थापना गर्ने । .<br><br>२. स्वास्थ्य तथ्याङ्क तथा स्वास्थ्य प्रोफाइलको अध्ययन र विश्लेषणका आधारमा वार्षिक रूपमा प्रमुख स्वास्थ्य समस्या पहिचान गरी तिनको न्यूनीकरणमा लक्षित केन्द्रित स्वास्थ्य शिविर लगायत विशिष्टीकृत अस्थायी स्वास्थ्य सेवा सञ्चालन गर्ने । | १. सबै वडाहरूमा कम्तीमा आधारभूत स्वास्थ्य सेवा उपलब्धता हुने गरी विशेषज्ञ डाक्टरसहित २४सैं घण्टा स्वास्थ्य संस्थाहरू सञ्चालन गर्न व्यवस्थापन गर्ने । |
| **छ.** हाल नगर भरी एउटा मात्र रक्त सञ्चार केन्द्र रहेको छ । गर्भवती महिला, विभिन्न दुर्घटनामा परेका बिरामीहरू रगतको अभाबको कारण अकालमा मृत्यु हुने हदैसम्म न्यूनीकरण गर्न नगरको रक्त सञ्चार सेवा र रक्त सञ्चार केन्द्रलाई थप प्रभावकारी र व्यवस्थित बनाउन निन्न अनुसारको आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नेपाल रेडक्रस सोसाइटी टीकापुर उपशाखासँग सम्झौता गरी निःशुल्क रक्त सञ्चार सेवा तथा घरदेखि अस्पतालसम्म (Home to Hospital Program) कार्यक्रमलाई निरन्तरता दिने । | १. निःशुल्क रक्त सञ्चार सेवा तथा घरदेखि अस्पतालसम्म (Home to Hospital Program) कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै निरन्तरता दिने ।<br><br>२. सम्बन्धित संघ संस्थासँगको समन्वयमा हाल सञ्चालनमा रहेको रक्त सञ्चार केन्द्रको (Blood Bank) स्तरोन्नती गर्ने । | १. आवश्यकताको आधारमा क्लस्टर वा वडास्तर मै रक्त सञ्चार केन्द्र स्थापना गरी उक्त सेवालाई वडास्तरबाटै प्रवाह गर्ने व्यवस्थापन मिलाउने । |

**ज.** संघीय सरकारले विभिन्न ८ वटा गम्भीर किसिमका रोगहरू क्यान्सर, मुटुरोग, मृगौला, अल्जार्मज, पारकिनीजम, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमियाको लागि नेपालभित्रै उपचार गरेमा १ लाखदेखि ८ लाखसम्म आर्थिक सहयोग गर्ने व्यवस्था रहेको छ । यसैगरी टीकापुर नगरपालिकाले पनि विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका नै निर्माण गरी रू. ५ हजारसम्मको आर्थिक सहयोगको व्यवस्था गरेको छ । नगरको गरीब तथा विपन्न वर्गका नागरिकहरूसम्म स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन थप आर्थिक सहयोगमा वृद्धि गर्दै संघीय सरकारले दिँदै आएका आर्थिक सहयोगलाई समेत नगरका गरीब तथ विपन्न वर्गका नागरिकहरूसम्म सेवा विस्तार गर्न नगरपालिकाको तर्फबाट समन्वयकारी भूमिका निभाउँदै निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नेपाल सरकारको कार्यक्रम अनुसार निःशुल्क औषधी वितरणलाई निरन्तरता दिने । विरामीको स्वास्थ्य जाँच प्रतिवेदनका आधारमा नसर्ने रोगको निश्चित औषधी स्थानीय स्वास्थ्य संस्थाबाट निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था गर्ने । | १. विपन्न वर्गहरूलाई ठुलो खर्च लाग्ने तथा गम्भीर प्रकृतिका रोगहरूको उपचारमा सम्बन्धित विरामीलाई निश्चित मापदण्ड बनाई आर्थिक सहयोगलाई निरन्तरता तथा विस्तार गर्ने । | १. संघीय सरकारले दिने आर्थिक सहयोग बाहेक उपयुक्त मापदण्ड र प्रक्रियाका आधारमा आर्थिक हैसियत कमजोर भएका नागरिकहरूको क्यान्सर, मुटुरोग, पक्षघात, दुबै मृगौलाले काम नगर्ने जस्ता गम्भीर प्रकृतिका बिरामीको उपचार नगरभित्र वा बाहिरका अस्पतालमा पूर्ण रूपमा निःशुल्क हुने व्यवस्था मिलाउने । |

**झ.** शिशु र बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी.एकपटक, डि.पि.टी. हेप.बी.हिब. तीनपटक, पोलियो तीन पटक, पि.सी.भी. ३ पटक, दादुरा रुबेला दुईपटक तोकिएको मात्रामा दिनै पर्दछ । विभिन्न किसिमका ११ वटा प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १५ महिनाभित्र सबै खोप पूरा लगाई सक्नुपर्दछ । टीकापुर नगरपालिकामा हाल २८ वटा खोप क्लिनिक मार्फत् सेवा दिँदै आए पनि स्वास्थ्य संस्था बाहिरका खोप स्थल स्थायी र व्यवस्थित छैनन् । पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिन निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्वास्थ्य संस्था बाहिरका खोप स्थल निर्धारित र व्यवस्थित गर्ने र कोभिड-१९ को कारण खोप कार्यक्रमलाई प्रभावित हुन नदिन नगर स्वास्थ्य विभाग, प्रत्येक वडाका स्वास्थ्य चौकी/शहरी स्वास्थ्य केन्द्र र निर्धारित खोप केन्द्र बिचको समन्वयमा खोप सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउने । | १.पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिने । | १. पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिने । |

**ञ.** नगरका ग्रामीण वडाहरूका नागरिकहरूमा स्वास्थ्य सम्बन्धी जनचेतना तुलानात्मक रूपमा कम रहेको छ । नगरमा देखिएका प्रमुख सर्ने-नसर्ने रोगहरू तथा दीर्घ रोगहरू, योग तथा आयुर्वेदिक सम्बन्धी, यौन तथा प्रजनन शिक्षा, पोषण सम्बन्धी, संघ, प्रदेश, नगर र अन्य संघ संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाहरू र अन्य स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू आदि सम्बन्धी विभिन्न शिविर तथा जनचेतनाका कार्यक्रमहरू कम मात्रामा हुने गरेको छ । नगरमा कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा नगरका स्वास्थ्य संस्थासँग साझेदारी तथा सहयोग र सहकार्यमा यस्ता जनचेतनामूलक कार्यक्रम गर्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सर्ने र नसर्ने रोगको रोकथाम र उपचार, किटजन्य रोगहरू, मातृ शिशु स्वास्थ्य, पोषण, पानीजन्य रोग तथा सरसफाई, मनोसामाजिक समस्या, महिलाहरूको पाठेघरको समस्या, स्तन क्यान्सर, एच.आई.भी. एड्स, मलेरिया, सिकलसेल, सर्प टोकाई, डेंगु रोग, स्क्रब टाइफस, महामारीको रूपमा फैलिरहेको कोभिड-१९ लगायत महामारी नियन्त्रण र अन्य सामुदायिक स्वास्थ्य सम्बन्धी सचेतानमूलक गतिविधि सञ्चालन गर्ने । | १. नसर्ने रोगको रोकथाम तथा उपचारमा केन्द्रित प्रवर्द्धनात्मक तथा सेवामूलक थप कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | १. नगरमा देखिएका प्रमुख नसर्ने रोगहरू तथा दीर्घ रोगहरू जस्तैः मुटु रोग, दम, मधुमेह, रक्तचाप, श्वासप्रश्वास सम्बन्धी रोगहरू न्यूनीकरण गर्ने कार्यमा प्रगतिको आवधिक समीक्षा गर्दै रोगहरूको संख्यामा वृद्धि हुन नदिई लक्षित कार्यक्रम सञ्चालन गरी प्रायः न्यूनीकरण गर्ने । |
| २. नगरका प्रत्येक वडाहरूको पायक पर्ने स्थानमा स्वास्थ्य जनचेतना केन्द्रहरू स्थापना गर्न आवश्यक प्रक्रिया पूरा गर्ने । | २. नगरका प्रत्येक वडाहरूको पायक पर्ने स्थानमा आवश्यक स्वास्थ्य समाग्री र जनशक्ति सहित स्वास्थ्य जनचेतना केन्द्रहरू स्थापना गरिसक्ने । | |
| ३. नगरको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघ संस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी सम्बन्धमा महिला स्वयंसेविका मार्फत् वा अन्य विधिबाट प्रचार प्रसार गर्ने। | | |
| ४. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने । | ४. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने । | ४. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने । |
| ५. योग आश्रमलाई आरोग्य केन्द्रको रूपमा विकास र विस्तार गरी विभिन्न जनचेतनामूलक कार्यक्रम तथा विद्यालय योग शिक्षा कार्यक्रमको शुरुवात गर्ने । | | |

| | | |
|---|---|---|
| | | ६. नगरका विभिन्न उमेर समूहको तथ्याङ्क हेर्दा अझै पनि कम उमेर मै (१४-१९) विवाह गरी बच्चा जन्माउनेको संख्या धेरै भएकोले विद्यालयस्तरबाट नै यौन तथा प्रजनन शिक्षालाई थप प्रभावकारी बनाई सो संख्यालाई प्रायः शुन्यमा झार्ने ।<br><br>७. रुग्णताको दरमा कमी ल्याई अस्पतालमा हुने विरामीको हालको चापलाई आधाले घटाउने । |

**ट.** टीकापुर क्षेत्रभित्र रहेका एच.आई.भी. संक्रमित भई रोग प्रतिरोधात्मक औषधी सेवन गरी रहेका संक्रमितहरूलाई पोषणयुक्त आहारा उपलब्ध गराउने उद्देश्यले प्रति व्यक्ति वार्षिक रू. ५०००। का दरले रकम उपलब्ध गराउने नगरको वार्षिक नीति तथा कार्यक्रममा रहेको छ र हालसम्म ८० जनाले उक्त सेवा लिइरहेका छन् । आगामी दिनहरूमा यस्ता कार्यक्रमलाई थप प्रभावकारी गर्न निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
|---|---|---|
| १ एच.आई.भी. संक्रमित भई रोग प्रतिरोधात्मक औषधी सेवन गरी रहेका संक्रमितहरूलाई पोषणयुक्त आहारा उपलब्ध गराउने उद्देश्यले सञ्चालनमा रहेको एच.आई.भी.संक्रमितहरूलाई पोषण खर्च दिने कार्यक्रमलाई निरन्तरता दिने । | १.एच.आई.भी. संक्रमित भई रोग प्रतिरोधात्मक औषधी सेवन गरी रहेका संक्रमितहरूलाई पोषणयुक्त आहारा उपलब्ध गराउने उद्देश्यले सञ्चालनमा रहेको एच.आई.भी.संक्रमितहरूलाई पोषण खर्चमा वृद्धि गरी कार्यक्रमलाई निरन्तरता दिने । | |

**ठ**. नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम टीकापुर नगरपलिकामा लागु भइसकेको छ । नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमअर्न्तगत ५ जना सदस्य भएको परिवारको लागि रू. ३५०० बीमा किस्तामा एक वर्षको अवधि भर रू. १००,००० सम्मको स्वास्थ्य सेवा लिन सकिनेछ भने ५ सदस्यभन्दा बढी भएका परिवारमा थप प्रति सदस्य ७०० किस्ताबाट २०,००० सम्मको स्वास्थ्य सेवा लिन सकिनेछ । साथै ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक र बीमा किस्ता तिर्न नसक्ने परिवारको लागि भने नेपाल सरकारले नै निःशुल्क गरिदिने व्यवस्था रहेको छ । स्वास्थ्य बीमा कार्यक्रमको सेवा लिन यस नगरपालिकामा झन्झटिलो, स्वास्थ्य बीमा अर्न्तगतका औषधीहरूको अभाव, सेवा लिन धेरै समय लाग्ने गरेको छ । अति विपन्न, गरीब, ज्येष्ठ नागरिक, अपाङ्ग लगायत सबै नगरबासीसम्म स्वास्थ्य सेवाको पहुँच बिस्तार गर्न नेपाल सरकारको बीमा कार्यक्रमलाई नगरको हिसाबले थप प्रभावकारी बनाउन निम्न प्राथामिकताका आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्वास्थ्य बीमा कार्यक्रममा सहभागिता विस्तारका प्रवर्द्धनात्मक र सहयोगात्मक कार्यक्रम सञ्चालन गर्ने र स्वास्थ्य बीमामार्फत् उपलब्ध हुने स्वास्थ्य सेवा प्राप्ति सहज बनाई उपचार र प्रेषण प्रक्रियालाई सरल बनाउने । यसैगरी, कोभिड-१९ को परीक्षण, उपचार र यसको रोकथाममा खटिएका स्वास्थ्य कर्मी, सुरक्षाकर्मी लगायतका अन्य कर्मचारीहरूका लागि कोरोना बिमाको व्यवस्था गर्ने । | १. स्वास्थ्य बीमा सेवालाई थप बिस्तार र व्यवस्थित बनाउने । निश्चित मापदण्डका आधारमा निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेटिने परिवारको सुची तयार गरी वार्षिक रूपमा ती परिवारको बीमा समयवद्ध रूपमा गराउने । | १. स्वास्थ्य बीमा सेवा प्रवाह हुने स्वास्थ्य संस्थाहरू अन्तरगतका संयन्त्र र पूर्वाधारहरूलाई थप प्रभावकारी र झन्झटिलोमुक्त बनाउँदै सम्पूर्ण नगरबासीलाई बीमाको दायराभित्र ल्याई सक्ने । |

**ङ.** नगरपालिकामा रहेका टीकापुर अस्पताल लगायतका केही स्वास्थ्य संस्थाहरूमा नगरबासीहरूले स्वास्थ्य सेवा लिन विशेषगरी टिकट काट्न र सेवा लिन धेरै समय खर्चन परेको छ । साथै, स्वास्थ्य संस्थाहरूमा प्रविधिको कम प्रयोगमा आउने गरेको छ । जस्तो स्वास्थ्य सम्बन्धी तथ्याङ्क राख्ने कुराहरूमा तथा सेवा दिने कुराहरूमा आदिमा । त्यसकारण स्वास्थ्य सेवालाई तथा छिटो, छरितो र प्रभावकारी बनाउन तथा डिजिटल तथ्याङ्कहरूलाई थप व्यवस्थित गर्दै निम्न आवधिक कार्यक्रमहरू तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरूका (GIS मा आधारित) डिजिटल इन्भेन्टरी तयार गरी भवन निर्माण र सुधारको आवश्यकता सम्बन्धी विवरण तयार गर्ने । | १. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वस्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्क अध्यावधिक भएको सुनिश्चित गर्ने । | १. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्कहरू अध्यावधिक गर्दै जाने । |
| २. हाल नगरमा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप अनुसार टिकट काउन्टरहरू थप गर्ने, डिजिटल टोकन सिस्टम र हेल्प डेस्कको व्यवस्था गर्ने । | २. सबै वडाका स्वास्थ्य संस्थाहरूबाट नगरको स्वास्थ्य शाखामा गरिने प्रतिवेदन प्रणालीलाई डिजिटलाइज र अनलाइन गर्ने । | |
| ३. नगरका स्वास्थ्य संस्थाहरूमा आउने बिरामीहरूको डिजिटल प्रोफाइल राख्न शुरु गर्ने । | ३. नगरका सबै स्वास्थ्य संस्थामा उपचार गर्ने नगरबासीको स्वास्थ्य प्रोफाइल व्यवस्थित गर्ने । | ३. निरन्तर |
| | ४. नगरका स्वास्थ्य सेवा सुबिधाबारे र जनचेतना तथा सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि सूचना प्रविधिका बहुमाध्यम (मोबाइल एप्सलगायत) उपयोग गर्ने । | |

| | | |
|---|---|---|
| **ढ.** नेपाल सरकारले हाल ७० भन्दा बढी औषधीहरू स्थानीय तहका स्वास्थ्य संस्थाहरूबाट वितरण गर्दै आए तापनि टीकापुर नगरपालिकाका स्वास्थ्य संस्थाहरूमा केही निःशुल्क औषधीहरूको अभाव गरेको छ। संघीय सरकारबाट वितरण हुने निःशुल्क औषधीहरूको सहज वितरण गर्न र नगरको पहलमा यस्ता सेवाहरू थप गरी तथा औषधी आदिको उपलब्धतामा सहज गर्न निम्न प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत गरिएको छ। | | |
| १. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दात कायम राख्ने। तत्कालको लागि संघ, प्रदेश र विभिन्न गैर सरकारी संस्थाहरूको सहयोग र सहकार्यमा कोभिड–१९ को परीक्षण लागि RDT र PCR मेशिन, उपचार र यसको रोकथाममा खटिएका स्वास्थ्य कर्मी लगायतका अन्य कर्मचारीहरूकाहरूको लागि आवश्यक सामाग्रीहरू जस्तै PPE, मास्क, पञ्जा आदि, औषधी र उपकरणको व्यवस्था गर्ने। | | |
| **ण.** स्वास्थ्य संस्था भनेको एक संबेदनशील ठाउँ हो । खानेपानी र सरसफाईको हिसाबले व्यवस्थित हुन जरुरी छ । टीकापुरको हिसाबले केही स्वास्थ्य संस्थाहरूमा सफा र व्यवस्थित खानेपानीको अभाव, स्वास्थ्य संस्थाहरूभित्र रहेको शौचालयहरू तथा अन्य ठाउँमा सरसफाईको कमी र प्रतिक्षा स्थलको अभाव रहेको छ। नगरको स्वास्थ्य संस्थाहरूको खानेपानी र सरसफाईका पूर्वाधार र सेवालाई अझ व्यवस्थित गर्न निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ। | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. सबै स्वास्थ्य संस्थामा खानेपानी र सरसफाईका पूर्वाधार र सेवालाई नगर मापदण्डमा पुऱ्याउने र विश्राम वा प्रतिक्षा स्थल आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य शुरु गर्ने। | १. अस्पतालजन्य फोहोर मैला व्यवस्थापन सहित सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने। | १. सबै स्वास्थ्य संस्थामा खानेपानी र सरसफाईका पूर्वाधार र सेवालाई नगर मापदण्डमा पुऱ्याउने र विश्राम वा प्रतिक्षा स्थल आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य गरिसक्ने। |
| **त.** नेपाल रेडक्रस सोसाइटी टीकापुर उपशाखासँग सम्झौता गरी घरदेखि अस्पतालसम्म (Home to Hospital Program) कार्यक्रम अर्न्तगत नगरभरि गर्भवती महिलाहरूको लागि निःशुल्क एम्बुलेन्स सेवा सुचारु गरिएको भए पनि उक्त सेवा नगरभरिका नगरबासीहरूका लागि पर्याप्त हुन सकेको छैन। यसै गरी, नगरमा एउटा पनि शबवाहन छैन। हाल नगरमा सञ्चालन भइरहेको अस्पतालको एक र नगरको १ गरी जम्मा २ वटा एम्बुलेन्सहरू पनि पूरानो भएकोले मध्यकालमम्मा नगरमा आधुनिक र सुबिधा सम्पन 'ख' वर्गको एम्बुलेन्स सेवा सुचारु गर्दै आपत्कालीन तथा ट्रमा प्रणाली सुदृढीकरण गर्न निम्न प्राथकिमताका आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ। | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रदेश सरकारसँगको समन्वयमा नगरमा 'ख' वर्गको एम्बुलेन्स सेवा सञ्चालनका लागि प्रशासनिक प्रक्रिया पूरा गर्ने । | १. नौ वटै वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी, ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्ड बनाई कम्तीमा पनि 'ख' वर्गको निःशुल्क एम्बुलेन्स सञ्चालन गर्ने ।<br><br>२. नगरमा आवश्यकता अनुसार शवबाहानको व्यवस्था गर्ने । | १. नगर अस्पताल र नगर केन्द्रका अन्य स्वास्थ्य संस्था केन्द्रित रहेर सबै नगरबासीमा 'ख' वर्गको एम्बुलेन्स सेवाको पहुँच सुनिश्चित गर्ने । आवश्यकता अनुसार नगरमा 'ग' वर्गको एम्बुलेन्सको व्यवस्था गर्ने । |

**थ.** नगरको स्वास्थ्य क्षेत्रमा एक प्रमुख समस्या मध्ये दक्ष जनशक्ति अभाव पनि एक हो । टीकापुर नगरपालिकामा दरबन्दी अनुसारका स्वास्थ्य शाखामा आवश्यक कर्मचारी र स्वास्थ्य संस्थाहरूमा दक्ष र प्रयाप्त स्वास्थ्यकर्मी, विशेषज्ञ चिकित्सक, स्वास्थ्य उपकरण चलाउन सक्ने दक्ष जनशक्तिहरूको कमी रहेको छ । विशेषगरी नगरमा रहेको सरकारी अस्पतालमा प्रयाप्त विशेषज्ञ चिकित्सक र वडाका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रहरूमा स्वास्थ्यकर्मी प्रयाप्त छैनन् । संघ र प्रदेश सरकार मार्फत् उपलब्ध हुने जनशक्ति बाहेक नगरको पनि स्थानीयस्तरबाटै थप आवश्यक जनशक्तिको व्यस्थापन गर्नुपर्ने अवस्था छ । नगरमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक क्षेत्रका) नेपाल सरकारबाट नियमित रूपमा उपलब्ध हुने बाहेकको स्वास्थ्यकर्मीको क्षमता विकासका छोटो र मध्यम अवधिका तालिम कार्यक्रम नगरको तर्फबाट कार्यान्वयन गर्न नसकिएको अवस्था छ । नगरका स्वास्थ्य संस्थाहरूमा दक्ष जनशक्तियुक्त बनाई स्वास्थ्य क्षेत्रलाई थप सुधार र प्रभावकारी बनाउन निम्न आवधिक प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संगठन र व्यवस्थापन सर्वेक्षण मार्फत, तत्काल, मध्यकाल र दीर्घकालका लागि चाहिने स्वास्थ्य क्षेत्रको जनशक्तिको संख्या र स्तर प्रक्षेपण गर्ने ।<br><br>१.१.संघ र प्रदेश सरकारसँगको समन्वयमा हाल रहेका पद पूर्ति र थप गरी नगरको स्वास्थ्य शाखालाई आवश्यक जनशक्तियुक्त बनाउने । | १. संगठन र व्यवस्थापन सर्वेक्षणको नतिजा अनुसार मध्यकालका लागि निर्धारित नगरको संगठन ढाँचा बमोजिम स्वास्थ्य शाखा तथा नगर अन्तर्गतका स्वास्थ्य संस्थालाई जनशक्ति र उपकरणयुक्त बनाउने । | १.स्वास्थ्य शाखालाई सबै स्तरका स्वास्थ्य सेवाको अनुगमन र सुपरिवेक्षण गर्न सक्ने गरी आवश्यक जनशक्ति, उपकरण र सूचना प्रविधियुक्त बनाउने । |
| | २. स्वास्थ्य क्षेत्रका सबै स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड तय गरी कार्यान्वयन गर्ने । | २. स्वास्थ्य सम्बन्धी सेवामा संलग्न जनशक्तिको भौतिक तथा व्यवसायिक सुरक्षाको मापदण्डमा आवश्यक सुधार गरी निरन्तर कार्यान्वयन गर्ने । |
| ३. नगर अस्पताल र सबै स्वास्थ्य संस्थामा अल्पकालका लागि आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापन गरिसक्ने । वडाको स्वास्थ्य चौकीहरूमा कम्तीमा महिनाको एकदिन चिकित्सकको व्यवस्था गर्नुका साथै टीकापुर अस्पतालमा एक जना सरुवा रोग सम्बन्धी विशेषज्ञ चिकित्सकको व्यवस्था गर्ने । | ३. नगर अस्पताल र नगर अन्तर्गतका सबै स्वास्थ्य संस्थामा अल्पकालीन आवश्यकता अनुसारको जनशक्ति र आवश्यक उपकरणको व्यवस्था गर्ने । | ३. नगर अस्पताल लगायत नगरका सबै स्वास्थ्य संस्थालाई राष्ट्रिय मापदण्ड अनुसारको प्रविधिक, पूर्वाधार र जनशक्तियुक्त बनाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. टीकापुरको स्थानीय आवश्यकता र संघ तथा प्रदेश सरकारको नियमित क्षमता विकास कार्यक्रममा समेटिने विषयको तुलनात्मक विश्लेषण गरी स्वास्थ्य व्यवस्थापन समिति, स्वास्थ्य कर्मी र महिला स्वास्थ्य स्वयम्सेविकाहका लगि क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन शुरु गर्ने । | ४. निर्धारित क्षमता विकासका छोटो र मध्यम अवधिका कार्यक्रम कार्यान्वयन गर्ने । नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणाली तय गरी वार्षिक रूपमा कार्यान्वन गर्ने । | ४. स्वास्थ्य क्षेत्रको क्षमता विकास र उत्प्रेरणामूलक कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिने । |
| ५. संघीय र प्रदेश सरकारको नीति अनुसार नगरमा रहेका स्वास्थ्य स्वयम्सेविकाहरूलाई आवश्यक स्वास्थ्य सुरक्षाका सामग्रीहरू उपलब्ध गराई कोभिड-१९ सम्बन्धी सचेतनामूलक गतिविधि तथा अन्य रोकथामका कार्यक्रमहरूमा खटाउने । | | |
| ६. नगर कार्यपालिका अन्तर्गतको सामाजिक विकास समितिमा स्वास्थ्य Focal Person तोक्ने । | ६. नगर र वडास्तरका स्वास्थ्य व्यवस्थापन तथा स्वास्थ्य अनुगमन समितिलाई तालिम र पुनर्ताजगीको व्यवस्था गर्ने । यसमा स्वास्थ्य Focal Person तथा सामाजिक विकास समितिको पनि प्रतिनिधित्व गराउने । | ६. निरन्तर |
| ७. महामारी नियन्त्रण तथा प्रतिकार्यका लागि नगरस्तरीय द्रुत प्रतिकार्य टोली निर्माण गरी आवश्यक तालिम उपलब्ध गराउने र उपकरण तथा जनशक्तिको पूर्व व्यवस्था गर्ने । | ७. द्रुत प्रतिकार्य टोलीलाई उपकरण र प्राविधिको पूर्व उपलब्धता (तयारी) सुनिश्चित गरिराख्ने । | ७. निरन्तर |

**द.** नगरको स्वास्थ्य शाखामा प्रयाप्त भए पनि वडाहरूमा रहेका अस्पताल, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रमा प्रशासन कार्य गर्नको निम्ति, बिरामीहरूको डिजिटल प्रोफाइल राख्न तथा अन्य तथ्याङ्कको डिजिटल अभिलेख राख्नको लागि आवश्यक कम्प्युटर, प्रिन्टर र इन्टरनेट प्रयाप्त संख्यामा छैन । उपलब्ध भएका सामग्रीहरूको नि कमै प्रयोगमा आउने गरेको छ । नगरका स्वास्थ्य संस्थाहरूमा प्रयाप्त र व्यवस्थित तथ्याङ्कको डिजिटल अभिलेख नहुँदा नगरको वास्तविक स्वास्थ्य सूचाङ्कहरू निकाल्न सकिने अवस्था छैन । त्यसकारण नगरका तथ्याङ्को डिजिटल अभिलेखलाई अझ व्यवस्थित गर्न तथा विभिन्न रिपोर्टिङ्ग र दस्ताबेजहरूमा प्रयोग गर्नका लागि निम्न कार्यक्रम प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगर र वडास्तरका सबै स्वास्थ्य शाखाहरूमा स्वास्थ्य सम्बन्धी तथ्याङ्कको डिजिटल अभिलेख राख्न आवश्यक कम्प्युटर, प्रिन्टर र इन्टरनेटको व्यवस्था गर्ने । स्वास्थ्य कर्मचारीहरूका लागि विद्युतीय हाजिरको व्यवस्था गर्ने । | | |

**ध.** नगर अन्तर्गतका स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाका व्यवस्थापन समिति, जनप्रतिनिधि, सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुनेगरी र अन्य सरोकालवालाहरू बिच स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्य तथा उपलब्धीहरूबारे, लक्ष्य प्राप्तिमा भएका प्रगति समीक्षाका आधारमा कमी देखिएमा कमी पूर्तिको रणनीति समेत बनाउने गरी आवधिक प्राथमिकताका कार्यक्रमहरू तल प्रस्तुत गरिएको छ ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.स्वास्थ्य शाखा र सम्बन्धित संयन्त्र एवं समिति बिचमा नियमित समीक्षा बैठक बस्ने । सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी वार्षिक समीक्षा बैठक सञ्चालनको शुरुवात गर्ने । | १. स्वास्थ्य शाखा र सम्बन्धित संयन्त्र एवं समिति बिचमा नियमित समीक्षा बैठक र सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी वार्षिक समीक्षा बैठक सञ्चालनलाई निरन्तरता दिने ।<br><br>२. नगर अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समीक्षाको अभ्यासलाई थप व्यवस्थित गरी निरन्तरता दिने । | १. स्वास्थ्य शाखा र सम्बन्धित संयन्त्र एवं समिति बिचमा नियमित समीक्षा बैठक र सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी वार्षिक समीक्षा बैठक सञ्चालनलाई निरन्तरता दिने । |


**न.** नगरमा रहेका विभिन्न निजी स्वास्थ्य संस्थाहरूलाई कम नाफामुलक, बढी सेवामूलक र नगरबासी प्रति थप उत्तरदायी बनाउन नगरमा रहेका विपन्न, बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गहरूलाई नगरको सिफारिस र समन्वयमा निश्चित कोटाका आधारमा निःशुल्क उपचार सेवा प्रवाह हुने व्यवस्था मिलाउन तथा नगरमा रहेका सामुदायिक र सरकारी लगायत सबै किसिमका स्वास्थ्य संस्थाहरूलाई राष्ट्रिय मापदण्ड अनुसारको प्राविधिक, पूर्वाधार र जनशक्तियुक्त बनाई नगरबासीहरूलाई गुणस्तरीय र विश्वसनीय स्वास्थ्य सेवाको अनुभूति गराउनका लागि निम्न कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सामुदायिक, सरकारी तथा निजी स्वास्थ्य संस्थाको सेवा अनुगमन तथा नियमन गर्ने । विपद्का बेला नगरमा रहेका निजी क्षेत्रका अस्पताल तथा अन्य सार्वजनिक भवनहरूलाई उपयोगमा ल्याउन सकिने व्यवस्था गर्ने । | १. विपन्न तथा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदिका लागि निश्चत संख्या छुट्याई निजी क्षेत्रका स्वास्थ्य संस्थाबाट सेवा प्रवाहको शुरुवात गर्ने । | १. नगरका विपन्न वर्गका लागि कम्तीमा पनि १०% कोटाको व्यवस्थापन गर्न नगरले निजी स्वास्थ्य संस्थाहरूसँग समन्वय गर्ने ।<br><br>२. स्थानीय स्वास्थ्य संस्थाहरू स्थानीय समुदायले अपनत्व लिने गरी स्थानीयका लागि थप सहुलियत उपलब्ध गराउने । |

**५.** नगरको २०७५ को घरधुरी सर्वेक्षण अनुसार २ कि.मि. बफर क्षेत्रभन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको संख्या वडा नं. १ मा सबभन्दा बढी रहेको छ, जहाँ दीर्घरोगीहरूको संख्या २२५ र अपाङ्गहरूको संख्या ८१ जना रहेको छ त्यसपछि क्रमश : ७, ६ र २ नम्बर वडाको रहेको छ । दीर्घरोगीहरू स्वास्थ्य चौकी धाई रहन पर्ने बिरामी हुन भने अपाङ्गहरू आफैमा शारीरिक र मानसिक हिसाबमा अशक्त भएकाले यस्ता बिरामीहरूका लागि छोटो दूरीमा स्वास्थ्य संस्था हुन जरुरी छ । यसकारण, दीर्घरोगी र अपाङ्गहरूको माझ छिटो छरितो रूपमा स्वास्थ्य सेवाको पहुँच बिस्तार गर्न निम्न प्राथमिकताका आवधिक कार्यक्रमहरू प्रस्तुत छ ।

**नक्सा ३/५.२.२ : अपाङ्गता भएका तथा दीर्घरोगी बढी भएको क्षेत्र र स्वास्थ्य संस्था**




२०७५ को तथ्याङ्क अनुसार नगरका रहेका स्वास्थ्य संस्था र नगरमा भएका दीर्घरोगी र अपाङ्गहरू भएका घरधुरी बिचको दुरी र त्यस्ता घरधुरी संख्या माथिको नक्सामा देखाइएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरका स्वास्थ्य संस्थाबाट टाढाको दूरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्रभन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, नि:शुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रमको शुरुवात गर्ने । | १. नगरका स्वास्थ्य संस्थाबाट टाढाको दूरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्रभन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, नि:शुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रमको निरन्तरता गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.१ कोभिड–१९ महामारीका कारण अधिक प्रभावित हुने विशेषगरी Cardiovascular Diseases (Hypertension, Heart Attack), Chronic Respiratory Diseases (Asthma, Lung Diseases, Pneumonia), Diabetes, Cancer भएका दीर्घरोगीहरू, अपाङ्ग, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरीहरूका, बालबालिकाहरूका र लागि विशेष घरदैलो स्वास्थ्य कार्यक्रम गर्ने । | | २. हाल भएका र भविष्यमा निर्माण हुने स्वास्थ्यका सबै भौतिक पूर्वाधारहरू राष्ट्रिय मापदण्ड अनुरूप बालमैत्री, ज्येष्ठ नागरिक मैत्री तथा अपाङ्गता मैत्री बनाइसक्ने ।<br><br>३. नगरका स्वास्थ्य संस्थाबाट टाढाको दूरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्रभन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, नि:शुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रमकलाई निरन्तरता गर्ने । |

**तालिका ३/५.२.२ : स्वास्थ्य क्षेत्रको अपेक्षित उपलब्धी**

| सूचकाङ्कहरू | एकाइ | आधार वर्ष (२०७६/७७) | अल्पकालीन (२०७८/७९) | मध्यकालीन (२०८३/८४) | दीर्घकालीन (२०९६/९७) |
|---|---|---|---|---|---|
| **क. बाल स्वास्थ्य** | | | | | |
| **खोप सेवा** | | | | | |
| पुर्णखोप लगाएका बालबालिकाहरुको (१२ देखि २३ महिना) प्रतिशत | % | ८१ | | ९० | ९५ |
| TD2 र 2+ खोप लगाएका गर्भवती महिलाहरूको प्रतिशत | % | ५२ | | ७० | ९० |
| **पोषण** | | | | | |
| ० देखि ११ महिनासम्मका बाल बालिकाहरुको वृद्धि अनुगमन गरेको प्रतिशत | % | ९१ | | ९१ | ९५ |

| सूचकाङ्कहरू | एकाइ | आधार वर्ष (२०७६/७७) | अल्पकालीन (२०७८/७९) | मध्यकालीन (२०८३/८४) | दीर्घकालीन (२०९६/९७) |
|---|---|---|---|---|---|
| ० देखि २३ महिना सम्मका बाल बालिकाहरुको वृद्धि अनुगमन गरेको प्रतिशत | % | ६० | | ८० | ९० |
| कुपोषित बालबालिकाहरुको प्रतिशत (<२ वर्ष) | % | १४ | | ७ | ?१ |
| औसत वृद्धि अनुगमन गरेको संख्या (२ वर्ष मुनिकाबालबालिका) | पटक | ३ | | १५ | २३ |
| **ख.पारिवारिक स्वास्थ्य** | | | | | |
| **सुरक्षित मातृत्व** | | | | | |
| प्रोटोकलअनुसार (चौथो, छैठौं, आठौं र नवौं महिनामा) प्रसूतिपूर्व जाँच गराउने महिलाहरुको प्रतिशत | % | ४८ | | ७५ | ९५ |
| गर्भावस्थामा १८० दिनको लागि आइरन र फोलिक एसिड खाने महिलाहरूको प्रतिशत | % | ४४ | | ७५ | ९५ |
| संस्थागत सुत्केरी हुने महिलाहरूको प्रतिशत | % | ९९ | | १०० | १०० |
| स्वास्थ्य संस्थामाभएको कुल सुत्केरी मध्ये दक्ष प्रसुतिकर्मीबाट सुत्केरीहरूको प्रतिशत | % | ८२ | | ८५ | ९५ |
| प्रोटोकलअनुसार ३ पटक सुत्केरी जाँच गराउने महिलाहरूको प्रतिशत | % | ९१ | | ९१ | ९५ |
| शिशु मृत्यु संख्या | जना | ४ | | २ | <१ |
| सुत्केरी मृत्यु संख्या | जना | ० | | ?१ | <१ |
| **परिवार नियोजन** | | | | | |
| परिवार नियोजनका साधनप्रयोग गर्नेको दर (CPR) (आधुनिकविधि) | % | ३८ | | ६५ | ७५ |
| **महिला स्वास्थ्य स्यमंसेविका (FCHV)** | | | | | |
| आमा समूहको बैठक बसेको | % | ९५ | | १०० | १०० |
| **ग. मलेरिया र कालाजार** | | | | | |
| मलेरिया मुक्तअवस्था (स्थानीय केस) | छैन | N/A | | १० | <१ |
| **घ. क्षयरोग** | | | | | |
| नयाँविरामीपत्तालागेको दर (सबै PBC) | % | ७९ | | ९० | ९५ |
| उपचार सफलता दर (सबै PBC) | % | ९० | | ९५ | ९५ |
| खकार परिवर्तन दर (सबै PBC) | % | ७७ | | ८५ | ९५ |

| सूचकाङ्कहरू | एकाइ | आधार वर्ष (२०७६/७७) | अल्पकालीन (२०७८/७९) | मध्यकालीन (२०८३/८४) | दीर्घकालीन (२०९६/९७) |
|---|---|---|---|---|---|
| **ङ. कुष्ठरोग** | | | | | |
| नयाँ रोगीपहिचान दर (NCDR) प्रति १००,००० जनसंख्यामा | जना | २१ | | ५ | १ |
| **च. एच.आइ.भी./एड्स** | | | | | |
| प्रसूतिपूर्वको जाँच दौरान एचआइभीको जाँच गराउने महिलाको प्रतिशत | % | ८६ | | ९५ | १०० |
| **छ. औसत आयु** | | | | | |
| औशतआयु (नेपालको औषतआयु र पन्धौ योजना आधार पत्रको आधारमा) | वर्ष | ७० | | ७२ | ७८ |

**तालिका ४/५.२.२ : स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य**

| क्र.सं. | लक्ष्य शुचक | | एकाइ | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षण अस्पताल निर्माण (संघ र प्रदेशको सहयोग र समन्वयमा) | | संख्या | ० | ० | ० | १ |
| २ | सरकारी अस्पताल भवन (ICU, NICU सेवा सहित आवश्यकता अनुसार स्तर उन्नती गर्दै जाने) | | संख्या | १ | ० | ० | ० |
| ३ | वाल अस्पताल भवन | | संख्या | ० | ० | ० | १ |
| ४ | प्राथमिक स्वास्थ्य केन्द्र भवन | | संख्या | ० | | | |
| ५ | स्वास्थ्य चौकी भवन | | संख्या | १ | ० | ० | १ |
| ६ | शहरी स्वास्थ्य केन्द्र भवन/ आधारभूत स्वास्थ्य केन्द्र | | संख्या | १ | ४ | ३ | ० |
| ७ | गाउँघर क्लिनिक | | पटक | आवश्यकता अनुसार | | | |
| ८ | प्रसुती गृह | | संख्या | ० | ० | ० | ० |
| ९ | बर्थिंङ सेन्टर | | संख्या | ३ | ३ | ९ | ० |
| १० | आपत्कालीन प्रसुती सेवा केन्द्र (Emergency Obstetric Care) | | संख्या | ० | ३ | ३ | ० |
| ११ | आयुर्बेद औषधालय केन्द्र | | संख्या | १ | ० | ० | २ |
| १२ | प्राकृतिक चिकित्सा केन्द्र | | संख्या | ० | ० | १ | ० |
| १३ | ट्रमा सेन्टर | | संख्या | ० | ० | १ | ० |
| १४ | खोप केन्द्र | | संख्या | १८ | आवश्यकता अनुसार | | |
| १५ | रक्तसञ्चार केन्द्र | | संख्या | १ | २ | ३ | ० |
| १६ | एम्बुलेन्स | सामान्य | संख्या | २ | ० | २ | ० |
| | | 'ख' वर्ग | संख्या | ० | ० | १ | २ |
| १७ | योगा सेन्टर तथा सामूदायिक ब्यायाम सेन्टर | | संख्या | ० | १ | ४ | ४ |

| क्र.सं. | लक्ष्य शुचक | एकाइ | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|---|
| १८ | विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य सेवा उपलब्ध हुने स्वास्थ्य संस्था | संख्या | १ | १ | ० | ३ |
| १९ | महिला स्वयम् सेविका | संख्या | १२० | आवश्यकता अनुसार | | |
| २० | सर्ने नसर्ने रोग बारेको सचेतना युक्त परिवार | % | | | | |
| २१ | स्वास्थ्य बिमामा आवद्ध परिवार | % | | | | |
| २२ | नेपाल सरकारको मापदण्ड अनुसार निः शुल्क औषधी उपलब्ध हुने स्वास्थ्य संस्था | संख्या | १ | ३ | ६ | ९ |
| २३ | वार्षिक समीक्षा बैठक (स्वास्थ्य शाखा) | पटक | ० | २ | ७ | १३ |
| २४ | स्वास्थ्य संस्थाका व्यवस्थापन समितिको बैठक | पटक | | २४ | ६० | १८० |

## ५.२.३. सम्पदा संरक्षण

### १. पृष्ठभूमि

पुर्खाहरूबाट परम्परागत रूपमा प्राप्त गरी वर्तमान र भावी सन्ततीहरूमा हस्तान्तरण हुने परम्परा एवं मानव सभ्यता र संस्कृति झल्काउने जीवन्त अभिव्यक्ति सम्पदा हो । यस्ता अभिव्यक्तिहरू मूर्त र अमूर्त रूपमा व्यक्त हुन्छन् । संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक सङ्गठनको अनुसार मूर्त सम्पदा स्मारक, वास्तुकला, मुर्ति, उपकरण, औजार आदि हुन्, भने अमूर्त सम्पदामा मौखिक परम्परा, प्रस्तुति कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू समावेश हुन्छन् । सामान्यता हरेक किसिमको सम्पदालाई प्राचीन, ऐतिहासिक, धार्मिक र साँस्कृतिक भनी वर्गिकरण गर्न सकिन्छ ।

नक्सा ५.२.३ : टीकापुर नगरपालिकाको प्रमुख सम्पदा स्थान



विश्वव्यापीकरण, आधुनिकीकरण, जनसंख्या वृद्धि, बढ्दो शहरीकरण र अव्यवस्थित विकास निर्माणको कारण सम्पदा तथा साँस्कृतिक विविधताको संरक्षण कार्य स्थानीय सरकार र नागरिकको लागि प्रमुख चुनौतीको रूपमा रही आएको छ । विभिन्न कारणले शहर तथा बजार क्षेत्रको जनसंख्यामा उच्च वृद्धि देखिन्छ भने, ग्रामीण क्षेत्रको जनसंख्यामा गिरावट देखिन्छ। यी सब प्रवृत्तिले गर्दा मूर्त सम्पदाहरूमा क्षति, हानी, नोक्सानी, चोरी, अतिक्रमण, तथा जीर्ण हुने समस्या रहेको छ। त्यस्तै शताब्दीऔं पुराना अमूर्त सम्पदा जस्तैः परम्परा, संस्कृति, भाषा, कला तथा जीवनशैलीहरू अपरिवर्तनीय रूपले हराउँदै गएका छन्। तसर्थ विद्यमान सन्दर्भमा विकास र सम्पदा संरक्षण बिच सन्तुलन ल्याई दीगो विकास हाँसिल गर्नु प्रमुख चुनौतीको रूपमा प्रस्तुत छ।

कुनै पनि सम्पदा ऐतिहासिक, सामाजिक, सौन्दर्य, वैज्ञानिक, वा आर्थिक हिसाबले महत्वपूर्ण हुन्छ। ऐतिहासिक सम्पदाहरूले विगतको सभ्यता, संघर्ष, मान्यता तथा दर्शन झल्काएको पाइन्छ । सामाजिक सम्पदाहरू, मुख्यतः अमूर्त सम्पदाले सामुदायिक सद्भाव एवं भाइचारा कायम गर्न टेवा पुऱ्याइरहेको हुन्छ। सौन्दर्यताको पाटोबाट पनि सम्पदाले बस्ती, शहर वा क्षेत्रको भौतिक विशेषता, पहिचान तथा विशिष्टता जनाउँदछ । त्यस्तैः वैज्ञानिक हिसाबले पनि पुरातात्विक र प्राचीन स्मारक, वस्तु, उपकरण, औजार, प्रविधि, विद्या आदिको खोज र अध्ययनले केही सम्पदा र संकृति महत्वपूर्ण हुन्छन्। आर्थिक हिसाबले मुलत : पर्यटक भित्र्याउन र रोजगारी सिर्जना एवं राजस्व अभिवृद्धिको लागि सम्पदा अत्यन्त महत्वपूर्ण छ।

यसै सन्दर्भमा नेपालको संबिधान, अनुसूची ८, (भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास) र स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ बमोजिम संस्कृति र सम्पदा जोगाउने पहिलो दायित्व स्थानीय सरकारको रहन्छ। यसलाई अवसरको रूपमा लिंदै कला र संस्कृति जोगाउने चुनौती नगरलाई छ।

## २. लक्ष्य

स्थानीय सम्पदा संरक्षण र सम्बर्द्धन गर्नु ।

## ३. उद्देश्य तथा नीतिहरू

### उद्देश्य १ : सम्पदा व्यवस्थापन एवं संरक्षणको लागि संयन्त्र गठन तथा परिचालन गर्ने ।

**नीति क.** सबै वडा र नगरपालिकाबाट प्रतिनिधित्व हुने गरी तथा प्राविधिक जनशक्ति/क्षेत्रगत जानकार नागरिक सहितको स्थानीय सम्पदा समिति गठन गरिने छ । साथै आवश्यकता देखिएमा वडास्तरीय/वडा विशेष सम्पदा समिति पनि गठन गरिनेछ।

**नीति ख.** प्राविधिक जनशक्ति र विशेषज्ञसहितको सम्पदा संरक्षण र व्यवस्थापन इकाई गठन गरिनेछ।

**नीति ग.** सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, समन्वय, अनुगमन, नियमन, पहिचान आदिमा समिति र इकाईको विशेष भूमिका सुनिश्चित गरिनेछ। साथै पुरातत्व विभागको प्राचीन स्मारक संरक्षण नियमावली अनुरूप सम्पदाको पहिचान र सुचिकृत गर्न आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरिनेछ।

**नीति घ.** गठन भए पश्चात समिति र इकाईद्वारा सबै किसिमको भौतिक/साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङ्क संकलन थालनी गराइने छ।

### उद्देश्य २ : नगरपालिकाको सम्पूर्ण सम्पदा सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्नु ।

**नीति क.** सम्पदा संरक्षण एवं व्यवस्थापनका निम्ति आवश्यक उपकरण/प्रविधि व्यवस्था गरिनेछ।

**नीति ख.** लोपोन्मुख/आदिबासी भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृति संरक्षण गर्न अभिलेखीकरण तथा knowledge management गरिने छ।

**नीति ग.** प्रभावकारी सम्पदा संरक्षण र व्यवस्थापनको लागि सम्पूर्ण साँस्कृतिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक सम्पदाको तथ्याङ्क संकलन तथा अधावधिक गरी नगरपालिकाको सम्पदा स्रोत नक्सासहितको Heritage Register निर्माण गरिनेछ ।

**उद्देश्य ३ : सम्पदा/संस्कृतिको प्रभावकारी व्यवस्थापन र प्रबर्द्धनद्वारा पर्यटन, स्थानीय आर्थिक विकास लगायतका क्षेत्रको थप सबलीकरण गर्ने ।**

**नीति क.** सम्पदा क्षेत्र वा स्थानभित्र परेको भनी स्थापित भएका जग्गा, घर, संरचनालाई कानुन बमोजिम व्यवस्था गरिनेछ ।

**नीति ख.** नगरपालिकाको पर्यटकीय र स्थानीय आर्थिक विकासमा टेवा पुर्‍याउन सक्ने सम्पूर्ण सम्पदा क्षेत्र/स्थान र संस्कृति झल्काउने समुदायको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान पुर्‍याइने छ ।

**नीति ग.** अन्य विभाग र क्षेत्र (जस्तैः स्थानीय आर्थिक विकास/राजस्व, यातायात, भू-उपयोग आदि) सँग समन्वय गरी सम्पदा संरक्षण एवं व्यवस्थापन गुरुयोजना निर्माण गरिनेछ ।

**नीति घ.** गुरुयोजनालाई भू-उपयोग योजना, वर्गीकरण (zoning) आदि सँग तालमेल हुने गरी निर्माण गरिनेछ ।

**नीति ङ.** राजी, माझी, थारु, मगर समुदायको जीविकोपार्जनमा सुधार तथा स्तरोन्नतीका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । साथै उक्त जातजातिको बसोबास भएको ठाउँमा “होमस्टे” को अवधारणा ल्याई पर्यटकीय स्थलका रूपमा विकास गर्न आवश्यक प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

**नीति च.** टीकापुर ७ को सम्पूर्ण धार्मिक/साँस्कृतिक स्थल तथा रितिरिवाजको सम्भावना यकिन, अध्ययन, नीतिगत र प्राविधिक सम्पूर्ण तयारी गरी सो को आधारमा धार्मिक/साँस्कृतिक क्षेत्र भनी कायम गरिनेछ ।

**उद्देश्य ४ : सबै किसिमको संस्कृति र सम्पदा क्षेत्रलाई लोप/जीर्ण हुनबाट र निजी तथा सार्वजनिक गतिविधिबाट हानी/नोक्सानी हुनबाट संरक्षण गर्ने ।**

**नीति क.** ऐतिहासिक तथा धार्मिक महत्व बोकेका पदम प्रकाशेश्वर, शिव मन्दिर, बौद्ध गुम्बा लगायत मठ मन्दिरको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धनात्मक कार्यहरू सञ्चालन गरिनुका साथै नगरभित्र रहेका तालतलैया, सिमसार तथा ऐतिहासिक क्षेत्र/स्थानहरूको संरक्षण र प्रबर्द्धन गरी नगरको सौन्दर्यता कायम गरिनेछ ।

**नीति ख.** विकास निर्माण परियोजना सञ्चालन गर्दा सम्पदा क्षेत्रलाई जोगाएर अगाडी बढ्ने नीति अवलम्बन गरिनेछ ।

**नीति ग.** सम्पदा संरक्षणका लागि नगरभित्र संरक्षण क्षेत्रहरू कायम गरिनेछ ।

**नीति घ.** सम्पदा संरक्षणका लागि विभिन्न किसिमको प्रोत्साहन तथा सहयोगको व्यवस्था गरिनेछ ।

**नीति ङ.** सम्पदा/संस्कृतिलाई असर गर्ने सबै किसिमको गतिविधिको रोकथाम, नियन्त्रण र नियमन गरिनेछ।

**उद्देश्य ५: सम्पदा संरक्षण र व्यवस्थापनमा जनचेतना, जनसहभागिता तथा साझेदारी वृद्धि गर्ने ।**

**नीति क.** सूचना प्रवाहका विभिन्न माध्यमको प्रयोग र कार्यक्रम तथा पाठ्यक्रममार्फत् नागरिकलाई र विशेष गरी नयाँ पुस्तालाई सम्पदा र सो को संरक्षणबारे सचेत गराइने छ ।

**नीति ख.** विद्यालयको पाठ्यक्रममा नगरपालिकाको स्थानीय सम्पदा, संस्कृति, कला, भाषा आदि समेटिने छ ।

**नीति ग.** संरक्षणमा नागरिक र विशेष गरी नयाँ पुस्ताको प्रत्यक्ष संलग्नता सुनिश्चित गराइने छ ।

**नीति घ.** नगरपालिकाको प्रमुख सम्पदा रेखदेख गर्दै आएका परम्परागत गुठी, मन्दिर व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति आदिसँग समन्वय र साझेदारी मार्फत् अगाडि बढ्ने नीति अबलम्बन गरिनेछ ।

**नीति ङ.** सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग समन्वय र साझेदारीमार्फत् अगाडि बढ्ने नीति अवलम्बन गरिनेछ ।

**तालिका १/५.२.३ : आवधिक प्राथमिकता : सम्पदा संरक्षण**

| | | |
|---|---|---|
| **क.** संवैधानिक व्यवस्थामा (भाषा, संस्कृति, ललितकलाको संरक्षण) समेत उल्लेखित भएकोले समस्त सम्पदा संरक्षणको जिम्मेवारी नगरपालिकाको रहेको छ । नगरको मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र व्यवस्थापन कार्यलाई नियमन तथा सहजीकरण गर्न बहुपक्षीय समन्वयसहित नियम कानुन निर्माण र मार्गनिर्देशनको लागि योजना तर्जुमा गर्ने जस्ता क्रियाकलाप अगाडि बढाउने छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरूप सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटी संघ र प्रदेशसँग समन्वय गर्ने । | १. नेपालको संविधान, अनुसूची ८, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास र स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ बमोजिम नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने । | १. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी प्रभावकारी ऐनसहितको संरक्षण र व्यवस्थापनमा सबल नगरपालिका बन्ने । |
| २. नगरपालिका र संघ/प्रदेश सरकारको दोहोरो स्वामित्व वा लगानी रहेको सम्पदा संरक्षण/व्यवस्थापनमा स्पष्टता ल्याउने । | २. आवश्यक ऐन, योजना, मापदण्डः सम्पदा संरक्षण र व्यवस्थापन ऐन, नियमवली, कार्यविधि, सम्पदा संरक्षण र व्यवस्थापन गुरुयोजना र सुची | |
| **ख.** सम्पदा संरक्षण एवं व्यवस्थापनको निम्ति तथ्याङ्कको प्रयोग प्रमुख हुन्छ । नगरमा यस्ता तथ्याङ्कहरू रहेतापनि पुराना, छरिएको र अपूर्ण अवस्थामा छ । यस अवस्थाबाट आधुनिकतातर्फ उन्मुख हुन र तथ्याङ्कको प्रयोगबाट वैज्ञानिक व्यवस्थापन हाँसिल गर्न, नगरले विभिन्न चरणमा तथ्याङ्क सम्बन्धी कार्यहरू गर्नेछ । साथै तथ्याङ्कको प्रयोगबाट विभिन्न सुची तथा सम्पदा वर्गीकरण पनि गरिनेछ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. उपलब्ध भू-उपयोग सुची (Land Use Inventory) संकलन कार्यलाई सबै खाले सम्पदा क्षेत्र र स्थानको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने । साथै उपलब्ध सुची र नयाँ सुचीलाई अद्यावधिक गरेर एकरूपता दिने । | १. सम्पदा क्षेत्र र स्थान सम्बन्धी विभिन्न तथ्याङ्क र (Land Use Inventory) लाई प्रयोगमा ल्याई सम्पदा क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र संरक्षण कार्य गर्ने । | १. मध्यकालका सम्पदा संरक्षण सम्बन्धी मध्यकालीन प्राथमिकताका कार्यक्रमलाई निरन्तता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरमा अवस्थित सम्पूर्ण धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीय महत्वका सम्पदा क्षेत्र र स्थलहरूको अध्ययन, सूचीकरण र वर्गीकरणको थालनी । | २. संकलित तथ्याङ्क, अध्ययन, सूचीकरण र वर्गीकरणको आधारमा सम्पदा गुरुयोजना र (Heritage register) निर्माण कार्य गर्ने । | |

**ग.** विशेष गरी नगरको आदिबासी, जनजाती र लोपोन्मुख समुदायको भाषा, लिपि, प्रस्तुति तथा शिल्पकला लोप हुँदै गएको सन्दर्भमा सो को संरक्षण जरुरी छ । अमूर्त सम्पदा, जस्तैः मौखिक परम्परा, भाषा, लिपि, साहित्य, प्रस्तुति कला, सामाजिक अभ्यास, रीति-रिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू जोगाउन चुनौतीपूर्ण हुन्छ । त्यसर्थ यस्तो किसिमको ज्ञान तथा कलालाई जगेर्ना गर्न नगरले अभिलेखीकरण तथा व्यवस्थित तरिकाले सम्बर्धन, अद्यावधिक तथा वितरण गर्ने कार्यक्रम राखेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. लोपोन्मुख र जनजाति भाषा, लिपि र विभिन्न कला र संस्कृतिको पहिचान र त्यसपश्चात सो को संरक्षण गर्न अभिलेखीकरण र (Knowledge management) को थालनी । | १. भाषा तथा लिपिको अभिलेखीकरण र (Knowledge management) लाई निरन्तरता तथा अद्यावधिक । | १. भाषा तथा लिपिको अभिलेखीकरण र (Knowledge management) लाई निरन्तरता तथा अद्यावधिक गरी स्थानीय पहिचान निर्माण गर्ने । |

**घ.** सेवा प्रवाह अन्तर्गत सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी विभिन्न कार्य पहिचान गरिएको छ । नगरमा अवस्थित सम्पदा स्थान/क्षेत्रको संरक्षण र व्यवस्थापनमा सुधार तथा प्रबर्द्धन, नयाँ सम्पदा स्थान/क्षेत्रको पहिचान, जारी रहेका योजना/परियोजना समापन लगायात कार्यक्रमहरू विभिन्न चरणमा तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वडा नागरिकहरूको अनुरोधलाई मध्यनजरमा राख्दै प्राचीन मन्दिर गुम्बाहरूमा पुजारी र पूजा सामग्री, परिचरको व्यवस्था, दिव्यपुर ७ बैदीमा रहेको मन्दिरहरूको व्यवस्थापन, दिव्यपुर ७ पदमपुरमा पूर्ण जीर्ण भएको शिव मन्दिरलाई निर्माण, त्रिवेणी धाम निर्माण, बेलुवामा रहेको शिव मन्दिरलाई घेरबार, पर्शुराम कुण्डको व्यवस्थापन, पदम प्रकाशेश्वर मन्दिरलाई जग्गा व्यवस्थापन लगायत ओजेल परेका महत्वपूर्ण सबै स्थानीय सम्पदा र संस्कृतिको संरक्षण, व्यवस्थापन, र प्रचार प्रसारको लागि विशेष कार्यक्रम तर्जुमा गर्ने । त्यसै गरी पर्यटकीय हिसाबले महत्वपूर्ण सम्पदा क्षेत्र र स्थलहरूको प्रचार प्रसार, पूर्वाधार निर्माण, र सूचना केन्द्रहरू स्थापना गर्ने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.१ कोठारपुरमा चौधरी समुदायको संस्कृति झल्किने वडघरको घर र मरुवा स्थापना गर्नुपर्ने । | | |
| २. प्रस्तावित, निर्माणाधीन र विशेष गरी २०७६/७७ को नीति तथा कार्यक्रममा उल्लेखित सम्पूर्ण सम्पदा एवं संग्रहालय, मठ, मन्दिर, गुम्बा आदि सम्बन्धी सबै कार्यक्रम सम्पन्न गरी प्रयोगमा ल्याउने । | | |
| ३. नगरपालिकाले गर्दै आएको साँस्कृतिक सहयोग र सहकार्यलाई निरन्तरता दिने र यस्तो कार्य बढाउँदै जाने । | ३. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरले गर्ने सहयोग र सहकार्यलाई निरन्तरता दिने । स्थानीय कला र संस्कृति संरक्षणलाई अन्य क्षेत्रको कार्यक्रममा समेत समावेश गर्ने । | ३. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरले गर्ने सहयोग र सहकार्यको पद्धतिमा आवश्यक परिमार्जन सहित निरन्तरता दिने । |

**ङ.** सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य सम्पादनको निम्ति नगरपालिकामा सक्षम जनशक्ति, शाखा, संयन्त्र, र आन्तरिक तथा बाह्य सरोकारवालाहरूको आवश्यकता पर्ने हुनाले साथै विभिन्न स्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि, सहकार्य र समन्वय पनि महत्वपूर्ण हुनाले यस सम्बन्धी कार्यक्रमहरू पनि तर्जुमा भएको छ । त्यस्तै यस क्षेत्रमा सचेतना र जागरूकताको पनि उत्तिकै महत्वपूर्ण भूमिका र यस्ता क्षेत्र र स्थानको सुरक्षामा पनि ध्यान दिनुपर्ने हुनाले यस विषयलाई पनि मध्यनजर गर्दै कार्यक्रम राखिएको छ । विशेष गरी युवा पुस्तामा संस्कृति सम्बन्धी मूल्य, मान्यता घट्दै गएको भन्ने बुझिएकोले, युवा पुस्तालाई समेत सचेतना अभिवृद्धिमा कार्यक्रम तय गरिएको हो ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को सङ्गठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गत सम्पदा संरक्षण इकाई स्थापना गर्ने । | १. आवश्यकता अनुसार सम्पदा संरक्षण इकाईलाई सामाजिक विकास शाखा अन्तर्गत विस्तार गर्ने । | १. सम्पदा संरक्षणसँग सम्बन्धित क्षमता विकास कार्यक्रममा आवश्यक परिमार्जन गरी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| १.१. सम्पदा व्यवस्थापन एवं संरक्षणको लागि नगरस्तरीय र वडास्तरीय समिति गठन तथा परिचालन गर्ने । | १.१. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | |
| २. सम्पदा संरक्षण इकाईको विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्वारा क्षमता अभिवृद्धि गर्ने । | | |

| **ङ.१.** बाह्य पक्ष र सरोकारवालाको लागि : | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई सम्पदा संरक्षण क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने नागरिक, बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धिमा पनि ध्यान दिन ।<br>२. सम्पदा संरक्षण र व्यवस्थापनको लागि गुठी, मन्दिर व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति लगायत सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग साझेदारी विकास गर्ने ।<br>३. विशेष गरी नयाँ पुस्तालाई संलग्न गराउने किसिमको सचेतना कार्यक्रमहरू आयोजना गर्ने र विभिन्न चरणमा कार्यक्रमहरू कायम राख्ने । | १. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मूल्याङ्कन र नियमन । | १. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मूल्याङ्कन र नियमन । |
| **ङ.२.** सम्पदा स्थान र क्षेत्र सुरक्षा सम्बन्धी : | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. समुदाय स्वयम् तथा नगर प्रहरी र अन्य सुरक्षा संयन्त्र (प्रहरी, नेपाली सेना आदि) को सहयोगमा सम्पदा क्षेत्र संरक्षण गर्ने । | १. सम्पदा संरक्षणमा नगरको आन्तरिक संयन्त्र र सम्बन्धित सरोकारवालासँगको सहकार्यलाई संस्थागत र व्यवस्थित गर्ने । | १. सम्पदा संरक्षणमा सहकार्य र साझेदारीलाई उपलब्धीमूलक बनाउन सम्बन्धित सरोकारवाला सहितको नगरस्तरीय संयन्त्रको भूमिका परिभाषित गरी थप व्यवस्थित बनाउने । |

**ताजिका २/५.२.३ : सम्पदा संरक्षणका परिमाणात्मक लक्ष्य**

| क.स. | उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| १. | Museum/Art Gallery | | प्रत्येक २० हजार जनसंख्यालाई १ | प्रत्येक १० हजार जनसंख्यालाई १ | प्रत्येक ५ हजार जनसंख्यालाई १ |
| २. | व्यवस्थित सव दाह स्थल/स्थान | | प्रत्येक वडामा कम्तिमा १ | प्रत्येक वडामा कम्तिमा २ | प्रत्येक वडामा २ हजार जनसंख्यामा १ |
| ३. | लोपोन्मुख/आदिबासी भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृतिको आधारमा समुदाय पहिचान कार्य (संख्या) | | १ | १ | १ |

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| ४. | लोपोन्मुख/आदिबासी भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृति संरक्षण गर्न अभिलेखीकरण तथा knowledge management कार्यमा समग्र प्रगति (% मा) | | | | १००% |
| ५. | सम्भावित सम्पदा महत्वका (सबै किसिमको) स्थान, क्षेत्रको पहिचान, अध्ययन, अनुसन्धान, उत्खनन् कार्य (संख्या) | | | | |
| ६. | सम्पदा क्षेत्र वा स्थानभित्र परेको भनि स्थापित भएका जग्गा/घर/संरचनालाई कानुन बमोजिम व्यवस्था (संख्या वा क्षेत्रफल) | | | | |
| ७. | नगरपालिकाले गर्दै आएको सांकृतिक सहयोग र सहकार्य (संख्या वा रूपैया) | | | | |
| ८. | सम्पदा संरक्षण र व्यवस्थापनको लागि गुठी, मन्दिर व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति लगायत सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग गरिएको साझेदारी (संख्या) | | | | |
| ९. | सम्पदा संरक्षण र व्यवस्थापनको लागि सचेतना कार्यक्रमहरू बाट लाभान्वित जनसंख्या | | | | |

## ५.२.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

## १. पृष्ठभूमि

नेपालको सन्दर्भमा लैङ्गिक समानता अन्तर्गत मुलतः महिला तथा लैङ्गिक अल्पसंख्यकको सम्मान, सुरक्षा, अवसर र न्यायको विषय पर्छन्। समाजिक समावेशीकरण भन्नाले विविध कारणले बहिष्करणमा परेका वर्ग क्षेत्र, लिङ्ग र सम्प्रदायका नागरिकको राज्य संचालन प्रक्रियामा मुल प्रवाहीकरण गर्ने विषय पर्छन्। विभिन्न जातजातिको समिश्रण रहेको टीकापुर नगरपालिका जनसाङ्ख्यिक अवस्थाका आधारमा एक समावेशी नगरपालिका हो। टीकापुरमा बसोबास गर्ने सबै जातजाति लगायत महिला, अपाङ्गता भएका व्यक्ति लगायत सबैको बराबर सम्मान र समान अवसरको सुनिश्चितताका लागि नगरले विभिन्न प्रयास गरिरहेको छ। नागरिकका बिच उत्पत्ति धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुरामा भेदभाव नगरिने कुरा नेपालको संविधानले मौलिक हकका रूपमा समावेश गरेको सन्दर्भमा निर्वाचित स्थानीय सरकार गठनसँगै संविधान प्रदत्त समानताको हक सुनिश्चिततालाई स्थानीय सरकारको प्रमुख दायित्व हुनेमा टीकापुर दृढ छ। टीकापुर नगरपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रम अन्तर सम्बन्धित विषयका रूपमा समावेश गरी कार्यान्वयन गर्दै आएता पनि स्थानीय रूपमा कानुनी र नीतिगत प्रबन्ध गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सेवालाई सम्बोधन गर्ने सवालमा कमी महसुस गरिएको छ।

टीकापुर नगरपालिकाको नगर पार्श्वचित्र २०७५ का अनुसार ५ वर्ष माथिका महिला र पुरुषको साक्षरता दर क्रमशः ६५.६९ प्रतिशत र ८०.८६ प्रतिशत रहेको छ। सम्पत्तिमा स्वामित्व (विशेषगरी घर जग्गामा) पुगेको महिला २५ प्रतिशत रहेको छ। मातृ मृत्युदर प्रतिलाख जिवित जन्ममा ४ प्रतिशत रहेको छ।

महिला तथा पुरुषको सामाजिक विकासको स्तरमा रहेको अन्तर तथा समस्या समाधानका लागि नगरले विभिन्न प्रयास गरेको छ। स्वास्थ्य बिमा लगायत निश्चित सेवामा महिला, दलित, अल्पसंख्यक आदिको पहुँच सुनिश्चित गर्नका लागि विभिन्न स्थानीय नीति तथा कानुन तय गरी कार्यान्वयन समेत गरिएको छ। तथापि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको समग्र सवाललाई विशेष नीति मार्फत् सम्शोधन गर्ने आवश्यकता महसुस गरी यो क्षेत्रको दीर्घकालीन नीति तथा योजना तयार गरिएको छ।

## २. लक्ष्य

अधिकार र अवसरमा सबै नगरबासीको समान पहुँच र न्याय सुनिश्चित गर्ने।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : नीतिगत र कानुनी रूपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिनिश्चित गर्नु।**

**नीति क.** लैङ्गिक समानता र सामाजिक समावेशीकरण सन्दर्भमा नेपालको कानुनमा भएको व्यवस्थालाई व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, तथा कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।

**नीति ख.** नीति तथा कानुनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तय गरी नगरमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरण गरिने छ।

**नीति ग.** बालअधिकारलाई सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिने छ।

**नीति घ.** संविधानको धारा १० मा व्यवस्था भए अनुसार अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ।

**नीति ङ.** महिला सशक्तिकरण सम्बन्धी नीतिगत व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।

**नीति च.** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सबललाई सबै क्षेत्रका नीति तथा कार्यक्रममा मुल प्रवाहीकरण गर्दै लगिने छ।

**उद्देश्य २ : नगरको विकास निर्माण र सेवा प्रवाहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई व्यवहारिक कार्यान्वयन गर्नु ।**

**नीति क.** महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै महसुस हुने गरी नगरको सेवालाई पहुँचयोग्य बनाइने छ ।

**नीति ख.** नगरको राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ ।

**नीति ग.** नगरमा निर्माण हुने हरेक सार्वजनिक संरचना अपाङ्गता मैत्री, बालमैत्री र ज्येष्ठ नागरिक मैत्री बनाइनेछ ।

**नीति घ.** दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको सुरक्षा र सुरक्षित बसोबाासका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

**नीति ङ.** आर्थिक, सामाजिक र राजनीतिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।

**नीति च.** आर्थिक, सामाजिक र राजनीतिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।

**नीति छ.** नगरमा रहेका संघ संस्था तथा समितिहरूमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँचयोग्यता र सम्बन्धित पक्षले पाउने सेवा प्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखा जोखा प्रणालीलाई संस्थागत गरिनेछ ।

**उद्देश्य ३ : सामाजिक समावेशिकण प्रवर्द्धनको भूमिकामा रहेको नगर संयन्त्रलाई क्षमतायुक्त बनाउनु ।**

**नीति क.** नगरमा रहेका महिला तथा बालबालिका शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

**नीति ख.** महिला तथा बालबालिका शाखालाई प्रविधि मैत्री बनाइनेछ ।

**नीति ग.** महिला तथा बालबालिका शाखाका कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ ।

**नीति घ.** तालिम, अनुशिक्षण लगायतका विधिमार्फत् महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदिको अधिकार, पहुँच तथा नगरको भूमिका सम्बन्धमा सबै नगर अन्तर्गतका इकाई तथा कर्मचारी बिचमा स्पष्टता ल्याइने छ ।

**नीति ङ.** नगर भित्र, नगरमा रहेका संघ संस्था तथा समितिमा विभिन्न पक्षको प्रतिनिधत्वको अवस्था, पूर्वाधारहरूको पहुँचयोग्यता, सम्बन्धित पक्षले पाउने सेवा प्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिने छ ।

**उद्देश्य ४ : सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरबाट प्रवाह गरिने सेवा प्रभावकारी बनाउनु ।**

**नीति क.** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता वितरण थप प्रभावकारी बनाइनेछ ।

**नीति ख.** सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरूको प्रभावकारी तथ्याङ्क व्यवस्थापन गरिनेछ ।

**नीति ग.** सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ ।

**नीति घ.** ज्येष्ठ नागरिक, दीर्घरोगी तथा अपाङ्गता भएका व्यक्तिको सम्मान र सुरक्षाका लागि पारिवारिक संरक्षणमा जोड दिइने छ ।

**तालिका १/५.२.४ : आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**क.** टीकापुर नगरपालिकाले सेवा प्रवाह र विकास निर्माणलाई ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिने तथा योजना तथा विकास निर्माणको अभ्यासमा सहभागिता प्रवर्द्धनका अभ्यास गरिरहेको छ। तथापि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति तथा बेग्लै कानुन नभएको तथा सबै क्षेत्रका नीति तथा कानुनमा यो पक्ष विश्लेषण गर्नुपर्ने आवश्यकता देखिएकोले नीतिगत र कानुनी व्यवस्था निर्माणको आवधिक कार्यसुची यहाँ प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. लैङ्गिक समानता र सामाजिक समावेशीकारणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू निर्माण गर्ने। | १. लैङ्गिक समानता र सामाजिक समावेशीकारणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू अध्यावधिक गर्ने। | १. लैङ्गिक समानता र सामाजिक समावेशीकारणका नीति नियम र कार्यविधिहरूलाई थप व्यवहारिक र समय सापेक्ष बनाउने। |
| २. नगरको पूर्वाधार व्यवस्थापन तथा सेवा प्रवाहसँग सम्बन्धित नीति तथा कानुनमा सामाजिक समेवेशीकरणको पक्ष विश्लेषण गरी आवश्यक परिमार्जनको शुरुवात गर्ने। | २. नगरका सबै नीति तथा कार्यक्रमलाई समाजिक समावेशीकरणको नीति अनुकुल भएको सुनिश्चिता गर्ने। | २. क्षेत्रगत नीतिहरूमा रहेका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षको पुनरावलोकन र आवश्यक परिमार्जन गर्ने। |

**ख.** नगरपालिकाले विभिन्न कार्यक्रम कार्यान्वयका लागि गठन हुने उपभोक्ता समितिमा महिला लगायत सबै पक्षको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ भने संरचनाहरूलाई अपाङ्गता भएका, बालबालिका र महिला मैत्री बनाउँदै लगिएको भएपनि सहभागिता र संरक्षण र पहुँचका थप कार्य गर्नुपर्ने आवश्यकता महसुस गरी निम्न प्राथमिकता तय गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ४० प्रतिशत पुऱ्याउने साथै दलित, जनजाति र पछाडि परेका समुदायको सहभागिता सुनिश्चित गर्ने। | १. विभिन्न समितिमा महिला, दलित जनजातिको वा लोपउन्मुख जातिको सहभागिता सुनिश्चितताको व्यवहारिक कार्यान्वयनमा जोड दिने। | |
| २. नगरमा निर्माण भएका र निर्माण हुने सार्वजनिक पूर्वाधार अपाङ्गता मैत्री बनाउन थालनी गर्ने। | २. नगरभित्र निर्माण भएका सबै पूर्वाधार अपाङ्गता मैत्री बनाउने। | २. नगरपालिकाबाट सञ्चालन हुने सबै पूर्वाधार र सेवा सम्बन्धी कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल समेट्ने अभ्यासलाई संस्थागत गरिसक्ने। |
| ३. महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने। | ३. महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न गरिने प्रवर्द्धनात्मक कार्यक्रमलाई थप प्रभावकारी बनाउने | |
| ४.दुर्व्यबहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माणका लागि अध्ययन र पूर्व तयारी गर्ने | ४.दुर्व्यवहारमा/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माण गर्ने। | ४. दुर्व्यवहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृहलाई थप व्यवस्थित र प्रभावकारी बनाउने |
| ५.नगरलाई बालमैत्री नगरको अवस्थामा पुऱ्याउने गरी सार्वजनिक पूर्वाधार सुधारको थालनी गर्ने | ५. नगरलाई बाालमैत्री नगरको अवस्थामा पुग्नेगरी सार्वजनिक पूर्वाधार सुधार गरिसक्ने। | ५. नगरलाई बालमैत्री पूर्वाधार युक्त नगरको रूपमा स्थापित गर्ने |

<table>
<tr><th>अल्पकालीन (पहिलो २ वर्ष)</th><th>मध्यकालीन (३ देखि ७ वर्ष)</th><th>दीर्घकालीन (८ देखि २० वर्ष)</th></tr>
<tr><td>६. लैङ्गिक हिंसा न्यूनीकरणका लागि नगरपालिकामा लैङ्गिक हिंसा न्यूनीकरण कोष स्थापना गर्ने ।<br><br>७. नगरपालिकाबाट प्रवाह हुने सेवामा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जनका लागि आधारहरू तयार गर्ने ।</td><td>६. लैङ्गिक हिंसा न्यूनीकरण कोषका माध्यमबाट लैङ्गिक हिसा न्यूनीकरणका लागि विविध कार्यक्रम सञ्चालन गर्ने ।<br><br>७. नगरपालिकाबाट प्रवाह हुने सेवामा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबाालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जन सहित कार्यान्वयन गर्ने ।</td><td></td></tr>
<tr><td colspan="3">ग. नगरका महिला तथा बालबालिका शाखा रहेकोमा यसलाई थप क्षमतायुक्त बनाउन तथा सबै संयन्त्रको कार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई समेट्ने गरी सङ्गठन संरचना र क्षमता विकासका प्राथमिकता निर्धारण गरिएको छ ।</td></tr>
<tr><th>अल्पकालीन (पहिलो २ वर्ष)</th><th>मध्यकालीन (३ देखि ७ वर्ष)</th><th>दीर्घकालीन (८ देखि २० वर्ष)</th></tr>
<tr><td>१. महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने ।<br><br>२. महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने ।<br><br>३. सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रविधि मैत्री बनाउन थालनी गर्ने ।<br><br>४. महिला तथा बालबालिका शाखालाई अपाङ्गता मैत्री र बालमैत्री बनाउन थालनी गर्ने ।<br><br>५. एकल महिला स्वरोजगार कार्यक्रमका लागि आधार तयार गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने ।<br><br>६. एकल तथा असहाय महिला सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने ।<br><br>७. महिला उद्यममा पहिला भन्ने नारालाई साकार पार्न महिला लक्षित साना तथा लघु उद्यम प्रवर्द्धन कार्यक्रम तय गरी आर्थिक विकासको अंगका रूपमा लागु गर्ने ।</td><td>१. महिला तथा बालबालिका शाखालाई आधुनिक प्रविधि युक्त बनाउने ।<br><br>२. महिला तथा बालबालिका शाखामा कार्यरत कमचारीको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिने ।<br><br>३. सबै प्रकारका सामाजिक सुरक्षा सेवा वितरणलाई सूचना प्रविधिमा आधारित बनाउने ।<br><br>४. महिला तथा बालबालिका शाखालाई पूर्ण अपाङ्गता मैत्री र बालमैत्री बनाउने ।<br><br>५. एकल महिला स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।<br><br>६. एकल तथा असहाय महिला सुरक्षा कोषलाई थप प्रभावकारी बनाउने ।</td><td>१. महिला तथा बालबालिका शाखालाई जनशक्ति , पूर्वाधार र प्रविधि युक्त वनाउने ।</td></tr>
</table>

**तालिका २/५.२.४ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको परिमाणात्मक लक्ष्य**

| क्र.सं. | उपलब्धी सूचक | एकाइ | आधार वर्ष | अल्पकाल | मध्यकाल | दीर्घकाल |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी ऐन, नियम र कार्यविधि निर्माण सम्बन्धी जनप्रतिनिधिलाई अभिमुखिकरण , निर्माण र नियमित अद्यावधिक(प्रत्येक पटक निर्वाचित) | संख्या | ० | ५५ | ५५ | ११० |
| २ | नगरमा निर्माण हुने र निर्माण भएका सबै सरकारी र सामुदायिक संरचना अपाङ्गमैत्री बनाउने (कम्तिमा १५० संरचनामा र्याम्प) | संख्या | ० | ४० | ६० | ५० |
| ३ | महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्ने प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने | पटक | | २ | ४ | १३ |
| ४ | दुर्व्यबहार/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माण गर्ने | संख्या | ० | ० | १ | ० |
| ५ | लैगिक हिंसा न्यूनीकरणका लागि नगरपालिकामा लैङ्गिक हिंसा न्यूनीकरण कोष स्थापना गन | पटक | | १ | ० | ० |
| ६ | महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने | पटक | | १ | १ | १ |
| ७ | महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई क्षमता विकास तालिम | पटक | | १ | २ | ६ |
| ८ | सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रविधि मैत्री बनाउन आवश्यक उपकरण सहयोग | पटक | | १ | १ | १ |
| ९ | महिला तथा बालबालिका शाखाको भौतिक संरचना अपाङ्गता मैत्री र बाल मैत्री बनाउने | संख्या | ० | ० | १ | ० |
| १० | एकल तथा असहाय महिला सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने | पटक | | १ | | |

## ५.३. पूर्वाधार विकास

यो खण्डमा टीकापुर नगरपालिकाको भू-उपयोग र शहरी विकास, पार्क तथा मनोरञ्जनका पूर्वाधार, यातायात, खानेपानी, सार्वजनिक सरसफाई, सार्वजनिक भवन तथा पुस्तकालय, सिँचाई, विद्युत र सञ्चार सम्बन्धी पूर्वाधार र सेवाको नीति तथा आवधिक प्राथमिकता समेटिएको छ। यी सेवाका पूर्वाधार तयारी वा स्तरोन्नतीको विधि र मापदण्ड निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयनमार्फत् सुव्यवस्थित र पूर्वाधारयुक्त टीकापुर निर्माणको नीति र प्राथमिकता यो क्षेत्रमा समेटिएको छ।

## ५.३.१. भू-उपयोग तथा आवास व्यवस्थापन

### १. पृष्ठभूमि

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको (२०७२) अनुसार सीमित भूमि र भूमिस्रोतको संरक्षण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन सम्बन्धी कार्यलाई मार्गनिर्देशन गर्न तर्जुमा गरिएको नीतिगत दस्तावेज भू-उपयोग नीति हो। भूमि तथा भूमिस्रोतको संरक्षण, उपयोग र व्यवस्थापनका लागि आवश्यक पर्ने कानुनी एवम् संस्थागत व्यवस्था यसै नीतिको आधारमा गरिन्छ। यस नीतिले भूमि तथा भूमिस्रोतको उपयोगबाट प्राप्त हुने लाभलाई न्यायोचित ढंगबाट वितरण गर्न सक्ने अवस्था सिर्जना गर्दछ। भू-उपयोग नीति, नियम, योजनाको साथै सो को प्रभावकारी कार्यान्वयन र अभ्यास स्थानीय सरकारको लागि महत्वपूर्ण हुन्छ। नगरपालिकाहरूको शहरी/ग्रामीण योजना निर्माण, चाहे औद्योगिक, व्यापारिक वा आवासीय क्षेत्रका लागि होस् यसमा कतै न कतै भू-उपयोग योजनाको आवश्यकता पर्दछ।

भू-उपयोग योजनालाई स्थानीय सरकारको नीति निर्माणले पनि ठुलो रूपमा असर पार्दछ। उदाहरणको लागि स्थानीय सरकारले कुनै पनि निर्माण संस्थालाई आवासीय वा व्यापारिक प्रयोजनको लागि ठूला आवासीय भवनहरू निर्माणको अनुमति दिन लागेको, विद्यालयको कक्षाकोठा वा नयाँ भवन निर्माणको तयारी, बाटो वा अस्पताल निर्माणजस्ता कार्यहरू सञ्चालन गर्न भू-उपयोग योजना भएमा यस्ता निर्माण बढी प्रभावकारी हुने निर्णय गरी निर्माण प्रक्रियामा लैजान सकिन्छ। भू-उपयोग नीति, नियम, योजनाले स्थानीय सरकारलाई जमिनको प्रकृति अनुसारको क्षेत्र छुट्याउन तथा विकास निर्माणका कार्यहरू विस्तार गर्न सहजता पुऱ्याउँछ। नेपालको संविधान २०७२ ले स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी काम कारवाहीमा अधिकार सुनिश्चित गरेको छ।

भू-उपयोग ऐन २०७६ ले पनि स्थानीय सरकारलाई विभिन्न भू-उपयोग संरचनासहित, भू-उपयोग क्षेत्र नक्सा तयारी, परिमार्जन, र कार्यान्वयन एवम् भू-उपयोग योजना तर्जुमा गर्न निर्देशित गरेको पाइन्छ। विस्तृत रूपमा हेर्दा भू-उपयोग ऐन, कार्यविधि, योजना बनाउने कार्य संघीय र प्रदेश सरकारको कार्यसुचिभित्र परेका छन् र थप स्थानीय नीति, नियम, भू-उपयोग योजना बनाउने कार्य स्थानीय सरकारको कार्य हो भनी शहरी विकास मन्त्रालयले प्रकाशन गरेको भू-उपयोग नीतिमा उल्लेख गरेको पाइन्छ। हालको अवस्थामा टीकापुर नगरपालिकाको भू-उपयोग सम्बन्धी नीति, नियम, योजना बन्न बाँकी छ। विगतमा रहेको नगरको शहरी विकास सम्बन्धी दस्ताबेजहरू पनि द्वन्द्वकालमा तत्कालीन टीकापुर विकास समिति नष्ट हुँदा, हालसम्म उक्त दस्ताबेजहरू नगरसँग उपलब्ध नभएको अवस्था रहेको छ। देशमा भएका अन्य नगरपालिकाहरूको भू-उपयोगको प्रयोग हेर्दा यस नगरपालिकाको केही बस्तीहरूमा व्यवस्थित बसोबास रहेको देखिन्छ।

टीकापुर नगरपालिकाको स्थापना योजनावद्ध नगरको अवधारणा अनुरूप भएकोले नगरको मुख्य शहरी भेगमा सुव्यवस्थित र योजनावद्ध शहरको झल्को पाइन्छ। तर मुख्य शहरी क्षेत्र बाहिरको बस्ती भने योजनावद्ध रूपमा विकास नभएकोले कतिपय परस्पर विरोधी भू-उपयोगको अवस्था समेत रहेको छ। भूमिको अवैज्ञानिक प्रयोग तथा तालमेल नमिल्नाले (Land Use Conflict), अव्यवस्थित र असुरक्षित बसोबास/भू-प्रयोग विद्यमान छ।

जनसंख्याको आधारमा विगत दशकहरूमा टीकापुर नगरपालिकाको जनसंख्या विभिन्न कारणले बढेको पाइन्छ । तत्कालीन एकात्मक राज्य प्रणालीमा स्थानीय सरकारको खासै भूमिका नरहेको र भू-उपयोगको अवधारणालाई खासै महत्व नदिइएकोमा आजको दिनमा हरेक स्थानीयले यसको नकारात्मक असर महसुस गरेका छन् । अन्य नगरपालिकाको तुलनामा यस नगरपालिकामा केही भागहरूमा जमिन र सडकको रेखाङ्कन (ग्रीड) शैलीमा राखेको देखिन्छ तर केही वडामा बाहेक जमिनको वर्गीकरण गर्दा सेवा, कार्यालय, व्यापारिक प्रयोजन, संस्थागत र औद्योगिक क्षेत्रहरू छुट्टाछुट्टै हुने गरी व्यवस्थापन गरेको देखिँदैन । आवासीय क्षेत्रमा पनि निर्माणको मापदण्डहरू कडाईका साथ लागु गरेको पाइँदैन । उदाहरणको लागि बस्ती क्षेत्र नजिक साना कलकारखाना र पशुपालन हुने गरेको, कृषि जमिनमा क्रसर तथा इट्टा उद्योग सञ्चालनमा रहेको, नदी किनार नजिक बस्ती तथा मानव गतिविधि हुने गरेकोले स्वास्थ्यमा असर, वायु तथा ध्वनि प्रदुषण, घट्दो कृषि उत्पादन, विपद्को सम्भावना लगायतका समस्याहरू विद्यमान छ । तसर्थ टीकापुर नगरपालिकामा बस्ती विकासको लागि भनेर योजनाहरू अति आवश्यक छ । नगरमा नेपाल सरकारको नीति नियम, भवन निर्माणका संहिता तथा मापदण्ड लगायत प्रयोग तथा अनुशरण गरिएको पाइन्छ । तर बस्तीहरूलाई एकरूप बनाउने र समय सापेक्ष बस्ती विकासको अभ्यास गरिएको पाइँदैन । शहरी विकास मन्त्रालयको विभिन्न निर्देशनहरूले कुनै एउटा मात्र क्षेत्र नभई बृहत् क्षेत्र समेट्न खोजिएको तर नियमन र अनुगमन नहुँदा र कुनै स्थान वा परिवेश विशेष नहुँदा प्रयोग झण्झटिलो समस्यामय देखिएको छ । हरेक योजना निर्माणमा र उपयोगमा जनताको प्रत्यक्ष सहभागिता र सहयोगको आवश्यकता महत्वपूर्ण रहन्छ । चली आएको योजना निर्माण प्रक्रिया तथा विकासका कार्यक्रमहरू विज्ञद्वारा नै तोकिने गरेको छ । जनस्तरको आवाज योजना निर्माणमा फिक्का हुने कारणले योजना जनअपेक्षा अनुरूप नबन्ने र जनसमुदायले ग्रहण नगर्ने समस्या रहेको छ । त्यसैले टीकापुर नगरपालिकाको आगामी योजनाहरूको निर्माणका लागि बढीभन्दा बढी जनसहभागिता वृद्धि गर्नुपर्ने देखिन्छ । संघीयताको कार्यान्वयन पश्चात् धेरै नीति नियम, कानुन निर्माण गर्ने अधिकार स्थानीय सरकारमा रहेको छ ।

स्थानीय योजना निर्माणमा बढीभन्दा बढी जनसहभागिता बढाउने, समस्या पहिचानमा जनसहभागिता र परियोजना सञ्चालनमा अपनत्व बढाउन स्थानीय सरकारले विशेष ध्यान पुऱ्याउनु पर्छ । आगामी दिनमा नगरपालिकाले संघ तथा प्रदेश सरकार, नापी तथा मालपोत कार्यालय, र विषयविज्ञको सहयोग र समन्वयमा आफ्नो भू-उपयोग योजना निर्माण गर्न सक्दछ । साथै राष्ट्रिय भू-उपयोग परियोजना National Land Use Project अन्तर्गत पनि यस नगरपालिकाको हालको भू-उपयोग नक्सा तथा प्रतिवेदन तयार हुँदै गरेको हुँदा उक्त अभिलेखको आधारमा पनि नगरको भू-उपयोग योजना निर्माण कार्यलाई मूर्त रूप दिन सकिन्छ ।

टीकापुर नगरपालिकामा भू-उपयोगको वास्तविक तथ्याङ्क अत्यन्तै न्यून र व्यवस्थित रूपमा नरहेको अवस्था छ । बीस वर्ष पुरानो भौगोलिक सूचना प्रणाली GIS नक्साकंन बाहेक संघीय मन्त्रालय स्तरबाट तयार हुँदै गरेको राष्ट्रिय भू-उपयोग परियोजना National Land Use Project को तथ्याङ्क समेत नगरपालिकासँग उपलब्ध भइसकेको छैन । संघीय सरकारद्वारा सञ्चालित राष्ट्रिय भू-उपयोग परियोजना National Land Use Project बाट प्राप्त हुने तथ्याङ्क पनि स्थानीय कित्तास्तरमा नभई समग्र जिल्लास्तरको रहेको छ । जसकारण सो तथ्याङ्कलाई कित्तास्तर र सीमास्तरमा मिलाउन कठिन देखिन्छ ।

भू-उपयोग योजना बनाउनको लागि सबैभन्दा जरुरी जग्गा कित्ता तह तथ्याङ्क Land Parcel Level Data तथा नगरपालिकाका वडागत सीमा सहितको GIS तथ्याङ्क रहन्छ । वर्तमान नापी विभागको जग्गा कित्ता तथ्याङ्कमा निकै त्रुटिपूर्ण देखिन्छ, जसले गर्दा भू-उपयोग योजना बनाउन समस्या र घरधुरीमा विवाद निम्त्याउने देखिन्छ । केन्द्रबाट बनेको नगरपालिका नक्सा र स्थानीय वास्तविक वडा सीमाहरूमा पनि केही समस्या रहेको छ । यो त्रुटि अन्तर वडामा मात्र नभई अन्य नगर/गाउँपालिकासँगको सीमामा पनि देखिन्छ । भू-उपयोग योजनाले नगरपालिकाद्वारा प्रदान हुने अन्य सबै सेवालाई समेत निर्धारण गर्ने हुनाले यसको लागि चाहिने भूमि सम्बन्धी तथ्याङ्कहरूको संकलन, व्यवस्थापन र प्रयोग आवश्यक हुन्छ । त्यसैगरी पुर्नविकास अर्थात् साना टुक्रे कित्ताहरू तथा पुराना अव्यवस्थित किसिमले बनेका संरचनाहरूलाई व्यवस्थित ढंगले पुनस्थापना अर्थात् पुर्नविकास (Redevelopment) गर्दा नगरपालिकाको प्रमुख समस्याको रूपमा रहेको सुकुम्बासी तथा ऐलानी जग्गामा बसोबास गर्ने परिवारको तथा जमिनको पनि उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

अधिकांश स्थानीय सरकारहरूले नक्सा पास/निर्माण स्वीकृति प्रक्रिया कार्य परम्परागत रूपमा हुँदै आएको हुनाले यसलाई थप आधुनिकीकरण र प्रविधिमूलक बनाउन जरुरी देखिन्छ। हालसम्म कागजी रूपमा हुने नक्सा पास/निर्माण स्वीकृति कार्यलाई विद्युतीय (Digital) माध्यमद्वारा अगाडि बढाउन पर्ने देखिन्छ भने सबै अन्तर सम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणाली एकीकृत गर्ने (Integrated Building Permit System) तयार गरी कार्यान्वयनमा लैजानु आवश्यक छ।

राष्ट्रिय भू-उपयोग परियोजनाबाट प्राप्त हुने सूचनाको उपयोग तथा संघीय कानुनले दिएको अधिकारलाई अवसरको रूपमा लिँदै भू-उपयोग र आवास व्यवस्थापनका वर्तमान समस्या समाधान गर्न व्यवहारिक र कार्यान्वयनयोग्य भू-उपयोग योजना बनाई लागु गर्नु तथा आवास व्यवस्थापनलाई नगरको विकास र सेवा प्रवाहमा सहजता ल्याउने, टीकापुरको विशेषतासहितको भू-उपयोग र बस्ती व्यवस्थापनमा सुधार ल्याउने चुनौती नगर सामु छ।

## २. लक्ष्य

नगरलाई सकरात्मक भू-उपयोग सहितको सुव्यवस्थित नगर बनाउने।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : नगरको वडा तहका सीमा भौगोलिक सूचना प्रणाली (GIS) आधारमा अद्यावधिक/परिमार्जन गर्नु।**

**नीति क.** निर्वाचन आयोग र नापी कार्यालयसँग समन्वय गरी हरेक वडाको राजनीतिक र भौगोलिक सीमा यकिन गरी नगरपालिकाको सीमामा एकरूपता ल्याइनेछ।

**नीति ख.** प्रत्येक वडाभित्र पर्ने हरेक घरधुरी तथा सेवा प्रवाह सोही वडाभित्र पर्ने गरी सीमा तथ्याङ्क कायम गरिनेछ।

**नीति ग.** नगरपालिकासँग जोडिएका छिमेकी नगरपालिकाका/गाउँपालिका बिच समन्वय गरी नगरपालिकाको सीमा सही रूपमा कायम गरिनेछ।

**उद्देश्य २ : नगरपालिकाभित्र पर्ने हरेक जमिन कित्ता (Land Parcel) तथ्याङ्क निरन्तर रूपमा संकलन तथा अद्यावधिक/परिमार्जन गर्नु।**

**नीति क.** नापी कार्यालयसँग समन्वय गरी हरेक जमिन कित्ताको GIS आधारमा सर्वेक्षण तथ्याङ्क अद्यावधिक गरिनेछ।

**नीति ख.** नापी तथा मालपोत कार्यालयसँग समन्वय गरी लालपुर्जा तथा नापी नक्साको क्षेत्रफलमा एकरूपता ल्याइनेछ।

**नीति ग.** नगरपालिकामा प्रमुख समस्याको रूपमा रहेको ऐलानी, प्रकोप जोखिम लगायत जग्गामा गैरकानुन रूपमा बसोबास गर्ने परिवारको तथा त्यस्ता जमिनको तथ्याङ्क संकलन गरिनेछ।

**नीति घ.** ऐलानी, सार्वजनिक, सरकारी, र निजी तथा जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरूको वास्तविकता यकिन गरिनेछ।

**नीति ङ.** नगरपालिकाको भित्रका जमिन कित्ताको तथ्याङ्कलाई कानुन बमोजिम छनौट गरी सर्वसाधारणले विद्युतीय (डिजिटल) माध्यमबाट हेर्ने र प्राप्त गर्न सक्ने प्रबन्ध गरिनेछ।

**उद्देश्य ३ : नगरपालिकाभित्र रहेका हरेक पूर्वाधार/भवनको तथ्याङ्क संकलन सम्पन्न गरी निरन्तर अद्यावधिक गर्नु।**

**नीति क.** नगरपालिकाबाट भवन अनुमति प्राप्त भवनहरूको थप तथ्याङ्क जस्तैः संरचनागत प्राविधिक (Engineering Requirement), विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदिलाई अध्यावधी गरिने छ। भवन अनुमति नभएको संरचनाहरूको हकमा स्वीकृति लिन प्रोत्साहन गरी माथि उल्लेखित तथ्याङ्क संकलन गरिनेछ।

**नीति ख.** नगरपालिकाको भवन अनुमति प्रणालीलाई (Building Permit System) वैज्ञानिक तथा डिजिटल माध्यममा ल्याई सर्वसाधारणले सहज रूपमा आवेदन प्रक्रिया, आवेदन माथि भएको प्रगती (Process Tracking) आदिको जानकारी लिन मिल्ने व्यवस्था गरिनेछ ।

**नीति ग.** आधुनिक विधिमा घर नम्बर प्रणाली थालनी गरी प्रयोगमा ल्याइनेछ ।

**नीति घ.** सम्पूर्ण भवन अनुमतिको तथ्याङ्कलाई छनौट गरी सर्वसाधारण/संघसंस्थालाई समेत उपलब्ध हुने खाले डिजिटल प्रविधि तयार गरिनेछ ।

**उद्देश्य ४ : अब बन्ने भू-उपयोग योजनाले भविष्यको लागि उत्थानशील, आकर्षक, सुरक्षित तथा तालमेल मिलेको समुदाय सिर्जना गर्नु ।**

**नीति क.** भू-उपयोग ऐन २०७६ अनुरूप नगरपालिकालाई विभिन्न क्षेत्रमा वर्गीकरण (Zoning) गरिने छ । साथै वर्गीकरण अनुसारको प्रयोग पनि सुनिश्चित गरिनेछ ।

**नीति ख.** हरेक क्षेत्रको लागि तोकिएको भू-उपयोग बमोजिम नगरपालिकाले आफ्नो बृहत् उद्देश्य प्राप्तिका लागि त्यस्ता क्षेत्रका लागि परिपुरक नीति नियमको व्यवस्था मिलाइने छ ।

**नीति ग.** भू-उपयोग क्षेत्र तोक्दा सम्बन्धित समुदायको पहिचान जनाउने तथा सडक/यातायात पहुँचको हिसाबले उपयुक्त किसिमको हुनेछ ।

**नीति घ.** भू-उपयोग अभ्यासमा नगरका नदीहरूको बेल्ट र ROW लाई बाधा नपर्ने गरी विकास निर्माण कार्य गरिनेछ । नदी नजिकका तथा वातावरणीय हिसाबले जोखिममा रहेका सम्पूर्ण बस्तीलाई उचित स्थानमा पुनःस्थापना गरिनेछ ।

**नीति ङ.** बस्ती क्षेत्र तथा मानव स्वास्थ्यलाई असर गर्ने पशुपंछी पालन, उद्योग व्यवसाय र भू-वर्गीकरण बमोजिम अन्य सबै प्रयोजनलाई अन्यत्र स्थानान्तरण गरिनेछ ।

**नीति च.** विभिन्न भू-उपयोग क्षेत्र अन्तर्गत आवासीय क्षेत्र तोक्दा सकेसम्म मिश्रित किसिमको (Mixed Use) प्रयोग सृजना हुने गरी योजना बनाउने ताकि यातायातका कारण दैनिक प्रयोजनको लागि चाहिने उपभोक्ता वस्तु तथा कारोबारलाई कम दुरीमा सम्पन्न गर्न सक्ने बनाइने छ ।

**नीति छ.** एकल किसिमको भू-उपयोग क्षेत्र, जस्तैः आवासीय, ब्यापारिक, औद्योगिक क्षेत्र तोक्न परेको खण्डमा सो क्षेत्रहरूमा आवश्यकता अनुसार खुद्रा ब्यापारिक स्थानहरूको (Retail Centre) पनि प्रावधान ल्याइनेछ ।

**नीति ज.** समुदायले परम्परागत रूपमा प्रयोजनमा ल्याइरहेको मध्यम तथा ठूला वर्गका बजार क्षेत्रलाई व्यवस्थापन तथा नयाँ इलाकामा बजार क्षेत्र विस्तार गरिनेछ ।

**नीति झ.** आवासीय क्षेत्रहरू तोक्दा र आवासहरूको निर्माण गर्दा/गराउँदा सबै किसिमका आवासहरू [Single Family Detached Dwelling, Townhouse, अपाङ्गमैत्री आवास (Special Needs Housing), अपार्टमेन्टहरू, किफायती आवास (Affordable Housing) आदि] सबैको प्रावधान राखेर योजना बनाइने छ ।

**नीति ञ.** नयाँ क्षेत्र/प्रयोग तोक्दा सर्वसाधारणको सहज पहुँच हुने गरी तोकिने छ (बसपार्क, बसस्टप, पार्क इत्यादि) ।

**नीति ट.** नगरपालिकाले विभिन्न भू-उपयोग क्षेत्र छुट्याउने क्रममा चलि आएका प्रयोजन/संरचनालाई यथावत रहन दिने व्यवस्था (Grandfather Clause) राखेता पनि भविष्यमा सो प्रयोजन/संरचनालाई निर्धारित प्रयोजनमै ल्याउने प्रावधान बनाउने छ ।

**नीति ठ.** नगरपालिकाले भू-उपयोग योजना बनाउँदा अन्तर नगर/गाउँपालिका, प्रादेशिक सरकार तथा संघीय सरकारको अन्य योजना तथा आवश्यकतालाई मध्यनजर राखेर बनाउने छ ।

**नीति ङ.** नगरपालिकाको भू-उपयोग योजनामा आवश्यकता अनुसार संरक्षित क्षेत्रहरू भनी -प्राकृतिक स्रोतहरू, खुला क्षेत्र, खानी, खनिज क्षेत्र, साँस्कृतिक सम्पदा क्षेत्र आदि भनी छुट्याइने छ । सो कार्यको लागि नगरपालिकाले यस्ता सबै क्षेत्रहरूको पूर्वअध्ययन गरी निर्धारण गर्नेछ । संरक्षण र प्रयोगका लागि नीति, नियम निर्माण तथा कार्यान्वयन गर्नेछ ।

**नीति ढ.** नगरमा छरिएका सबै बस्तीहरूलाई एकीकृत (Urban Consolidation) गरिनेछ ।

**उद्देश्य ५ : पुराना, अव्यवस्थित, जीर्ण भवन, सडक, तथा अन्य शहरी संरचनालाई सोही ठाउँमा अझ प्रभावकारी, आधुनिक र वातावरणमैत्री तवरले पुनः स्थापना गर्नु ।**

**नीति क.** आवश्यकता अनुसार पुनःर्विकास क्षेत्र/स्थान पहिचान, पुनःर्विकास योजना तर्जुमा, र पुनःर्विकास बजेट सुनिश्चित गरिनेछ ।

**नीति ख.** कृषि योग्य, वन क्षेत्र, संरक्षित क्षेत्र बाहेक अरु बसोबास गर्न मिल्ने क्षेत्रमा खाली, बाँझो, पुरानो बस्ती, तथा अन्य पुराना भवन भएका जमिनहरूमा मात्र पुनःर्विकास गर्न पाइनेछ ।

**नीति ग.** निजी जमिन प्लटिङ गर्दा नगरपालिकाको सडक, ढल, विद्युत, पानी आदि सेवाको सञ्जालसँग मेल हुने गरी नगरपालिकामा निवेदन दिएपश्चात, नगरपालिकाको मूल्याकंन र स्वीकृति भएपछि मात्र मालपोत/नापी कार्यालयमा सिफारिस हुनेछ ।

**नीति घ.** भवनहरूमा एकरूपता ल्याउन विशेष शैली निर्धारण गरी भवनहरूमा समान अघिल्लो मोहडालाई (Facade) नीति, प्रोत्साहन र सहुलियतको व्यवस्था गरिनेछ ।

**नीति ङ.** Land Pooling गर्दा स्थानीय मापदण्ड अनुरूप उपयुक्त निश्चित प्रतिशत जग्गा/कित्ता Pooling को योजनामा हुनु पर्नेछ । Pooling को योजनामा नआएका जग्गाधनीको हकमा Pooling मा आएका जग्गाधनी सरह व्यवस्था गरिनेछ ।

**उद्देश्य ६ : ऐलानी, सार्वजनिक र सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई सुरक्षित पुनःस्थापना तथा उक्त जमिनहरूको उचित व्यवस्थापन गर्नु ।**

**नीति क.** संकलित भूमि सम्बन्धी तथ्याङ्कको आधारमा, संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा ऐलानी, सार्वजनिक र सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई उचित स्थान निर्धारण गरी पुनःस्थापना गरिनेछ ।

**नीति ख.** संकलित तथ्याङ्कको आधारमा, संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी, सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा यसरी प्रयोग भई आएका सबै जमिनको उचित व्यवस्थापन तथा पुनःविकास गरिनेछ ।

**उद्देश्य ७ : स्थानीय भू-उपयोग योजना र प्रदेश तथा संघको योजनाका बिचमा सामञ्जस्यता कायम गर्नु ।**

**नीति क.** नगरपालिकाको भू-उपयोग योजना संघीय सरकार तथा प्रादेशिक सरकारको अधिनमा रही, राष्ट्र भू-उपयोग ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा निर्धारित व्यवस्था अनुसार तयार गरिनेछ ।

**नीति ख.** योजना बनाउँदा तथा संशोधन गर्दा मान्यता प्राप्त राष्ट्र तथा अन्तर्राष्ट्रिय गुणस्तर, दीगो विकास लक्ष्य (SDG), ISO, NS Standard अन्तर्राष्ट्रिय Best Practice आदि समावेश गरिनेछ ।

**उद्देश्य ८ : भू-उपयोग योजनालाई समय सान्दर्भिक बनाई राख्नु ।**

**नीति क.** स्थानीय भू-उपयोग योजना आवश्यकता अनुसार संशोधन गरिनेछ, जसमा हेरफेर भएका खण्डहरूलाई मात्र परिमार्जन गरेर बाँकीलाई यथावत राखिनेछ ।

**नीति ख.** भू-उपयोग योजना संशोधन गर्दा अपनाउने प्रक्रियामा अधिकतम नागरिक सहभागिता सुनिश्चित हुने पद्धति अपनाइने छ ।

## तालिका १/५.३.१ : आवधिक प्राथमिकता : भू-उपयोग तथा आवास व्यवस्थापन

**क.** टीकापुर नगरपालिकाले निकट भविष्यदेखि दीर्घकालको लागि उत्थानशील, आकर्षक, सुरक्षित तथा तालमेल मिलेको समुदाय, गाउँ तथा शहर सृजना गर्ने उद्देश्य लिएको हुनाले यो कार्यलाई मूर्तरूप दिन विभिन्न कानुनी व्यवस्था एवं औजारको आवश्यक हुन्छ । हालको सन्दर्भमा यस नगरपालिकामा भू-उपयोग, शहरी विकास, बस्ती विकास र भवन निर्माण सम्बन्धी गतिविधि नियमन गर्ने कानुनी औजारहरू न्यून छन् । तात्कालीन टीकापुर विकास समितिद्वारा लागु गरिएका नीति नियम पनि निष्कृय सरह छ । संघीयस्तरमा भू-उपयोग ऐन २०७६ लागु भइसकेको अवस्था छ । यस परिवेशमा नगरले प्राथमिकताको आधारमा सान्दर्भिक ऐन कानुन निर्माणको लागि संघ तथा प्रदेशसँग समन्वय, मौजुदा ऐन, कानुन, मापदण्डलाई स्थानीय परिवेश सुहाउँदो गरी परिमार्जन/संशोधन तथा आवश्यक ऐन कानुन निर्माण गर्नेछ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरूप स्थानीय भु-उपयोग ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटी संघ र प्रदेशसँग समन्वय गर्ने । | १. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ३ बमोजिम, संघीय तथा प्रदेश कानुनको अधिनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने । | १. प्रदेशस्तरमा भूमि तथा वातावरण अदालत (Land/Planning and Environment Court) जस्तो विशेष संरचना सहितको कानुनी रूपमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण मामिलामा सक्षम नगरपालिका बन्ने । |
| २. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ७ बमोजिम भू-उपयोग, नक्सा पास तथा भवन निर्माण सम्बन्धी सम्पूर्ण कार्यको प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि कार्यान्वयन कार्यविधि (Enforcement Guideline) बमोजिम बनाउने । | २. आवश्यक ऐनहरू<br>● स्थानीय भू-उपयोग ऐन/नीति/कार्यविधि<br>● भू-उपयोग योजना तर्जुमा सम्बन्धी कार्यविधि<br>● स्थानीय भूमि ऐन<br>● जग्गा प्लटिंङ ऐन/कार्यनीति<br>● स्थानीय शहरी (तथा ग्रामीण) योजना/व्यवस्थापन ऐन<br>● भवन निर्माण/घर नक्सा सम्बन्धी मापदण्ड र ऐन (परिमार्जित र स्थानीय परिवेशलाई सुहाउँदो)<br>● अव्यवस्थित, असुरक्षित र गैर कानुनी बस्ती व्यवस्थापन ऐन | |
| २.१. घर जग्गा निर्माण व्यवसायी, भवन निर्माणकर्मी Engineering Consultancy आदि का Licensing को लागि आवश्यक कार्यविधि तयार गर्ने । | | |

**ख.** सामान्यतया भू-उपयोग तथा शहरी नियोजन र बस्ती विकासको (Land Use and Urban Planning) नीति नियम निर्माण र अभ्यासमा ल्याउँदा एकल विषयवस्तुको रूपमा हेरिरहेको पाइन्छ। तर यस क्षेत्रको प्रभावकारी अभ्यास र सोचे बमोजिम प्रतिफल हाँसिल गर्न अबको दिनहरूमा नगरपालिकाले यस क्षेत्रसँग अन्य विभिन्न क्षेत्र तथा सवाललाई जोडेर वा समेटेर अगाडि बढ्नु पर्नेछ। त्यसैले सामान्य अर्थमा भू-उपयोग भनेको उपलब्ध जमिनको प्रयोग भन्ने बुझिए तापनि भू-उपयोगको अर्थ र प्रयोगको दायरा व्यापक रहेको छ। भू-उपयोगमा योजनावद्ध विकास तथा शासकीय अभ्यासलाई प्रभाव पार्ने आर्थिक, राजनीतिक, सामाजिक, कानुनी तथा प्रशासनिक विषय तथा सवाल समेत समेटिन्छ। भू-उपयोगको बारे सोच्दा विभिन्न क्षेत्रको आवश्यकता र भू-उपयोग अभ्यासका बिचमा सामन्जस्यता कायम गर्नु अत्यावश्यक हुन्छ। प्रभावकारी भू-उपयोग अभ्यास कार्यान्वयनका लागि नगरपालिकाले विभिन्न पक्षसँग सहकार्य र साझेदारी गर्नुपर्ने हुन्छ भने त्यसका लागि स्पष्ट र अन्तरसम्बन्धित कानुनी आधार, आवश्यकता अनुसार परम्परागत अभ्यास र आधुनिक प्रविधिको उपयुक्त प्रयोग तथा राजनीतिक इच्छाशक्ति र प्रतिवद्धता आवश्यक पर्छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई शिक्षा, स्वास्थ्य, कृषि, वातावरण/सरसफाई, यातायात जस्ता आधारभूत क्षेत्रहरूको नीति नियममा समेत आवद्ध गर्न शुरु गर्ने। | १. अन्य सबै क्षेत्र र उपक्षेत्रको (वातावरण, सामाजिक, भौतिक, र आर्थिक) ऐन, कानुन, नीति निर्माणको क्रममा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई मध्यनजरमा राखेर अघि बढ्ने। | १. अन्तरसम्बन्धित कानुनी अभ्यासको सुनिश्चितता। |
| २. नगरपालिका भित्रको सबै तहमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक र आर्थिक क्षेत्रसँग जोडेर लैजाने र सो को अन्तरसम्बन्ध बारे प्रस्ट हुने। | २. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक, र आर्थिक क्षेत्रसँग जोडेर र अन्तरसम्बन्धित रूपमा काम कारवाही अगाडि बढाउने। | २. सबै क्षेत्रको अन्तरसम्बन्ध बोध सहित प्रभावकारी काम कारवाही, अनुगमन, मूल्याङ्कन आदि। |


**ग.** कुनै पनि क्षेत्रको नीति नियम कानुन जतिकै महत्व बोकेको नीतिगत दस्तावेज सो क्षेत्रको योजना वा गुरुयोजना हुन्छ। नीति नियम कानुनले सम्बन्धित क्षेत्रको कार्य गर्न मार्ग प्रशस्त तथा नियमन गर्छ भने योजना वा गुरुयोजनाले सो क्षेत्रको कार्यसम्पादन गर्न मार्गनिर्देशन गर्दछ। विभिन्न राष्ट्रिय नीति तथा भू-उपयोग ऐन २०७६ बमोजिम तथा नगरको आन्तरिक आवश्यकताको आधारमा पनि भूमिको तथा भूमिमा हुने सम्पूर्ण गतिविधिको व्यवस्थित र वैज्ञानिक उपयोग सुनिश्चितताको लागि भू-उपयोग योजना निर्माण गर्न नगरपालिका तत्पर छ। त्यसकारण आवश्यक समन्वय तथा अध्ययन पूरा गरी नगरलाई सुहाउँदो योजना तर्जुमा गरिने छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि संघीय र प्रदेश सरकार तथा सरोकारवाला संघसंस्था, विज्ञ समूह आदिसँग समन्वय शुरुवात गर्ने। | १. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि नगरपालिकाले भूमिको वस्तुस्थिति, जनसंख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागि भूमिको मागमा हुने वृद्धि लगायतका विषयमा अध्ययन गर्ने। आवश्यकता अनुसार ग्रामीण र शहरी क्षेत्रको बेग्लाबेग्लै योजना तर्जुमा गरेर कार्यान्वयन गर्ने। | १. संकलित सबै तथ्याङ्कको नियमित अध्यावधिक गर्ने। तर्जुमा भएका योजनाहरूको अल्पकालीन र मध्यकालीन समीक्षा/पुनरावलोकन गर्दै अध्यावधिक गर्ने र पुन: कार्यान्वयन गर्ने। साथै यस विधिलाई दीगो रूपमा निरन्तरता दिने। |

**घ.** भू-उपयोग, शहरी विकास, बस्ती विकास, र भवन निर्माण क्षेत्रमा तथ्याङ्कको प्रयोग प्रमुख हुन्छ । विशेषगरी भूमिसँग सम्बन्धित विभिन्न भौगोलिक तथ्याङ्क तथा त्यस्तो तथ्याङ्कहरूलाई अफ प्रस्ट रूपमा चित्रण गर्ने नक्साहरूको प्रयोग बृहत् हुन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्तम अभ्यासहरूलाई नियाल्दा यस क्षेत्रमा व्यापक तथ्याङ्क तथा नक्साहरूको प्रयोगद्वारा भूमिको वस्तुस्थिति, खाद्य तथा आवासको आवश्यकता, भूमिको माग, परियोजना कार्यान्वयन र अन्य निर्णय तथा नीति निर्माण प्रक्रियामा आवश्यक पर्ने अध्ययन, मूल्याङ्कन आदि हुने गर्छ । यस सन्दर्भमा नगरमा तथ्याङ्क र नक्साको संकलन/निर्माण, भण्डारण, प्रयोग तथा अद्यावधिक गर्ने अभ्यास न्यून र प्रारम्भिक चरणमा छ । तथ्याङ्क, नक्सा, तथा भू-सूचना प्रणाली र विद्युतीय प्रविधिको प्रयोगद्वारा विभिन्न कार्यलाई सहजीकरण र योजाना तर्जुमा गर्नु पर्छ भन्ने सोंचसहित नगरले निम्न बमोजिम कार्यक्रम तय गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जारी रहेका सबै भू-उपयोग सुची (Land Use Inventory) संकलन कार्यलाई निरन्तरता दिने र थप प्रभावकारी बनाउने । साथै उपलब्ध सुची र नयाँ सुचीलाई अद्यावधिक गरेर एकरूपता दिने । विशेष गरी नगरबासीको माग अनुरूप कृषि जमिनको (माटोको प्रकार र उब्जनी सम्भाव्यता अनुसार) पनि वर्गीकरण गरी/गराई सरोकारवाला सबैलाई उपलब्ध गर्ने ।<br><br>२. उपलब्ध सम्पूर्ण सिमाना, कित्ता तथा भवन नक्सा, घर नम्बर नक्सा, सडक संजाल नक्सा, विद्युतीय नक्सांकन, पानी वितरण नक्सांकन लगायत अन्य भूगोल र सेवा सम्बन्धी सबै नक्साहरूको केन्द्रिकृत र व्यवस्थित भण्डारण प्रयासको थालनी गर्ने र थप Digitization गर्दै लैजाने । | १. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम स्थानीय भू-उपयोग वर्गीकरण (Zoning), स्थानीय भू-उपयोग नक्सा तयारी, मन्त्रालयबाट तयार गरिएको नक्सा प्राप्ति र परिमार्जन, प्राकृतिक जोखिम क्षेत्रको पहिचान र नक्सांकन लगायत सम्पूर्ण कार्य सम्पन्न गर्ने । | १. उच्च श्रेणीको भू-वर्गीकरण नक्सा सहितको प्रभावकारी भू-उपयोग, शहरी विकास तथा भवन निर्माण अभ्यास गर्ने । |

**नक्सा १/५.३.१ : टीकापुर नगरपालिकाको संकलित जी.पी.एस. तथ्याङ्कको आधारमा भवनहरूको प्रयोग**




| Ward | Residential | Commercial | Industrial | Mixed |
|---|---|---|---|---|
| 1 | 6066 | 317 | 33 | 209 |
| 2 | 1534 | 34 | 1 | 25 |
| 3 | 947 | 1 | 1 | 3 |
| 4 | 902 | 36 | 5 | 20 |
| 5 | 938 | 10 | 2 | 33 |
| 6 | 964 | 10 | 1 | 8 |
| 7 | 1232 | 76 | 1 | 33 |
| 8 | 901 | 16 | 0 | 11 |
| 9 | 688 | 18 | 0 | 18 |

नक्साले वडा नं. १ र २ मा सघन बस्ती र मिश्रित तथा व्यावसायिक प्रयोग इंगित गर्दछ। बाँकी वडामा छरिएको, पातलो बस्ती र थोरै मात्रामा व्यावसायिक र औद्योगिक प्रयोग देखिन्छ। त्यस्तै नक्साभित्रको विवरणमा प्रत्येक वडामा व्यवसायिक, मिश्रित, आवासीय र औद्योगिक प्रयोगको आधारमा भवन संख्या पनि उल्लेखित छ।

**ङ.** भूमिको अवैज्ञानिक प्रयोग तथा तालमेल नमिल्नाले (Land Use Conflict), अव्यवस्थित र असुरक्षित बसोबास र यस्तै समस्यायुक्त भू-प्रयोग नगरपालिकामा विद्यमान छ । वडाहरूमा विशेष गरी कर्णाली, रानीकुला, अर्बरुवा, भेडेखोला, मोहना, जमरा, पथरैया आदि नदीबाट बस्ती/खेतीमा डुबान र कटान, विभिन्न वन क्षेत्र नजिकका बस्ती/खेतीमा हात्ती लगायत वन्यजन्तुको समस्या, सडक निर्माण/विस्तार क्रममा छेउका खेतीयोग्य जमिनमा प्रभाव, इट्टा उद्योगले खेतीयोग्य जमिनमा प्रभाव, खेतीयोग्य जमिनमा प्लटिङ लगायत परस्पर विरोधी भू-प्रयोग (Land Use Conflict) भइरहेको छ । त्यस्तैः वर्गीकरण अव्यवस्थित बसोबास, तालमेल नमिलेका भू-उपयोग (Land Use Conflict), भवनहरूमा एकरूपता नहुनु (Uniform Urban Character), भूमि वर्गीकरण (Zoning) अनुसार भूमिको प्रयोग नहुनु, भूमि र निर्माणमा हुने गैरकानुनी गतिविधि, अवैज्ञानिक रूपमा भू-खण्डीकरण (Plotting) हुनु आदि पनि नगरमा देखा परेका भू-उपयोग तथा शहरी विकास सम्बन्धी मुख्य समस्याहरू हुन् ।

त्यस्तै जनसंख्या पूर्वानुमानको आंकड़ा हेर्दा हालको ८०,६९० जनसंख्या, १.३५ प्रतिशत वृद्धिदरले २०९८ सालसम्म १,१०,०७३ पुग्ने छ । केन्द्रीय तथ्याङ्क विभागको औसत परिवार संख्या ४.७ ले नगरपालिकाको त्यसबेलाको परिवार संख्या २३,४२० हुनेछ । यो हालको परिवार संख्या १८,६२० मा करिब ४,८०० परिवार थप हो । यो हिसाबमा प्रति परिवार एक आवासको प्रक्षेपण गर्दा नगरपालिकामा त्यसबेलासम्म क्रमिक रूपमा ४,८०० आवासको आवश्यकता पर्ने देखिन्छ । यसकारण आवासको माग पूर्ति गर्न नगरले विभिन्न किसिमको आवास व्यवस्थापन गर्ने गरी अगाडि बढ्ने छ ।

यस कारण सञ्चालनमा रहेको राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) बाट प्राप्त हुने नक्सा, प्रतिवेदन, तथ्याङ्कसहित विभिन्न किसिमका भू-तथ्याङ्क, आर्थिक-सामाजिक-साँस्कृतिक तथ्याङ्क आदि संकलन गरी र प्रयोगमा ल्याई विभिन्न अवधिमा तल उल्लेख गरिएका कार्यहरू सम्पन्न गरिनेछ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी उच्च गुणस्तरको सबै खाले नक्सा, [कित्ता नक्सासहित (Parcel Level Data)] तयारी र प्रयोगमा ल्याउने । साथै राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) शीघ्र समापनका लागि मन्त्रालय र नापी विभागसँग निरन्तर समन्वय गर्ने । त्यस्तै यी सबको आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable Outcome) को पहिचान गर्ने र भू-उपयोग योजनामा समावेश गर्ने । | १. भू-सूचना प्रणाली र विभिन्न नक्सा, नीति नियम कानुन, भू-वर्गीकरण, भू-उपयोग योजना आदिको सहायता र आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable Outcome) हाँसिल गर्न नगरमा देखा परेका सबै किसिमको नकारात्मक/अनपेक्षित भू-उपयोग अभ्यासको न्यूनीकरण र निरुत्साहन गर्ने ।<br>१.१. राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) नक्सा र तथ्याङ्कसहित अन्य सबै भू-नक्सा, तथ्याङ्क, योजना, सूचनालाई केन्द्रिकृत गर्दै सेवा प्रवाह, योजना तर्जुमा, र नीति, नियम, निर्णय प्रक्रियामा प्रयोग गर्ने । | १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable Outcome) पूर्ण रूपमा हाँसिल गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. हालको जनसंख्यालाई आधार मानी, भावी जनसंख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याट निर्धारण गर्ने । | २. भविष्यमा आवश्यक पर्ने आवासहरू उपयुक्त, व्यवस्थित तथा सुरक्षित ठाउँमा निर्धारण गर्ने, साथै नगरले आफै पनि Land Pooling तथा किफायती बसोबास (Affordable Housing) परियोजना, निजी क्षेत्रको कोलोनी र High-rise अपार्टमेन्टहरू, एक्कल आवासीय गृह (Detached Dwelling) आदि विविधता सहितको आवासीय घर तथा फ्ल्याटको माग पूर्ति हुने गरी व्यवस्थापन गर्ने । साथै यसो गर्दा निश्चित संख्यामा अपाङ्गमैत्री आवासहरूको पनि व्यवस्था गर्ने । | |

**च.** विभिन्न वडा तथा नगरस्तरीय परामर्शद्वारा नगरमा लालपूर्जा/नक्सामा उल्लेखित जग्गाको नापी विवरण र जमिनको वास्तविक साँध/सिमानामा प्रायः समानता नभएको भन्ने समस्यालाई मध्यनजर गर्दै र भावी भू-उपयोग योजनाको एक प्रमुख आधार र कर प्रयोजनमा समेत अत्ति महत्वपूर्ण भएकोले हरेक कित्ताको सही र वास्तविक तथ्याङ्क तथा विवरण कायम गर्न नगरले विभिन्न अवधिमा निम्न बमोजिम कार्ययोजना तोकेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नापी कार्यालयसँग समन्वय गरेर समस्या रहेको सम्पूर्ण कित्ता नक्सालाई सच्च्याउने प्रयासको थालनी गर्ने । यसका लागि आवश्यकता अनुसार पुनरनापी (Field Work) र (Desk Work) दुबै विधि अवलम्बन गर्ने । | १. कित्ता नक्सालाई सच्च्याउने कार्यलाई समापनतिर लैजाने र निरन्तर अद्यावधिक गर्ने प्रणाली स्थापना गरेर भण्डारण गर्ने । यसलाई सेवा प्रवाहमा पनि प्रयोग गर्ने, जस्तैः नयाँ नक्सा वितरण, जग्गा नामसारी, कित्ताकाट तथा सीमा हेरफेर, कर तथा सम्पत्ति विवरण प्रयोजन आदि । | १. सच्चाईएको सम्पूर्ण कित्ता नक्सालाई भू-उपयोग नक्सा, भू-उपयोग योजना, केन्द्रिकृत नक्सा प्रणाली, भवन निर्माण स्वीकृति प्रणाली, र अन्य भू-सूचना तथा सेवा प्रणालीसँग एकीकृत गरेर सेवा प्रवाह गर्ने । |


**छ.** टीकापुर नगरपालिकामा नक्सा पास प्रक्रिया परम्परागत रूपमा हुँदै आएको हुनाले यसलाई थप आधुनिकीकरण र प्रविधिमूलक बनाउन जरुरी छ । हालसम्म कागजी रूपमा हुने नक्सा पास प्रक्रियालाई विद्युतीय (Digital) माध्यमद्वारा अगाडि बढाउने र सबै अन्तरसम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणालीलाई एकीकृत गर्ने (Integrated Building Permit System) नीति सहित नगर अगाडि बढ्ने छ । विशेष गरी सेवाग्राहीको सहजता र शुलभतालाई ध्यानमा राख्दै र अन्तरसम्बन्धित निकायहरूको तालमेलको कमीले गर्दा शहरी र प्राकृतिक वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न यो कार्यलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. इलेक्ट्रोनिक भवन निर्माण स्वीकृति प्रणालीलाई (Electronic Building Permit System) यथाशीघ्र सञ्चालनमा ल्याउने । | १. भवन निर्माण स्वीकृति कार्य र प्रणालीलाई थप आधुनिकीकरण र प्रभावकारी बनाउन अन्य सबै अन्तरसम्बन्धित विभाग र निकायसँग समन्वय गरी एकीकृत स्वीकृति प्रणालीको (Integrated Building Permit System) थालनी गर्ने । | १. सबै अन्तरसम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणाली एकीकृत गर्ने । |

**ज.** नगरको बसोबास र बस्तीको समग्र सुरक्षाको अवस्था हेर्दा विभिन्न नदीहरू तथा झरनबाट समेत हुने गरेको डुबान एवं कटान, वन क्षेत्र नजिकका बस्तीहरूमा वन्यजन्तु आतंक, तथा ऐलानी र सार्वजनिक जमिनमा बसोबास र जमिन अतिक्रमण प्रमुख समस्याको रूपमा रहेको छ । कानुनी आधारमा पनि सम्पूर्ण जोखिममा रहेका बस्ती तथा गैरकानुनी र अव्यवस्थित बस्तीको सुरक्षित, व्यवस्थित एवं दीगो व्यवस्थापन गर्नु स्थानीय सरकारको दायित्व हो, र विद्यमान परिस्थितिमा समुदायस्तरमा पनि स्थानीय सरकारप्रति नै बढी अपेक्षा रहेको हुँदा आवधिक रूपमा निम्न बमोजिम कार्यविभाजन गरिएको छ। साथै यसो गर्दा नगरले कमजोर तथा सिमान्तकृत वर्गको विशेष ध्यान राख्ने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ७ बमोजिम भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्न पर्ने हुनाले यस कार्य यथाशीघ्र सम्पन्न गर्ने । | १. भू-जोखिम संवेदनशील जग्गामा विकास निर्माण, बसोबास निरुत्साहित गर्ने र स्थानान्तरण गर्ने नीति बनाई कार्यान्वयन गर्ने । | १. दीगो विकास लक्ष्यको लक्ष्य ११ (SDG Goal 11) र राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजना अनुरूप समावेशी, सुरक्षित, सबल र दीगो शहर र समुदाय (Inclusive, Safe, Resilient, and Sustainable Cities and Communities) हाँसिल गर्ने । |
| २. जोखिम बस्ती, असुरक्षित बस्ती, अव्यवस्थित बस्ती, ऐलानी, सार्वजनिक, सरकारी जग्गाका सुकुम्बासी बस्ती, अतिक्रमित जग्गा र अन्य गैरकानुनी बस्तीको पहिचान, व्यवस्थापन/नियन्त्रण एवम् स्थानान्तरणको निम्ति आवश्यक अध्ययन, तथ्याङ्क संकलन, नीति कानुन निर्माण, कार्यक्रम र समन्वयलाई अगाडि बढाउने । | २. महिला तथा बालबालिका, अपाङ्गता भएका, कमजोर आर्थिक अवस्थामा रहेका, दलित, जनजाति, लोपोन्मुख र सिमान्तकृत नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने । | |


## नक्सा २/५.३.१ : बाढी सम्भाव्य जोखिम बस्ती




| | Settlement | HHS |
|---|---|---|
| 1 | Within 50 meters | 490 |
| 2 | Within 100 meters | 1339 |
| 3 | Within 200 meters | 3168 |

नक्सामा नगरको विभिन्न नदीको ५०, १००, र २०० मिटर आसपास बस्ती चित्रण गरिएको छ, त्यस्तै विवरणमा नदी आसपासको बस्ती संख्या पनि उल्लेखित छ। नक्साको आधारमा बस्ती स्थानान्तरण कार्य अगाडि बढाउन मद्दत पुग्दछ।

**नक्सा ३/५.३.१ : जंगली जनावर र मानव बिच द्वन्द्व सम्भाव्य बस्ती**




| Ward | Conflict Source |
|---|---|
| 1 | NA |
| 2 | Bijayanagar Area Forest |
| 3 | NA |
| 4 | NA |
| 5 | Bhagaraiya Forest |
| 6 | Satti Karnali Community Forest |
| 7 | B.P Nikunja, Satti Karnali Community Forest |
| 8 | Indian Forest |
| 9 | Indian Forest |

नक्साभित्रको विवरणमा वन्यजन्तु प्रभावित क्षेत्र नजिकका वन वडागत रूपमा देखाइएको छ । नक्साको आधारमा बस्ती स्थानान्तरण वा सुरक्षाका उपाय अपनाउने कार्य अगाडि बढाउन मद्दत पुग्दछ ।

**झ.** विभिन्न वडा तथा नगरस्तरीय परामर्शको आधारमा वडा तथा टोलमा अवस्थित र भविष्यमा बन्ने भवन तथा व्यक्तिगत घरहरूको शैलीमा (Uniform Urban Character) एकरूपता ल्याउने नीति तथा सो को कार्यान्वयनमा सकारात्मकता देखिएको छ। कम्तीमा समान रंगरोगन वा अघिल्लो मोहडालाई, र केही हदसम्म भवनको उचाईलाई एकनाश गराउनाले टोल तथा बस्तीको स्वरूपमा समानता देखिने र यसको प्रमुख उद्देश्य सामाजिक विभेद न्यूनीकरण र बस्तीको भौतिक सुन्दरता र पहिचान कायम गर्नु नै हो। एकरूप भवनहरूले सामाजिक विभेदमा न्यूनीकरण हुने कारण भनेको घरको आधारमा सामाजिक अस्तित्व वा वर्ग नछुट्टिनु वा देखिनु हो। यसकारण नगरले विशेष नीति तथा कार्यक्रमहरू अगाडि बढाउने छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विशेषगरी आवासीय तथा आवश्यक अन्य भवनहरूमा एकरूपता ल्याउन अध्ययन, परामर्श तथा नीतिगत तयारी सम्पन्न गर्ने। | १. भवनहरूमा एकरूपता ल्याउन नीतिगत निर्णय गरी कार्यान्वयनमा ल्याउने। | १. एकरूप तथा समान भवनहरू भएका टोल, वडा र नगरपालिकाको रूपमा स्थापित हुने। |

**ञ.** भू-उपयोग, शहरी विकास, बस्ती विकास, तथा भवन निर्माण प्राविधिक विषय भएकोले कार्यसम्पादनको लागि पनि प्राविधिक जनशक्तिको आवश्यकता पर्दछ। हालको अवस्थामा नगरपालिकामा पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा भएता पनि सीमित इञ्जिनियर तथा अमिनहरूद्वारा कार्यसम्पादन भइरहेको छ। यस कारणले विभिन्न कालखण्डमा नगरले हालको शाखालाई पूर्णता दिँदै थप दक्ष जनशक्ति नियुक्ति गर्ने, कर्मचारीहरूको विभिन्न विधिद्वारा क्षमता अभिवृद्धि गर्ने र शाखालाई निरन्तर विस्तार गर्दै थप प्रभावकारी बनाउने योजना राखेको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को सङ्गठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा र त्यसका उपशाखाहरूलाई यथाशीघ्र पूर्णता दिने। | १. विशेषगरी भवन तथा बस्ती/शहरी विकास शाखालाई अझै आधुनिक र प्रभावकारी बनाउन Urban Planner, Architect, Geologist, GIS technician, Transportation Engineer / Planner, वातावरणविद आदि थप प्राविधिक जनशक्तिसहितको महाशाखा बनाएर काम कारवाहीको थालनी गर्ने। साथै यस क्षेत्रमा लाग्ने सबै किसिमका आधुनिक प्रविधि र उपकरणहरू प्रयोगमा ल्याउने। | १. भवन तथा बस्ती/शहरी विकास महाशाखालाई वातावरण, विपद् व्यवस्थापन, यातायात/सडक, पार्क/खुला क्षेत्र, सम्पदा संरक्षण र अन्य पूर्वाधार शाखा समेत भएको छुट्टै र विशेष अधिकारसहितको विभागको रूपमा विकसित गरेर लैजाने। |
| २. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने साथै नयाँ दक्ष प्राविधिक कर्मचारी नियुक्ति गर्ने। | २. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी Professional exchange Program, Exposure visit, Field visit द्वारा क्षमता अभिवृद्धिलाई निरन्तरता दिने। | २. विभिन्न आन्तरिक तथा बाह्य क्षमता अभिवृद्धि कार्यक्रम र विधिहरूलाई निरन्तरता दिने। |

**ट.** भू-उपयोग ऐनले व्यवस्था गरे बमोजिम भू-उपयोग संयन्त्रहरू गठन गरी क्रियाशील बनाउने र सम्बन्धित शाखा तथा कर्मचारीहरूसँगको निकट समन्वयमा काम गर्ने गरी प्राथमिकीकरण गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. ऐन २०७६, परिच्छेद ४ बमोजिम भू-उपयोग संरचनाहरू (स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समिति) यथाशीघ्र स्थापना गरी क्रियाशील गर्ने । | १. स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई माथि उल्लेखित महाशाखासँगको बलियो तालमेल भएको संयन्त्रको रूपमा विकास गर्दै लैजाने । | १. स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई माथि उल्लेखित विभागसँगको बलियो तालमेल भएको संयन्त्रको रूपमा विकास गर्दै लैजाने । |

**ठ.** भू-उपयोग, सो को अभ्यास र सम्बन्धित विषयवस्तुहरू नगरपालिकाको लागि तुलनात्मक रूपमा नयाँ हो । प्राविधिक विषय भएकोले कम्तीमा यसको नीतिगत तथा व्यवहारिक पाटो जनप्रतिनिधि तथा इच्छुक सबै नगरपालिकाको अधिकारीहरूले बुझ्न जरुरी छ भने बाह्य सरोकारवाला संघसंस्था तथा व्यक्तिलाई पनि यस विषय थप अभिमुखीकरण तथा सचेतना वृद्धि गराउन जरुरी छ । यस कारण नगरले विभिन्न सचेतना अभिवृद्धि कार्यक्रम तय गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जनप्रतिनिधिलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न सचेतना अभिवृद्धि कार्य गर्ने ।<br><br>२. नगरपालिकाको आन्तरिक क्षमतता विकासमा मात्र नभई भू-उपयोग, शहरी विकास तथा भवन निर्माणसँग प्रत्यक्ष सरोकार राख्ने बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धि र Licensing कार्यलाई पनि अगाडि बढाउने । जस्तैः घर जग्गा निर्माण व्यवसायी, भवन निर्माणकर्मी, Engineering Consultancy आदि । | १. जनप्रतिनिधिलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने ।<br><br>२. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मूल्याङ्कन तथा आवश्यक परिमार्जनसहित क्षमता विकासका कार्यक्रमको निरन्तरता । | १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी परिवर्तित सन्दर्भ तथा आयामका आधारमा सचेतनामूलक कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिने ।<br><br>२. नगरपालिकाको आन्तरिक संरचना तथा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण क्षेत्रका सरोकारवालाहरूको क्षमता विकास कार्यक्रमको निरन्तरता । |

### तालिका २/५.३.१ : भू-उपयोग तथा आवास व्यवस्थापनको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| १. | पहिचानमा आएका अन्तर वडा र पालिका बिच सीमा समस्या समाधान कार्य (संख्या) | | सबै समाधान गरी सक्ने | | |
| २. | पहिचानमा आएका नक्सा/लालपुर्जा विवरण र जग्गाको वास्तविक क्षेत्रफल, साध-सिमाना बिचका असमानता (संख्या वा %) | | ३०% | ५० % | ८० % |
| ३. | स्थानान्तरण आवश्यक रहेको ऐलानी, सार्वजनिक, सरकारी, र निजी जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) | | | | ० |
| ४. | स्थानान्तरण वा जोखिम न्यूनीकरण आवश्यक रहेको जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) | ५००० | ४००० | २५०० | ० |

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| ५. | गैरकानुनी र जोखिमयुक्त तवरले प्रयोग भइ आएका सबै जमिनको उचित व्यवस्थापन कार्य (क्षेत्रफल वा %) | | | | |
| ६. | भवन अनुमति प्राप्त भवन र संरचनाहरूको थप तथ्याङ्क संकलन कार्य (जस्तैः संरचनागत प्राविधिक (engineering requirement), विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदि) (% मा) | | | | |
| ७. | इलेक्ट्रोनिक भवन निर्माण स्वीकृति प्रणालीलाई (Electronic Building Permit System) र त्यस पश्चात एकीकृत स्वीकृति प्रणालीको (Integrated Building Permit System) तिर उन्मुख हुने कार्य उपर प्रगति (% मा) | | | | |
| ८. | भवन अनुमति नभएको भवन र संरचनाहरूलाई स्वीकृति प्रणालीको दायराभित्र ल्याउने कार्य (संख्या वा %) | | | | |
| ९. | घर नम्बर प्रणालीमा आउन बाँकी भवन र संरचनाहरू | | | | ० |
| १० | बस्ती क्षेत्र तथा मानव स्वास्थ्यलाई असर गर्ने<br>१. पशुपंछी पालन<br>२. उद्योग, व्यवसाय<br>३. भू-वर्गीकरण विपरित सबै प्रयोजनलाई अन्यत्र स्थानान्तरण कार्य | | शुरुवात | २० प्रतिशत | ५० प्रतिशत |
| ११ | भावी जनसंख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याटको उपलब्धताप्रति परिवार एक आवासको प्रक्षेपणले (संख्या) | | | | ४८०० |
| १२ | छरिएका सबै बस्तीहरूलाई एकीकृत गर्ने कार्य (संख्या वा %) | | | | ० |
| १३ | आवासीय तथा आवश्यक अन्य भवनहरूमा एकरूपता ल्याउने कार्य (% मा) | | | | १०० % |
| १४ | भू-उपयोगको क्षेत्र वर्गीकरण | वर्गीकरण नभएको | वर्गीकरणको लागि राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) नक्सा, प्रतिवेदन र तथ्याङ्क प्राप्ति | वर्गीकरणको शुरुवात र वर्गीकरण समाप्ति | वर्गीकरण अनुरूप अभ्यास र निरन्तर मूल्याङ्कन र अध्यावधिक |


| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| १५ | भू-उपयोग योजना तयारी | योजना नभएको | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. अल्पकालीन. १ समापन | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. मध्यकालीन. १ समापन | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. दीर्घकालीन १ समापन |
| १६ | भू-उपयोग सूचना प्रणाली (नक्सा तथा डाटाबेस) स्थापित भई सरोकारवालाको सहज पहुँचु हुने | नभएको | शुरुवात गर्ने | समापन गर्ने र प्रयोगमा ल्याउने | निरन्तर अध्यावधिक र सुधार |
| १७ | भू-उपयोग व्यवस्थापनको लागि विभाग एवं जनशक्ति | अपर्याप्त अवस्थामा | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. अल्पकालीन. १ बमोजिम | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. मध्यकालीन. १ बमोजिम | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका -ञ. दीर्घकालीन १ बमोजिम |
| १८ | भू-उपयोग संरचनाहरू (स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समिति) निर्माण | नभएको | पुरा गरी परिचालित अवस्थामा आउने | | |
| १९ | भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न आन्तरिक तथा बाह्य क्षमता अभिवृद्धि कार्यक्रमहरूबाट लाभान्वित कर्मचारी तथा जनप्रतिनिधि | | ५० | १०० | १०० |

# ५.३.२. पार्क तथा मनोरञ्जन

## १. पृष्ठभूमि

पार्क तथा मनोरञ्जन अर्थात् सार्वजनिक प्रयोजनको लागि बनेका फुर्सदको समयमा उपयोगी, व्यायाम र मनोरञ्जनात्मक गतिविधि तथा मनोविनोदमा सहजीकरण गर्ने स्रोत, साधन र स्थलहरू हुन् । आम नागरिकको दैनिक जीवनको गुणस्तरीयताका लागि यस्ता स्रोतहरू अपरिहार्य हुन्छन् । यस्ता स्रोतहरू सार्वजनिक स्थल, खुला क्षेत्र र सुबिधाहरू जस्तैः पार्क, शहरी प्लाजा वा स्क्वेर (City plaza and Square), हरित क्षेत्र, उद्यान, बगैचा, पैदल मार्ग (Tracks and Trails), तथा निर्मित संरचनाहरू जस्तैः खेलकुद मैदान, मनोरञ्जनात्मक स्थल, ज्ञान/कलात्मक स्थल, सभा, सम्मेलन, मेला, सांगीतिक कार्यक्रम स्थल आदि हुन् । पार्क तथा मनोरञ्जन स्थल तथा सेवा/सुबिधाहरूले आर्थिक, सामाजिक, स्वास्थ्य तथा वातावरणीय महत्व बोकेको पाइन्छ ।

**नक्सा ५.३.२ : पार्क तथा मनोरञ्जन स्थल**




प्रत्येक वडामा कम्तीमा एउटा पार्क/सार्वजनिक स्थल हुनुपर्ने नगरको नीति, तथा संघीय सरकारको मापदण्ड पालना गर्न यो नक्सा सहयोगी छ ।

आर्थिक दृष्टिकोणले यस्ता सेवा सुबिधा सम्पन्न क्षेत्रको स्थानीय राजस्व र जमिनको मूल्यमा वृद्धि हुन्छ। साथै सो क्षेत्रले थप बसाईसराई एवं ब्यापार व्यवसायलाई पनि आकर्षित गर्दछ। सामाजिक हिसाबले पार्क तथा मनोरञ्जन सामुदायिक जीवनस्तर गुणस्तर र पहिचानको मूर्त प्रतिबिम्ब हो । प्रायः समुदायको बसोबास योग्यता (Livable Community) मापनको प्रमुख सूचकको रूपमा पनि पार्क तथा मनोरञ्जन सेवा सुबिधाको उपलब्धतालाई लिइन्छ । त्यस्तै : सामुदायिक मेलमिलाप, अन्तर्क्रिया, विविध सिकाई र आपत्कालीन आश्रयको लागि पनि यस्ता स्थानहरू महत्वपूर्ण हुन्छन्। नागरिक स्वास्थ्यको कोणबाट शारीरिक रूपमा सक्रिय हुने अवसर प्रदान गर्ने हुनाले, बालबालिका, युवा, ज्येष्ठ नागरिक लगायतको हितमा पार्क तथा मनोरञ्जन सेवाले विशेष टेवा पुऱ्याउँछ। पार्क, हरित क्षेत्र, उद्यान तथा बगैंचाको वातावरणीय सन्तुलन र सुधारमा पनि ठुलो भूमिका रहन्छ जसले गर्दा मानव स्वास्थ्यमा समेत सकारात्मक प्रभाव देखिन्छ । यी स्थानहरूबाट पानीको गुणस्तर सुधार, भूमिगत पानीको संरक्षण, बाढी/कटान न्यूनीकरण, स्वच्छ हावामा वृद्धि, विभिन्न प्रदुषण नियन्त्रण, वन्यजन्तु र वनस्पति संरक्षण लगायत धेरै प्राकृतिक एवं वातावरणीय लाभ लिन सकिन्छ। सही स्थानमा पार्क, हरित क्षेत्र र पैदल मार्ग, उद्यान तथा बगैंचा विकास गर्नाले आवासीय र सडक वा औधोगिक क्षेत्र बिच बफरको (Buffer) रूपमा पनि काम गर्दछ।

## २. लक्ष्य

टीकापुर नगरपालिकालाई पर्याप्त र व्यवस्थित पार्क, खुला स्थान र मनोरञ्जन स्थल सहितको सुव्यवस्थित नगर बनाउने।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : पार्क तथा मनोरञ्जन स्थल निर्माण एवं व्यवस्थापन र संरक्षणको लागि संयन्त्र गठन तथा परिचालन गर्ने।**

**नीति क.** सबै वडा र नगरपालिकाबाट प्रतिनिधित्व हुने गरी तथा प्राविधिक जनशक्ति/क्षेत्रगत जानकार नागरिक सहितको स्थानीय पार्क तथा मनोरञ्जन समिति गठन गरिनेछ । साथै यसै समिति अन्तर्गत आवश्यकता अनुसार पार्क विशेष व्यवस्थापन समिति पनि गठन गरिनेछ।

**नीति ख.** प्राविधिक जनशक्ति र विशेषज्ञ सहितको पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन इकाई गठन गरिनेछ।

**नीति ग.** पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, समन्वय, नियमन, पहिचान आदिमा समिति र इकाईको विशेष भूमिका सुनिश्चित गरिनेछ।

**नीति घ.** गठन भएपश्चात समिति र इकाईद्वारा सबै किसिमको पार्क तथा मनोरञ्जन स्थान/क्षेत्र अध्ययन तथा तथ्याङ्क संकलन थालनी गराइनेछ।

**उद्देश्य २ : हालको तथा भविष्यको जनसंख्या पूर्वानुमानलाई आधार मानी पार्क, खेल क्षेत्र, शहरी खुला क्षेत्रहरू स्थापना गर्ने।**

**नीति क.** नगरपालिकाभित्र रहेका सबै किसिमको पार्क तथा खुला क्षेत्रको निम्नानुसार वर्गीकरण गरिनेछ।

- शहरी प्लाजा, पाटी, चौतारा, चोक
- टोलस्तरीय पार्कहरू (केही मनोरञ्जन/व्यायामका उपकरण सहित) प्रत्येक ८०० जनसंख्यालाई

- वडा सामुदायिक पार्कहरू (विभिन्न मनोरञ्जन सुविधाहरूका साथ) प्रत्येक १०,००० जनसंख्यालाई एक नगरपालिका पार्कहरू (समारोहका मैदान) प्रत्येक २०,००० जनसंख्यालाई एक, प्रत्येक शहरलाई एक
- प्राकृतिक संरक्षण पार्क - सिमसार क्षेत्र, सामुदायिक वनस्थित पार्क वा वातावरण ऐन, कानुन, निर्देशिकामा तोकिए बमोजिम ।
- विशेष पार्क - नगरमा रहेका र निर्माण हुने माथि उल्लेखित बाहेकका विशेष महत्व वा प्रयोजनका पार्क । जस्तैः टीकापुर पार्क ।

**नीति ख.** पार्क तथा खुला क्षेत्रको संरक्षण तथा व्यवस्थापनका योजनाहरू बनाइने छ र भविष्यमा आवश्यकता अनुसार यस्ता क्षेत्रहरू थप गरिनेछ ।

**नीति ग.** पार्क तथा खुला क्षेत्र प्रयोजनका लागि सार्वजनिक तथा खाली जमिनहरू प्रयोगमा ल्याइनेछ ।

**नीति घ.** पार्क तथा खुला जमिनको अभावलाई सुल्झाउन घर, जग्गा, निर्माण व्यवसायी तथा निजी क्षेत्रसँग साझेदारी गरी व्यवस्थापन गरिनेछ ।

**नीति ङ.** पार्क तथा खुला क्षेत्र व्यवस्थापन गर्दा न्यूनतम मापदण्डहरू पालनामा ल्याइनेछ ।

**नीति च.** हरेक पार्कको संरक्षण साथै गुणस्तरीय मनोरञ्जन अवसरहरू र प्राकृतिक र साँस्कृतिक पक्षको सन्तुलन गरिनेछ ।

**नीति छ.** पार्कको लागि चाहिने जमिनको व्यवस्थापन हाल तथा भावी जनसंख्या तथा विद्यमान मापदण्ड अनुसार गरिनेछ ।

**नीति ज.** नयाँ बन्ने हाउजिङ्ग कोलोनी तथा आवासीय क्षेत्रहरूमा पनि पार्क तथा खुला क्षेत्र नगरपालिका/शहरी विकास मापदण्ड अनुसार अनिवार्य गरिनेछ ।

**नीति झ.** हालको र भविष्यमा निर्माण हुने पार्क तथा मनोरञ्जन स्थलहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गमैत्री बनाइने छ ।

**नीति ञ.** पार्क, खेलमैदान तथा खुला क्षेत्र अतिक्रमण हुनबाट जोगाइने छ ।

**उद्देश्य ३ : नगरपालिकामा रहेका पार्क, मनोरञ्जन तथा खेलमैदानको संरक्षण र व्यवस्थापन गर्नु ।**

**नीति क.** पार्कभित्र रहेका सेवा/सुबिधा, उपकरण/संरचनालाई उचित संरक्षण र व्यवस्थापन गरिनेछ र आवश्यकता अनुसार थप गरिनेछ ।

**नीति ख.** खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै नगरपालिकामा अवस्थित खेलमैदानहरूको उचित संरक्षण, स्तरोन्नति र व्यवस्थापन गरिनेछ साथै आवश्यकता अनुसार थप गरिनेछ । साथै खेलकुद विकासका लागि स्थानीय संघ संस्था, युवा क्लब, खेलकुद क्लब, विद्यालय आदिसँगको साझेदारीमा खेलकुद शिक्षा र तालिमको व्यवस्था गरिने छ ।

**नीति ग.** पार्क तथा मनोरञ्जन सेवाको पहुँच बढाउन नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक विद्यालयका खेलमैदानलाई अझ व्यवस्थित र सुविधायुक्त बनाई विद्यालय समयलाई प्रतिकुल असर नपर्ने गरी सर्वसाधारणलाई खुला गरिनेछ ।

**नीति घ.** मनोरञ्जनका सेवा/सुबिधा/संरचना स्थापना गर्दा वरिपरिका आवासीय तथा अन्य क्षेत्रलाई असर नपर्ने गरी स्थापना तथा व्यवस्थापन गरिनेछ ।

**तालिका १/५.३.२ : आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन**

<table>
<tr><td colspan="3">क. नगरमा पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान सम्बन्धी ऐन कानुन तथा योजनाहरू न्यून छन् । विभिन्न कानुनी व्यवस्था र वडा तथा नगरस्तरीय परामर्शद्वारा नगरपालिकाले अब यस्ता कानुनी औजारहरूलाई प्रयोगमा ल्याएर यस क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने स्थापित भएको छ । नागरिकको स्वास्थ्य, वातावरणीय, तथा राजस्व अभिवृद्धि दृष्टिकोणबाट समेत महत्वपूर्ण यस क्षेत्रको उचित व्यवस्थापनको लागि नगरले विभिन्न कानुन, मापदण्ड, तथा योजना बनाएर अगाडि बढ्ने योजना राखेको छ ।</td></tr>
<tr><th>अल्पकालीन (पहिलो २ वर्ष)</th><th>मध्यकालीन (३ देखि ७ वर्ष)</th><th>दीर्घकालीन (८ देखि २० वर्ष)</th></tr>
<tr><td>१. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरूप स्थानीय पार्क तथा मनोरञ्जन ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटिने गरी बनाउने ।</td><td>१. स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ, को उप दफा ४.क बमोजिम पार्क तथा मनोरञ्जन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने ।<br><br>१.१. आवश्यक ऐन, योजना, मापदण्ड : पार्क, मनोरञ्जन स्थल, खेलकुद मैदान संरक्षण र व्यवस्थापन सम्बन्धी आवश्यक नियम, कानुन, कार्यविधि र योजना</td><td>१. पार्क तथा मनोरञ्जन सम्बन्धी प्रभावकारी ऐनसहितको पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापनमा सबल नगरपालिका बन्ने ।</td></tr>
<tr><td colspan="3">ख. अन्य क्षेत्रझैं यस क्षेत्रको व्यवस्थापनको निम्ति पनि तथ्याङ्कको प्रयोग अपरिहार्य छ । नगरमा यस्ता तथ्याङ्कहरू रहेता पनि पुराना, छरिएको र अपूर्ण अवस्थामा छ । यस अवस्थाबाट आधुनिकतातर्फ उन्मुख हुन र तथ्याङ्कको प्रयोगबाट वैज्ञानिक व्यवस्थापन हाँसिल गर्न, नगरले तथ्याङ्क सम्बन्धी कार्यहरू पनि विभिन्न चरणमा सम्पन्न गरिनेछ ।</td></tr>
<tr><th>अल्पकालीन (पहिलो २ वर्ष)</th><th>मध्यकालीन (३ देखि ७ वर्ष)</th><th>दीर्घकालीन (८ देखि २० वर्ष)</th></tr>
<tr><td>१. जारी रहेका सबै भू-उपयोग सुची Land Use Inventory संकलन कार्यमा सबै खाले पार्क, मनोरञ्जन क्षेत्र, खेलमैदान आदिको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने । साथै उपलब्ध सुची र नयाँ सुचीलाई अद्यावधिक गरेर एकरूपता दिने ।</td><td>१. पार्क, मनोरञ्जन, खुला क्षेत्र, खेलमैदान सम्बन्धी विभिन्न तथ्याङ्क र Land Use Inventory लाई प्रयोगमा ल्याई पार्क, खेलमैदान तथा मनोरञ्जन क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र संरक्षणका कार्य गर्ने ।<br><br>१.१. शहरी र ग्रामीण पार्कका वर्गीकरण साथै यस्ता पार्कहरूको पूर्वाधार आवश्यकता Infrastructure Need Assessment गर्ने र आर्थिक स्रोतले भ्याएसम्म पूर्वाधार निर्माण /व्यवस्थापन कार्य गर्ने ।</td><td>१. संकलित सबै तथ्याङ्कको नियमित अध्यावधिक, साथै तथ्याङ्कको प्रयोगद्वारा सेवा प्रवाह र मागआपूर्ति, अन्तर पहिचान आदिमा निरन्तरता ।</td></tr>
<tr><td colspan="3">ग. सेवा प्रवाह अन्तर्गत पनि पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान सम्बन्धी विभिन्न कार्य पहिचान गरिएको छ । नगरमा अवस्थित यस्ता सेवा सुबिधाको गुणस्तर वृद्धि तथा प्रवर्द्धन, नयाँ अवसर पहिचान, जारी रहेका योजना/परियोजना समापन, र नयाँ सेवा सुबिधा निर्माण तथा विस्तार लगायत कार्यक्रमहरू विभिन्न चरणमा तय गरिएको छ ।</td></tr>
</table>

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. पर्यटकीय हिसाबले महत्वपूर्ण पार्क, मनोरञ्जन स्थल, सिमसार क्षेत्र आदिको प्रचार प्रसार, पूर्वाधार निर्माण, र सूचना केन्द्रहरू स्थापना गर्ने । | १. यस्ता सबै क्षेत्रमा सम्भाव्यता अध्ययन अनुसार पार्क तथा मनोरञ्जन स्थल निर्माण कार्य थालनी र सम्पन्न गर्ने । | १. विभिन्न पर्यटकीय खेल र Hiking, Camping, Rafting, River Recreation, Horse Riding, Cycling, Meetings, Conference, Exhibition जस्ता गतिविधिसहित मनोरञ्जनका बहुविधाको प्रवर्द्धन भएको नगरपालिकाको रूपमा प्रस्तुत हुने । |
| २. नागरिकको सुझाव अनुरूप ऐलानी जमिन, सामुदायिक वन क्षेत्र, नदी किनार, ताल क्षेत्र लगायत अन्य क्षेत्रमा पार्क तथा मनोरञ्जन स्थल निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने । | २. वडा नागरिकको सुझाव अनुरूप नगरस्तरीय कभर्ड हल र वडाहरूको विशिष्ठ आवश्यकता अनुसार फुटबल वा भलिबल वा ब्याडमिन्टन (वा बहुउपयोगी) खेलमैदानको व्यवस्था गर्ने । | |
| ३. प्रस्तावित, निर्माणाधीन, र स्तरोन्नति हुने पार्क, खेलमैदान, कभर्ड हल र विशेषगरी २०७६/७७ को नीति तथा कार्यक्रममा उल्लेखित सम्पूर्ण पार्क तथा मनोरञ्जन सम्बन्धी कार्यक्रम सम्पन्न गरेर सञ्चालनमा ल्याउने । | | |
| ४. नगरमा रहेको सम्पूर्ण पार्क, खेलमैदान, मनोरञ्जन स्थलको गुणस्तर वृद्धि, तारबार, संरचना निर्माण, उपकरण जडान आदिको थालनी र सोसम्म पुग्न बाटो व्यवस्थापन गर्ने । | ४. हरेक वडा अन्तर्गत कम्तीमा एक सेवा/सुबिधाका उपकरण/संरचना युक्त वडा सामुदायिक पार्कको व्यवस्थापन गर्ने । | |
| ५. पर्यटकीय खेलहरू साथै औद्योगिक पर्यटन, सभा तथा सम्मेलन पर्यटन, र अन्य व्यावसायिक पर्यटनको अध्ययन र सोको लागि पूर्वाधार विकासको शुरुवात । | ५. पहिचानमा आएका सम्पूर्ण पर्यटकीय खेल साथै औद्योगिक पर्यटन, सभा सम्मेलन पर्यटन, तथा अन्य व्यावसायिक पर्यटनका क्षेत्र र पार्कहरूको निरन्तर प्रचार प्रसार र व्यवस्थापन गर्ने । साथै नयाँ बन्ने वा पहिचान भएका र निर्माण हुने यस्ता क्षेत्रको लागि बजेट तर्जुमा गर्ने । | |

**घ.** माथि उल्लेखित सम्पूर्ण कार्यसम्पादनको निम्ति नगरपालिकामा सक्षम जनशक्ति, शाखा, संयन्त्र, तथा सरोकारवालाहरूको आवश्यकता पर्ने हुनाले । साथै विभिन्न स्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि र सहकार्य पनि महत्वपूर्ण हुनाले यस सम्बन्धी कार्यक्रमहरू पनि तर्जुमा भएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को सङ्गठन संरचना बमोजिम शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत पार्क तथा मनोरञ्जन इकाई स्थापना गर्ने ।<br>१.१. पार्क तथा मनोरञ्जन व्यवस्थापनको लागि नगरस्तरीय समिति गठन तथा परिचालन गर्ने । | १. पार्क तथा मनोरञ्जन इकाईमा प्राविधिक जनशक्ति र आधुनिक प्रविधि र उपकरणहरू भित्राउँदै र प्रयोगमा ल्याउँदै जाने । | १. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| २. पार्क तथा मनोरञ्जन इकाईको विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्वारा क्षमता अभिवृद्धि गर्ने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | २. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मूल्याङ्कन र नियमन । |
| ३. नगरपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई पार्क तथा मनोरञ्जन क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने नागरिक, स्थानीय युवा क्लब, खेलकुद क्लब, बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना, र सहकार्य वृद्धिमा पनि ध्यान दिन । साथै नगर प्रहरी, अन्य सुरक्षा संयन्त्र (प्रहरी, वन विभाग, आदि) र स्थानीयको सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू संरक्षण गर्ने र दीर्घकालीन रूपमा निरन्तरता दिने । | ३. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मूल्याङ्कन र नियमन । | |

**तालिका २/५.३.२ : पार्क तथा मनोरञ्जन क्षेत्रको अपेक्षित उपलब्धी**

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| १. | टोलस्तरीय पार्कहरू (केही मनोरञ्जन/व्यायामका उपकरण सहित) | | | | प्रत्येक ८०० जनसंख्यालाई १ |
| २. | वडा सामुदायिक पार्कहरू (विभिन्न मनोरञ्जन सुविधाहरूका साथ) | | | | प्रत्येक १०००० जनसंख्यालाई १ |
| ३. | नगरपालिका पार्कहरू (समारोहका मैदान, बृहत् पार्क ) | | | | प्रत्येक २०००० जनसंख्यालाई १ |

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| ४. | वडास्तरीय खेलमैदान (विशिष्ठ आवश्यकता अनुसार फुटबल वा भलिबल वा ब्याडमिन्टन वा बहुउपयोगी) | | | | प्रत्येक वडालाई वा प्रत्येक ५०००० जनसंख्यालाई १ |
| ५. | Meetings, Conference, Exhibition hall | | | | प्रत्येक ५०००० जनसंख्यालाई १ |
| ६. | शहरी प्लाजा वा स्क्वेर (city plaza and square) पाटी, चोक, शहरी पैदल क्षेत्र/मार्ग तथा अन्य शहरी सार्वजनिक स्थल (संख्या) | | | | |
| ७. | व्यवस्थित हरित क्षेत्र, उद्यान, बगैचा, हरित पैदल मार्ग (green tracks and trails) तथा अन्य हरित सार्वजनिक स्थल वा विशेष पार्क (संख्या) | | | | |
| ८. | पर्यटकीय खेल र Hiking, Camping, Rafting, River Recreation, Horse Riding, Cycling जस्ता गतिविधि सहित मनोरञ्जनका बहुविधाको प्रवर्द्धन (संख्या) | टीकापुर १० अन्तर्गत हाल १० वटा पहिचान भएको | | | |
| ९. | नगरस्तरीय बृहत् पार्क र रंगशाला | १/० वटा | | | १/१ वटा |
| १० | पार्कहरूको समग्र पूर्वाधार आवश्यकता infrastructure need का पर्याप्तता (% मा) | | | | |
| ११ | खेलमैदानहरूको समग्र पूर्वाधार आवश्यकता infrastructure need का पर्याप्तता (% मा) | | | | |
| १२ | पार्क, मनोरञ्जन, खेलमैदान तथा खुला क्षेत्र प्रयोजनका लागि नगरमा जमिनको उपलब्धता (क्षेत्रफल) | | | | |

## ५.३.३. यातायात

## १. पृष्ठभूमि

सडक सञ्जाल तथा यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको प्रमुख स्तम्भको रूपमा रहेका यातायातका पूर्वाधार र सेवाको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशील बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैरकृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ । हालसम्म नेपालमा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइँदै आएको भएता पनि, हवाईमार्ग, रेलमार्ग, जलमार्ग, राजमार्गजस्ता अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ। टीकापुर नगरपालिकाको सन्दर्भमा सडक यातायात प्रमुख यातायात पूर्वाधार हो भने हवाई यातायातलाई नगरले वैकल्पिक यातायात पूर्वाधारका रूपमा लिएको छ ।

नेपालको संविधानले स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका शहरी विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ । विस्तृत रूपमा हेर्दा संघीय सरकार तथा प्रादेशिक सरकारको जिल्ला, अन्तरप्रदेश तथा अन्तर स्थानीय क्षेत्राधिकारको सडकहरू परेतापनि कृषि सडक, स्थानीय सडकहरू तथा नगरपालिका स्तरका सडकहरू स्थानीयले नै योजना बनाई अगाडि बढाउन सक्ने संवैधानिक व्यवस्था छ ।

टीकापुर नगरपालिकाको सबै वडाहरूमा पक्की सडकको विस्तार भई नसके पनि कच्ची सडकको विस्तार भएको छ। नगरपालिकामा सडक सञ्जालको पहुँच राम्रो रहेको छ। २०७५ को तथ्याङ्क अनुसार नगरपालिकाको ९४ प्रतिशत परिवारको घर सडक सञ्जालमा जोडिएका छन् । यहाँ राजमार्ग, सहायक राजमार्ग, पक्की तथा कालोपत्रे, ग्राभेल र कच्ची सबै प्रकारका सडकहरू रहेका छन् । शहरी क्षेत्रमा सडकको अवस्था केही राम्रो भएपनि भरपर्दो र व्यवस्थित बनाउन सकिएको छैन । पक्की सडकको लम्बाई बढिरहेको भएता पनि ग्रामीण क्षेत्रका सडक सामान्यतया कच्ची अवस्थामा छन् । २०७५ को तथ्याङ्क अनुसार ११ प्रतिशत परिवारको घरमात्र पक्की सडकसँग आवद्ध छन् भने ४३ प्रतिशत घर ग्राभेल सडकमा आवद्ध छन् । विशेषगरी नगरपालिकाभित्र पर्ने रणनीतिक महत्वपूर्ण सडक सञ्जालको सेरोफेरोमा बस्ती बढी विस्तार भएको छ । लम्की-खक्रौला सडकको स्तरोन्नती प्रक्रिया अघि बढ्नु नगरको यातायात क्षेत्रका लागि महत्वपूर्ण उपलब्धीको रूपमा रहेको छ ।

नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको छ । साइकल, इ-रिक्सा, टेम्पो, ट्याक्सी, मोटरसाइकलहरूको समेत यातायातको आधारभूत साधनका रूपमा उपयोगमा छन् । नगरपालिकाको सडकमार्ग राम्रो भएका मार्गहरूमा बाह्य यातायातको साधनको रूपमा बस सेवा सञ्चालनमा छ । यसबाट आन्तरिक यातायातमा समेत योगदान पुगेको छ । नगरपालिकामा निजी सवारी साधनहरूको संख्या पनि बढ्दै गइरहेको छ तर स्थानीय बस सेवा वा समयवद्ध स्थानीय सार्वजनिक यातायात सेवा सञ्चालन भएको छैन । सञ्चालनमा रहेका यातायात सेवाको गुणस्तर भाडादर निर्धारण वा नियमनको कार्य पनि व्यवस्थित गर्न बाँकी छ । टीकापुर नगरपालिकामा रहेको विमानस्थल हाल सञ्चालनमा छैन । यसमा रहेको संरचना तथा पूर्वाधार पनि प्रयोगविहिन अवस्थामा रहेका छन् ।

नेपाल सरकारले अनुकुलन गरेको सडक सुरक्षामा सुधार गर्दै सुरक्षित, धान्न सकिने, सहज र दीगो यातायात व्यवस्थामा पहुँच उपलब्ध गराउने लक्ष्य टीकापुर नगरपालिकाले पच्छ्याई रहेको छ । २०३० सम्म ५० प्रतिशत जनसंख्यामा सुरक्षित सडक तथा भरपर्दो यातायातको पहुँच सुनिश्चित गर्न टीकापुर नगरपालिका सक्षम हुने देखिन्छ तर नगरपालिकाको वर्तमान विकासक्रमलाई आधार मान्दा २०३० सम्ममा ८० प्रतिशत जनसंख्यामा सुरक्षित, भरपर्दो र सडक सञ्जाल र यातायातको सेवा सुनिश्चित गर्ने र आर्थिक वर्ष २०९६/९७ को अन्त सम्ममा यो हिस्सालाई ९० प्रतिशत पुऱ्याउने अपेक्षित उपलब्धी तय गरेको छ ।

यातायात क्षेत्रका समस्यालाई मध्यनजर राख्दै, संविधानले दिएको स्थानीय सडक तथा यातायात व्यवस्थापनको अधिकार तथा संघ, प्रदेश तथा अन्य निकायको सहयोगमा अघि बढेका यातायातका पूर्वाधार विकासका कार्यलाई अवसरको रूपमा लिंदै सीमित स्रोतबाट धुले सडकहरूलाई पक्की सडकमा रूपान्तरण गर्ने, सबैलाई सुरक्षित र भरपर्दो स्थानीय यातायातको पहुँच सुनिश्चित गर्ने चुनौती नगरसामु छ ।

## २. लक्ष्य

नगरवासीलाई दीगो, भरपर्दो र सुरक्षित यातायातका पूर्वाधार र सेवाको पहुँच सुनिश्चित गर्ने ।

## ३. उद्देश्य तथा नीतिहरू

### उद्देश्य १ : नगरका सडक पूर्वाधारलाई व्यवस्थित र पहुँचयोग्य बनाउनु ।

**नीति क.** सडक सञ्जाल निर्माण र विस्तार गर्दा अधिकतम नगरबासीलाई नगरभित्र र बाहिरको आवत जावतमा सहजीकरण गर्ने गरी आर्थिक, सामाजिक तथा वातावरणीय पक्षहरूमा पर्याप्त ध्यान दिई सबैको पहुँच सुनिश्चित गर्ने कुरामा जोड दिइनेछ ।

**नीति ख.** हरेक सडक तथा यातायातको कार्यक्रम बनाउँदा महिला, ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको पहुँचमा पर्याप्त ध्यान दिइनेछ ।

**नीति ग.** नगरपालिकाभित्र तथा बाहिरको सडकहरूलाई एकीकृत तवरले यातायातको सुविधा पुर्‍याउन नगर यातायात गुरुयोजना (Municipal Transportation Master Plan MTMP) तयार गरिनेछ र सडक सञ्जाल निर्माण र विस्तार गर्दा MTMP अनुरूप गरिनेछ ।

**नीति घ.** सडक पूर्वाधार निर्माण गर्दा उपयुक्त डिजाइन गरी सडकको आधिकारिक रूपमा तोकिएको कार्यात्मक वर्गीकरण प्रणाली (Functional Classification System) प्रयोग गरिन्छ ।

**नीति ङ.** हरेक सडकको सेवा स्तर न्यूनतम सेवा स्तरभन्दा कम हुन नदिन डिजाइन तथा निर्माणमा उपयुक्त प्राविधिक विधि अपनाइने छ ।

**नीति च.** सडक योजना तथा निर्माण गर्दा सरोकारवाला समुदाय तथा बस्तीको समस्या पहिचान गरी सो समस्या समाधानमा केन्द्रित गरी बनाइनेछ ।

**नीति छ.** नगरपालिकाको सामाजिक, आर्थिक विकास तथा हरेक जरुरी सेवा प्रवाहको लागि चाहिने सडक तथा यातायातको सुविधा हुने गरी यातायातका कार्यक्रम तय गरिनेछ । विशेषगरी कृषि क्षेत्र, उद्योग व्यवसाय, पर्यटन क्षेत्र र सेवा क्षेत्रका आवश्यकता सम्बोधनलाई प्राथमिकतामा राखिनेछ ।

**नीति ज.** नगरबाट हुने सडकको डिजाइन तथा निर्माण संघीय सरकारको सडक विभागद्वारा तोकिएको न्यूनतम मापदण्डभित्र रही गरिनेछ। नगरपालिकाभित्र विना प्राविधिक मापदण्ड बनाइएका सडकको निश्चित डिजाइन गरी सडक विस्तार र स्तरोन्नती मार्फत् निश्चित इञ्जिनियरिङ्ग मापदण्डमा पुर्‍याइनेछ ।

**नीति झ.** सडक सुरक्षाको दृष्टिकोणबाट दुर्घटनाको सम्भाव्यतालाई मध्यनजर गर्दै Road Safety Auditing गर्नुका साथै सडक सुरक्षा सम्बन्धी विभिन्न उपायहरू अपनाइने छ ।

**नीति ञ.** नगरपालिकास्तरीय बसपार्क निर्माण सम्पन्न गरिनुका साथै सेवा केन्द्रहरू, औद्योगिक, व्यवसायिक र पर्यटकीय क्षेत्र लक्षित पार्किङको व्यवस्थापनलाई प्राथमिकता दिइनेछ । त्यसका लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

**उद्देश्य २ : सडक निर्माणलाई भू-उपयोग योजना अनुकुल बनाउँदै लागत प्रभावकारिता हाँसिल गर्नु ।**

**नीति क.** यातायातका पूर्वाधार र सेवाका कार्यक्रम तय गर्दा भू-उपयोग योजनामा तालमेल मिल्ने गरी तय गरिनेछ । विशेषगरी आवास क्षेत्रमा सार्वजनिक यातायातको पहुँच सुनिश्चितता हुने कुरामा मुख्य प्राथमिकता दिइनेछ भने सार्वजनिक यातायातको मागको आधारमा पार्क क्षेत्र, सम्पदा क्षेत्र, पर्यटन, औद्योगिक र व्यवसायिक क्षेत्र लक्षित आयोजनालाई पनि प्राथमिकता दिइनेछ ।

**नीति ख.** वार्षिक बजेट तथा पूँजी सुधार कार्यक्रम तथा सडक गुरुयोजनामा उल्लेखित बढी लाभका सडक पूर्वाधार आयोजनामा प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ ।

**नीति ग.** सञ्चालन तथा मर्मत सम्भार खर्चसहित प्रत्यक्ष तथा अप्रत्यक्ष लागतलाई दृष्टिगत गरेर मात्र यातायातका कार्यक्रमको अन्तिम छनौट गरिनेछ ।

**नीति घ.** परियोजनाको लागत घटाउन तथा प्रतिकुल प्रभावहरू घटाउन परियोजनाको शुरुवात हुनेभन्दा पहिले नै सडकले लिने क्षेत्रलाई नगरको स्वामित्व तथा सडक क्षेत्र अन्तर्गत ल्याइनेछ ।

**नीति ङ.** सडकमा रकम विनियोजन गर्दा निश्चित कार्य पूरा हुने गरी विनियोजन गरिनेछ । पर्याप्त स्रोत नभएको अवस्थामा प्राथमिकता प्राप्त सडकको निश्चित खण्ड पूरा गर्नमा जोड दिइनेछ ।

**उद्देश्य ३ : यातायातका कार्यक्रम विस्तार गर्दा समुदायमा पर्ने नकारात्मक भौतिक र वातावरणीय प्रभाव न्यूनीकरण गर्नु ।**

**नीति क.** टीकापुर विमानस्थलको भौतिक पूर्वाधार, एयरपोर्ट सञ्चालनका प्रभाव सम्बन्धमा सामुदायस्तरमा पर्याप्त छलफल र प्राविधिक परामर्शका आधारमा विमानस्थल रहने स्थान परिवर्तन वा विस्तार गरी टीकापुर विमानस्थल सञ्चालन ल्याइने छ । यसबाट आपतकालीन यातायात र वैकल्पिक यातायात सेवाका रूपमा हवाई सेवा शुरु गर्न समन्वयात्मक प्रयास गरिनेछ ।

**नीति ख.** यातायातका पूर्वाधारको कार्यक्रम तय गर्दा संरक्षण गर्न तोकिएको पानीका स्रोतहरू, वनजंगल क्षेत्रहरू, प्राकृतिक स्रोतहरू, साँस्कृतिक तथा धार्मिक क्षेत्रहरू अथवा भविष्यमा तोकिन सक्ने पानी तथा वातावरणका कुनै संरक्षण हुनसक्ने क्षेत्रहरूलाई विस्थापित नहुने गरी डिजाइन गरिनेछ ।

**नीति ग.** समुदाय तथा बस्ती र बासिन्दाहरूलाई न्यून नकारात्मक प्रभाव हुने गरी यातायातका योजनाहरू तथा यातायात सेवा र सुविधाहरूको डिजाइन गरिनेछ ।

**नीति घ.** यातायातका लागि प्रयोजनमा आउने गाडी तथा उपकरणहरूले न्यून सवारी साधन प्रदुषण हुने गरी राष्ट्रिय प्रदुषण मानक पूरा गर्नुपर्ने व्यवस्था गरिनेछ ।

**नीति ङ.** सडकमा भएका फोहोर र धुलोले समुदाय तथा सडक प्रयोग गर्ने सर्वसाधारणलाई न्यून असर पर्ने गरी सडकको संरचना निर्माण गरिनुका साथै तदअनुकुल सडकको अवस्था कायम गरिनेछ ।

**नीति च.** सडकबाट बगेको वर्षातको पानीलाई प्रभावकारी आधुनिक नवीन विधिहरूबाट व्यवस्थित गरिने छ । सडक सुरक्षा र सरसफाईको कार्यक्रमका रूपमा समेत यो कार्यक्रम अघि बढाइने छ ।

**नीति छ.** सडकको ट्राफिकलाई बाधा पुऱ्याउने प्राकृतिक अवरोधहरू तथा जीवजन्तुलाई हरेक समय सडकबाट हटाइने छ ।

**नीति ज.** समग्र नगरपालिकाको ट्राफिक व्यवस्थापनको लागि ठूलो सेवा सुविधा दिने कार्यालय निर्माण गर्नुपर्दा ट्राफिक प्रभाव मूल्याङ्कन अर्थात् Traffic Impact Assessment (TIA) गर्नुपर्ने प्रावधान बनाइनेछ । विभिन्न बाटोहरूलाई एकतर्फी गरी ट्राफिक व्यवस्थापनलाई चुस्त दुरुस्त गरिनेछ ।

**उद्देश्य ४ : सार्वजनिक यातायातको सहज र सरल पहुँच सुनिश्चित गर्नु ।**

**नीति क.** टेम्पो तथा इ-रिक्साहरूले मात्र दीगो, भरपर्दो र सुरक्षित यातायात सेवाको आवश्यकता पूरा गर्न नसक्ने भएकोले पूर्व तयारीका साथ सार्वजनिक यातायात सेवाको भरपर्दो विकल्प तयार पारिनेछ । हाल सञ्चालनमा रहेका यातायातका साधनको सेवालाई नियमित र व्यवस्थित गरिनेछ ।

**नीति ख.** नगरपालिकाले सबै बजार, जनसंख्या तथा यातायात सेवाको मागको अध्ययन गरी न्यूनतम हरेक वडासम्म पुग्ने गरी नगर बस सेवा सञ्चालनमा ल्याउने छ । नगर बस सञ्चालनमा ल्याउँदा नगरको सहजकर्ता र सहयोगी भूमिका रहने गरी निजी क्षेत्रबाट सञ्चालन गर्ने नीति लिइनेछ ।

**नीति ग.** एक्लो प्रयोजनमा आउने गाडी, मोटरसाइकलको गर्नु नपर्ने गरी स्थानीय यातायात सेवा सुधार र विस्तार गरी आम परिवहन (यातायात सेवा) प्रयोगलाई प्रोत्साहन दिइनेछ ।

**नीति घ.** यातायातका साधन र सुविधालाई बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त र पहुँचयोग्य बनाइने छ ।

**उद्देश्य ५ : सडक र यातायातलाई सुरक्षित बनाउनु ।**

**नीति क.** नगरबासीलाई यातायात सेवाको पहुँच विस्तारसँगै सडक दुर्घटना लगायत सडक असुरक्षा न्यूनीकरण गर्न संरचनागत र प्रवर्द्धनात्मक कार्य प्राथमिकताका साथ अघि बढाइने छ ।

**नीति ख.** पैदल यात्रुलाई प्रोत्साहन तथा सुरक्षाको लागि सडक किनारमा सुरक्षित पैदलमार्ग वा सडकपेटीको व्यवस्था गरिनेछ । सडक तथा अन्य सुविधाको निर्माणको समयमा पैदल यात्रुको सहजता र सुरक्षाको उपाय अपनाइने छ ।

**नीति ग.** साइकल प्रयोगकर्ताको सुरक्षालाई ध्यान दिँदै साइकल ट्याक निर्माण वा लेन कायम गर्न जोड गरिने छ । सबै किसिमका सवारी साधनको गति नियन्त्रणका लागि उपयुक्त विधि अपनाइने छ ।

**नीति घ.** रातको समयमा पनि सडकलाई सुरक्षित र सहज बनाउनका लागि सडक निर्माण र सडक बत्ती जडानको कार्यलाई सँगसँगै लगिनेछ । सडक क्षेत्र सुरक्षाको लागि नेपाल प्रहरीसँगको समन्वयमा उपयुक्त स्थानमा सीसी क्यामेरा जडान र व्यवस्थापन गरिनेछ ।

**नीति ङ.** सडकमा पैदल यात्रु तथा अन्य गाडी चालकहरूको सुरक्षाको लागि ध्वनी प्रदुषण कम गर्ने उपाय अपनाइनुका साथै ट्राफिक प्रहरीसँगको समन्वयमा प्रदुषण निरुत्साहित गर्ने कानुनी प्रबन्ध गरिनेछ ।

**नीति च.** सुरक्षित यातायात व्यवहारका लागि सडक प्रयोगकर्ता, सवारी चालक र सम्बन्धित सरोकारवाला लक्षित सडक र सवारी सुरक्षा सम्बन्धी सचेतनामूलक गतिविधि सञ्चालन गरिनेछ ।

**उद्देश्य ६ : यातायात सेवा प्रवाहको नगरको क्षमता विकास गर्नु ।**

**नीति क.** नगरभित्र यातायातको पूर्वाधार तथा यातायात सेवाको व्यवस्थापन, समन्वय र निगरानीका लागि निश्चित जनशक्ति तथा उपकरणसहितको यातायात शाखाको विकास गरिनेछ ।

**नीति ख.** यातायात क्षेत्रको भू-सूचना संकलन, विश्लेषण र अध्यावधिक गर्नसक्ने गरी नगरको जनशक्तिको क्षमता विकास गरिनेछ ।

**नीति ग.** आम नागरिकको यातायात सम्बन्धी आधारभूत शिक्षाको लागि गोष्ठी, तालिम, सेमिनारहरू आयोजना गरिनेछ ।

**नीति घ.** नगरका प्राविधिक जनशक्तिलाई आवश्यक पर्ने उपकरणको उपलब्धता गराइनुका साथै कार्यसम्पादनमा आधारित पुरस्कार र क्षमता विकास पद्धति विकास गरिनेछ ।

## तालिका १/५.३.३ : आवधिक प्राथमिकता : यातायात

**क.** नेपालको संविधानको अनुसूची ८(१६) मा रहेको नगरको सडक सम्बन्धी एकल अधिकार तथा अनुसूची ९(१५) मा रहेको सवारी अनुमति सम्बन्धी साझा अधिकार मध्ये स्थानीय सडक, कृषि सडक तथा ग्रामीण सडकमा सञ्चालन हुने यातायात सेवा र स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(ख) अनुसार स्थानीय सरकारको यातायात क्षेत्र व्यवस्थापनको भूमिकामा स्पष्टता ल्याई स्थानीय यातायात सेवा व्यवस्थापन, पहुँच प्रवर्द्धन तथा यात्रु र यातायात सुरक्षा सम्बन्धी आवश्यक कानुन निर्माण नगरको अहिलेको प्राथमिकता हो भने संघीय र प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका नगर क्षेत्रको सडकमा सञ्चालन हुने यातायात सेवा सम्बन्धी अधिकार र दायित्वमा समेत प्रष्टता ल्याउनु पनि जरुरी छ। स्थानीय यातायात नीतिलाई सबैका लागि दीगो, भरपर्दो र सुरक्षित यातायात सेवाको पहुँच सुनिश्चित गर्ने नगरको लक्ष्य प्राप्तिमा केन्द्रित गर्न थप रणनीति निर्माण र स्थानीय यातायात कानुनको समयबद्ध समीक्षा र परिमार्जन मध्यकालीन र दीर्घकालीन प्राथमिकता हो।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. अटो रिक्सा लगायत स्थानीय सवारी साधनको अनुमति, भाडादर, सेवा, पहुँच, यात्री सुरक्षा र स्थानीय यातायात सेवाको रुट निर्धारण सम्बन्धी कार्यविधि बनाउने। | १.१. यातायात सेवा व्यवस्थापन सम्बन्धी अल्पकालमा बनेका स्थानीय कानुन कार्यान्वयनको समीक्षा गरी आवश्यक परिमार्जन र संशोधन गर्ने। | १.१. यातायातको क्षेत्रमा आउने नविनतालाई आत्मसात गर्दै आवश्यकता अनुसार सडक तथा सार्वजनिक यायातका नीति तथा कानुन, निर्माण र परिमार्जन गर्ने। |
| | १.२. यातायात व्यवस्थापन नीति अनुरूप नविकरणीय ऊर्जामा आधारित यातायात सेवा तथा साइकल यात्रीको सुरक्षा र व्यवस्थापनका लागि पूर्वाधार विकास र सुरक्षा सम्बन्धी निर्देशिका तथा मापदण्ड निर्माण गर्ने। | १.२. नवीकरणीय ऊर्जामा आधारित स्थानीय यातायात सेवाको प्रवर्द्धन र साइकल प्रयोगलाई सुरक्षित बनाउन तय गरिएका नीति कार्यान्वयनको हरेक दुई वर्षमा समीक्षा गर्ने। |
| | १.३. सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकको सुरक्षित पहुँच सुनिश्चित गर्न स्थानीय कानुन बनाउने। | १.४. नगरको यातायात क्षेत्रलाई, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिक मैत्री सुनिश्चितताका मापदण्ड तय गरी कार्यान्वयनको वार्षिक समीक्षा गर्ने। |
| २. संघ र प्रदेश सरकारसँगको समन्वयमा लम्की खक्रौला लगायत राजमार्ग र मुख्य सडकमा सञ्चालन हुने यातायात सेवा व्यवस्थापनमा नगरको भूमिका सम्बन्धमा नीतिगत स्पष्टता ल्याउने। | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ३. राष्ट्रिय सोच, दीगो विकास लक्ष्य र नगरको लक्ष्य तथा उद्देश्य अनुसार नगरस्तरको यातायात सेवा व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति निर्माण गर्ने । | ३. दीगो विकासका लक्ष्य प्राप्तिमा नगरको उपलब्धिको अवस्थालाई आवधिक रूपमा समीक्षा गरी कमी पहिचान गर्ने र त्यसको पूर्तिको रणनीतिलाई वार्षिक नीति तथा कार्यक्रममा समेट्दै जाने । |

**ख.** संविधानतः स्थानीय सडक, कृषि सडक र ग्रामीण सडक स्थानीय सरकारको एकल अधिकारभित्र रहेको सडक निर्माण तथा व्यवस्थापनको काम नगरपालिका स्वयंको हो । त्यसैले स्थानीय सडकको पूर्वाधार सम्बन्धी कानुन बनाउने तथा सबै किसिमका सडकको निर्माण, विकास र सेवा सञ्चालनको प्राथमिकता सहितको नगर यातायात गुरुयोजना निर्माण गर्ने कार्य नगरको प्राथमिकीकरण नीतिगत कार्य हुन् । संघीय तथा प्रदेशको अधिकार अन्तर्गत रहेका नगरपालिका क्षेत्रभित्रका सडकको व्यवस्थापनमा संविधानत : नगरको भूमिका नहुने भए पनि व्यवहारिक रूपमा ती सडकका सन्दर्भमा समेत नगरबाट कतिपय कार्य गर्नुपर्ने भएकोले त्यस्ता सडकको उपयोग तथा व्यवस्थापनमा नगरको भूमिका स्पष्ट गर्नु पनि अहिलेको प्राथमिकता हो । आगामी वर्षमा तयार हुने यातायात गुरुयोजना र यातायात सम्बन्धी कानुनको समयवद्ध समीक्षा र परिमार्जन तथा परिवर्तित सन्दर्भमा नयाँ नीति तथा कानुन बनाउनु मध्यकालीन तथा दीर्घकालीन प्राथमिकता हो ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संविधान अनुसार नगरको एकल अधिकारभित्र नरहेका सडकको व्यवस्थापन तथा उपयोग सम्बन्धी नगरको भूमिकामा स्पष्टता ल्याउने । | | |
| २. स्थानीय सडक, कृषि सडक र ग्रामीण सडकको नामसहित वर्गीकरण, मापदण्डको कार्यान्वयन र सडक उपयोग तथा व्यवस्थापन सम्बन्धी ऐन तथा सम्बन्धित नियम र निर्देशिका निर्माण गर्ने । | २. सडक तथा सम्बन्धित यातायातका पूर्वाधारमा अपाङ्गता भएका व्यक्ति तथा बालबालिका, ज्येष्ठ नागरिक लगायतको पहँच र सुरक्षा सम्बन्धी प्रावधान समेटी सडक उपयोग तथा व्यवस्थापन सम्बन्धी स्थानीय कानुन निर्माण गर्ने। | २. सडक उपयोग तथा व्यवस्थापन सम्बन्धी स्थानीय कानुन कार्यान्वयनको अवस्थाको अध्ययन गरी आवश्यकता अनुसार संशोधन र परिमार्जन गर्ने । |
| ३. नगरको यातायात गुरुयोजना बनाउने । सडक निर्माणमा स्रोतको अधिकतम उपयोगका लागि सडक निर्माण, मर्मत र स्तरोन्नतीको प्राथमिकीकरण र बजेट विनियोजनको मापदण्ड निर्माण गर्ने । | ३. यातायात गुरुयोजना कार्यान्वयनको अवस्था पुनरावलोकन गर्ने, कमी पहिचान गर्ने पूर्तिको रणनीति बनाउने तथा गुरुयोजनामा आवश्यक सुधार र अध्यावधिक गर्ने । | ३. नगरको यातायात गुरुयोजना कार्यान्वयनको आवधिक समीक्षा गरी समयानुकुल अध्यावधिक गर्ने । |

**ग.** यातायातका पूर्वाधार विकास र सेवा व्यवस्थापनका लागि योजना प्राथमिकीकरण र स्रोत विनियोजनलाई वैज्ञानिक सूचना विश्लेषणमा आधारित बनाउनु पर्ने आवश्यकता छ । सयौंको संख्यामा रहेका स्थानीय सडक तथा तिनको लम्बाई, चौडाई तथा पूर्वाधारको स्तरमा रहेका विविधताले गर्दा टीकापुर नगरपालिकालाई सडकको वर्गीकरण, मापदण्ड निर्धारण, प्राथमिकीकरण, स्रोत विनियोजन र स्तरोन्नतीको कार्यलाई वैज्ञानिक बनाउनमा समस्या भइरहेको पृष्ठभूमिमा सडक तथा यातायात सेवा सम्बन्धी सूचना संकलन, व्यवस्थापन र अध्यावधिक गर्ने कार्यलाई नगरको तत्काल तथा निरन्तर प्राथमिकताको कामका रूपमा अगाडि बढाइने छ । जस अनुसार ती कामको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा रहेका सबै सडकको लम्बाई, तथा शुरु र अन्तिम विन्दुसहित नामाकरण गरी कृषि सडक, स्थानीय सडक र ग्रामीण सडकमा वर्गीकरण गर्ने । नगरको एकल अधिकारभित्र नरहेका सडकको वर्गीकरण र स्थानीय वर्गीकरणलाई एकीकृत गर्ने । | १. सडक तथा यातायात सम्बन्धी तथ्याङ्क अध्यावधिक गरी पूर्वाधार निर्माण र यातायात सेवा प्रवाहमा उपयोगको अभ्यासलाई संस्थागत गर्ने । सडक बाहेक यातायात सेवा (सवारी साधन संख्या, रुट, उपयोग विवरण आदि) सूचना संकलन र व्यवस्थापनको कार्य शुरु गर्ने । | १. यातायात सूचना व्यवस्थापनलाई संस्थागत प्रणालीका रूपमा विकास र उपयोग गर्ने । |

**घ.** यस नगरपालिकाको नगर केन्द्रबाट करिब १५ किलोमिटरमा पूर्व पश्चिम राजमार्ग रहेको छ भने नगरका प्रमुख मार्गहरूको नामाकरण गरिएको छ । २०७५ को तथ्याङ्क अनुसार ९४ प्रतिशत घर सडक सञ्जालमा आवद्ध रहेको अवस्था छ । संघीय सरकार मार्फत् लम्की-खक्रौला र हुलाकी सडकको टीकापुर खण्ड समेतको पूर्वाधार विकासको कार्य अघि बढिरहेको छ भने केही आन्तरिक सडक कालोपत्रे भएको वा हुँदै गरेको अवस्था छ । तर, नगरका १५ प्रतिशतभन्दा कम घरलाई मात्र कालोपत्रे सडकले छोएको तथा करिब ७९ प्रतिशत घरलाई ग्राभेल वा कच्ची सडकले छोएको, ६ प्रतिशत घर सडक सञ्जालभन्दा बाहिर रहेको वर्तमान अवस्थामा सुधार गरी दीगो भरपर्दो र सुरक्षित सडकको पहुँचमा आमनगरबासीलाई ल्याउनका लागि योजनावद्ध रूपमा सडकको सिमांकन, चौडा, माटो पटानी, ग्राभेल र कालोपत्रेको कार्य अघि बढाउनु पर्ने अवस्था छ । एउटै वडामा रहेका सडकको चौडाई तथा पूर्वाधारको स्तरमा रहेको विविधता हटाई प्राथमिकता प्राप्त सडकबाट शुरु गरी सबै सडकलाई निश्चित चौडाई र पूर्वाधारस्तरमा पुऱ्याउने र भू-उपयोग योजना अनुकुल सुव्यवस्थित शहर वा बस्ती विकासका लागि आवश्यक पर्ने नयाँ सडकका पूर्वाधार समेत तय गर्ने गरी सडकको पूर्वाधार विकासको नगरबाटै गरिने कामको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

**नक्सा १/५.३.३ : नगरको विकास प्राथमिकतामा रहेका सडक**




सडक निर्माण र स्तरोन्नतीको कार्यलाई प्राथमिकतामा आधारित बनाउन सके यो क्षेत्रको लगानी उपलब्धीमूलक हुने हुनाले माथिको नक्सामा प्राथमिकता प्राप्त सडक प्रस्तुत छ। यसका लागि बढी जनसंख्या समेट्ने, वडाको बढी क्षेत्र जोड्ने तथा आवश्कतालाई आधार मानिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगर र वडास्तरका बाटोमा रहेको चौडाईको विविधता हटाई हरेक बाटोको शुरुदेखि अन्तिम विन्दुसम्मको चौडाईमा एकरूपमा ल्याउने र निजी जग्गामा रहेको बाटो र सडकमा हुनुपर्ने तर निजी रूपमा उपभोग भइरहेको बाटोको क्षेत्र निर्धारण गर्ने र सिमांकन गरिसक्ने । | १. सडक मापदण्डको पूर्ण रूपमा कार्यान्वयन गरी नगरका सबै सडकको नक्सा तयार वा परिमार्जन गरिसक्ने । | |
| २. राजमार्ग बाहेक आमनगरबासीको यातायातको पहुँच विस्तार तथा पर्यटन र कृषि लगायत आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्ने सडक पहिचान गरी नगर गौरवको आयोजनाका रूपमा अघि बढाउने । | २. नगरको उच्चतम प्राथमिकताका कम्तीमा ३ प्रमुख सडकको सबै पूर्वाधार तयार गर्ने र पक्की बनाउने (वडा गौरवका केही सडक नगर गौरवका सडकको अंग बन्न सक्छन्) । | २. अल्पकालमा निर्धारित नगर गौरवका सबै आयोजना पूरा गरी सञ्चालनमा ल्याउने । |
| ३. हाल वडा गौरवका आयोजना अन्तर्गत १ किलोमिटर सडकलाई ५ किलोमिटर कालोपत्रे भएको अवस्थामा पुऱ्याउने । | ३. अल्पकालनमा वडा गौरवका आयोजनामा समेटिएका सबै आयोजना पूरा गर्ने । | |
| ४. सिमांकन गरिएका वा ट्र्याक खुलेका नगर र वडास्तरका प्रमुख सडकको चौडाई पूरा गर्ने र ती सडकमा माटो पटानीको कार्य पूरा गर्ने । नगर र वडास्तरीय सडकमा उपयुक्त निकाससहितको अस्थायी नाला निर्माण गरिसक्ने । | ४. आवश्यक संख्यामा कल्भर्ट वा पुलसहित नगर केन्द्रबाट सबै वडा केन्द्रसम्म तथा सबै वडा केन्द्रबाट लम्की खक्रौला वा हुलाकी सडकसम्मको बाटो कालोपत्रे गरिसक्ने वा पक्की बनाइसक्ने । | |
| ५. अटो रिक्साको सेवा सबै वडामा पुग्ने नगर केन्द्रबाट सबै वडा केन्द्रसम्मको बाटोमा आवश्यकता अनुसार माटो पटानी, अस्थायी नाला तथा ग्राभेलसम्मको कार्य सम्पन्न गर्ने सुधार गर्ने । | ५. सबै सडकको मापदण्ड अनुसार चौडाई, सिमांकन र माटो पटानीको कार्य सम्पन्न गर्ने र कम्तीमा दुई ओटा टोल (२०० घर) जोड्ने वडास्तरका सडकमा पक्की नालासहित कालोपत्रे बाहेकको पूर्वाधार पूरा गर्ने । ती सडकमा रिक्साको पहुँच पुऱ्याउने । | ५. टोलस्तरसम्मका सबै सडक कालोपत्रे वा पक्की बनाइसक्ने र सबै सडकको नियमित मर्मत सम्भार गर्ने । |
| ६. सडक सञ्जालमा जोडिन बाँकी घरलाई सडक सञ्जालमा ल्याउने प्रक्रिया शुरु गर्ने । | ६. सबै घरलाई सडक सञ्जालमा ल्याईसक्ने । नगरका सबै घरमा आपत्कालीन यातायात सेवाको पहुँच सुनिश्चित गर्ने । | ६. कम्तीमा ९० प्रतिशत घरलाई कम्तीमा उपयुक्त नालासहितको ग्राभेल सडकको पहुँचमा ल्याउने । |

| | | |
|---|---|---|
| | | ७. भू-उपयोग योजना, बस्ती विकास योजना, औद्योगिक र पर्यटन रणनीति आदिमा केन्द्रित रहेर नयाँ सडक निर्माण तथा सञ्चालन गर्ने र सडक, बस्ती र भू-उपयोगका बिचमा सामञ्जस्यता कायम गर्दै लैजाने । |
| **ङ.** नगरपालिकाको सीमित स्रोत र निश्चित क्षेत्रका कारण ठूला सडक पूर्वाधार निर्माण वा स्तरोन्नतीका लागि संघ, प्रदेश, संघ तथा प्रदेश अन्तर्गतका निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा छिमेकी स्थानीय तह तथा बाह्य निकायसँग समन्वय, सहकार्य र साझेदारी गर्नुपर्ने आवश्यकता छ । नगर चक्रपथ निर्माण गर्ने, नगर बसपार्क, लम्की खक्रौला तथा हुलाकी सडकको टीकापुर खण्ड निर्माणाधीन ठूला परियोजनाको कार्य सम्पन्न गर्ने तथा सम्भाव्य नयाँ कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत प्राप्तिका लागि नगरले नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्नेछ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. चक्रपथ निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्रदेश सरकारको समन्वयमा निर्माणको प्रक्रिया अघि बढाउने । बाह्य चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गर्ने । | १. केन्द्र, प्रदेश सरकार तथा निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमसँगको समन्वयमा नगर चक्रपथको सिमांकन, चौडा, माटो पटानी तथा ग्राभेलसम्मको कार्य पूरा गर्ने । | १. नगर चक्रपथ निर्माणको कार्य सम्पन्न गर्ने । |
| २. नगर बसपार्कको आधारभूत पूर्वाधार तयार गरी सञ्चालनमा ल्याउने । | २. संघीय सरकारको सहयोगमा निर्माणाधीन नगर बसपार्कको सम्पूर्ण पूर्वाधार निर्माणको कार्य मध्यकालको पहिलो वर्षभित्र सम्पन्न गरिसक्ने । | |
| ३. संघीय सरकारको सहयोगमा निर्माणाधीन लम्की खक्रौला सडकको टीकापुर खण्ड चौडा र कालोपत्रे गर्ने काम सम्पन्न गर्ने र हुलाकी सडकको कार्य समयमा सम्पन्न गर्न आवश्यक सहजीकरण गर्ने । | ३. संघीय सकारको सहयोगमा अल्पकालमा निर्माणाधिन सबै सडकको कार्य पूरा गर्न समन्वय गर्ने । | ३. संघ तथा प्रदेश सरकार मार्फत् वा बाह्य निकायको सहयोगमा निर्माण हुने सबै सडकको उपयुक्त व्यवस्थापन र मर्मत सम्भारको कार्यमा संस्थागत समन्वयलाई थप प्रभावकारी बनाउने । |
| ४. रानी, जमरा, कुलरिया सिचाईं आयोजनाको तटबन्ध क्षेत्रमा टीकापुर पार्क हुँदै कर्णाली नदी जोड्ने पर्यटन सडक निर्माणको सम्भाव्यता अध्ययन गर्ने । (जानकी र लम्कीचुहा नगरपालिकासँगको समन्वय) | ४. रानी, जमरा, कुलरिया सिचाईं आयोजनाबाट निर्माणाधीन कृषि सडक पूरा गर्न तथा कृषि उपज समयमा भित्र्याउन तथा बजार लैजानमा कमी देखिएका क्षेत्रमा खेतीयोग्य जमिन सकेसम्म नमासिने गरी कृषि सडक विस्तार गर्ने । | ४. सम्भाव्यताका आधारमा रानी, जमरा, कुलरिया सिचाईं आयोजनाको तटबन्ध क्षेत्रमा टीकापुर पार्क हुँदै कर्णाली नदी जोड्ने पर्यटन सडक निर्माणको कार्य सम्पन्न गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ५. दौलतपुर घाटलगायत टीकापुरबाट अन्य स्थानीय तह वा जिल्ला (जानकी, भजनी, राजापुर) जोड्ने पुलको सम्भाव्यता अध्ययन र डिपिआर गरी निर्माण शुरु भइसक्ने गरी बाह्य सहायता सुनिश्चित गर्ने ।<br><br>६. सम्भाव्यताका आधारमा टीकापुर पार्क कर्णाली नदी पुल जोड्ने सडक पूर्वाधार विकासको कार्य अघि बढाउने ।<br><br>७. कर्णाली नदी छेउको ड्याम हुँदै मोहना ड्यामबाट पथरैया ड्यामसम्म जोड्ने खक्रौलाको पिल्लर (नेपाल-भारत) बाट वडा नं. ७ को कालाकुण्डासम्मको बाटोलाई ड्यामभन्दा अग्लो बनाई त्यसलाई पर्यटन मार्गका रूपमा विकास गर्ने सम्भाव्यता अध्ययन गर्ने र सम्भाव्यताका आधारमा निर्माण प्रक्रिया शुरु गर्ने। | ५. मध्यकालमा सम्भाव्यता अध्ययन भएका सम्भाव्य देखिएका पुल निर्माणको कार्य पूरा गर्ने ।<br><br>६. सम्भाव्य देखिएमा टीकापुर पार्कदेखि कर्णालीको करिडोर मार्गको कार्य पूरा गर्ने । |

**च.** कर्णाली नदी लगायतका नदी प्रणाली एवं रानी कुलाका कारण टीकापुर नगरपालिका बाढी र डुबानको जोखिममा रहेको छ । त्यसैले वर्षायाममा पानीको निकास अवरुद्ध भई यातायात सेवामा समस्या आउनुका साथै सडकका पूर्वाधारमा समेत क्षति हुने गरेको छ । त्यसैले निश्चित उचाईं लगायतका मापदण्डसहित सयौंको संख्यामा कल्भर्ट निर्माण गर्नुपर्ने आवश्यकता छ भने नगरको आन्तरिक र बाह्य सम्पर्कका लागि कतिपय स्थानमा पुलहरू समेत निर्माण गर्नुपर्ने आवश्यकता महसुस गरिएकोले निर्माण गर्नुपर्ने पुल तथा कल्भर्टहरूको सूची बनाई तल उल्लिखित प्राथमिकताका आधारमा तिनको निर्माण र पूर्वाधार विकास गरिने छ ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सबै सडकमा आवश्यक देखिएका कल्भर्ट वा पुलको सुची बनाई वडा र नगरस्तरीय सडकमा सम्बन्धित कल्भर्टको आवश्यकताको प्राथमिकीकरण गर्ने ।<br><br>२. वडागत रूपमा झरनहरूको व्यवस्थापनको आवश्यक भएका प्रमुख बिन्दुहरू निर्धारण गर्ने । | १. कालोपत्रे बाहेकको पूर्वाधार निर्माण सम्पन्न भएका वडास्तरका प्रमुख बाटो र नगरभित्र कम्तीमा एक वडा एक प्रमुख सडक तथा अन्तरवडा सम्पर्कका बाटोमा कल्भर्ट वा पुल निर्माण सम्पन्न गर्ने।<br><br>२. नगर र वडास्तरका सबै सडकमा रहेका आवश्यक झरन व्यवस्थापनका पूर्वाधार तयार गरिसक्ने । | १. अल्पकाल र मध्यकालमा पहिचान गरिएको आवश्यकता कल्भर्ट र पुलहरू निर्माणको कार्य सम्पन्न गर्ने र आवश्यकताका आधारमा नयाँ पुल, तथा कल्भर्ट व्यवस्थापन गर्ने र सम्भारलाई नियमित रूपमा अघि बढाउने ।<br><br>२. सबै सडकमा नाला, झरन र पानी निकासका पूर्वाधार तयार गर्ने । |

**छ.** टीकापुर नगरपालिकाले नगरलाई उत्पादनशील र पर्यटकीय नगरको स्तरमा लैजाने दूरदृष्टि बनाएको टीकापुरको विशेषता समेत झल्कने गरी सडक सुन्दरताको कार्य अघि बढाउने छ । सडक क्षेत्र कायम गरी सडक दायाँबायाँ वृक्षारोपण, सडक साजसज्जा, सरसफाई तथा आमरूपमा सडक सुन्दरताका मापदण्ड एवं पर्यटन सडकका अलग मापदण्ड कार्यान्वनलाई आवधिक प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. टीकापुर नगरपालिकाका सडक सुन्दरताका आधारभूत मापदण्ड तयार गरी कार्यान्वयन शुरु गर्ने । | १. निर्धारित मापदण्ड अनुसार सडक सुन्दरताका लागि वृक्षारोपण लगायतका कार्य गर्ने । टीकापुर पार्क, बी.पी. स्मृति पार्क, डल्फिन क्षेत्र, पदम प्रकाशेश्वर मन्दिर, केराखेती क्षेत्र लगायत प्रमुख कृषि पर्यटन गन्तव्य र पर्यटकीय स्थल तथा थारु साँस्कृतिक केन्द्र जोड्ने मार्गहरूमा पर्यटक आकर्षण गर्ने किसिमले सडक सुन्दरताका कार्य गर्ने । | १. नगरका कालोपत्रे भएका सबै सडकमा सडक सुन्दरताका आवश्यक कार्य पूरा गर्ने र बजार र बस्ती क्षेत्रका सडकको सुन्दरतालाई टीकापुर नगर मापदण्डमा पुऱ्याउने । |
| | २. बसपार्क र बढी मानिसको जमघट हुने स्थानमा बस सार्वजनिक शौचालयको व्यवस्था गर्ने । | २. नगर सरसफाईको अभिन्न भागको रूपमा सडक सफाईका कार्य कार्यान्वयन गर्ने । |

**ज.** टीकापुर नगरपालिकाको शहरी क्षेत्र तथा तुलनात्मक रूपमा पूर्वाधारयुक्त सडकमा अटोरिक्सा तथा इ-रिक्साले सार्वजनिक यातायातको सेवाका रूपमा योगदान गरिरहेका छन् । टीकापुर र सत्ती बसपार्कबाट नगर बाहिर जाने यातायातका साधनले केही रूपमा स्थानीय यातायातको पनि काम गरेका छन् । तथापि स्थानीय बस सेवा नहुँदा नगरबासीले उनीहरूको समयमा स्थानीय यातायातको सेवा प्राप्त गर्न नसकेकाले नगरस्तरको बस सेवा सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरी उपयुक्त विधिमार्फत् यो सेवा तत्काल शुरु गर्ने र स्थानीय यातायातका साधनको सेवा, भाडादर आदिमा निरन्तर सुधार गर्ने आवधिक प्राथमिकतामा रहेको छ । आवश्यकता अनुसार विस्तार गर्दै लाने गरी टीकापुर खक्रौला र आन्तरिक चक्रपथमा नगर बस सञ्चालन गर्ने गरी तलको नक्सामा देखाइए अनुसारको रुट प्रस्ताव गरेको छ । यसैगरी पार्किङ व्यवस्थानका कार्यलाई पनि यातायात क्षेत्रको प्राथमिकताका रूपमा समेटिएको छ ।

नक्सा २/५.३.३ : नगर बसको प्रस्तावित अल्पकालीन रुट



| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको मुख्य बसपार्क, सीटी बसपार्क तथा सत्ती बसपार्कको विन्दु तथा नगर चक्रपथमा समेटिने वडाका मुख्य बस्ती भएर जाने क्षेत्र समेटी स्थानीय यातायातको रुट तय गर्ने । | १. सार्वजनिक यातायात सञ्चालन हुने नगर र वडास्तरका सबै सडकमा बस बिसौनीको न्यूनतम पूर्वाधार तयार गर्ने । | १. चक्रपथ तथा स्थानीय सडकहरूमा सबै समय (रात्री अबेर समेत) मा साना तथा ठूला स्थानीय सवारी साधन सञ्चालनको सुनिश्चितता गर्ने । |
| २. राजमार्गमा बस चल्ने समय र क्षेत्रमा नसमेटिएको समय र क्षेत्रलाई स्थानीय बस सञ्चालनको रुटका रूपमा निर्धारण गरी यातायात व्यवसायीसँगको समन्वय नगर वा निजी क्षेत्रबाट स्थानीय बस सेवा शुरु गर्ने । | २. निजी क्षेत्र वा नगरपालिकाबाट स्थानीय यातायात सेवा थप विस्तार गरी कम्तीमा सबै वडा पुग्ने व्यवस्था गर्ने । | २. छिमेकी स्थानीय तहसँगको साझेदारीमा पुल तथा सडक सञ्जालको सम्पर्क विस्तार गरी अन्तरपालिका यातायात सेवा सेवा सञ्चालन गर्ने । |
| ३. नगरस्तरमा सञ्चालन हुने सबै यातायात सेवाको अधिकतम भाडादर निर्धारण गर्ने । | ३. स्थानीय यातायातको सेवा तथा भाडादरको समयवद्ध मूल्याङ्कन तथा पुनरावलोकन गर्ने । | ३. यातायात सेवा तथा भाडादरको समीक्षा तथा सेवा अनुगमन र भाडा प्रणालीलाई सूचना प्रविधि मैत्री बनाउने । |
| | ४. यातायातका साधन सडक क्षेत्रमा पार्किङ गर्न नमिल्ने गरी पार्किङ क्षेत्र निर्धारण र सोको नियमन गर्ने । | ४. पार्किङ क्षेत्र वृद्धि र थप व्यवस्थित गर्ने । |

**झ.** टीकापुर नगरपालिकामा रहेको विमानस्थल विगत लामो समयदेखि सञ्चालनमा छैन । यसबाट पश्चिम पहाडी जिल्लासँगको सम्बन्ध, बाह्य यातायात तथा आपत्कालीन यातायात सेवाको सम्भावनाको उपयोग हुन नसकेको अवस्था छ । संघीय सरकारको अधिकार क्षेत्रभित्र रहेको विमानस्थल सञ्चालनको अधिकार अनुसार टीकापुर एयरपोर्ट सञ्चालनार्थ सम्बन्धित पक्षसँग समन्वय गरी सेवा पुनः शुरु गराउने नगरको प्राथमिकता रहेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. टीकापुर विमानस्थलमा नागरिक उड्ययन सेवा पुनः सञ्चालनका लागि संस्थागत समन्वय अघि बढाउने । | १. आवश्यक मर्मत सम्भार र न्यूनतम विस्तार गरी टीकापुर एयरपोर्टलाई आपत्कालीन यातायात सेवाका लागि उपयुक्त अवस्थामा पुऱ्याई सञ्चालन गर्ने । | १. टीकापुर विमानस्थल सुचारु गर्नुका साथै उड्ने क्षेत्र र सेवा विस्तार र स्तरोन्नतीको सम्भाव्यता सम्बन्धी छलफल र अध्ययन गरी सम्भाव्यताका आधारमा कार्य अघि बढाउने । |

**ञ.** यस नगरपालिका भित्रका सडकमा यातायातका साधनको संख्या विस्तार र विविधतासँगै सडक दुर्घटनाको जोखिम बढेको छ । साइकल यात्रीको सुरक्षा चुनौती पनि त्यत्तिकै रहेको छ । पूर्वाधार विस्तार विकाससँगै स्थानीय र बाह्य यातायातका साधनको उपयोगमा हुने विस्तारले यो जोखिम अझै बढाउने अवस्था छ । यसलाई दृष्टिगत गरी सडक सुरक्षाका निम्नानुसारका प्राथमिकता तय गरी आवधिक योजनाको रूपमा प्रस्तुत गरिएको छ । सडक सुरक्षा सम्बन्धी नगरको संवैधानिक दायित्व पूरा गर्न प्रहरीका सम्बन्धित तह लगायत विभिन्न पक्षसँग समन्वय गरिनेछ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जिल्ला ट्राफिक कार्यालयको समन्वयमा नगरभित्र नगर ट्राफिक कार्यालय स्थापनाको प्रक्रिया पूरा गर्ने । | १. ट्राफिक प्रहरीसँगको समन्वयमा सडक र सवारी सुरक्षाका सचेतनामूलक कार्य गर्ने । संरचनागत कार्यका लागि समन्वय गर्ने । | १. समन्वयात्मक रूपमा सडक सुरक्षामा रहेका जोखिम विश्लेषण गरी जोखिम अल्पीकरण र न्यूनीकरण योजना निर्माण र वार्षिक रूपमा कार्यान्वयन । |
| २. नगर क्षेत्रमा एउटा साइकल ट्र्याक तथा प्रमुख एउटा सडकमा साइकल लेनको सम्भाव्यता अध्ययन गर्ने । | २. सम्भाव्य क्षेत्रमा कम्तीमा एउटा साइकल ट्र्याक निर्माण गर्ने । | २. साइकल ट्र्याक सञ्चालन र मुख्य सडकमा साइकल लेन निर्धारण गर्ने । |
| | ३. सबै पक्की सडकमा सवारी संकेत, चिन्ह, जेब्राक्रस आदिको व्यवस्था गर्ने । | ३. सबै पक्की सडकमा सवारी संकेत, चिन्ह, जेब्राक्रस आदि सडक फर्निचरका कार्य पूरा गर्ने । |
| | ४. पक्की सडक निर्माण पूरा भएका वा सघन बस्ती क्षेत्रमा पक्की सडक पेटी र सबै बजार क्षेत्रमा पैदलयात्रीको लागि सुरक्षित साइड बाटो तयार गर्ने । | ४. सबै बस्ती र बजार क्षेत्रमा रेलिङ सहितको सडक पेटी निर्माणको कार्य सम्पन्न गर्ने । |
| | ५. नगर केन्द्र र सघन बस्ती क्षेत्रलाई मुख्य प्राथमिकतामा राखी सौर्य बत्ती वा जलविद्युत मध्ये कम लागतको विकल्प प्रयोग गरी सडक बत्तीको व्यवस्थापन गर्ने । | |

**ट.** यस नगरपालिकामा २ जना इन्जिनियर र ९ जना सहायक सब इन्जिनियर तथा ३ अमिन सहितको प्राविधिक कर्मचारीको उपलब्धता रहेको छ । नेपाल सरकारले निर्धारण गरेको दरबन्दी तथा नगरको आवश्यकताका आधारमा ५ जना प्राविधिक करारमा नियुक्त गरी हालका लागि अस्थायी व्यवस्थापन गरिएको हो । नगरमा पूर्वाधार विकास शाखा अन्तर्गत सडक तथा अन्य पूर्वाधार विकास उपशाखा र बस्ती विकास तथा भवन निर्माण उपशाखा रहेको छ। तर पूर्वाधार बाहेकका यातायातको समग्र पक्ष हेर्ने छुट्टै इकाई भने छैन। यसर्थ, सडक मात्र नभई यातायात क्षेत्रको समग्र पक्षमा अध्ययन, तथ्याङ्क संकलन र व्यवस्थापन एवं विकास र सेवाको सुपरिवेक्षण सहितको कार्यलाई प्रभावकारी बनाउन निम्नानुसार सङ्गठन संरचना निर्माण, कार्यसम्पादन मापन, क्षमता विकास तथा प्रोत्साहन प्रणाली तयारी र कार्यान्वयनको आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ। यातायात लगायत सम्पूर्ण पूर्वाधार र शहरी सेवालाई दीर्घकालमा शहरी विकास महाशाखाकै अंग बनाउने गरी क्षमता विकासलाई चरणबद्ध रूपमा अघि बढाइनेछ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको योजना तथा प्राविधिक शाखा अन्तर्गत अधिकृतस्तरको कर्मचारी (सिभिल इञ्जिनियर) सहितको बेग्लै यातायात इकाई निर्माण गर्ने । | १. नगरको यातायात इकाईमा सिभिल इञ्जिनियर तथा फिल्डमा परिचालित हुने जुनियर इञ्जिनियर र सहायक जुनियर इञ्जिनियर सहितको जनशक्ति व्यवस्थापन गर्ने । | १. प्राविधिक र प्रशासनिक कर्मचारीसहितको यातायात शाखा स्थापना गरी सो अन्तर्गत यातायात सेवा र पूर्वाधारका कार्य हेर्न बेग्लाबेग्लै दुई इकाई निर्माण गर्ने । यातायात शाखालाई शहरी विकास महाशाखाको अंग बनाउने । |
| २. यातायात इकाईमा सडक तथा यातायातका पूर्वाधार तथा यातायात सेवाको अवस्था समेतको डिजिटल इन्भेन्टरी तयारी र स्वत: अध्यावधिक हुने प्रणाली विकास गर्ने । | २. सडक तथा यातायात क्षेत्र हेर्ने प्रशासनिक कर्मचारी पनि प्राविधिक शाखामा रहने व्यवस्था गर्ने र इकाईलाई न्यूनतम उपकरण र प्रविधियुक्त बनाउने तथा यातायातका पूर्वाधार र सेवा सम्बन्धी सूचना नियमित अध्यावधिक भएको सुनिश्चितता गर्ने । | २. प्राविधिक तथा नीतिगत ज्ञान र सीप उपलब्ध गराई यातायात पूर्वाधार इकाईलाई मध्यमस्तरका आयोजनाको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार गर्न सक्ने अवस्थामा पुर्‍याउने । |
| ३. यातायात इकाईको मुख्य प्राविधिक भूमिका हुने गरी यातायातका पूर्वाधार र सेवाको गुणस्तर निर्धारण, अनुगमन, मूल्याङ्कन विधि (पद्धति, फर्महरू, प्रतिवेदन ढाँचा) निर्माण वा परिमार्जन गर्ने । | ३. यातायात पूर्वाधार निर्माणको गुणस्तरीयता र समयवद्धता जस्ता विषय समेटी विस्तृत कार्यसम्पादन सूचक बनाई यातायात इकाई तथा सम्बन्धित प्राविधिक कर्मचारीको उत्प्रेरणा प्रणालीमा आवद्ध गर्ने । | ३. कार्य सम्पादन मूल्याङ्कन र उत्प्रेरणा प्रणालीको कार्यान्वयन गर्ने । |
| ४. यातायात सेवा, सडक र यातायात सुरक्षा र पूर्वाधार क्षेत्रका नविनतालाई आत्मसात गर्ने गरी प्राविधिक इकाईको क्षमता विकासका आधारभूत तथा एडभान्स तालिम कार्यक्रमहरू तय गर्ने । | ४. यातायात इकाईको क्षमता विकासका कार्यक्रमलाई नियमित कार्यक्रमका रूपमा कार्यान्वयन गर्ने। बाह्य क्षमता विकासका उपलब्ध अवसर स्थानीय कर्मचारीलाई पनि उपलब्ध गराउने पद्धति विकास गर्ने। | ४. क्षमता विकासका कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता र प्रविधि परिवर्तन तथा नवीन आवश्यकताका आधारमा उपयुक्त कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । |
| ५. अवरुद्ध सडक सञ्चालन र समयवद्ध मर्मत सम्भारका लागि नगर र वडास्तरमा उपकरण र जनशक्ति व्यवस्थापन गर्ने । | | |
| | ६. यातायात शाखाबाट कर्मचारी परिचालन योजना निर्माण र कार्यान्वयन गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ७. स्थलगत रूपमा परिचालित हुने प्राविधिक कर्मचारीका लागि यायतातको साधन तथा इन्धन लगायत आवश्यक बन्दोबस्तीका सामग्रीको व्यवस्थापन गर्ने । | ७. निर्माण कार्यको सुपरिवेक्षण तथा अनुगमनमा खट्ने करारमा कार्यरत प्राविधिक कर्मचारी समेतको भौतिक र सामाजिक सुरक्षाको प्रत्याभूति हुने कार्यक्रम बनाउने । निर्माण स्थलमा खट्ने कर्मचारीले फिल्डमा रहँदा अनिवार्य रूपमा सुरक्षाका सबै उपाय अपनाएको सुनिश्चितता गर्ने । |

नगरपालिकाको यातायात गुरु योजनाको अभावमा हरेक सडकको प्रथामिकता चयन गर्न नसकिएकोले नगर र समुदायस्तरीय छलफलका आधारमा निम्न सडकलाई प्रमुख प्राथमिकतामा राखिएको छ । उक्त सडकलाई ५.५ मिटरको लेन (मध्यम लेन) को अवस्थामा आवश्यक नाला तथा कल्भर्ट समेत रहने गरी कालोपत्रे गर्न लाग्ने आवश्यक रकम पनि उक्त तालिकामा प्रस्तुत गरिएको छ । उल्लिखित सबै सडक कम्तिमा मध्यकालीन अवधि सम्म कालोपत्रे गरिसकिने अपेक्षा गरिएको छ। यातायात गुरु योजना अनुसार सडकहरूको लम्बाई केही फरक पर्न जान सक्ने र सोही अनुरूप लागत पनि परिमार्जन हुन सक्ने अवस्था आउन सक्छ। तसर्थ अहिले अनुमान गरिएका उपलब्धी र लागतलाई समय क्रममा यातायात गुरु योजना अनुरूप परिमार्जन गरिने छ ।

**तालिका २/५.३.३ : टीकापुर नगरपालिकाले निर्माण र स्तरोन्नतीका लागि प्राथमिकता प्राप्त सडकको विवरण**

| सडकको नाम | लम्बाई (किमि) | लाभान्वित जनसंख्या | हालको अवस्था | जम्मा लागत (रू. लाखमा) |
|---|---|---|---|---|
| टीकापुर चक्रपथ | ११ | २२ हजार | ग्रावेल | १,२३८ |
| आँखा अस्पतालबाट मिलनचोक हुँदै सनकट्टी घाट | ५ | | २ किमि कालोपत्रे र ग्रावेल | ५६३ |
| जानकी गापाको दुर्गौली, हिम्मतपुर, चिलिम चौराह, रामपुर चौराह, पुछरी, बेलुवाबोझी, नारायणपुर चौराह खक्रौला कृषि सडक | १४ | ७ हजार | ग्रावेल | १,५७५ |
| अस्नेहरीदेखि जनप्रकाश आधारभूत विद्यालय हुँदै अम्बासा सिमानासम्म | ३ | २ हजार | १०० मी कलोपत्रे र ग्रावेल | ३३८ |
| दौलतपुरघाट देखि कर्मिडाँडा हुँदै अस्नेरी चोक (कोठारपुरदेखि, डोङपुर, मनिकापुर) | ६ | २ हजार | ५० मी. कालोपत्रे र ग्रावेल | ६७५ |
| वडा नं ६ आम्बासा बेलुवाबोझीदेखि वडा नं. ७ बेलुवा जोड्ने सडक | ६ | २ हजार | ग्रावेल | ६७५ |
| खक्रौला- बेलुवा चौराह- दिब्यपुर- बैदी- कालाकुण्डा | ७ | २ हजार | ग्रावेल | ७८८ |
| सुर्यपुर खक्रौला सडक | ६ | ३ हजार | १०० मी कालोपत्रे | ६७५ |
| रोइनीबोजीदेखि बैदी सुनाफाटा जाने बाटो | ४ | २ हजार | ग्रावेल | ४५० |

| सडकको नाम | लम्बाई (किमि) | लाभान्वित जनसंख्या | हालको अवस्था | जम्मा लागत (रू. लाखमा) |
|---|---|---|---|---|
| टीकापुर बजारबाट, बनगाउँको बिचपुरुवा, कटानपुर हुँदै रामपुर | ८ | ५ हजार | ग्रावेल | ९०० |
| अस्नेरीदेखि कोठारपुर, बन्दीपुर, सितापुर करुणा स्कुल, मिलनचोक, विजय नगर हुँदै जानकी गाउँपालिकाको कटासे | १० | ५ हजार | ५० मीटर कालोपत्रे र ग्रावेल | १,१२५ |
| एनसेल टावरदेखि कटानपुर, बगाले चौतारीबाट, शंकरपुर टीकापुर पशु हाटबजार, रामपुर, कटानपुर हुँदै हिमालय स्कुल | ५ | २ हजार | ५० मी कालोपत्रे र ग्रावेल | ५६३ |
| वडा नं. ४ मौरनियाँदेखि ठानापुर अम्बासा हुँदै बाघमाराको जनप्रकाश आधारभूत विद्यालय देखि ज्ञानीपुर हुँदै वडा नं ३ सम्म | | ५ सय | ग्रावेल | १,१२५ |
| उर्दिपुर, झण्झटपुर, मनिकापुर, बसन्तादेखि पहाडीपुर हुँदै इन्द्रैया र मौरनियाँ | १० | ३ हजार | ग्रावेल | ३३८ |
| पर्सेनीदेखि बी.पी. निकुञ्जसम्म जाने बाटो | ३ | १ हजार | ग्रावेल | ३३८ |
| हुलाकी सडकदेखि सत्ती, पदमपुर, डाडाबोजी (चौराह) हुँदै टीकापुर (कृषि सडक) | ३ | १ हजार | ग्रावेल | ३३८ |
| खक्रौलादेखि वडा कार्यालय हुँदै हुलाकी सडक कर्णाली पुल जोड्ने सडक | ३ | १ हजार | ग्रावेल | ६७५ |
| हुलाकी सडकबाट सेतीमैयाँ विद्यालय हुँदै झुंगा, टाँडा, बौनियाँ हुँदै पायलगाउँ चोकदेखि भन्सारसम्म जाने बाटो | ६ | ४ हजार | २ किमि ग्रावेल | १२,३७५ |

नगरपालिकाको हालको अवस्था तथा नगरस्तरको छलफलको आधारमा यातायात क्षेत्रका लागि निम्न लिखित उपलब्धी सूचक निर्धारण गरिएको छ ।

**तालिका ३/५.३.३ : यातायात क्षेत्रका लागि उपलब्धी सूचक**

| उपलब्धी सूचक | आधार वर्ष | अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|---|---|
| दीगो भरपर्दो र सुरक्षित यातायातका पूर्वाधारको पहुँचमा रहेको परिवार (प्रतिशत) | - | ३० | ६५ | ९० |
| समयवद्ध स्थानीय यातायात वा नगर बसको पहुँचमा रहेका घरधुरी (प्रतिशत) | - | ३० | ७० | ९० |
| सडक सञ्जालमा जोडिएका घरधुरी (प्रतिशत) | ९४ | ९५ | १०० | १०० |
| कालोपत्रे सडकमा आवद्ध घरधुरी (प्रतिशत) | १५ | २५ | ४० | ७० |
| ग्रावेल सडकमा आवद्ध घरधुरी (प्रतिशत) | ४४ | ४० | ३५ | २५ |
| कच्ची सडकमा आवद्ध घरधुरी (प्रतिशत) | ३८ | ३० | २० | ५ |
| १३ फिटभन्दा कम चौडाईको सडकमा आवद्ध परिवार (प्रतिशत) | १७.७७ | ८ | ५ | ३ |

| उपलब्धी सूचक | आधार वर्ष | अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|---|---|
| थप कालोपत्रेको लम्बाई (किमी) | - | २० | ५० | १२० |
| थप ग्रावेल सडकको लम्बाई (किमी) | - | २० | ३० | १५ |
| नगरका लागि आवश्यक थप यातायात सम्बन्धी नीति तथा कानुन निर्माण | - | २ | ५ | ५ |
| पूर्वाधारयुक्त नगर चक्रपथ संख्या | - | - | १ | १ |
| ट्राफिक लाइट सहितको चोक व्यवस्थापन (थप) | - | - | १ | ३ |
| साइकल ट्रयाक लम्बाई (किमि) | - | - | ५ | २० |
| बसपार्क बाहेक निर्धारित पार्किङ स्थल (थप) | - | ३ | १५ | ३५ |
| सघन बस्ती क्षेत्रमा तयार हुने पक्की सडक पेटी (किमि) | - | ४ | १५ | ४० |
| स्थानीय बस सञ्चालन हुने रुटमा यात्रु प्रतिक्षालय सहितको बस बिसौनी (राजमार्ग समेत) | - | ३ | १५ | ३० |
| सोलार बत्तीको उपलब्धता हुने सडकको लम्बाई (थप किमि) | - | ३ | १५ | ३० |
| सडकपेटीमा रेलिङको व्यवस्था (थप किमि) | - | – | १० | २५ |

# ५.३.४. सार्वजनिक निर्माण

## १. पृष्ठभूमि

नगरपालिकाको सार्वजनिक निर्माणका सेवा अर्न्तगत स्थानीय सरकारले आफैं वा बाह्य सहयोगमा विभिन्न सेवा प्रवाहका लागि निर्माण गरिने भौतिक पूर्वाधारहरू पर्दछन् । यो खण्डमा सार्वजनिक निर्माण अन्तर्गत खानेपानी र सरसफाईका पूर्वाधार, सिचाईंका पूर्वाधार, सार्वजनिक भवनहरू, विद्युत र सञ्चार जस्ता पूर्वाधारका नीति तथा कार्यक्रम समेटिएका छन् । क्षेत्रगत वर्गीकरणमा सामाजिक विकास अन्तर्गत पर्ने सेवा प्रवाहका भौतिक पूर्वाधारलाई पनि यो खण्डमा समेट्ने प्रयास गरिएको छ ।

टीकापुर नगरपालिका योजनावद्ध सहरी विकासको आफ्नै अनुभव रहेको नगरपालिका हो । योजनवद्ध शहर निर्माणको विधिबाट विकास भएको नगरको केन्द्र भाग तथा योजनावद्ध विकासको अंगभन्दा बेग्लै तवरबाट अघि बढेका ग्रामीण भेग मिसिएर बनेको अहिलेको टीकापुर नगरपालिकामा भने योजनावद्ध विकासको अभ्यास भएको छैन । त्यसैले सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक भौतिक पूर्वाधार निर्माणका कार्यलाई प्राथमिकतामा आधारित र योजनाबद्ध बनाउनु पर्ने आवश्यकता छ । यो खण्डमा यातायात बाहेकका सार्वजनिक सेवाका पूर्वाधार विकासको विधिलाई व्यवस्थित र योजनावद्ध बनाउने विधिहरू प्रस्तुत गरिएको छ । खानेपानी, सरसफाई, सिचाईं, सार्वजनिक/सामुदायिक भवन, विद्युत र सञ्चारका पूर्वाधार निर्माण, सञ्चालन र व्यवस्थापनका कार्यलाई व्यवस्थित गर्नु यो क्षेत्रको नीति तथा योजना तर्जुमाको मुल उद्देश्य हो । शिक्षा, स्वास्थ्य, आर्थिक विकास, पार्क तथा मनोरञ्जन जस्ता सेवाका पूर्वाधार निर्माणलाई निर्देशित र व्यवस्थित आधारभूत नीतिहरू पनि यो खण्डमा प्रस्तुत गरिएको छ ।

यो क्षेत्रको नीति निर्धारण गर्दा निम्न विषयलाई नियमित र व्यवस्थित गरिएको छ ।

- सार्वजनिक निर्माणका आधारभूत पक्षहरू
- सार्वजनिक सेवाका पूर्वाधार निर्माण र सञ्चालनमा नगरपालिकाको भूमिका
- सार्वजनिक निर्माण सेवाको प्राथमिकीकरणका विधि
- विशिष्ट सार्वजनिक निर्माणको स्थानको छनौट, ओगट्ने क्षेत्र, सडक तथा त्यहाँसम्मको पहुँच
- सेवाको मापदण्ड, उपलब्ध हुने सेवाको स्तर र सोको प्राप्तीका लागि अपनाइने प्रक्रिया ।
- सार्वजनिक निर्माण अन्तर्गत निर्धारित आयोजना निर्धारित समयमा शुरुवात तथा समापन गरी सञ्चालनमा ल्याउनका लागि बहुवर्षिय पूँजी सुधार योजना तथा कार्यतालिका निर्धारण

यहाँ उल्लेख गरिएका लक्ष्य, उद्देश्य तथा नीतिहरू हरेक विशिष्ट सार्वजनिक निर्माणका कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित समुदायको लागि लाभ गर्ने, ज्यादा आर्थिक भार नपर्ने, तथा समुदायको स्वास्थ्य, सुरक्षा, सम्मान तथा भू-उपयोगको उपयुक्तता समेतलाई ध्यान दिई तयार गरिएका छन् ।

संवैधानिक अधिकारभित्र रहेर शहरी नियोजनको विगतको अभ्यास र अनुभवलाई टीकापुर नगरभरी विस्तार गर्न सकिने र पूर्वाधार विकास र विस्तरमा विभिन्न पक्षबाट भइरहेको सहयोगलाई नगरको पूर्वाधार विस्तारको अवसरका रूपमा लिंदै न्यून स्थानीय राजस्वको आधार तथा सीमित बाह्य सहयोगमा आधारित स्रोत भित्रबाट छरिएर रहेका ग्रामीण बस्तीमा रहेको न्यून र अव्यवस्थित पूर्वाधारको स्तरमा सुधार र तुलनात्मक रूपमा व्यवस्थित रहेको शहरी क्षेत्रको पूर्वाधार र सेवा थप व्यवस्थित गरी नगरको पूर्वाधारको उपलब्धता, गुणस्तरीयता, पर्याप्तता र पहँचमा वृद्धि गर्नुपर्ने चुनौती छ ।

**२. समग्र लक्ष्य**

टीकापुरलाई सुव्यवस्थित र दीगो पूर्वाधारयुक्त नगर बनाउने ।

**३. समग्र उद्देश्य तथा नीतिहरू**

**उद्देश्य १ : सार्वजनिक संरचनामा आधारित सेवाको पहुँच बाहिर रहेका नगरबासीलाई पहुँचमा ल्याउनु ।**

**नीति क.** सार्वजनिक संरचना निर्माण गर्दा बढी जनसंख्या समेट्ने कार्यक्रमलाई मुख्य प्राथमिकता दिइनेछ ।

**नीति ख.** साझा हितका संरचना बनाउँदा बढी समुदाय तथा घरधुरीलाई पायक पर्ने स्थानमा बनाइने छ ।

**नीति ग.** सार्वजनिक निर्माणका कार्यक्रममा दोहोरोपनालाई निरुत्साहित र नियन्त्रित गरिने छ । सोही प्रकृतिको कार्य पुन : गर्नुपर्दा अपुग पूरा गर्नमा केन्द्रित हुने गरी मात्र कार्यक्रम सञ्चालन गरिने छ । अन्तर क्षेत्र तथा समुदाय तथा माथिल्लो सरकारी स्तरबाट हुने विकासका कार्यक्रमको समन्वय तथा त्यसबाट उत्पन्न हुने नकारात्मक प्रभाव नियन्त्रणका लागि उपयुक्त संयन्त्र निर्माण र क्रियाशील गराइने छ ।

**नीति घ.** सार्वजनिक भौतिक संरचना निर्माण गर्दा न्यूनतम मात्रा तथा गुणस्तरको सेवा प्रवाह हुने गरी गरिने छ । सम्बन्धित पूर्वाधारको सेवा प्रवाह क्षमता र उपयोगिताको बिचमा सन्तुलन आउने कुरालाई ध्यान दिइने छ ।

**नीति ङ.** नगरबासीलाई सार्वजनिक सेवाको पहुँच बढाउन योगदान गर्ने संघ तथा प्रदेशस्तरका सेवा प्रदायक निकायका भवन निर्माणका नगरका तर्फबाट जग्गा व्यवस्थापन लगायत सहयोग र समन्वय गरिने छ ।

**उद्देश्य २ : सार्वजनिक निर्माणको कार्यमा मितव्ययिता, कार्यकुशलता र समयवद्धता हाँसिल गर्नु ।**

**नीति क.** सार्वजनिक सेवाका नगरस्तरीय पूर्वाधार निर्माण गर्दा पूँजी सुधार कार्यक्रम (Capital Improvement Program (CIP) मार्फत् गरिनेछ । यसरी निर्माणका कार्यक्रम अघि बढाउँदा निम्न विषयलाई आधार बनाइने छ ।

१) बृहत् योजनाको प्राथमिकतामा उल्लेख भएका कार्यक्रम

२) समुदायको स्वास्थ्य, सुरक्षा, स्याहार र हेरविचारको विशेष कारणले निर्माण आवश्यक देखिएको

३) विशेष प्रयोजनमा गठन भएको इकाईको सिफारिस, नगरको योजना तथा बजेट शाखा मार्फत् बृहत्तर नगर हितका कार्यक्रमका रूपमा पर्याप्त आधार सहित आर्थिक विकास तथा बजेट तथा योजना समितिमा पेश भई तथा नगर कार्यपालिका समेतबाट निर्णय भई प्रशासनिक प्रक्रिया पुगेका कार्यक्रम ।

**नीति ख.** सार्वजनिक सेवाका पूर्वाधार निर्माण गर्दा सम्बन्धित समुदायको न्यूनतम आवश्यकता पूरा हुने तथा गुणस्तरका नगर मापदण्ड पुग्ने गरी मात्र गरिने छ ।

**नीति ग.** निर्माण गरी सञ्चालनमा आइसकेका सार्वजनिक सेवाका पूर्वाधारलाई अपुग विश्लेषणका आधारमा न्यूनतम मापदण्डमा पुऱ्याइनेछ ।

**उद्देश्य ३ : सार्वजनिक सेवाको माग र विकासको आवश्यकता अनुसार सन्तुलित पूर्वाधार व्यवस्था गर्नु ।**

**नीति क.** सार्वजनिक निर्माणका नयाँ संरचनाहरू बनाउँदा आकार वा क्षमता निर्धारण गर्दा जनसंख्याको प्रक्षेपणलाई आधार बनाइने छ ।

**नीति ख.** पूँजी सुधार कार्यक्रममा सार्वजनिक निर्माण पूर्व यकिन गरिनुपर्ने जग्गा, उपकरण तथा अन्य सेवाहरूको आवश्यकता र उपलब्धताको विषय समेटिने छ । यसको अलावा CIP मा नरहे पनि आर्थिक वृद्धिमा योगदान गर्न सक्ने आवासीय, वाणिज्य, औद्योगिक विकासमा योगदान गर्ने सार्वजनिक निर्माणका नयाँ कार्यक्रमलाई बृहत् योजनामा समेटिने छ ।

**नीति ग.** नयाँ कार्यक्रममा उत्तम विकल्पको कार्यक्रमका रूपमा समेटेर बृहत् योजनालाई संशोधन गर्नु अघि सार्वजनिक निर्माणका सुविधाहरूको पर्याप्तताको मूल्याकंन गरिने छ । पर्याप्तता नहुने देखिएमा परिमार्जन गरेर मात्र बृहत् योजनामा समावेश गरिनेछ ।

**नीति घ.** भविष्यको वृद्धिलाई मध्यनजर गर्दै सार्वजनिक निर्माणहरूका सुविधाहरूको लागि जमिनहरू सुनिश्चित गरी राखिने छ । महत्वपूर्ण सार्वजनिक सेवा पूर्वाधार विकासका लागि आवश्यक सार्वजनिक साधन (जमिन लगायत) सुनिश्चित गर्न आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वयमा अधिग्रहण गरिनेछ ।

**नीति ङ.** सञ्चालनमा रहेका वा विगतमा सञ्चालनमा रहेका सार्वजनिक सेवाका पूर्वाधार कुनै कारण बन्द भएमा त्यस्ता पूर्वाधारले चर्चेको क्षेत्र वा अन्य संचरना सार्वजनिक सेवाका अन्य पूर्वाधार निर्माण र सञ्चालनका लागि मात्र उपयोग गरिने छ ।

**उद्देश्य ४ : समुदायको वर्तमान भू-उपयोग तथा भविष्यमा भू-उपयोग योजनामा नकारात्मक प्रभाव नहुने गरी सार्वजनिक सेवाका पूर्वाधार व्यवस्थित गर्नु ।**

**नीति क.** सार्वजनिक सेवाका पूर्वाधारहरूको स्थान भु-उपयोगको योजना अनुसार हुने गरी तय गरिने छ ।

**नीति ख.** लागत प्रभावकारी तथा एउटै पूर्वाधारबाट एकभन्दा बढी समुदायलाई लाभ हुने पूर्वाधार निर्माणमा जोड दिइने छ तर यसबाट सबै समुदायको भू-उपयोगमा नकारात्मक प्रभाव हुन नदिन सावधानीका उपाय अपनाइने छ ।

**नीति ग.** सार्वजनिक पूर्वाधारको डिजाइन गर्दा स्थानीय विशेषतामा र सामुदायिक विशिष्ठतामा ध्यान दिइने छ ।

**नीति घ.** सार्वजनिक सेवाका सबै पूर्वाधार निर्माण गर्दा नगरले तोकेको संहिता तथा मापदण्डको पूर्ण पालना गरिने छ । यदि स्थान विशेषका लागि कुनै संरचनाको स्थान, आकार, उचाई, ओगट्ने अधिकतम वा न्यूनतम क्षेत्र आदि कानुनमा तोकिएको भए ती सबै व्यवस्थाको पूर्ण पालना गरिने छ ।

**उद्देश्य ५ : सार्वजनिक सेवाका पूर्वाधारको साइट छनौट गर्दा पर्याप्तता, उपयुक्तता र पहुँच सुनिश्चित गर्नु ।**

**नीति क.** पूर्वाधार निर्माणको विकल्प छनौट गर्दा पूर्वाधारको प्रकृति अनुसार पूर्वाधार रहेको क्षेत्रसम्म न्यूनतम मापदण्ड पुगेका दुईतर्फी रूपमा ठूला गाडी आवत जावत गर्न सक्ने सडक भएको वा हुने यकिन गरिने छ । सार्वजनिक निर्माणहरूको अन्तर्गतमा सामुदायिक पार्क, विद्यालय तथा सामुदायिक पुस्तकालयहरू पनि संलग्न गरिने भएकोले यहाँ पैदल फुटपाथको प्रावधान पनि हुनु पर्नेछ ।

**नीति ख.** सार्वजनिक निर्माणका साइट छनौट गर्दा वर्तमान समस्या समाधान तथा भविष्यको चापलाई सम्बोधन र वर्तमान र भविष्यको पहुँच समेत ख्याल गरिने छ । यसका लागि जग्गा वा निजी सम्पत्ति अधिग्रहण गर्नु अघि यो कुराको पर्याप्त विश्लेषण गरिने छ ।

**नीति घ.** सार्वजनिक निर्माणका लागि तोकिएको ठाउँको माटो र अन्य जोखिम लगायतमा इञ्जिनियरिङ्ग सुझाव दिएर मात्र यसको निर्माण लागत विश्लेषण गरिने छ ।

**नीति ङ.** सेवाको प्रकृति अनुसार सार्वजनिक सेवाका पूर्वाधारको मुख्य संरचना रहने स्थानमा बिजुली, सञ्चार, पानी तथा ढलको लाइन जोडिएको हुनु पर्नेछ । त्यसका लागि सार्वजनिक जमिनको प्रयोग गर्दा अधिकतम उपयोगिता सुनिश्चित गरिनेछ ।

**नीति च.** नगरपालिकाको सार्वजनिक निर्माणको समीक्षा विधि तय गरी नगरको भू-उपयोग योजना तथा नीतिसँग तालमेल हुने गरी साइट छनौट गरिने छ ।

**उद्देश्य ६ : नगरपालिकाको सार्वजनिक पूर्वाधार व्यवस्थापन र सेवा प्रवाहको क्षमता विकास गर्नु ।**

**नीति क.** हरेक सार्वजनिक सेवा प्रवाह व्यवस्थित गराउन आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि नगरका तर्फबाट समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने सार्वजनिक निर्माण शाखा र सो अन्तर्गतका विशिष्ठ इकाई गठन गरिने ।

**नीति ख.** सार्वजनिक निर्माणसँग सम्बन्धित शाखाका लागि चाहिने न्यूनतम प्राविधिक र व्यवस्थापकीय क्षमता निर्धारण गरी सो स्तरमा पुग्ने गरी नगर आफैं वा अन्य पक्षको सहयोग र साझेदारीमा क्षमता विकासका उद्देश्यमूलक कार्यक्रम चरणबद्ध रूपमा सञ्चालन गर्ने ।

**नीति ग.** सार्वजनिक निर्माण शाखा तथा अन्तर्गतका इकाईहरूलाई आवश्यक पर्ने उपकरण तथा पूर्वाधारका लागि न्यूनतम बजेट सुनिश्चित गर्ने ।

**नीति घ.** सार्वजनिक निर्माण शाखा तथा इकाई सूचना प्रविधि शाखा लगायत नगरका अन्य शाखा तथा इकाईसँगको समन्वयन र परस्पर सहयोगको वातावरण निर्माण गर्ने ।

**नीति ङ.** प्रमुख प्रशासकीय अधिकृतको समयलाई प्रशासनिक मात्र नभई नीतिगत र समन्वयकारी भूमिका निर्वाहमा पनि पर्याप्त रूपमा उपलब्ध हुने व्यवस्था गर्ने र सार्वजनिक निर्माण शाखाका लागि पनि साप्ताहिक रूपमा प्रमुख प्रशासकीय अधिकृतको सयम उपलब्ध हुने व्यवस्था मिलाउने ।

## सार्वजनिक निर्माणहरूका तत्व (Components of Public Works)

नगरपालिकाको सार्वजनिक निर्माणसँग सम्बन्धित सेवा अन्तर्गत पर्ने (क) खानेपानी वितरण; (ख) सार्वजनिक सरसफाई (ढल, फोहोर संकलन र व्यवस्थापन तथा नाला व्यवस्थापन) (ग) सिचाईं; (घ) विद्युत (ङ) सार्वजनिक भवन तथा पुस्तकालय (च) सञ्चारलाई यो भागमा समेटिएको छ ।

नगरबासीको दैनिक जनजीवन तथा औद्योगिक र व्यवसायिक गतिविधि सञ्चालनका लागि नगरले उपलब्ध गराउने यी क्षेत्रका सेवाले समग्र नगरको विकास र समृद्धि प्रभावित हुने भएकाले यो क्षेत्रको भौतिक पूर्वाधार निर्माणलाई निर्देशित गर्न गरिएको छ ।

## क. खानेपानी (Drinking Water)

### १. पृष्ठभूमि

टीकापुर नगरपालिका बिस्तारै शहरोन्मुख भइरहेको सन्दर्भमा नगरबासीको सेवा सुविधाको माग पनि बढिरहेको छ । २०७५ सालको तथ्याङ्क अनुसार नगरका ७६.३२ प्रतिशत परिवारले ट्युवेलको पानीलाई खानेपानीको प्रमुख स्रोतको रूपमा उपयोग गरिरहेको अवस्था छ । नगर केन्द्रमा सुरक्षित खानेपानीको पहुँच विस्तारको क्रममा रहेकोले र टीकापुर खानेपानी तथा सरसफाई आयोजना सम्पन्न भएसँगै सुरक्षित खानेपानीको पहुँचमा पुग्ने परिवार संख्या ३३ प्रतिशत पुग्नेछ । घरधुरीस्तरमा एकीकृत वितरण प्रणालीमा आधारित धारा जडान भएको स्थानमा पनि न्यूनतम शहरी मापदण्ड अनुसार खानेपानी आपूर्तिको अपेक्षा भने पूरा भएको छ। टीकापुर साना शहरी खानेपानी तथा सरसफाई आयोजनाबाट आपूर्ति हुने पानीको गुणस्तरीयता सुनिश्चित गर्नका लागि शुद्धिकरणका थप उपाय अपनाउनु पर्ने आवश्यकता पनि छ । ग्रामीण भेगका केही वडामा विस्तार हुने गरी निर्माण प्रारम्भ भएका खानेपानी आयोजना सम्पन्न भएका सन् २०२० सम्ममा करिब ४५ प्रतिशत जनसंख्यामा तुलनात्मक रूपमा सुरक्षित खानेपानीको पहुँच पुग्नेछ । यस आधारमा टीकापुर नगरपालिकाले सन् २०२२ सम्ममा ६८ प्रतिशत र २०२५ सम्ममा ७६.५ प्रतिशत र २०३० सम्ममा ९० प्रतिशत जनसंख्यामा सुरक्षित खानेपानीको पहुँच पुऱ्याउने दीगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि थप प्रयास गर्नुपर्ने अवस्था छ ।

संघ र प्रदेश सरकारमार्फत् खानेपानीको विकास र विस्तारमा भइरहेको सहयोग, समुदायसँगको साझेदारी र सहभागिता प्रवर्द्धनको अभ्यासलाई अवसरका रूपमा लिंदै ट्युवेलमा आधारित खानेपानी सेवालाई सुरक्षित र पाइपलाइनमा आधारित घरधुरीस्तरको धारा सहितको खानेपानी समान रूपमा सबै नगरबासीलाई पुऱ्याउने चुनौती नगरबासीलाई छ ।

### २. लक्ष्य

नगरबासीलाई सुरक्षित र पहुँचयोग्य खानेपानी सेवा उपलब्ध गराउने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य ६ : भु-उपयोग योजना अनुसार खानेपानीका पूर्वाधारको उपयुक्त स्थान निर्धारण गरी हरेक घर र व्यवसाय, कारखानासम्म शुद्ध पानीको पहुँच पुऱ्याउनु ।**

**नीति क.** भौगर्भिक पानीका स्रोत एकीकृत गरी टीकापुर नगरपालिका भरका लागि समान पानी वितरण प्रणाली तयार गरिने छ । यसका लागि आवश्यकता अनुसार निजी क्षेत्र तथा सामुदायिक संघसंस्थासँग सहकार्य गरिने छ ।

**नीति ख.** जनसंख्याको चाप र अधिकतम पहुँच दिलाउने गरी क्लस्टर, वडा, बस्ती वा समुदायस्तरमा उपयुक्त स्थानहरूमा पानी संकलन ट्यांकी निर्माण गरी तोकिएको वितरण केन्द्र वा संयन्त्रमार्फत् उपभोक्ताको घरसम्म पानी वितरण गर्ने ।

**नीति ग.** वितरणको लागि जटिल हुने र अधिक लागत लाग्ने तर बस्ती सार्न नसकिने साना बस्ती वा एकाध परिवारका पानी आपूर्ति गर्न पम्पिङ विधि अपनाइने छ ।

**नीति घ.** पानीको स्रोतबाट भण्डारण तथा वितरणमा चाहिने पूर्वाधार निर्माणका लागि चाहिने जमिन व्यवस्था गर्दा अन्य भू-उपयोमा असर नगर्ने सार्वजनिक जग्गा, सामुदायिक योगदानका जग्गा वा खरिद गर्नुपर्ने जग्गा निर्माण प्रक्रिया शुरु हुनु अघि नै प्राप्ति वा अधिग्रहण गरी सकिने छ ।

**नीति ङ.** नयाँ बस्ती विकास गर्नु अघि नै भु-उपयोग योजनाद्धारा निर्धारित क्षेत्रहरूमा पानीको बन्दोबस्त गर्ने जमिन निर्धारण र प्राप्ति गरिनेछ ।

**नीति च.** पानीको संकलन तथा वितरणका लाइन बनाउँदा वातावरण संरक्षण वन तथा पानीका भौगर्भिक वा सिमसार क्षेत्रहरूमा अवरोध नहुने गरी व्यवस्थापन गरिने छ ।

**नीति छ.** शहरी विकास मन्त्रालयद्धारा स्थापित संहिता तथा मापदण्ड अनुसार न्यूनतम ८० लिटर प्रति व्यक्ति प्रति दिनको दरमा पानीको आपूर्ति हुने गरी स्रोत र संरचनाको व्यवस्थापन गरिनेछ ।

**नीति ज.** पानी संकलन तथा शुद्धिकरणको लागि उपभोक्ता संख्याका आधारमा संकलन केन्द्रका लागि चाहिने न्यूनतम जग्गाको मापदण्ड बनाइने छ ।

**नीति झ.** सम्भाव्य आगलागी नियन्त्रणका सबै पानी संकलन ट्यांकीमा कम्तीमा एक चौथाई पानी रहिरहने कुराको सुनिश्चिता गरिनेछ भने व्यापारिक कम्प्लेक्स तथा उद्योग परिसरमा न्यूनतम पानी संकलन गर्नुपर्ने व्यवस्था गरिने छ ।

**नीति ञ.** हरेक नगरस्तरीय खानेपानी आयोजनाका लागि पूँजी सुधार योजना अनुसार निर्माण सम्पन्न नभएसम्मका लागि वार्षिक रूपमा श्रोत उपलब्ध गराइने छ ।

**नीति ट.** खानेपानीका सबै उपभोक्ताले मिटर जडान गरी पानीको वितरणको आधारमा बिलिङ्ग गर्ने तथा समयमा बिल भुक्तानी नगर्ने उपभोक्तालाई विलम्ब दस्तुर, जरिवाना तथा अन्य सेवाबाट वञ्चित गर्नेसम्मको कानुनी व्यवस्था गरिने छ । खानेपानीको चुहावट हुने तथा संरचना बिगार्ने अभ्यास नियन्त्रणका लागि उपयुक्त कानुनी व्यवस्था गरिने छ ।

**नीति ढ.** स्थानीयस्तरमा बनेका पानी संकलन ट्यांकीमा आवश्यक परेको अवस्थामा नदी प्रणालीको पानी प्रशोधन गरी पानी थप्ने व्यवस्था गरिने छ । त्यसका लागि सम्बन्धित पक्षसँग समन्वय गरिनेछ ।

## ख. सार्वजनिक सरसफाई (Public Sanitation)

### १. पृष्ठभूमि

खुला दिसामुक्त भइसेकको टीकापुर नगरपालिकामा शौचालय प्रयोग गर्ने जनसंख्याको आधारमा दीगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिका सन्दर्भमा सन् २०२२ सम्ममा प्राप्त हुने अपेक्षित उपलब्धी हाँसिल गरिसकेको छ । तर अझै ५० प्रतिशतभन्दा बढी परिवारले साधारण चर्पी प्रयोग गरिरहेकोले सुदृढ सरसफाई संरचनाको उपयोग गर्ने जनसंख्या सन् २०२२ सम्ममा ७० प्रतिशत र सन् २०३० सम्ममा ९५ प्रतिशत पुऱ्याउनका लागि नगरले ठोस कदम चाल्नुपर्ने अवस्था छ । नगरपालिकामा आवश्यकता अनुसार सार्वजनिक शौचालयको व्यवस्थापन हुन सकेको छैन ।

नगरले आफुसँग रहेका ट्रक तथा रिक्सामा ठोस फोहोर संकलन गरी तोकिएको स्थानमा थुपार्ने गरेको छ । फोहोरमैला व्यवस्थापनका लागि व्यवस्थित ल्याण्ड फिल साइट भने छैन । फोहोर प्रशोधनको अभ्यास पनि नगरमा छैन । ढल निकासको प्रबन्ध हुन बाँकी रहेको अवस्था छ । घरधुरीस्तरको शौचालयको सेप्टिक ट्यांकीको फोहोर व्यवस्थापन सुरक्षित रूपमा गर्न सकिएको छैन । घरधुरीस्तरको सेप्टिक ट्यांकी भरिएमा त्यसलाई निकालेर सम्बन्धित परिवारले चाहेको स्थानमा बिसर्जन गर्न सशुल्क सक्सन सेवा नगरले सञ्चालन गरेको छ तर विसर्जनको सुरक्षित पद्धति भने विकास गर्न बाँकी छ ।

खुला दिसामुक्त भइसकेको टीकापुरलाई पूर्ण सरसफाईयुक्त बनाउनमा यहाँ रहेको टोल विकास संस्था तथा समुदायसँग साझेदारी गर्ने तथा यस क्षेत्रमा रहेको संवैधानिक अधिकारलाई अवसरका रूपमा लिदै अव्यवस्थित पारिवारिक शौचालयलाई व्यवस्थित शौचालयमा रूपान्तरण गर्ने, सार्वजनिक ढल नबनेको अवस्थामा पनि कम्तिमा दिसाजन्य उपयुक्त व्यस्थापन गर्ने र सरसफाईको स्तरलाई अपेक्षित अवस्थामा पुऱ्याउने चुनौती नगरलाई छ ।

## २. लक्ष्य

स्वच्छ र सफा टीकापुर बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

### उद्देश्य ७ : दिसाजन्य फोहोरको सुरक्षित व्यवस्थापन गर्नु ।

**नीति क.** दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणाली स्थापनाको कार्य अघि बढाइने छ । यसबाट फोहोर पानीलाई खुला रूपमा बगाउन योग्य बनाई नदी वा नहरमा मिसाउने वा वैकल्पिक रूपमा सिचाईंमा उपयोगमा लगाइने छ ।

**नीति ख.** आधारभूत रूपमा मानवीय फोहोर संकलन र व्यवस्थापनका लागि न्यूनतम मापदण्डमा आवश्यक परिमार्जन गरी अनुसार घरधुरीस्तरको सेप्टिक ट्यांकी निर्माणलाई अनिवार्य बनाउने नीतिलाई निरन्तरता दिइने छ । नगरपालिका भरि सेप्टिक ट्यांकी प्रणाली व्यवस्थापनका बारेमा जनचेतना तथा अभिमुखीकरण गरिने छ ।

**नीति ग.** निश्चित मापदण्ड सहितको सेप्टिक ट्यांकी घर घरमा निर्माणलाई अनिवार्य गराउन उपयुक्त मापदण्ड बनाई शौचालय निर्माणलाई घर निर्माणको अनुमति प्रक्रियामा आवद्ध गरिने छ ।

**नीति घ.** नयाँ बस्ती विकास गर्दा पानी र फोहोर छुट्याउने प्रविधिसहितको सामुदायिक सेप्टिक ट्यांकी निर्माणको प्रस्ताव कार्यान्वयनका लागि नगरका तर्फबाट आवश्यक सहुलियत उपलब्ध गराइने छ ।

**नीति ङ.** घरधुरीस्तरमा सेप्टिक ट्यांकी निर्माण गर्दा नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुसार वातावरणीय, खानेपानीको प्रयोजनमा उपयोगमा रहेको जमिनमुनिको पानी प्रदुषण तथा स्वास्थ्यमा धक्का नपर्ने गरी स्थान पहिचान गरिने छ ।

**नीति च.** सेप्टिक ट्यांकीको कारण जमिन मुनिको पानी प्रदुषण हुन सक्ने भएकोले खानेपानी प्रयोजनमा पानी निकाल्ने र संकलन गर्ने स्रोतको निश्चित दुरीसम्म कुनै सेप्टिक ट्यांकी राख्न दिइने छैन ।

**नीति छ.** सेप्टिक ट्यांकीका कारण पानी प्रदुषणको सम्भावना धेरै हुने भएकोले नगरपालिकाले एकीकृत पानी आपूर्ति प्रणाली सञ्चालन गरेको स्थानमा विशेष अवस्थामा बाहेक व्यक्तिगत नल सञ्चालन वा तथा बोरिङ्ग गर्न दिइने छैन ।

**नीति ज.** नगरपालिकाले बिग्रिँदै जाने सेप्टिक ट्यांकीबाट जमिन मुनीको पानी तथा स्वास्थ्यमा हानी हुने भएकोले हरेक सेप्टिक ट्यांकीको अवस्था जाँच गरी मर्मत सम्भार गर्ने निर्देशिका तथा समुदायस्तरमा आवश्यक जनशक्ति तयार गरिने छ ।

### उद्देश्य ८ : प्रभावकारी फोहोरमैला व्यवस्थापन कार्यक्रममार्फत् नगरलाई पूर्ण सरसफाईयुक्त बनाउनु ।

**नीति क.** आ.व. २०७७/७८भित्र घर, व्यवसाय तथा कारखानाहरूबाट निस्केका ठोस फोहोरको पुनःचक्रण तथा व्यवस्थापन योजना सहितको विस्तृत फोहोरमैला व्यवस्थापन योजना तयार गरिने छ र यसको कार्यान्वयनका लागि आवश्यक नीति नियम र जनशक्ति व्यवस्थापन गरिने छ ।

**नीति ख.** नगरले आन्तरिक र बाह्य श्रोतमार्फत् फोहोर प्रशोधन केन्द्र निर्माण गर्नेछ र आफैं वा निजी क्षेत्र वा अन्य संघ संस्थासँग गरिने सेवा करारमार्फत् ढोका ढोकामै संकलन गरी प्रशोधन केन्द्रमा प्रशोधन र पुनःचक्रण र व्यवस्थापन गरिने छ ।

**नीति ग.** फोहोर संकलन गर्दा प्रयोगकर्ता शुल्क संकलन, संकलनको बारम्बारता, प्रशोधनका क्रममा उत्पादित जैविक मलको मूल्य निर्धारण आदिका लागि नगरको सरसफाई इकाईले समन्वयात्मक र नियमनकारी भूमिका निर्वाह गर्नेछ ।

**नीति घ.** फोहोरमैला व्यवस्थापन सम्बन्धी स्थानीय कानुनमार्फत् पुनःचक्रण हुने तथा नहुने तथा सड्ने र नसड्ने फोहोरको विवरण तथा विभिन्न पक्षको भूमिका संकलनका विन्दुहरू लगायतको नियमन र व्यवस्थापन गरिने छ ।

**नीति ङ.** फोहोरमैला बिसर्जन, प्रशोधन तथा व्यवस्थापन हुने मुख्य केन्द्र तथा संकलन विन्दु तय गर्दा बसोबास क्षेत्रको वातावरण तथा भू-उपयोगको तालमेत बिग्रन नदिने गरी साइट छनौट गरिने छ ।

**नीति च.** कम फोहोर उत्पादन गर्ने, पुनःप्रयोग तथा पुनःचक्रणका जनचेतना कार्यक्रमहरू समुदाय तथा विद्यालयहरूमा पुऱ्याइनुका साथै घरधुरी स्तरबाट फोहोर कम गर्ने, पुनःप्रयोग गर्ने तथा अन्तिम विकल्पका रूपमा पुनःचक्रण गरिने आवधारणालाई आधार बनाई उत्प्रेरणात्मक र सचेतात्मक गतिविधि सञ्चालन गरिने छ ।

**नीति छ.** छनौट गरिएका फोहोर व्यवस्थापन केन्द्रको अवधि ख्याल गरी जनसंख्या प्रक्षेपणका आधारमा भविष्यको लागि वैकल्पिक साइटहरू तय गरी उपयुक्त विधिबाट नगरको स्वामित्वमा ल्याइने छ ।

## ग. सिँचाई (Irrigation)

### १. पृष्ठभूमि

यस नगरका अधिकांश खेतीयोग्य जमिन समेत सिँचाई रानी, जमरा, कुलरिया सिँचाई आयोजना मार्फत् १४ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा सिचाईं सुविधा पुग्ने गरी राष्ट्रिय गौरवको आयोजना कार्यान्वन भइरहेको छ । तर सन् २०१८ मा सम्पन्न भइसक्नुपर्ने यो आयोजना यो नीति निर्माणको समयसम्म सम्पन्न हुन सकेको छैन । यो आयोजना सम्पन्न भएसँगै नगरको सिचाईंको पूर्वाधरको मुख्य आवश्यकता पूरा हुनेछ । यो आयोजनाको पहिलो चरण सम्पन्न भइसक्दा पनि मुख्य नहरबाट पानी वितरण हुने कुला निर्माणको कार्य बाँकी रहने छ । आयोजनाले नसमेट्ने क्षेत्रको सिचाईं सुविधाका लागि नगरले आफैं वा प्रदेश तथा केन्द्र सरकारको सहयोगमा वोरिङ तथा कुलो निर्माण वा मर्मत सम्भारको कार्य गर्नुपर्ने छ । सबै किसिमका सिचाईंका कार्यक्रमबाट उपलब्ध हुने पानी वितरण र आयोजनाको निरन्तर सञ्चालनमा पनि नगरको भूमिका रहनुपर्ने देखिन्छ । तथापि रानी जमरा कुलरिया सिँचाई आयोजना र उब्जाउ समथर जमिनलाई मुख्य अवसरका रूपमा लिंदै सिँचाई क्षेत्रको चुनौती पूरा गर्न सकिन्छ ।

### २. लक्ष्य

दीगो र भरपर्दो सिँचाई व्यवस्थापन मार्फत् कृषि उत्पादनशील नगर बनाउने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य ९ : टीकापुर नगरपालिकालाई कृषि उत्पादनशील नगरको पहिचान बनाउने गरी कृषियोग्य जमिनमा बाह्रै महिना सिचाईं सुविधा उपलब्ध गराउनु ।**

**नीति क.** टीकापुर नगरपालिकाको कृषि क्षेत्र विकासको महत्वपूर्ण आधारको रूपमा रहेको रानी, जमरा, कुलरिया आयोजना चाँडो सम्पन्न गर्न नगरको तर्फबाट निरन्तर पहल गरिने छ । निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि पानी सञ्चालन र वितरणको प्रभावकारिताका लागि आन्तरिक संरचना बनाई परिचालन गरिने छ ।

**नीति ख.** वैकल्पिक सिचाईंको संरचनाका रूपमा रहेका परम्परागत कुलोको मर्मत सम्भार र सञ्चालनका लागि सम्बन्धित कृषक समूहसँग आवश्यक समन्वय र साझेदारी गरिने छ ।

**नीति ग.** रानी कुला तथा परम्परागत कुलोले नसमेट्ने क्षेत्रमा व्यवसायिक उत्पादन गर्ने गरी डिप वोरिङ र पम्पिङका कार्यक्रमका लागि लागत सहभागिताका आधारमा आर्थिक र प्राविधिक सहायता उपलब्ध गराइने छ ।

**नीति घ.** नगरको भू-उपयोग योजना अनुकुल कृषि पकेट क्षेत्रमा व्यवसायिक कृषि उत्पादनका लागि कुलो विस्तार वा पम्पिङका लागि सहयोग उपलब्ध गराइने छ ।

**नीति ङ.** नगरभित्र वा बाह्य स्रोतबाट निर्माण वा स्तरोन्नतीबाट तयार हुने सिचाईंका ठूला तथा मझौला आयोजनाको नियमित मर्मत सम्भार र सञ्चालनका लागि शुल्क संकलन, मर्मत सम्भार कोष स्थापना र सञ्चालन लगायतका लागि नगरस्तरीय संयन्त्रबाट समन्वयकारी र सहयोगी भूमिका निर्वाह गरिने छ ।

## घ. सार्वजनिक भवन तथा पुस्तकालय (Public Buildings and Libraries)

### १. पृष्ठभूमि

नगरपालिकाको स्वामित्व वा अधिनमा विभिन्न १७ वटा भवन रहेको नगर पार्श्वचित्र २०७५ मा उल्लेख छ। नगरका भवनहरू सेवा प्रवाहमा तथा आन्तरिक राजस्वको स्रोतका रूपमा व्यवसायिक प्रयोजनमा गएका छन् । नगरपालिकाले आधारभूत सेवा प्रवाहका लागि कार्यालय व्यवस्थापन गरेता पनि ४ वटा वडाको आफ्नो कार्यालय भवन छैन । वडा कार्यालयका लागि चाहिने कम्प्युटर लगायतको भौतिक पूर्वाधार पनि पर्याप्तता छैन । नगरमा दुई वटा सार्वजनिक पुस्तकालय सञ्चालनमा छन् । नगर तथा वडास्तरमा विभिन्न आवश्यकताका भवन निर्माण हुनुपर्ने जनचाहना रहेकोमा कमी पूर्तिका लागि नगरले धेरै काम गर्नुपर्ने आवश्यकता छ । जग्गाको उपलब्धता, समुदायसँगको सहकार्य तथा संघ र प्रदेश सरकारबाट उपलब्ध हुने सहयोगलाई अवसरका रूपमा लिंदै यी चुनौती पूरा गरिने छ ।

### २. लक्ष्य

सार्वजनिक भवन तथा पुस्तकालयको उपलब्धता मार्फत् नगरबासीको हित प्रवर्द्धन गर्ने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १० : नगरपालिकाले आधारभूत सार्वजनिक सेवा प्रवाहका लागि पर्याप्त भवनको उपलब्धता सुनिश्चित गर्नु ।**

**नीति क.** टीकापुर नगरपालिकाको हालको सङ्गठन संरचना तथा विषयगत विभाग, शाखा वा इकाई सहितको भावी सङ्गठन संचरना समेतलाई दृष्टिगत गरी पर्याप्त मात्रामा कार्यकक्ष, बैठक कक्ष तथा सभाहल सहितको भौतिक पूर्वाधारको उपलब्धता सुनिश्चित गरिने छ ।

**नीति ख.** न्यूनतम प्राविधिक कर्मचारी समेत रहने गरी बैठक कक्षसहितको आफ्नै वडा कार्यालय भवनको पूर्वाधार तयार गरिने छ ।

**नीति ग.** नगरपालिकाले प्रवाह गर्ने सरसफाई सेवा, स्वास्थ्य सेवा, शैक्षिक सेवा जस्ता सेवा प्रवाहका लागि आवश्यक भवनहरू निर्माण वा मर्मत सम्भारको कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

**नीति घ.** नगरपालिकाबाट सबै किसिमका भवन निर्माण गर्दा भवनसंहिता तथा मापदण्ड एवं भू-उपयोग योजनाको पूर्ण कार्यान्वयन गरिने छ भने सार्वजनिक भवन निर्माणमा बढीभन्दा बढी जनसंख्यालाई पायक पर्ने स्थानमा निर्माण गरिने छ ।

**उद्देश्य ११ : बौद्धिक अभ्यास तथा आर्थिक र सामाजिक हित प्रवर्द्धन गर्ने गरी न्यूनतम सामुदायिक भवनको उपलब्धता सुनिश्चित गर्नु ।**

**नीति क.** आर्थिक गतिविधिमा योगदान गर्ने तथा आन्तरिक राजस्वको भरपर्दो स्रोतका रूपमा योगदान गर्न सक्ने गरी लागत प्रभावकारिता विश्लेषणका आधारमा आफ्नो स्वामित्वमा रहेको भू-उपयोगको तालमेल नबिग्रने जग्गामा व्यापारिक प्रयोजनका भवन निर्माण गरी भाडामा लगाउने अभ्यासलाई निरन्तरता दिइने छ ।

**नीति ख.** नगरमा उपलब्ध प्रयोगविहीन वा मर्मत सम्भार गरी प्रयोगमा ल्याउन सकिने भवनको वास्तविक अवस्था यकिन गरी एक वडा एक पुस्तकालय तथा प्रत्येक एक हजार परिवारमा एक पुस्तकालय हुने गरी पुस्तकालय भवन निर्माण, मर्मत सम्भार र सञ्चालन गरिने छ । यसका लागि सामुदायिक संघ संस्थासँगको साझेदारीलाई प्राथमिकता दिइने छ ।

**नीति ग.** ज्येष्ठ नागरिक हेरविचार केन्द्र, बाल मनोरञ्जन केन्द्र जस्ता भवन निर्माण पनि नगरपालिकाको प्राथमिकतामा रहनेछ । यसका लागि साझेदारीका विकल्पहरूको खोजी गरिने छ ।

**नीति घ.** स्थानीय संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन गर्ने वा स्वरोजगारीका क्रियाकलाप सञ्चालन हुने भवन निर्माणका लागत प्रभावकारी प्रस्तावलाई बृहत् योजनाको अभिन्न अंगको रूपमा समेटी कार्यान्वयनमा लगिने छ ।

## ङ. विद्युत

### १. पृष्ठभूमि

वि.सं २०७५ को तथ्याङ्क अनुसार टीकापुर नगरपालिकामा ९० प्रतिशतभन्दा बढी परिवारमा जलविद्युत सेवाको पहुँचमा रहेको छ । कतिपय स्थानमा सडक, खेत वा घर छेउमा विद्युतका पोल अव्यवस्थित रूपमा रहेको अवस्था पनि छ । थ्रीफेज लाइन विस्तार हुन बाँकी ग्रामीण भेगमा कृषि उपकरण तथा पानी तान्ने प्रयोजनका लागि विद्युत आपूर्ति कम छ ।

नगरको विकास र समृद्धिका लागि विद्युत आपूर्ति महत्वपूर्ण हुन्छ । एक मेघावाटसम्मको जलविद्युत उत्पादन र वैकल्पिक ऊर्जाबाहेक विद्युत सम्बन्धी सेवा प्रवाहमा नगरको मुख्य भूमिका नहुने संवैधानिक व्यवस्था छ । तर शहरी विकासका सन्दर्भमा विद्युतको सेवाको जिम्मेवारी अन्यत्र पन्छाउन सक्ने अवस्थामा पनि नगरपालिका छैन । सीमित संवैधानिक अधिकार र संघीय सरकार अन्तर्गतका निकायको सहयोग र भूमिकालाई अवसरका रूपमा लिंदै यो क्षेत्रको आवश्यकता सम्बोधनको चुनौती पूरा गर्नमा नगरले योगदान गर्नेछ ।

### २. लक्ष्य

सबै नगरबासीमा विद्युत सेवाको पहुँच सुनिश्चित गर्ने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १२ : विद्युत सेवाको पहुँच बाहिर रहेका परिवारलाई पहुँचमा ल्याउनु ।**

**नीति क.** बिजुलीको सेवा नपुगेका घरधुरीहरूमा बिजुली पुऱ्याउन उपकरण तथा लाइन विस्तारका लागि चाहिने जमिन व्यवस्थापनमा नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वयन गरी नगरको तर्फबाट यस कार्यको सहजीकरण गरिने छ ।

**नीति ख.** ऐलानी जग्गामा घर बनाएका तथा भूमिहीनहरूलाई समेत विद्युत सेवाबाट वञ्चित हुन नपर्ने वातावरण बनाउन विद्युत प्राधिकरणसँगको समन्वयमा लालपूर्जा बाहेकको वैकल्पिक अस्थायी सेवाग्राही परिचय पत्र बनाउन सहजीकरण गरिने छ ।

**नीति ग.** विद्युतीय जोखिम न्यूनीकरण तथा विद्युत प्राधिकरणबाट स्रोत उपलब्ध नभएका स्थानका लागि विद्युत सेवा प्रवाहमा न्यूनतम बजेट व्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**नीति घ.** प्राधिकरणको सेवा नहुने निश्चित भएमा सौर्यबत्तीका लागि नगरका तर्फबाट न्यूनतम सहयोग उपलब्ध गराइने छ ।

**उद्देश्य १३ : विद्युत सेवा प्रबन्ध भएका क्षेत्रहरूमा अविछिन्न रूपमा विद्युत उपलब्ध गराउनु ।**

**नीति क.** बिजुलीको मिटर जडान नगरी उपयोग गर्ने घरधुरीस्तरमा मिटर जडानलाई अनिवार्य बनाइने छ ।

**नीति ख.** बिजुलीको सेवामा समस्या भएका अथवा बढाउनु पर्ने अवस्थामा विद्युतीय उपकरणहरूको विस्तार गर्ने चाहिने जमिनको बन्दोबस्त गर्नमा विद्युत प्राधिकरण र समुदायलाई आवश्यक सहयोग उपलब्ध गराइने छ ।

**नीति ग.** राष्ट्रिय रूपमा विद्युत आपूर्तिमा हुने सम्भाव्य वृद्धिलाई मध्यनजर गरी दाउरा विस्थापन गर्दै खाना पकाउने ऊर्जाका रूपमा विद्युत प्रयोग गर्ने गरी उत्प्रेरणात्मक गतिविधि सञ्चालन गरिने छ ।

**नीति घ.** विद्युतीय पोल तथा तारको व्यवस्थापन गर्दा दुरसञ्चार, इन्टरनेट जस्ता लाइन तथा सडक, नाला आदिका बिचमा बेलाबखत देखिने समन्वयको कमी हटाउन नेतृत्वदायी भूमिका निर्वाह गरिने छ ।

**नीति ङ.** विद्युत लाइन विस्तार गर्दा सडकको फैलावट तथा सार्वजनिक सेवाका लाइनहरूमा अवरोध हुन नदिन शहरी क्षेत्रमा जमिन मुनीबाट लाइन विस्तार गर्न विद्युत प्राधिकरणसँग सहकार्य गरिने छ ।

**नीति च.** औद्योगिक क्षेत्र, व्यापारिक कम्प्लेक्स आदि खुल्नु अघि पर्याप्त विद्युत आपूर्ति यकिन गर्न सम्बन्धित पक्षको तर्फबाट नगरले पहल गर्नेछ ।

**नीति छ.** थ्रीफेज लाइन विस्तारका लागि ऊर्जाको माग विश्लेषण नगरपालिकाको तर्फबाट गरी सोका आधारमा नेपाल विद्युत प्राधिकरणमा सहयोगका लागि औपचारिक समन्वयन गरिने छ ।

## च. सञ्चार सेवा

### १. पृष्ठभूमि

वि.सं. २०७५ को तथ्याङ्क अनुसार टीकापुर नगरपालिकाका ८८.२१ प्रतिशत परिवारले कुनै न कुनै किसिमको मोबाइल टेलिफोन सेवा उपयोग गरिरहेको अवस्था छ । नगरमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । तथापि, बेला बखत टेलिफोनको नेटवर्क नआउने समस्या नगरभित्र रहेको छ । नगरका कतिपय वडाहरूमा ल्याण्डलाइन टेलिफोन विस्तार नहुँदा ग्रामीण भेगमा कार्यालय प्रयोजनमा समेत मोबाइल फोन प्रयोग गर्नुपर्ने अवस्था रहेको छ । इन्टरनेट सेवा नगरका वडाहरूसम्म विस्तार भएको भए पनि नगरका घरधुरी मध्ये २ प्रतिशत हाराहारीले मात्र मोबाइल नेटवर्क बाहेकको इन्टरनेट सेवा घरमा जडान गरेको अवस्था छ । वर्तमान अवस्थामा सुधार गरी सबै घरमा जनसंख्यामा इन्टरनेट सेवाको भरपर्दो पहुँच उपलब्ध गराई नगरका सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउने चुनौती नगरलाई छ । आधुनिक सञ्चार सुविधा प्रतिको आकर्षण र बढ्दो उपयोगलाई यो कार्य पूरा गर्नमा महत्वपूर्ण अवसरका रूपमा लिइएको छ ।

सञ्चारको सेवाका लागि तारविहीन विधिलाई प्रश्रय दिने गरी सञ्चारको सेवा नगरपालिकाभित्रको सबै घर तथा व्यवसायसम्म पुऱ्याउने र यसको लागि चाहिने एन्टेना, पोल, तार तथा अन्य उपकरण स्थापनामा सहजीकरण समेत गर्ने निम्न लक्ष्य तथा उद्देश्यहरू सहित यो क्षेत्रको नीति निर्धारण गरिएको छ ।

## २. लक्ष्य

नगरबासीलाई सुसूचित र नगरलाई सूचना प्रविधियुक्त नगर बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १४ : सञ्चार सुविधालाई आम नगरबासीको अधिकतम पहुँचमा पुऱ्याउने गरी व्यवस्थित र नियमित गर्नु ।**

**नीति क.** नगरपालिकाका हरेक घर तथा व्यवसायको लागि आवश्यक सञ्चार सुविधा (टेलिफोन र इन्टरनेट) उपलब्ध गराउन सेवा प्रदायकका लागि उपयुक्त वातावरण निर्माण गर्ने ।

**नीति ख.** हरेक किसिमको सञ्चारको माध्यमको सेवाको गुणस्तर बढाउन सेवा प्रदायकहरूसँग गुणस्तर नियन्त्रणका नियम बनाई नगरको सूचना प्रविधि इकाईमार्फत् अनुगमन र नियमन गर्ने ।

**नीति ग.** सबै वडा केन्द्र, पार्क तथा मनोरञ्जन स्थल, समुदाय तथा टोलहरूमा सःशुल्क ताररहित इन्टरनेट सेवा उपलब्ध गराउनका लागि नगर केन्द्रमा सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरूलाई उत्प्रेरित गरिने छ ।

**नीति घ.** मोबाइल टेलिफोनको नेटवर्क राम्रो नभएको स्थानमा टेलिफोन टावर स्थापनाका लागि नेपाल टेलिकम लगायतका सेवा प्रदायकसँग आवश्यक समन्वयन गरिने छ । टेलिफोनका टावर स्थापना गर्दा समुदायबाट टाढा, सुरक्षित र शहरी सौन्दर्यमा नकारात्मक असर नगर्ने गरी स्थापना गर्न लगाइने छ ।

**नीति ङ.** विद्युत, टेलिफोन, टेलिभिजन आदि सेवाका लागि प्रयोगमा आउने टावरको क्षमता बढाउने सम्भावनाको अधिकतम उपयोग गर्न सेवा प्रदायकलाई उत्प्रेरित गरी टावरहरूको संख्या सीमित गराइने छ ।

**नीति च.** भवनमा सञ्चार उपकरण राख्नुपर्ने अवस्थामा ठूला उपकरण निश्चित उचाईभन्दा अग्लो व्यवसायिक भवनको छतमा निश्चित मापदण्ड अनुसार मात्र राख्न पाइने व्यवस्था गरिने छ ।

**नीति छ.** सञ्चारका उपकरण ऐतिहासिक तथा साँस्कृतिक सम्पदामा हानी नपुग्ने स्थानहरूमा मात्र राख्न पाइने व्यवस्था गरिने छ ।

**नीति ज.** सञ्चार उपकरण स्थापना तथा सञ्चालन गर्दा हाल तथा भविष्यमा यातायात तथा अन्य सार्वजनिक सुविधाको विस्तारमा असर नपर्ने गरी गरिने छ ।

**नीति झ.** स्थानीय एफ. एम. रेडियोलाई किसानको समय समेत विचार गरी टीकापुर नगर केन्द्रित कृषि कार्यक्रम उत्पादन र प्रसारण तथा यहाँको पर्यटन प्रवर्द्धनका कार्यक्रम उत्पादन र प्रवर्द्धनका लागि प्रोत्साहित गरिने छ ।

**नीति ञ.** इन्टरनेट, दुरसञ्चार, एफ. एम. रेडियो तथा छापा र अनलाइन सञ्चार माध्यमलाई नगरपालिकाबाट हुने आर्थिक गतिविधि तथा सेवा प्रवाहका सन्दर्भमा आम सरोकारका विषयमा जानकारी उपलब्ध गराउन प्रेरित गरिने छ ।

**तालिका ५.३.४ : आवधिक प्राथमिकता : सार्वजनिक निर्माण**

| |
|---|
| **क.** नेपालको संविधानले नगरपालिका लगायत स्थानीय तहलाई खानेपानी सम्बन्धी अधिकारलाई एकल अधिकारको रूपमा समेटेको छ । टीकापुर नगरपालिका विभिन्न वार्षिक नीति तथा कार्यक्रम तथा विभिन्न निर्णयमार्फत् यो अधिकार अनुसारको जिम्मेवारी पूरा गर्न प्रयत्नशील छ । तथापि खानेपानीको कमी पूर्तिको दीर्घकालीन नीति तथा सम्बन्धित स्थानीय कानुन बनाउन भने बाँकी रहेको छ ।<br>नेपाल सरकारको योजना निर्माणको संहिता तथा मापदण्ड २०७२ ले नगरको जनसंख्याका आधारमा प्रतिव्यक्ति प्रतिदिन खानेपानी आपूर्तिको न्यूनतम मापदण्ड पनि निर्धारण गरेको छ । सो मापदण्ड अनुसार टीकापुरको जनसंख्याका आधारमा यस नगरमा प्रतिव्यक्ति प्रतिदिन ८० देखि १०० लिटर पानी आपूर्तिको सुनिश्चितता |


गर्नुपर्ने भएता पनि नगरको भौगोलिक विशिष्टता तथा बस्तीको विविधताका आधारमा स्थानीय मापदण्ड तय गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता पनि महसुस गरिएको छ।
२०३० सम्ममा सबैलाई सुरक्षित पानीको उपलब्धता सुनिश्चित गर्ने दीगो विकास लक्ष्य हाँसिल गर्न नगरका खानेपानी सम्बन्धी क्रियाकलापलाई थप उपलब्धीमूलक बनाउनु पर्ने भएकोले खानेपानी तथा सरसफाइको नीति, कानुन तथा मापदण्ड तत्काल निर्माण गरी लागु गर्ने र कार्यान्वयनको अवस्थाको समयवद्ध लेखाजोखा गरी मध्यकालममा आवश्यक परिमार्जन तथा संशोधन र दीगो विकास लक्ष्य तथा खानेपानी तथा सरसफाईको नगरको लक्ष्य प्राप्तिमा भएका प्रगति समीक्षाका आधारमा कमी देखिएमा कमी पूर्तिको रणनीति समेत बनाउने गरी नीति तथा कानुन सम्बन्धी आवधिक प्राथमिकता तल प्रस्तुत छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. खानेपानी तथा सरसफाईका पूर्वाधार निर्माण, सेवा व्यवस्थापन जस्ता विषय समेटिएको खानेपानी तथा सरसफाई नीति निर्माण गर्ने। | १. खानेपानी तथा सरसफाई नीति कार्यान्वयनको आवधिक समीक्षा र आवश्यक परिमार्जन गर्ने। | १. खानेपानी तथा सरसफाई नीति कार्यान्वयनको आवधिक समीक्षा, संशोधन र आवश्यक परिमार्जन गर्ने। |
| २. टीकापुर नगरपालिकाको खानेपानी आपूर्तिको न्यूनतम मापदण्ड निर्धारण गर्ने। | २. आवासीय प्रयोजन बाहेक व्यवसायिक तथा संस्थागत प्रयोजनाका लागि खानेपानी आपूर्ति तथा व्यवस्थापनको मापदण्ड बनाउने। | २. व्यवसायिक, संस्थागत र आवासीय प्रयोजनमा खानेपानीको मापदण्ड कार्यान्वनका सबल र कमजोर पक्ष विश्लेषण गरी पुरक कानुन बनाउने। |
| ३. खानेपानीको प्रयोजनामा गरिने भौगर्भिक पानीको उपयोग तथा शुद्धिकरणको निर्देशिका जारी गर्ने। | ३. खानेपानी तथा सरसफाईका मौजुदा कानुन र मापदण्ड कार्यान्वयनको समीक्षा गरी समयानुकुल परिमार्जन गर्ने। | |
| ३.१. मापदण्डलाई खानेपानीका पूर्वाधार निर्माण र वितरण सम्बन्धी प्राविधिक कार्यसँग आवद्ध गर्ने निर्देशिका बनाउने। | | |
| ४. खानेपानी तथा सरसफाईको सेवा प्रवाह र उपयोग तथा शुल्क निर्धारण सम्बन्धी मापदण्ड तयार गरी नगरबाट प्रवाह गरिने त्यस्ता सेवाका शुल्क समेत निर्धारण गर्ने। | ५. नगरको वार्षिक नीति तथा कार्यक्रमलाई खानेपानी र सरसफाईका विषय समेट्दा दीगो विकास लक्ष्य, राष्ट्रिय लक्ष्य तथा स्थानीय अवस्थामा आधारित बनाउँदै लैजाने। | ५. टीकापुर नगरपालिकाको जनसंख्यालाई शत प्रतिशत मानेर सबैका लागि सफा पानी र सरसफाईको पहुँचमा पुग्न दीगो विकासका लक्ष्य प्राप्तिका सन्दर्भमा प्राप्त उपलब्धीको आवधिक समीक्षा (सन् २०२५ र २०२९) गरी कमी पूर्तिको रणनीति बनाउने। |

**ख.** टीकापुर नगरपालिकाको मुख्य शहरी इलाकामा एकीकृत साना सहरी खानेपानी तथा सरसफाई आयोजना मार्फत् दैनिक प्रतिव्यक्ति १०० लिटर पानी आपूर्तिको सुनिश्चिततासहितको घरधुरीस्तरको धारा जडानको कार्य भएको छ भने ग्रामीण वडाहरूमा पनि पाइपलाइनमा आधारित खानेपानी सेवा विस्तारका लागि संरचना तयारीका केही कार्य अघि बढेको छ । तथापि ६० प्रतिशतभन्दा भन्दा बढी घरधुरीले अझै पनि ट्युवेलको पानीलाई खानेपानीको प्रमुख स्रोतका रूपमा उपयोग गरिरहेको सन्दर्भमा खानेपानीका संरचनाको अवस्था, पानीको स्रोत तथा शुद्धता आदिको यथार्थ अवस्था अध्यावधिक गर्ने र आपूर्तिमा केन्द्रित रही सबैका लागि सुरक्षित र पर्याप्त खानेपानी घरधुरी स्तरमा नै उपलब्ध गराउने गरी खानेपानी क्षेत्रको सूचना व्यवस्थापन, संरचना निर्माण र सेवा प्रवाहका कार्यको प्राथमिकीकरण गरिएको छ ।

तलको नक्सामा सुरक्षित खानेपानीको पहुँच सुनिश्चिततामा रहेको कमी प्रस्तुत गरिएको छ । २०७५ को तथ्याङ्कको आधारमा तयार गरिएको तलको नक्सा अनुसार सबैजसो वडामा अहिले पनि ट्युवेलको पानी खानेपानीको प्रमुख स्रोतका रूपमा रहेको छ। टीकापुर खानेपानी तथा सरसफाई आयोजनाले नगर केन्द्रको क्षेत्र तथा वडा नं २,३,४ र ५ को शहरी क्षेत्रमा खानेपानीको धारा विस्तार गरिरहेकोमा नगरमा १८६२० परिवार मध्ये १३ हजार ७ शय ४३ परिवारका लागि खानेपानीको धारा विस्तार गर्न बाँकी रहेको आवश्यकता रहेको छ।

**नक्सा १/५.३.४ : खानेपानीको धारा जडान नभएका परिवार**




| Ward | HHS without Pipeline |
|---|---|
| 1 | 6263 |
| 2 | 849 |
| 3 | 941 |
| 4 | 932 |
| 5 | 968 |
| 6 | 831 |
| 7 | 1291 |
| 8 | 994 |
| 9 | 743 |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. निजी र सामुदायिक रूपमा खानेपानी उपभोगको अवस्था तथा सञ्चालनमा रहेका वा निर्माणाधिन खानेपानी योजना/आयोजनाको विवरण (संकलन ट्यांकी, वितरण प्रणाली र धारा वा घरधुरीस्तरको नल) सहित जीपीएसमा आधारित तथ्याङ्क तयार पार्ने । | १. पानी वितरण र उपयोगको अवस्थाको तथ्याङ्क अद्यावधिक गर्ने । | १. खानेपानीका कार्यक्रम र सेवा प्रवाहलाई तथ्याङ्कमा आधारित बनाउने गरी तथ्याङ्कलाई निर्णय सहयोगी प्रणालीका रूपमा विकास गर्ने । |
| २. साना शहरी खानेपानी तथा सरसफाई आयोजना र अन्य दुई ओटा निर्माणाधिन मझौला खानेपानी आयोजना (वडा नं. ६ देखि ९) ले नसमेट्ने वडा, टोल र घरधुरीको तथ्याङ्क संकलन गर्ने र अपुग यकिन गर्ने । | २. पानी संकलन ट्यांकी मार्फत् खानेपानी वितरण प्रणालीमा छुट्ने घरहरूका लागि तथा मझौला आयोजना थप गरी वडाहरूलाई क्लस्टर बनाई साझा (३ वडाको एउटा) वितरण प्रणालीको विकास गर्ने । | २. पानीको उपयोगका आधारमा सञ्चालन र मर्मत सम्भारका लागि योगदान (महशुल) प्रणालीमा आवश्यक परिमार्जन गर्ने । |
| ३. टीकापुर खानेपानी आयोजनाको विस्तार र निर्माणाधिन खानेपानी आयोजना कार्यान्वयनलाई निरन्तरता दिने । | ३. नलको पानीलाई खानेपानी बाहेकको प्रयोजनमा सीमित गराई नगरभर न्यूनतम पानी आपूर्ति सहित एक घर एक धारा जडान गरिसक्ने । | ३. खानेपानीको नगर मापदण्ड अनुसार (प्रतिव्यक्ति प्रतिदिन ८० देखि १०० लिटर) पानी आपूर्ति हुने गरी पानी संकलन ट्यांकी लगायतका संचरना तयार गरी सबै घरका धारालाई २४ घण्टा पानी प्राप्त हुने अवस्थामा पुऱ्याउने । |

**ग.** टीकापुर नगरपालिकाले आवश्यक पूर्वाधार तयार गरी ठोस फोहोर व्यवस्थापन सेवालाई व्यवस्थित बनाउने प्रक्रिया प्रारम्भिक चरणमा छ भने भवन निर्माण अनुमति प्रक्रियाको अंगका रूपमा शौचालय निर्माणको विषय समेटेको छ। तथापि आधारभूत स्वास्थ्य तथा सरसफाईको अधिकार संविधानत : स्थानीय सरकारलाई रहेकोमा समग्र सरसफाई क्षेत्र समेटेको स्थानीय नीति तथा कानुन टीकापुर नगरपालिकामा बनाउन बाँकी छ । नगरपालिकाले सार्वजनिक सरसफाईमा टोल विकास संस्थाको भूमिका बढाउने नीति लिएको भए पनि उक्त स्वयंसेवी संस्थालाई नगरको अपेक्षा अनुसार परिचालित हुने वातावरण निर्माणको विधि भने तय भएको छैन ।


सार्वजनिक सरसफाई अन्तर्गत खानेपानीको अन्तर सम्बन्धित क्षेत्रका रूपमा रहेको भाग तथा ठोस फोहोर र दिसाजन्य फोहोर व्यवस्थापनको विशिष्ठ कार्य समेत समावेश गरी नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर बनाउन निजी क्षेत्र तथा समुदायसँग गरिने सम्भावित साझेदारीका आधार तथा सरसफाईका अन्य पक्ष समेटेर यो दीर्घकालीन नीति, कानुन र मापदण्ड बनाउनु पर्ने हुनाले तिनको आवधिक प्राथमिकता तल प्रस्तुत छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. ठोस फोहोर व्यवस्थापनका लागि निर्माण तथा सञ्चालन गरिने सरसफाई केन्द्र तथा सार्वजनिक शौचालय, दिसाजन्य फोहोर व्यवस्थापन सम्बन्धी नीति निर्माण गर्ने । | १. सार्वजनिक सरसफाई नीति कार्यान्वयनको आवधिक समीक्षा तथा आवश्यक परिमार्जन गर्ने । | १. नगरलाई पूर्ण सरसफाईयुक्त नगर बनाउने सन्दर्भमा भएका प्रगति समीक्षा गरी कमी पूर्तिका रणनीति बनाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. ठोस फोहोर व्यवस्थापन तथा पुनःचक्रणका लागि सार्वजनिक निजी साझेदारीको विधि निर्धारण सहित स्थानीय फोहोर व्यवस्थापन र सरसफाई सम्बन्धी ऐन, नियमावली र आवश्यक कार्यविधि बनाउने । | २. सार्वजनिक निजी तथा सामुदायिक क्षेत्र साझेदारीको नीति र अभ्यासलाई थप प्रभावकारी बनाउने गरी सरसफाई सेवा व्यवस्थापन विधिका आधारमा सरसफाईको सेवा करार सम्बन्धी निर्देशिका बनाउने । | २. आवश्यकता अनुसार सरसफाई सेवा करारका विधि र मापदण्ड परिमार्जन गर्ने । |
| ३. फोहोरमैला व्यवस्थापनमा टोल विकास संस्था परिचालन गर्ने नगरको नीतिलाई समग्र सरसफाई नीतिको अंगका रूपमा परिस्कृत गर्ने । | ३. सरसफाई र खासगरी दिसाजन्य फोहोर प्रशोधन तथा ठोस फोहोर व्यवस्थापन र पुनःचक्रणको विधि निर्धारण गर्ने । | |

**घ.** टीकापुर नगरपालिका यसअघि नै खुला दिसामुक्त नगर भइसकेको भए पनि सुकुम्बासी बस्ती तथा विस्थापित बस्तीका परिवारको आफ्नै शौचालय नहुँदा पूर्ण सरसफाईको स्तरमा पुग्न चुनौती रहेको छ । नगरमा २०७५ को तथ्याङ्क अनुसार आफ्नै शौचालय नहुने वा कच्ची शौचालय मात्र हुने परिवारको अवस्था तलको नक्सामा चित्रण गरिएको छ ।

**नक्सा २/५.३.४ : शौचालयको व्यवस्था नभएका परिवार**



बाढी तथा डुवानको उच्च जोखिम तथा समथल भू-भागका कारण सार्वजनिक ढल प्रणाली स्थापना र सञ्जालन खर्चिलो हुने महसुस गरी नगरपालिकाले घरधुरी तथा सामुदायिक शौचालयलाई निश्चित मापदण्डमा पुऱ्याई सेप्टिक ट्यांकीको दिसाजन्य फोहोर संकलन र व्यवस्थापनका लागि दिसाजन्य फोहोर व्यवस्थापन प्रणाली स्थापना र सञ्चालन गर्दै टीकापुरलाई पूर्ण सरसफाईयुक्त नगरको स्तरमा पुऱ्याउन निम्नानुसार प्राथमिकताका कार्यक्रम तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विपन्न परिवारलाई आवश्यकताका आधारमा न्यूनतम सहयोग गरी सबै घरमा सेप्टिक ट्यांकीसहितको व्यवस्थित शौचालय निर्माणको अभियान सञ्चालन गरी कच्ची शौचालय विस्थापन गर्ने । | १. सबै घरमा पक्की शौचालयको सुनिश्चिता गरी त्रि वार्षिक रूपमा खुला दिसामुक्त नगर यकिन गर्ने । यसका लागि प्राविधिक सहायता वडास्तरबाट उपलब्ध गराउनुका साथै सचेतनामूलक गतिविधि पनि सञ्चालन गर्ने । | १. खुला दिसामुक्त नगर यकिन गर्ने अभ्यासलाई आवश्यकता अनुसार निरन्तरता दिने । |
| २. सक्सन पाइपबाट संकलन गरी खेतमा विसर्जन गरिने फोहोरको विकल्प तयार पारी सुरक्षित विसर्जन गर्ने व्यवस्था मिलाउने । | २. दिसाजन्य फोहोर व्यवस्थापन प्रणाली निर्माण गरी सञ्चालनमा ल्याउने । | २. शौचालयको फोहोर प्रशोधन प्रणाली तथा पानीको उपयुक्त प्रयोगको प्रबन्धसहित कम्तीमा नगरका सबै घरलाई दिसाजन्य फोहोर व्यवस्थापन प्रणाली (निजी, सामुदायिक, सार्वजनिक) मा आवद्ध गरिसक्ने । |
| ३. बसपार्क, पर्यटकीय क्षेत्र र बजार क्षेत्रलाई मुख्य प्राथमिकतमा राखेर शौचालयको वडागत प्राथमिकता सुची निर्माण गर्ने । | ३. सामुदायिक संस्थाहरूबाट व्यवस्थापन हुने गरी टीकापुर बजारका बाह्य ब्लक क्षेत्र तथा बढी जमघट हुने स्थानहरूमा सार्वजनिक शौचालयको व्यवस्था गर्ने। | |
| | ४. सार्वजनिक ढल व्यस्थापनको सम्भाव्यता अध्ययन गर्ने । | ४. सम्भाव्यता र स्रोत उपलब्धताका आधारमा शहरी क्षेत्रमा सार्वजनिक ढलको पूर्वाधार निर्माणको कार्य अघि बढाउने । |
| | ५. पूर्ण सरसफाईयुक्त नगर बनाउने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षाको पद्धति विकास गरी अभ्यास शुरु गर्ने। | ५. टीकापुरलाई पूर्ण सरसफाईयुक्त नगर बनाउने । |

ङ. यस नगरपालिकाले ठोस फोहोर संकलनका लागि सवारी साधनको व्यवस्थापन गरी शहरी क्षेत्रको फोहोर समय समयमा संकलन गरी निश्चित स्थानमा दैनिक र साप्ताहिक रूपमा वडा नं. १ को निर्धारित स्थानमा थुपार्ने गरिएको छ । नगरले शुन्य जिरो वेस्ट (शुन्य फोहोर) को अवधारणा अनुसार फोहोर संकलन तथा व्यवस्थापन केन्द्र निर्माणको लागि नीतिगत निर्णय गरी स्थान निर्धारणका लागि प्रक्रिया पनि अघि बढाएको छ। तर हालसम्म ठोस फोहोर व्यवस्थापनको लागि आवश्यक पूर्वाधार र व्यवस्थित सेवा शुरु नभएको सन्दर्भमा ठोस फोहोर व्यवस्थापन सम्बन्धी प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सीमित रूपमा संकलन हुने गरेको ठोस फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थान चयन गरी सोही स्थानमा व्यवस्थापन शुरु गर्ने । | १. ठोस फोहोर संकलन र व्यवस्थापनका लागि व्यवस्थित सरसफाई केन्द्र (ल्याण्ड फिल) साइट तथा फोहोर प्रशोधन केन्द्र) स्थापना गरी सञ्चालनमा ल्याउने। | १. सरसफाई केन्द्र पूर्ण सञ्चालनमा ल्याउने, सेवामा सबै वडालाई समेटी सक्ने र नगरलाई प्लास्टिकजन्य फोहोररहित नगर बनाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.१. आवश्यकता अनुसार जानकी र भजनी गाउँपालिकासँगको समन्वयमा फोहोरमैला थुपार्ने तथा पुनः प्रयोग र पुनःचक्रण (रिसाइकल) का लागि उपयुक्त क्षेत्र पहिचान गरी सरसफाई केन्द्र निर्माणको सम्भाव्यता अध्ययन पूरा गर्ने । | | |

**च.** कृषि उत्पादनशील नगर बनाउने दूरदृष्टि सहित अघि बढेको यस नगरपालिकामा स्थानीय कृषकले निर्माण गरेका बृहत् परम्परागत नहर, मझौला तथा साना कुला रहेकोमा सिचाईं कुलो निर्माण, सञ्चालन र व्यवस्थापनमा नगरको भूमिका क्रमशः बढिरहेको छ । नगरले समग्र नगरको भू-उपयोग योजना निर्माणसँगै सिचाईं सुविधा व्यवस्थापनलाई थप वैज्ञानिक बनाउनुपर्ने अवस्था छ । एकल अधिकारका रूपमा स्थानीय तहले पाएको संवैधानिक अधिकार कार्यान्वयन गर्न सबै किसिमका सिचाईंका पूर्वाधार निर्माण र सेवा व्यवस्थापन गर्न सिचाईं नीति बनाउनु पर्ने भएकोले कृषि नीतिको अंगका रूपमा सिचाईं नीति निर्माण तथा समयवद्ध रूपमा कार्यान्वयनको समीक्षा तथा परिमार्जन र संशोधनको कार्य आवधिक तालिका सहित प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. साना सिचाईंका पूर्वाधार निर्माण, सञ्चालन लगायत सिचाईं नीति बनाई यसलाई कृषि नीतिको अंग बनाउने । | १. सिचाईंलाई भू-उपयोग नीति तथा कृषि पकेट क्षेत्र र तिनको विविधिकरणका आधारमा नीति र कार्ययोजनामा आवश्यक परिमार्जन गर्ने । | १. सिचाईं नीति कार्यान्वयनको समीक्षा गरी ठूला सिचाईं सेवा व्यवस्थापनको जिम्मेवारी समेतका आधारमा सिचाईं नीतिमा आवश्यक परिमार्जन गर्ने । |

**छ.** टीकापुर र आसपासका क्षेत्रको १४ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा सिचाईं सुविधा पुग्ने गरी राष्ट्रिय गौरवको रानी, जमरा, कुलरिया सिचाईं आयोजना कार्यान्वयन भइरहेकोले यो आयोजना सम्पन्न भएसँगै यस नगरको पनि सिचाईंको ठूलो आवश्कता पूरा हुनेछ । तथापि कतिपय स्थानमा परम्परागत सामान र मझौला कुलाको सञ्चालन, कुलाले नसमेट्ने भेगका लागि पम्पिङ योजना सञ्चालनमा सहयोग तथा रानी, जमरा, कुलरिया सिचाईं आयोजनाको मुल नहरबाट पानी वितरण हुने कुला तथा ड्यामहरूको उपयुक्त व्यवस्थापन र पानी वितरणमा समेत नगरको भूमिका हुने कुरालाई समेत दृष्टिगत गरी सिचाईं क्षेत्रको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. रानी, जमरा, कुलरिया सिचाईं आयोजनाको सबै संरचनागत कार्य समयमा पूरा गर्न स्थानीय रूपमा वातावरण बनाउने र संघीय सरकारसँग त्यसका लागि आवश्यक समन्वय गर्ने । | १. रानी, जमरा, कुलरिया सिचाईं आयोजनाबाट पानी वितरणको अवस्थाको अध्ययन गरी समस्या समाधानका आवश्यक संरचना निर्माण वा सुधार गर्ने । | १. राष्ट्रिय गौरवको सिचाईं आयोजना तथा स्थानीय मझौला सिचाईं आयोजनाको व्यवस्थापन र पानी वितरणको अवस्थाका त्रिवार्षिक समीक्षा । |
| २. रानी, जमरा, कुलरिया सिचाईं आयोजनाले नसमेट्ने खेतीयोग्य जमिनको क्षेत्रफल यकिन गरी सिचाईंको अपर्याप्तता निर्धारण गर्ने र सामुदायिक सिचाईं प्रणालीमा आधारित सम्भाव्य साना बाटर पम्पिङ सिचाईं योजनाको सुची तयार पार्ने । | २. राष्ट्रिय गौरवको सिचाईं आयोजनाबाट अपुग हुने जग्गा मध्ये समुदायबाट कम्तीमा एक तिहाई लागत (रकम वा श्रम) बेहोरिने सुनिश्चितता भएका आयोजना सम्पन्न गर्ने । नहरबाट पानी वितरणका लागि आवश्यक (२० हेक्टर बढी क्षेत्र सिञ्चित हुने) कुलो निर्माण सम्पन्न गर्ने । | २. साना तथा मझौला सिचाईं योजनाको समुदायस्तरबाटै सञ्चालन, मर्मत सम्भार र व्यवस्थापनको सुनिश्चितता गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ३. सम्बन्धित पक्षसँगको समन्वय र सम्भाव्यताका आधारमा रानी जमरा सिँचाई अयोजानको टीकापुर बजार क्षेत्रको नहरलाई आरसीसी गरी भूमिगत गर्ने । | |

**ज.** संविधानत : दूरसञ्चार सम्बन्धी अधिकार संविधान अनुसार स्थानीय तहलाई नभए पनि रेडियो सञ्चालन सम्बन्धी अधिकार तथा स्थानीय सेवा व्यवस्थापन सम्बन्धी अधिकारका स्थानीय तहलाई भएको तथा टीकापुर नगरपालिकाले स्थानीय रेडियो सञ्चालन कार्यविधि समेत बनाइसकेको सन्दर्भमा सञ्चार सेवा व्यवस्थापन र विकासका लागि निम्न नीतिगत कार्यतालिका बनाएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सञ्चार माध्यम सञ्चालन, इन्टरनेट सेवा व्यवस्थापन लगायत सूचना तथा सञ्चार सम्बन्धी स्थानीय कानुन तर्जुमा गर्ने । स्थानीय रेडियो सञ्चालन कार्यविधिलाई ऐनको स्वरूप दिने । | १. नगरको सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउन प्रविधि मैत्री नगर निर्माणमा नगरपालिका र निजी क्षेत्रको भूमिकालाई सञ्चार नीति मार्फत् स्पष्ट पार्ने । | १. सञ्चार क्षेत्रको नवप्रवर्तन अनुकुल सम्बन्धित विषय व्यवस्थापनको स्थानीय कानुन, कार्यविधि वा निर्देशिका बनाउने । |


**झ.** नगरलाई सूचना प्रविधि मैत्री बनाउन, दुरसञ्चार सेवालाई नगर मापदण्ड अनुकल बनाउन सूचना र सञ्चारको सेवालाई थप पहुँचयोग्य बनाउन सबै सामुदायिक भवन, सेवा प्रदायकका कार्यालय तथा घरधुरी स्तरमा टेलिफोन र इन्टरनेट सेवाको पहुँच सुनिश्चित गर्न संघीय सरकारको अधिकार अन्तर्गत रहेको दुरसञ्चार सेवाको क्षेत्राधिकारमा असर नगर्ने गरी यो क्षेत्रको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नेपाल टेलिकम तथा अन्य सेवा प्रदायकसँगको समन्वयमा टेलिफोनको नेटवर्क राम्रो नभएको क्षेत्रमा टावरहरूको व्यवस्थापनका लागि आवश्यक समन्वय गर्ने । | १. टेलिकमसँगको समन्वयमा ल्याण्डलाइन टेलिफोन सेवा सबै वडासम्म विस्तार गर्ने । | |
| २. इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा कम्तीमा सबै सार्वजनिक सेवा प्रदायक निकाय, माध्यमिक विद्यालय र सामुदायिक भवनसम्म इन्टरनेट सेवा पुऱ्याउने । | २. टेलिकम र निजी क्षेत्रसँगको समन्वयमा सबै टोलसम्म वाइफाईको पहुँच सुनिश्चित गर्ने । | २. निजी क्षेत्रसँगको समन्वयमा नगरबाट उपलब्ध हुने सेवा प्रवाह तथा राजस्व भुक्तानी समुदाय वा घरबाटै हुनसक्ने गरी सबै घरमा इन्टरनेट सेवा विस्तार गर्ने । |

**ञ.** विद्युत सेवा सम्बन्धी अधिकार संविधानत : संघ प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा रहेकोले नगरपालिकाको अधिकार क्षेत्रको निर्क्यौल हुन बाँकी छ । एक मेगावाट सम्मको जलविद्युत आयोजना सम्बन्धी अधिकारको उपयोग टीकापुर नगरपालिकाको सन्दर्भमा तत्काल हुने अवस्था नदेखिएकोले दैनिक रूपमा नगरपालिकाले सम्बोधन गर्नुपर्ने जलविद्युत सम्बन्धी सेवाका सन्दर्भमा आफ्नो भूमिकामा स्पष्टता ल्याउनु प्रमुख स्थानीय नीतिगत कार्य भएको महसुस गरी सो कार्यलाई अल्पकालीन कार्यका रूपमा समेटिएको छ । अन्य सान्दर्भिक विषयलाई आवधिक प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विद्युत प्राधिकरणसँगको समन्वयमा बिजुलीको तार, पोल, ट्रान्सफर्मर परिवर्तन, सेवा प्रवाह र चुहावट नियन्त्रण लगायतमा नगरको भूमिका स्पष्ट बनाउने । | १. साझा अधिकारको व्याख्या भई स्थानीय अधिकारमा आएको स्पष्टताका आधारमा जलविद्युत तथा एकल अधिकारका रूपमा रहेको वैकल्पिक ऊर्जा सम्बन्धी कानुन बनाउने । | १. जलविद्युत तथा वैकल्पिक ऊर्जा सम्बन्धी स्थानीय कानुनमा आवश्यकता अनुसार परिमार्जन र संशोधन गर्ने । |
| **ट.** सुकुम्बासी बस्ती तथा अस्थायी रूपमा विस्थापितहरूको बस्तीका कारण यस नगरपालिकाका झण्डै १० प्रतिशत परिवारमा विद्युत सेवा नपुगेको देखिएता पनि यो अस्थायी समस्या हो । २०७५ को तथ्याङ्क अनुसार विद्युत सेवा नपुगेका र मिटर जडान हुन बाँकी घरको अवस्था तलको नक्सामा प्रस्तुत छ। ती सबै घरमा विद्युत सेवा सुनिश्चित गर्नु नगरको प्राथमिकता हो । | | |

**नक्सा ३/५.३.४ : विद्युत सेवा नपुगेका वा मिटर जडान नभएका घरधुरी**



| | | |
|---|---|---|
| यस नगरपालिकामा जलविद्युत सेवाको पहुँचमा ठूलो समस्या नरहेता पनि ग्रामीण क्षेत्रमा विद्युतको थ्रि-फेज लाइन नहुँदा खेतमा पानी तान्न तथा मिल चलाउनका लागि असहज हुने गरेको नागरिकको अनुभव रहेको छ । विद्युतका काठका पोल विस्थापन नहुँदा तथा पोलको उचाई तथा सडक क्षेत्र लगायत असुरक्षित रूपमा रहेका पोल र तार आदिका कारण विद्युतीय जोखिम समेत रहेको छ । सामान्यतया राष्ट्रिय प्रशारण लाइनबाट वितरण हुने विद्युत सेवा व्यवस्थापनमा नगरको भूमिका कम रहने भएपनि भूमिहीनका लागि वैकल्पिक परिचयपत्रका आधारमा विद्युत लाइन जडान गरिएको भए पनि विद्युतका पूर्वाधार विकासमा ती समुदायलाई समेट्न नगरपालिका नै भूमिका खेलिरहनु परेको अवस्था छ भने ट्रान्सफर्मरमा आउने समस्या, पोलको व्यवस्थापन लगायतमा समेत नगरको सहयोगको अपेक्षा नागरिकले गर्ने गरेको सन्दर्भमा विद्युत क्षेत्रका यी सेवा व्यवस्थापनका प्राथमिकता निम्नानुसार तय गरिएको छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. विद्युत प्राधिकरणको समन्वयमा सबै काठका पोललाई सिमेन्ट वा फलामे पोलले विस्थापित गरिसक्ने । | | |
| २. टीकापुर बजार क्षेत्र बाहिर कम्तीमा वडा केन्द्रसम्म थ्रिफेज लाइन विस्तार गर्ने र विद्युतीय जोखिम रहेका क्षेत्र (सडक छेउ वा घरको छेउ) मा रहेका विद्युतको पोल तथा तारको उचित व्यवस्थापन गर्ने । काठका र अस्थायी पोललाई सिमेन्ट वा फलामे पोलले विस्थापन गरिसक्नुपर्ने । | २. विद्युत प्राधिकरणसँगको समन्वय र सहयोगमा पानी तानी सिचाईं गर्नुपर्ने क्षेत्र तथा विद्युतीय ऊर्जामा आधारित उद्योग वा कलकारखाना शुरु हुन लागेका क्षेत्रसम्म थ्रिफेज लाइन विस्तार गरिसक्ने । | |
| ३. जल विद्युत सेवाको पहुँच बाहिर रहेका घरधुरीको अध्यावधिक तथ्याङ्क तयार गरी जडानका लागि सहजीकरण गर्ने । | ३. सबै घरमा जलविद्युत सेवाको पहुँच सुनिश्चित गर्ने । | ३. नगरमा दाउरा वा पेट्रोलियमको विकल्पका रूपमा जलविद्युत तथा वैकल्पिक ऊर्जालाई भान्छाको प्रमुख ऊर्जाको रूपमा उपयोग हुने अवस्थामा लाने गरी प्रवर्द्धनात्मक कार्यक्रम कार्यान्वयन गर्ने । |
| | ४. नगर चक्रपथ, लम्की खक्रौला सडक खण्ड तथा मुख्य शहरी क्षेत्रको विद्युत लाइनलाई भूमिगत गर्न पहल शुरु गर्ने । | ४. सम्बन्धित पक्षसँगको समन्वयमा शहरी क्षेत्रको विद्युत लाइनलाई भूमिगत गरिसक्ने । |

| | | |
|---|---|---|
| **ठ.** टीकापुर नगरपालिकाले स्थानीय भवन निर्माण मापदण्ड कार्यान्वयन गरिरहेको छ । संरचनागत मजबुतीका मापदण्ड (भवन संहिता) सबै किसिमका भवनमा समान रूपमा लागु हुने भएता पनि विभिन्न किसिमका भवनको कोठाको आकार, अपाङ्गता भएका व्यक्ति तथा बालबालिका लगायतको पहुँच तथा भुकम्प बाहेकको जोखिम न्यूनीकरणका मापदण्ड समेत समेटी बाढीको समयका लागि बनाइने उच्च भवन, विभिन्न सेवा प्रदायकका भवन तथा पुस्तकालयका लागि भवन निर्माणको मापदण्ड बनाउनु पर्ने आवश्यकता महसुस गरी त्यसको प्राथमिकता तल प्रस्तुत छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरपालिका अन्तर्गतका कार्यालय, सुरक्षित भवन तथा सामुदायिक भवन तथा पुस्तकालयका पूर्वाधारको न्यूनतम मापदण्ड तयार गर्ने । | १. सार्वजनिक तथा सामुदायिक भवन निर्माणको मापदण्ड कार्यान्वयनको आवधिक (३ वर्षमा एकपटक) समीक्षा गर्ने । | १. आवश्यकता अनुसार सामुदायिक भवन तथा विशेष उद्देश्यले बन्ने भवनको मापदण्ड निर्माण वा परिमार्जन गर्ने । |

| ङ. टीकापुर नगरपालिकाको कार्यालय सञ्चालनका हालका लागि पर्याप्त कार्यकक्ष तथा बैठक कक्षसहितका आफ्नै नयाँ भवन निर्माण भई प्रयोगमा आइसकेको छ । २ ओटा वडा कार्यालयको आफ्नो भवन रहेको छ भने विभिन्न सामुदायिक भवन समेत नगर क्षेत्रमा रहेका छन् । नगरले आफ्नो स्वामित्वमा रहेको जग्गामा व्यापारिक भवन बनाई राजश्वको आधारको रूपमा भाडामा पनि लगाउने गरेको छ । जस अन्तर्गत थप एउटा भवन निर्माणाधीन छ । आफ्नै कार्यालय भवन नभएका ७ ओटा वडा मध्ये ३ ओटाको भवन (वडा नं. २, ५ र ९) निर्माणको प्रक्रियामा रहेको छ भने ४ ओटा (१,३,४,६) को प्रक्रिया प्रारम्भ भएको छैन । नगरका व्यवस्थित पुस्तकालय नभएकोमा नेपाल सरकारको शहरी योजना संहिता तथा मापदण्ड अनुसार नगरमा एउटा केन्द्रीय पुस्तकालय र हरेक १० हजार जनसंख्यामा एउटा व्यवस्थित पुस्तकालय हुनुपर्ने प्रावधान अनुसार पुस्तकालय स्थापना र सञ्चालन गर्ने विषय समेतका आधारमा सार्वजनिक भवन सम्बन्धी निम्न प्राथमिकता तय गरिएको छ । | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरपालिकाको कार्यालयको न्यूनतम भौतिक पूर्वाधार तयारी, सबै वडा कार्यालयको आफ्नै भवन निर्माणको शुरुवात । | १. सबै वडा कार्यालयको आफ्नै कार्यालय भवन निर्माण गरिसक्ने । | १. सबै वडा कार्यालयका भवनमा बैठक कक्षसहितका पूर्वाधार र आधारभूत उपकारण व्यवस्थापन गर्ने । |
| २. टीकापुर बजारमा रहेको सिटी हललाई पुस्तकालय लगायत बहुउपयोगमा ल्याउने र पुस्तकालय विकासका लागि बाह्य संघसंस्थासँग सम्पर्क र समन्वयन गर्ने । | २. सबै वडा केन्द्र वा धेरै वडाबासीको सहज पहुँच हुने क्षेत्रका आधारमा कम्तीमा नगर केन्द्रमा एक र अन्य वडाका लागि वडा वा एक हजार घरधुरीमा एक पुस्तकालयको भौतिक पूर्वाधार तयार पार्ने । | २. सबै पुस्तकालय भवन निर्माण गरिसक्ने, नगरस्तरीय पुस्तकालय भवनलाई सूचना प्रविधियुक्त बनाउने तथा अन्य पुस्तकालयहरूलाई न्यूनतम पूर्वाधार र प्रविधियुक्त बनाउने । |
| ३. नगरस्तरमा एउटा व्यापारिक भवन निर्माण सम्पन्न गर्ने । | ३. सम्भाव्यताका आधारमा एउटा व्यापारिक कम्प्लेक्स निर्माण गरी व्यवसायिक प्रयोजनमा उपलब्ध गराउने । | ३. नगरले निर्माण गरेका व्यवसायिक भवनलाई प्रतिस्पर्धाका आधारमा व्यवसायिक प्रयोजनमा लगाउने वा आवधिक नवीकरण गर्ने । |
| | ४. आवश्यकता र समुदायसँग साझेदारीका आधारमा सामुदायिक भवन निर्माणका लागि सहयोग गर्ने । | ४. आवश्यकता अनुसार आय आर्जन, ज्येष्ठ नागरिक सुरक्षा जस्ता उद्देश्यका सामुदायिक भवन निर्माणलाई समुदाय सहभागिताका आधारमा निरन्तरता दिने । |
| ५. साल्ट ट्रेडिङ लिमिटेडको जग्गामा कार्यालय भवन निर्माणका लागि संघीय सरकार र आयल निगमको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी सुदुर पश्चिम सरकारसँग निर्माणका लागि समन्वय गर्ने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ६. सम्बन्धित पक्षसँगको समन्वयमा टीकापुर प्राकृतिक चिकित्सालय भवन निर्माणको कार्य पूरा गर्ने । | | |

**ढ.** सार्वजनिक निर्माणका कार्य गर्दा त्यसको वातावरणीय प्रभाव विश्लेषण अपरिहार्य हुन्छ तर सबै आयोजनाको वैज्ञानिक तवरले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु लागत र समयका आधारमा व्यवहारिक नहुने हुनाले आयोजनाको लागत र प्रकृति अनुसार वातावरणीय प्रभाव मूल्याङ्कनको विधि र स्तरमा विविधिकरण गर्नुपर्ने आवश्यकता महसुस गरी यो क्षेत्रको नीतिगत प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. खानेपानी तथा सरसफाई लगायत सार्वजनिक निर्माणको निश्चित रकमभन्दा माथिका आयोजना कार्यान्वन गर्नु अघि वातावरणीय प्रभाव मूल्याकंन सम्बन्धी निर्देशिका बनाउने । | १. वातावरणीय प्रभाव मूल्याङ्कनको निर्देशिकामा आवश्यकता अनुसार परिमार्जन गरी सबै किसिमका आयोजनाको वातावरणीय प्रभाव विश्लेषणको स्तर वर्गीकरण गरी निर्देशिकालाई थप विस्तृत बनाउने । | १. वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी निर्देशिकालाई परिवर्तित सन्दर्भमा उपयोगी बनाउने । |

**ण.** नगरपालिकाले उपभोक्ता समितिमार्फत् कार्यान्वयन गर्ने सार्वजनिक निर्माणका कार्यलाई सहभागितामूलक र व्यवस्थित गर्न उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ जारी गरेको छ । तथापि सार्वजनिक निर्माणका योजना तर्जुमा, कार्यान्वनको अनुगमन तथा मूल्याङ्कन एवं सबै उपभोक्ता वा निर्माण व्यवसायी वा अमानतमा हुने निर्माणका सबै प्रक्रियामा नागरिक अनुगमन तथा निगरानी सुनिश्चित गर्न थप कानुनी व्यवस्था गर्नुपर्ने महसुस गरिएकोले निम्न कार्यलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को दायरा विस्तार गरी सबै किसिमका कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता सहितको संस्थागत अभ्यासका लागि कानुनी आधार तयार पार्ने। | १. सहभागितामूलक स्थानीय आयोजना तर्जुमा, कार्यान्वयन र निगरानी सम्बन्धी कार्यविधि कार्यान्वयनको अवस्था वार्षिक रूपमा समीक्षा गर्ने । | १. विभिन्न प्रकृतिका सार्वजनिक निर्माणका विभिन्न चरणमा हुने नागरिक सहभागिता प्रवर्द्धनका लागि मौजुदा कानुनमा आवश्यक संशोधन र परिमार्जन गर्ने । |

**त.** टीकापुर नगरपालिकामा पूर्वाधार सम्बन्धी सबै कार्यक्रम कार्यान्वन र सुपरिवेक्षणको प्रशासनिक र प्राविधिक जिम्मेवारी सहितको प्राविधिक शाखा रहेको छ । यद्यपि खानेपानी र सरसफाईका पूर्वाधार, सिचाईं, सार्वजनिक भवन आदिका लागि बेग्लाबेग्लै जिम्मवारी सहितका इकाई वा जनशक्तिको व्यवस्थापन भने हुन सकेको छैन । त्यसैगरी स्थानीय जनशक्ति तथा खानेपानी, सरसफाई र स्वच्छता समन्वय समिति लगायत सम्बन्धित संयन्त्रको क्षमता विकासका आर्यक्रम बेला बेलामा सञ्चालन हुने गरेको भएता पनि योजनावद्ध रूपमा आवश्यकता अनुसारका कार्यक्रम तय गरी कार्यान्वयनको अभ्यासलाई नियमित र संस्थागन गर्न सकिएको छैन । वातावरण सरसफाई शाखा, सूचना प्रविधि शाखा तथा सार्वजनिक निर्माण शाखाका कामका बिचमा समन्वय र सामञ्जस्यता ल्याउनमा पनि केही कमी महसुस गरिएको छ । यस पृष्ठभूमिका समग्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको नतिजाका आधारमा यो क्षेत्रको सङ्गठन सरचनामा आवश्यक परिमार्जन गर्ने गरी हालका लागि सङ्गठन संरचना र क्षमता विकासका कार्यलाई निम्नानुसार प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. योजना तथा प्राविधिक शाखामा निर्धारित सङ्गठन संरचना अनुसार रिक्त प्राविधिक पदपूर्ति गरी भवन, यातायात र खानेपानी, सिचाईं तथा सरसफाईका पूर्वाधारजन्य कार्यको प्राविधिक नेतृत्व गर्ने अधिकृतस्तरको फोकल पर्शन तोक्ने । | १. प्राविधिक, जिआइएस र प्रशासकीय कर्मचारी सहितको खानेपानी तथा सरसफाई एकाई गठन गरी खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धनका कार्यलाई एउटै एकाई मार्फत् कार्यान्वयन र सुपरिवेक्षण हुने व्यवस्था गर्ने । | १. खानेपानी, सरसफाई र स्वच्छता शाखा तथा सम्बन्धित एकाईलाई शहरी विकास विभाग (वा महाशाखा) को अंगको रूपमा विकास गर्ने । |
| २. नगरको प्राविधिक शाखामा निर्धारित फोकल पर्शन तथा सरसफाई शाखाको बिचमा प्रशासनिक र समन्वयात्मक सहयोग रहने गरी सङ्गठनात्मक स्वरूपलाई परिभाषित गर्ने । | २. शाखाको न्यूनतम जिम्मेवारी र कार्यसम्पादन सूचक निर्धारण गर्ने । | |
| ३. नगरको प्राविधिक शाखामा निर्धारित फोकल पर्शन तथा सरसफाई शाखाको बिचमा प्रशासनिक र समन्वयात्मक सहयोग रहने गरी सङ्गठनात्मक स्वरूपलाई परिभाषित गर्ने । | ३. खानेपानी तथा सरसफाई एकाईलाई खानेपानी, सरसफाई र स्वच्छता समन्वय समितिको सचिवालयको रूपमा विकास गर्ने ।<br><br>३.१. योजना तथा प्राविधिक शाखा अन्तर्गतका क्षेत्रगत फोकल पर्शन तथा इकाईका प्राविधिक तथा प्रशासनिक कर्मचारीलाई क्षमता विकासको तालिम वा पुनर्ताजगीका कार्यक्रममा सहभागिताको अवसर वार्षिक रूपमा उपलब्ध गराउने । | ३. वडास्तरमा खानेपानी तथा सरसफाई हेर्ने न्यूनतम कर्मचारीको व्यवस्थापन गर्ने र नगरका शाखा र एकाईलाई अनुगमन र सुपरिवेक्षणको भूमिकामा केन्द्रित गर्दै लैजाने । |
| ४. नगर र वडास्तरको खानेपानी, सरसफाई र स्वच्छता समन्वय समितिलाई आधारभूत अनुशिक्षण दिई क्रियाशील गराउने । | | |
| ५. समुदायमा उपलब्ध हुने प्राविधिक सीपको कमी पूर्ति खानेपानी तथा सरसफाई व्यवस्थापन र आयआर्जनका कार्यमा सामञ्जस्यता ल्याउने गरी समुदाय समेटिने गरी प्लम्बर तालिम उपलब्ध गराउने । | ५. वडा र समुदायस्तरमा पानीको नियमित जाँच र शुद्धिकरण गर्नसक्ने गरी उपकरण र जिम्मेवारी निर्धारण गर्ने । | |
| | | ६. सरसफाई केन्द्रका लागि न्यूनतम कर्मचारीको व्यवस्था गर्ने । |

## ५.४. वन, वातावरण र विपद् व्यवस्थापन

यो खण्डमा टीकापुर नगरपालिकाको प्राकृतिक स्रोत, वातावरण, विपद् तथा आपत्कालीन व्यवस्थापन नीति तथा प्राथमिकता समेटिएको छ। वन लगायत स्थानीय प्राकृतिक स्रोतको उपलब्धता र उपयोग एवं सबै किसिमका प्रकोप, विपद् तथा आपत्कालीन प्रतिकार्यमा नगरको भूमिकालाई पनि यो क्षेत्रमा समेट्ने प्रयास गरिएको छ।

## ५.४.१. प्राकृतिक स्रोत र वातावरण

प्राकृतिक स्रोत सम्बन्धी विषय तथा वातावरण संरक्षणका विभिन्न पक्षलाई दुई भागमा विभाजन गरी उद्देश्य तथा नीति प्रस्तुत गरिएको छ।

### क. प्राकृतिक स्रोत

### १. पृष्ठभूमि

सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लामा अवस्थित टीकापुर नगरपालिका स्वच्छ एवं हरियाली नगर हो जुन पूर्वपश्चिम महेन्द्र राजमार्गबाट १४ किलोमिटर र भारतबाट १४ किलोमिटर उत्तरमा रहेको छ। यो नगर पूर्वमा कर्णाली नदी, उत्तरमा जानकी गाउँपालिका, दक्षिणमा भारत र पश्चिममा भजनी नगरपालिकाले घेरिएको छ। यस नगरपालिकाको उत्तरी भागमा हिमालको हावाको प्रभावले साथै उचाई पनि धेरै भएको कारण ज्यादा जाडो हुने र दक्षिणी भाग भित्री मधेससँग जोडिएको र बेसी भाग भएकोले चैत्रदेखि जेठसम्म गर्मी हुन्छ। यहाँ लेकाली, समशितोष्ण र अर्ध-उष्ण हावापानी पाइन्छ। ज्येष्ठको अन्त्यदेखि असोजको शुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ। यहाँको औसत अधिकतम तापक्रम ३८.१ डिग्री सेल्सियसदेखि औसत न्यूनतम ७.७ डिग्री सेल्सियससम्म पुग्न जान्छ।

टीकापुर नगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न नगरपालिकाको हो। यस नगरपालिकामा उष्ण (Tropical) देखि समशितोष्ण (Temperate Climate) मा हुने वन्यजस्तु तथा वनस्पतिहरू पाइएका छन्। यस टीकापुर नगरपालिकामा ११ वटा सामुदायिक वनहरूलाई वन उपभोक्ता समूहमा हस्तान्तरण गरिएको छ। सामुदायिक वनले यस नगरपालिकामा १२१७.६३ हे. क्षेत्रफल ओगटेको छ। जसबाट ७,६५४ घरपरिवार लाभान्वित भएका छन्। यस नगरपालिकामा जडिबुटीको प्रचुर सम्भावना रहेको छ। यहाँ वन क्षेत्रमा पाइने विभिन्न जडिबुटीहरू रहने सम्भावना छ।

टीकापुर नगरपालिका जलश्रोतमा पनि धनी मान्न सकिन्छ। नगरपालिका भएर विभिन्न नदीनालाहरू जस्तैः रानी, जमरा, रानीकुला, अर्बरुवा, भेडे, वनकुला, गमुवा, लोहरो कुला, कर्णाली, पथरैया, गैरी नाला, पथरैया, मोहना इत्यादि नदीहरू बग्ने गरेको छ। नगरमा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुङ्गा, बालुवा आदि प्रशस्त मात्रामा पाइन्छ। नगरमा रहेको सम्भावना पहिल्याएर विभिन्न प्राकृतिक स्रोतको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्र सबल हुने सम्भावना देखिन्छ।

यस नगरपालिका पार्कहरूले पनि सुसज्जित छन्। टीकापुर बृहत् पार्क यस नगरको प्रमुख आकर्षण रहेको छ। साथै नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन २०२९ को संरक्षित जनावर र "दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय ब्यापार महासन्धी (साइटिस)" Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES), 1995 को नेपालमा पाइने जीवमा समावेश भएको लोपोन्मुख प्रजातिको रूपमा रहेको डल्फिन समेत मोहना नदीमा रहेको छ।

प्राकृतिक सम्पदाहरू प्रशस्त रहेता पनि यसको संरक्षणको अभावले गर्दा प्राकृतिक स्रोतहरू नाश हुँदै गइरहेको छ। घेराबारको अभावले वनपैदावर एवं वन्यजन्तुको अवैध चोरी निकासीको समस्या बढ्दै गइरहेको छ। नदीहरू पनि प्रदुषण हुने क्रममा छ। आवश्यक ऐन कानुन एवं मापदण्डका अभावले पूर्वाधार निर्माणका कार्यकलापहरूले गर्दा प्राकृतिक स्रोतहरू मासिँदै गएको छ।

## २. लक्ष्य

वनजंगल, जैविक विविधता तथा जलाधारहरूको दीगो व्यवस्थापन मार्फत् नगरको समृद्धिमा योगदान गर्ने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : वन लगायत प्रकृतिमा आधारित पर्यटनको विकास एवं वस्तु र सेवाको विस्तार र विविधिकरण गर्नु ।**

**नीति क.** वन कार्यालयसगँको सहमति एवं समन्वयमा वनहरूमा काष्ठ तथा गैरकाष्ठ वन पैदावरको उत्पादन वृद्धि हुने गरी नगरमा रहेका वनहरूको व्यवस्थापन योजनाहरूलाई परिमार्जित गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**नीति ख.** खडेरी तथा बाढी प्रभावित भूमि लगायत अन्य भूमि तथा माटोमा आएको ह्रासलाई सुधार गरी पहिलेकै अवस्थामा पुऱ्याउने पहल गरिनेछ ।

**नीति ग.** नगरमा रहेका वनहरूलाई प्रकृतिमा आधारित पर्यटकीय गन्तव्य बनाउँदै पर्यटकहरूको संख्या उल्लेख्य वृद्धि गरिनेछ ।

**नीति घ.** व्यवसायीकरण हुन सक्ने जडिबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको सम्भाव्य अध्ययन गरी पकेट क्षेत्र निर्धारण गरी खेती प्रविधिको विकास र विस्तार एवं जडिबुटी प्रशोधन केन्द्रको स्थापना गरिनेछ ।

**नीति ङ.** गैरकाष्ठ वनपैदावर एवं जडिबुटीमा आधारित मझौला वा ठूलो उद्योगको स्थापना गरी नगरमा गैरकाष्ठ वन पैदावरको स्वदेशी उत्पादन र आपूर्ति बढाई आयातलाई प्रतिस्थापन गरिनेछ ।

**नीति च.** वन क्षेत्रमा सामुदायिक वन लगायत वन व्यवस्थापन पद्धतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई विशेष प्राथमिकतामा राखी संस्थागत गरी यसबाट प्राप्त लाभको न्यायोचित वितरण गरिने छ ।

**उद्देश्य २ : वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको एकीकृत रूपमा संरक्षण र व्यवस्थापन गर्नु ।**

**नीति क.** वन, चरनक्षेत्र, सिमसार र जैविक विविधता संरक्षणलाई समेत सम्बोधन हुने गरी दीगो व्यवस्थापन योजना निर्माण र रैथाने तथा संकटासन्न अवस्थामा रहेका प्रजातिको संरक्षण कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।

**नीति ख.** वन्यजन्तु र तिनको बासस्थान तथा दुर्लभ वनस्पतिको संरक्षण र व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकतामा राखिने छ ।

**नीति ग.** वन नर्सरीहरू स्थापना गरिने छ ।

**नीति घ.** नगरमा रहेका जंगलहरूको दीगो व्यवस्थापनलाई प्रबर्द्धन गरिने साथै वन फँडानी नियन्त्रित गरिने र मासिएका जंगलहरूको पुर्नस्थापना एवं वनक्षेत्र वृद्धि गरिने छ ।

**नीति ङ.** वनमा संलग्न समूह लगायत अन्य नगरबासीको समेत वनजंगल एवं जैविक विविधता संरक्षण सम्बन्धी चेतनास्तर बढाउन उपयुक्त कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ ।

**उद्देश्य ३ : वैकल्पिक/नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्वपूर्ण अंशको रूपमा विकास र उपयोग बढाउनु ।**

**नीति क.** लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जा जस्ता वैकल्पिक ऊर्जाको उपयोग, निकास एवं विस्तार गरिनुका साथै उत्पादित ऊर्जाको उपयोग बढाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

**नीति ख.** सौर्य ऊर्जाको सम्भाव्य अध्ययन गरी स्थलगत तथ्याङ्क संकलन गरी सौर्य ऊर्जा प्रणालीको विकास गरिने छ ।

**नीति ग.** वैकल्पिक ऊर्जाको व्यवस्था गरी ग्रामीण महिला एवं बालबालिकाहरूको स्वास्थ्यमा सुधार गरिनेछ ।

**नीति घ.** कृषि तथा पशुपालन र उद्योगहरूसँग सहकार्यमा सो क्षेत्रबाट उत्पादित जैविक पदार्थ/फोहोरको प्रयोग गरी बायोग्याँस उत्पादन गरिने साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गरिने छ ।

**उद्देश्य ४ : नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्नु ।**

**नीति क.** नदी प्रणालीको विभिन्न तहको समन्वयमा एकीकृत जलाधार व्यवस्थापन नीति तथा योजना तयार गरी कार्यान्वयन गरिने छ ।

**नीति ख.** नदीजन्य पदार्थहरू जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुहरूको उत्खनन, संकलन, प्रशोधन, ओसारपसार र बिक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

**नीति ग.** नदीजन्य पदार्थहरू जस्तैः ढुंगा, गिट्टी, बालुवा उत्खनन प्रक्रियालाई अनिवार्य रूपमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारको परिणाममा गर्नका लागि प्रतिवेदन प्रमाणीकरण प्रक्रियालाई पारदर्शी बनाउने साथै नियमित अनुगमन गरिनेछ ।

**नीति घ.** नेपालको लोपोन्मुख जातिमा पर्ने डल्फिन संरक्षण गरिने साथै सो को प्रचार प्रसारका लागि आवश्यक अभियान चलाइनेछ ।

## ख. वातावरण

### १. पृष्ठभूमि

शहरीकरणको धेरै प्रभाव नभएता पनि बढ्दो जनसंख्या, अव्यवस्थित शहरीकरण, परिवर्तित शहरी जीवनयापन, प्रविधि विकाससँगै उपकरणहरू प्रयोग, पूर्वाधार विकास र वातावरण बिचको असन्तुलन, एकीकृत र योजनावद्ध विकासको अभाव, मापदण्ड एवं नीति निर्देशनको अभाव एवं वातावरण सम्बन्धी जनचेतनाको अभावका कारण टीकापुर नगरपालिकामा पनि दिनानुदिन वातावरणीय प्रदुषण एवं प्राकृतिक सम्पदाहरूको विनाश बढ्दै गइरहेको छ । फोहोरमैलाको समस्या, ढल निकासको समस्या, वायु, ध्वनी प्रदुषण जस्ता समस्याहरू नगरका प्रमुख समस्या बन्दै गइरहेको छ । हार्भेष्टर मेसिनको प्रयोग, थ्रेसरबाट निस्कने धुलो, पुराना सवारी साधन, सडकबाट निस्कने धुलोका कारणले वायु प्रदुषण बढ्दै गइरहेको छ । विवाह जस्ता सामाजिक कार्यमा लाउड स्पिकरको प्रयोग, ट्याक्टर जस्ता सवारी साधनहरूको प्रयोगका कारणले पनि ध्वनि प्रदुषण भइरहेको छ । यसका साथै नगरमा फोहोर व्यवस्थापनका पूर्वाधार नबनेको र संकलन र व्यवस्थापनको अभ्यास नभएकोले होटलबाट निस्कने फोहोरहरू नदीमा मिसाउने समस्या पनि यथावत नै रहेको छ ।

यस सन्दर्भमा प्राकृतिक स्रोतहरूको संरक्षणसँगै वातावरण स्वच्छ हराभरा राख्नु टड्कारो आवश्यक देखिन्छ । साथै प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेका टीकापुर नगरपालिका ऐतिहासिक महत्वको साथै यहाँको प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली प्राकृतिक रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ । तसर्थ जैविक विविधता र प्राकृतिक वातावरण नै पर्यटन विकास एवं औद्योगिक विकासको मेरुदण्ड भएका कारण वातावरणीय स्वच्छता एवं सुन्दरताका लागि सबै पक्ष र सरोकारवालाहरूले समेत ध्यान दिनु आवश्यक छ । दीगो लक्ष्य विकास हाँसिल गर्न वातावरणीय पक्षलाई समेत विशेष ध्यान दिनुपर्ने हुनाले वातावरण व्यवस्थापन गर्न सरकार, विश्वविद्यालय र गैर सरकारी संस्थाहरू लगायत सबै सरोकालवालाहरूको सहयोग आवश्यकता रहेको छ ।

यी सबै विविध पक्षहरूलाई मध्यनजर राख्दै, टीकापुर नगरपालिकाले संविधानले दिएको प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको सुनिश्चिता गर्ने कुरालाई प्राथमिकतामा राख्दै टीकापुर नगरपालिकाको वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनी, जल, जमिन र वायुसँग सम्बन्धित प्रदुषण रोकथाम र नियन्त्रणका साथै हरियाली प्रर्वद्धन गरी वातावरणीय स्वच्छता कायम राख्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी यो क्षेत्रको लक्ष्य, उद्देश्य एवं नीतिहरू तय गरिएको छ ।

## २. लक्ष्य

स्वच्छ र हरित टीकापुर बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : प्रदुषण रहित स्वस्थ जल सम्पदाहरू जगेर्ना गरी दीगो व्यवस्थापन गर्नु ।**

**नीति क.** पानी गुणस्तर र फोहोर पानी बिसर्जनका लागि आवश्यक मापदण्ड, निर्देशिका निर्माण गरिनेछ ।

**नीति ख.** नगरमा रहेका उद्योग एवं अन्य व्यवसायबाट निष्काशन हुने फोहोर पानीहरू जलस्रोतमा मिसाउने कार्यलाई निरुत्साहित बनाउन आवश्यक दण्ड सजाय सहितको निर्देशिकाहरू विकास गरिनेछ ।

**नीति ग.** नगरमा रहेका नदी, खोला, जलाधार, पोखरीहरूको भौगर्भिक सूचना प्रणाली GIS को माध्यमद्वारा नक्साकंन तयार गरिने छ ।

**नीति घ.** जलाधार संरक्षण र सम्बर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरण Water Recharge का विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

**नीति ङ.** जलस्रोत विकास र व्यवस्थापन समग्रमा, व्यवस्थित ढंगले, एकीकृत जलस्रोत व्यवस्थापन integrated water resource management को आधारमा विकास गरिने छ ।

**नीति च.** जलस्रोत विकास र व्यवस्थापनमा आर्थिक दक्षता तथा सामाजिक समानतालाई प्राथमिकता दिइने छ ।

**नीति छ.** जलसम्पदाहरूको दीगो संरक्षणमा समुदायको सहभागितालाई बढावा दिइने तथा संस्थागत क्षमता र समन्वय वृद्धि गरिने । साथै जलस्रोतको संरक्षण र सम्बर्द्धन गर्नका लागि आवश्यक जनचेतनाका कार्यक्रमहरू, तालिम, गोष्ठी, सेमिनारहरू समय समयमा गरिने छ ।

**उद्देश्य २ : ध्वनी, माटो र वायु प्रदुषण तहको स्थानीय मापदण्ड तयार गरी सबै प्रकारका प्रदुषणको रोकथाम र नियन्त्रण गर्नु ।**

**नीति क.** जमिन, ध्वनी, वायु प्रदुषण रोकथाम सम्बन्धी अर्न्तराष्ट्रिय एवं राष्ट्रिय मापदण्ड अनुकुल कार्यविधि एवं निर्देशिकाहरू तयार गरी कार्यान्वयन साथै प्रदुषण पीडितलाई प्रदुषणबाट क्षतिपूर्ति उपलब्धता गराउन पहल गरिनेछ र सो को नियमित अनुगमन पनि गरिनेछ ।

**नीति ख.** बजार, औद्योगिक क्षेत्र र जोखिममा रहेका क्षेत्रहरूको वायु गुणस्तरको एकीकृत नक्सांकन, वायु प्रदुषण क्षमता यकिन र पूर्वानुमान गरी उत्सर्जनका गतिविधिमा नियन्त्रण गरिने छ ।

**नीति ग.** औद्योगिक क्षेत्रहरूमा प्रदुषण नियन्त्रण प्रणाली स्थापना गरिने छ ।

**नीति घ.** उद्योग एवं अन्य व्यवसायहरूबाट निष्काशन हुने प्रदुषणयुक्त धुँवा धुलो पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने छ ।

**नीति ङ.** उद्योगहरू स्थापनाका लागि औद्योगिक क्षेत्रबाट कुनै पनि वातावरणीय प्रदुषण नगरिने प्रतिवेदनका साथ प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरिनेछ ।

**नीति च.** कृषिफर्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गरिने विषादी एवं उक्त स्थानहरूबाट निष्कासन हुने रसायन, ग्याँसहरूको निरुत्साहित गरिने तथा विकल्पको खोजी गरिनेछ ।

**नीति छ.** ध्वनी प्रदुषण हुने गरी कोलाहल मच्चाउनु र अत्यधिक पुराना सवारी साधनहरू चलाउन प्रतिबन्धका साथै यसरी चलाएमा ऐन बमोजिम दण्ड जरिवाना समेतको व्यवस्था गरिनेछ ।

**नीति ज.** विषादी प्रयोग न्यूनीकरणका लागि विषादी परीक्षण प्रयोगशाला निर्माण गरिनेछ र प्राङ्गारिक खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

**नीति झ.** माटो, जमिन, पानी, ध्वनी, वायु प्रदुषण मापन, परीक्षण एवं अध्ययन अनुसन्धानका लागि नगरमा वातावरण प्रयोगशाला निर्माण गरिने छ ।

**नीति ञ.** वातावरणीय प्रदुषण नियन्त्रणका लागि नगरमा स्थानीय लगायत, उद्योग व्यवसायी, कृषक लगायत अन्य सरोकारवालाहरूलाई जनचेतना जगाउने कार्यक्रमहरू गरिने छ ।

**उद्देश्य ३ : नगरमा वर्षातको पानी एवं दिसाजन्य लेदो व्यवस्थापनका लागि एक विस्तृत ढल निकास प्रणाली स्थापना गर्नु ।**

**नीति क.** सेप्टिक ट्यांकी घरघरमा स्थापना गर्न उपयुक्त मापदण्ड बनाई शौचालय निर्माणलाई घर निर्माणको अनुमति प्रक्रियामा अन्तरनिहीत गर्ने ।

**नीति ख.** वर्षातको पानी व्यवस्थापनका लागि बस्तीहरूमा ढल निकास प्रणालीको विस्तार गरिने छ र बस्तीबाट अप्रशोधित ढल खुला निष्काशन गर्ने कार्यलाई निरुत्साहित गरिने छ ।

**नीति ग.** उचित ढल निकासको व्यवस्था नभएका र सेप्टिक ट्यांकी एवं फोहोर पानी निष्काशनको समस्या भएका स्थानहरूको पहिचान गरी ढल पूर्वाधार सहितको शहरी विकास गुरुयोजना तयार गरिने छ ।

**नीति घ.** ढल प्रणालीको नियमित मर्मत तथा सञ्चालन खर्च स्थानीय तह एवं लाभग्राही समूहको लागत सहभागितामा व्यवस्था गरिने छ ।

**उद्देश्य ४ : सबै नगरबासीलाई आधारभूत स्तरको सरसफाई सेवामा पहुँच सहित वातावरणीय स्वच्छता कायम गर्नु ।**

**नीति क.** पानी तथा सरसफाईसँग सम्बन्धित नीति, नियम, मापदण्ड निर्देशिका तर्जुमा तथा समयानुकुल परिमार्जन गरिने छ ।

**नीति ख.** आधारभूत खानेपानी तथा सरसफाईबाट वञ्चित रहेका क्षेत्रमा सरसफाई सेवा पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिई सञ्चालन गरिने छ ।

**नीति ग.** सरसफाई लगायत पानीको भण्डारण तथा शुद्धिकरण सम्बन्धी चेतना अभिवृद्धि एवं तालिमहरू सञ्चालनका लागि राष्ट्रिय, अर्न्तराष्ट्रिय, सामुदायिक एवं अन्य सरोकारवालाहरूसँग समन्वय गरिने छ ।

**नीति घ.** स्थानीयको सरसफाई अभियान, वृक्षारोपण र पोखरी संरक्षण गतिविधिहरूमा सक्रिय सहभागितालाई प्रोत्साहन गरिने छ ।

**नीति ङ.** फोहोर पानी संकलन गर्ने प्रणालीको निर्माण र प्रशोधन केन्द्रको स्थापना गरिने छ ।

**नीति च.** नगरका प्रत्येक वडामा महिला, अपाङ्ग, ज्येष्ठ नागरिक र वातावरणमैत्री शौचालयको व्यवस्था गरिने छ ।

**नीति छ.** नगरमा अस्थायी बस्तीहरूका बासिन्दासँग सहकार्य गर्दै यी बस्तीहरूमा शौचालयको निर्माण एवं सञ्चालन गरिनेछ ।

**नीति ज.** पूर्ण सरसफाईयुक्त नगरको रूपमा विकास गरी पर्यटन व्यवसायलाई टेवा पुऱ्याइने छ ।

**उद्देश्य ५ : फोहोरमैला व्यवस्थापनलाई सहभागितामूलक बनाउनु ।**

**नीति क.** फोहोरमैला व्यवस्थापन सम्बन्धी स्पष्ट नीति, मापदण्ड एवं कार्यविधि, निर्देशनहरू तर्जुमा गरिने छ ।

**नीति ख.** फोहोरमैला संकलनको लागि door to door collection लाई विस्तार गरिने र यसको लागि गुणस्तरीय ढुवानी साधनको व्यवस्था गरिने छ । साथै फोहोरमैला संकलनका लागि नगरले गैर सरकारी संस्थालाई सम्झौता मार्फत् नाफामूलक किसिमले सञ्चालन गरिनेछ ।

**नीति ग.** फोहोर संकलन गर्दा प्रयोगकर्ता शुल्क मार्फत् हरेक घर, व्यवसाय तथा कारखानाहरू, अस्पताल एवं शैक्षिक क्षेत्रबाट संकलन गरिने छ। नगरपालिकाले संकलन गर्ने टोलीलाई फोहोरको दैनिक आयतन अनुसार शुल्क तोक्न सकिने छ। आवासीय क्षेत्रका फोहोरहरू सामान्यतया हप्ताको ३ दिन (दुई दिन कुहिने फोहोर र एक दिन नकुहिने) गरी सकंलन गरिने छ भने फोहोरहरूको आयतन हेरी होटल तथा रेष्टुरेन्टहरूमा भने माग अनुसार सकंलन गरिने दिनहरू बढाउन सकिने छ।

**नीति घ.** अस्पतालजन्य फोहोरहरू बिसर्जन गर्न दिँदा शुरुमै जीवाणुरहित (sterilized) गरेपश्चात मात्र संकलनकर्तालाई दिइने प्रावधान बनाई लागु गरिने छ। यसका लागि नगरमा स्थापित अस्पताल तथा अन्य स्वास्थ्य चौकीहरूमा जीवाणुरहित बनाउने उपकरणहरूको व्यवस्था अनिवार्य हुनुपर्ने व्यवस्था गरिने छ।

**नीति ङ.** फोहोरमैला व्यवस्थापनका कानुनमा पुनचक्रण गर्न सकिने तथा पुनचक्रण गर्न नसकिने वस्तुहरू वर्गीकरण गरिएको हुनु पर्नेछ।

**नीति च.** तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थको पुनःप्रयोगको नीति अवलम्बन गरिने छ।

**नीति छ.** नदीको स्वच्छता कायम राख्न फोहोरमैला नदी एवं अन्य जलस्रोतमा मिसाउने कार्य नियन्त्रण गरिने छ।

**नीति ज.** संकलन भएका फोहोरहरूको लागि आवश्यक स्थानान्तरण स्टेशन transfer station हरू एवं resource recovery center एवं ल्याण्ड फिल साइटको व्यवस्था गरिने छ।

**नीति झ.** ल्याण्ड फिल साइट तथा स्थानान्तरण स्टेशनहरू छनौट गर्दा अर्न्तराष्ट्रिय एवं राष्ट्रिय नीति एवं मापदण्ड अनुरूप निर्माण एवं सञ्चालन गरिने छ।

**नीति ञ.** नगरमा उत्पादित पुनःचक्रिय योग्य फोहोरहरू सदुपयोग गर्ने उद्योगहरू स्थापना गरिने छ।

**नीति ट.** वातावरणमैत्री कार्ययोजना तयार गरी जैविक ऊर्जा, प्राङगारिक मल उत्पादन जस्ता गतिविधिहरू सञ्चालन गरिने छ।

**नीति ठ.** नगर क्षेत्रबाट निष्काशित फोहोरहरूमध्ये अत्यन्त न्यून प्रतिशत मात्र ल्याण्डफिलमा जाने अवधारणालाई आत्मसात गरिने छ।

**नीति ड.** स्थानीय समुदायको सहकार्यमा नगरमा विभिन्न स्थान एवं सडक किनारामा वृक्षारोपण र पुष्पबाटिका निर्माण जस्ता हरियाली प्रवर्द्धन कार्य गरिने छ।

**नीति ढ.** कम प्रयोग, पुनःप्रयोग तथा पुनःचक्रणका जनचेतना कार्यक्रमहरू समुदाय तथा विद्यालयहरूमा पुऱ्याउने तथा 3R' concept अवधारणालाई प्रोत्साहनमूलक कार्यक्रमहरू गर्ने। सो कार्यक्रम मार्फत् फोहोरहरूको कम खपतको आधारलाई प्राथमिकता दिइने छ।

## तालिका १/५.४.१ : आवधिक प्राथमिकता : प्राकृतिक स्रोत तथा वातावरण

| |
|---|
| **क.** नगरमा विशेषत निर्माणको प्रयोजनमा ढुङ्गा, गिट्टी बालुवा जस्ता प्राकृतिक स्रोतहरूको अत्यधिक मात्रामा प्रयोग भइरहेको छ। यसका लागि बालुवा र गिट्टी स्थानीय नदी नालाबाट अव्यवस्थित रूपमा उत्खनन भइरहेको छ। यसरी अव्यवस्थित तरिकाले यस्ता प्राकृतिक पदार्थहरूको उत्खननले वातावरणीय पारिस्थितिक प्रणालीमा ह्रास हुनुका साथै वातावरणीय प्रदुषण बढ्दै गइरहेको छ। तसर्थ, प्राकृतिक श्रोतहरूको समुचित उपयोग र व्यवस्थापन तथा मानव निर्मित संरचनालाई पर्यावरणमैत्री कायम गर्न वातावरण संरक्षण ऐन एवं नियमावली अत्यावश्यक छ। यसरी सरोकारवालाहरूलाई नगरमा भएका स्रोतहरूको दीगो संकलन गर्न प्रेरित गर्दै समय परिवर्तनसँगै नीति नियमहरूको संशोधन आवश्यक भएकोले निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ। |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन एवं नियमावली निर्माण गर्ने । | १. वातावरण संरक्षण ऐन एवं नियमावलीको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. संघ, प्रदेश र स्थानीय तहमा प्राथमिकता प्राप्त आयोजना र वातावरणमा प्रभाव पार्ने अन्य आयोजनाहरू व्यवस्थित गर्न वातावरण व्यवस्थापनको समग्र पक्ष समेट्ने गरी कानुन, मापदण्ड तर्जुमा तथा संशोधन गरी कार्यान्वयनका लागि समन्वय गर्ने । |
| २. नदीजन्य वस्तुहरू जस्तैः ढुंगा, बालुवा, गिट्टीको आँकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुहरूको उत्खनन्, संकलन, प्रशोधन, ओसार पसार र बिक्री वितरणलाई व्यवस्थित एवं प्रभावकारी बनाउन निर्देशिका निर्माण गर्ने । | २. नगरमा रहेका प्राकृतिक स्रोतहरूको उत्खनन सम्बन्धी निर्देशिकामा आवश्यकता र समय अनुसार संशोधन गरी कार्यान्वयन गर्ने । | २. प्राकृतिक स्रोतहरूको उत्खनन सम्बन्धी निर्देशिकाको आवश्यक संशोधन गर्ने । |
| ३. वातावरण विकास संरक्षण कोष (सञ्चालन) कार्यविधि निर्माण गर्ने। | ३. वातावरण व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाई स्वच्छ र स्वस्थ वातावरण सृजना गर्दै प्राकृतिक स्रोतहरूको प्रभावकारी प्रयोगको माध्यमले दीगो लक्ष्य हाँसिल गर्न आवश्यक सहकार्यका साथै कोषको विवेकशील प्रयोग गर्ने । | ३. विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरी नगरको वातावरण संरक्षण कोषको मुलधनको आकार वृद्धि गर्ने । |
| ४. वातावरण संरक्षणका दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक वा सौन्दर्यपरक, पानीको मुहान, दुर्लभ वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र, वनस्पति, ऐतिहासिक एवं साँस्कृतिक महत्वका स्थलहरूलाई राजपत्रमा सूचना प्रकाशित गरी वातावरण संरक्षण क्षेत्र कायम गर्ने । | ४. राजपत्रमा सुचित नगरका वातावरणीय दृष्टिकोणले महत्व भएका स्थलहरूको संरक्षणको संस्थागत प्रवन्ध गर्ने । | ४. वातावरण संरक्षण क्षेत्रहरूको संरक्षण कार्यलाई निरन्तरता दिने । |
| ५. परियोजना प्रस्तावकले वातावरणमैत्री विकास आयोजना निर्माण गर्न तोकिए बमोजिमका क्षेत्रमा परियोजना प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गर्ने । | ५. उत्खनन भइरहेका स्थानहरूमा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार स्रोतहरूको उत्खनन भएको हो वा होइन भनी नियमित अनुगमन गर्ने । | ५. समयानुसार प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याकंन प्रक्रियालाई आवश्यकता अनुसार परिमार्जन गरी कार्यान्व्यन एवं अनुगमनलाई निरन्तरता दिने । |

**ख.** नगरमा रहेका नदीहरूमा प्रदुषणको समस्या भइरहेको छ । होटलबाट निस्कने फोहोर लगायत अस्पतालजन्य फोहोरहरू लगायत नगरका अन्य नदीमा फाल्ने गरेको छ । नगरका साना नदीहरूमा प्रदुषण अझ अधिक बढेको छ । साथै नगरमा जलचर सम्बन्धी कुनै पनि नीति नभएका कारण स्थानीयले नदीमा विषादी हालेर माछा मार्ने र करेन्ट लगाएर पनि माछा मार्ने गरेको छ । तसर्थ जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं त्यस्तो उपयोगबाट हुने वातावरणीय प्रभाव तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने तथा जलस्रोतलाई प्रदुषण मुक्त राख्ने सम्बन्धमा ऐन, नियमावली एवं निर्देशिका निर्माण गर्नु अत्यावश्यक छ । यसका साथै नगरको स्वास्थ्य तथा सरसफाई कार्यविधि, २०७५ मा नदी संरक्षण लगायत अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कुनै पनि विषय नसमेटेकोले सो सम्बन्धी कार्यविधि आवश्यक भएकोले निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जलचर संरक्षण ऐन निर्माण गर्ने । | १. जलस्रोत संरक्षणमा भएका ऐन तथा नीति कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. जल संरक्षणमा आवश्यक कानुन, नीति, नियम, निर्देशिकाहरू पुनरावलोकन, परिमार्जन र संशोधन गर्दै जाने । |
| २. नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि निर्माण गर्ने । | २. नदी तथा सार्वजनिक क्षेत्रका सरसफाई कार्यविधि आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | २. नदी तथा सार्वजनिक क्षेत्रका सरसफाई कार्यविधिको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । |
| ३. स्थानीयहरूमा जलचर सम्बन्धी जानकारीको कमी भएकोले जलचर एवं जलस्रोत सम्बन्धी जनचेतनाका अभियानहरू गर्ने र नदी संरक्षणमा सर्वसाधारण जनताको अग्रसरता बढाउने । | ३. स्थानीयको अग्रसरतामा जलचर एवं जलस्रोत सम्बन्धी जनचेतना जगाउने अभियानहरूलाई निरन्तरता दिने । | ३. जलचर एवं जलस्रोत सम्बन्धी स्थानीय लगायत आसपासका छिमेकी नगरपालिका समेतलाई समेटी जनचेतना जगाउने । |
| ४. नगरको प्रमुख आकर्षणको रूपमा रहेको डल्फिनको संरक्षण एवं प्रजनन केन्द्र स्थापना र यसको प्रचार प्रसारका लागिं कार्ययोजनाहरू निर्माण गर्ने । | ४.नगरमा डल्फिन बचाउ कार्यक्रमसँगै आन्तरिक एवं बाह्य पर्यटक वृद्धिका लागि प्रचारप्रसारका अभियान चलाउने । | ४. डल्फिनलाई नगरको एउटा प्रमुख आकर्षणको रूपमा प्रचार गरी पर्यटन व्यवसायलाई अझ वृद्धि गर्ने । |

**ग.** नगरमा जडिबुटीको प्रचुर सम्भावना रहेको छ । नगरमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरूले वनजंगलको उचित संरक्षण भएता पनि जीवजन्तु एवं वनस्पतिको चोरी शिकार तथा अवैध ओसारपसार भइरहेको छ । चोरी शिकार तथा अवैध ओसारपसार पनि नगरको समस्या बन्दै गरेकोले सो अन्त्य गर्न तत्काल कारबाहीका लागि कानुनको व्यवस्था गर्नुपर्दछ । यी वस्तुहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्बन्धी कुनै पनि नीति नभएकाले सो को स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्नुपर्ने छ । साथै जडिबुटीको उचित संरक्षण, व्यवस्थापन, खेती विकास र प्रशोधन एवं जडिबुटीको संकलन, ओसारपसार तथा निकासीलाई सरल, सहज, व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउँदै रोजगारमय नगर बनाउन आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जडिबुटीहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्बन्धी स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्ने । | १. जडिबुटीहरूको दीगो संकलन गर्नका लागि नगरमा भएका नीति एवं कार्यविधिहरूमा आवश्यकता अनुरूप संशोधन गर्ने । | १. महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिक एवं अनाथ, असहाय समेतलाई लक्षित गर्दै समय परिवर्तनसँगै वातावरण र प्राकृतिक स्रोत दीगो संरक्षणमा भएका आविष्कार प्रविधि विकास एवं नवीनतम सोचलाई आत्मसात गर्दै नीति निर्माण एवं परिमार्जन तथा संशोधन गर्दै प्रभावकारी कार्यान्वयन गर्ने । |
| २. जीवजन्तु एवं वनस्पतिको चोरी शिकारी अन्त्य गर्न आवश्यक ऐनको व्यवस्था गर्ने । | २. वन्यजन्तु चोरी शिकारी न्यूनीकरण गर्न नगरमा रहेका वनजंगलहरूमा घेराबार लगाई संरक्षण गर्ने । | २. जीवजन्तु चोरी शिकारी अन्त्य गर्न बनेको ऐनको आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने । |
| ३. नगरपालिकाको आर्थिक ऐनमा नगरपालिका क्षेत्रभित्र ऊन, जडिबुटी, वनकस र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाखँ, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत कर लगाइने व्यवस्था भएता पनि करको दायरामा स्थानीयलाई ल्याउन नसकेको कारण नगरपालिकाको कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न स्पष्ट ऐन बनाउने । | ३. नगरपालिकाको कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुरूप परिमार्जन गर्ने । | ३. नगरपालिकाको कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुरूप परिमार्जन गर्ने । |
| ४. वन कार्यालयको अनुमतिमा नगरमा पाइने जडिबुटीहरूको अध्ययन तथा अनुसन्धान गर्ने । | ४. नगरमा जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने र जडिबुटीको बजारीकरण गर्ने । | ४. नगरमा रहेका स्थानीय श्रोतहरूको दीगो संकलन गर्ने उद्देश्यका साथ नगरमा स्थानीय, उद्योग वाणिज्य संघ एवं सरोकारवालाहरूसँग सहकार्य गरी थप ठूला तथा मझौला उद्योगहरू स्थापना गरी पूर्ण रोजगारमय नगर निर्माण गर्ने । |
| ५. वन क्षेत्रको उत्पादकत्व वृद्धि र जैविक विविधता संरक्षण गर्न सामुदायिक वन उपभोक्ता समिति सदस्यहरू समेतको क्षमता र सीप विकास तथा प्रचार प्रसार कार्यका लागि रणनीतिहरू बनाउने । | ५. वन एवं जैविक विविधता संरक्षण सम्बन्धी क्षमता र सीप विकास तथा प्रचार प्रसार कार्यक्रमहरूलाई निरन्तरता दिने । | ५. वन एवं जैविक विविधता संरक्षण सम्बन्धी क्षमता र सीप विकास तथा प्रचार प्रसार कार्यक्रमहरूलाई निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ६. रानी, जमरा, कुलारिया सिचाईं कुलो वरिपरी एवं नगरमा हरियाली कायम गर्न वृक्षरोपण तथा हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने। | ६. वृक्षारोपण र हरियाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिने । | |

**घ.** नगरपालिकामा स्वास्थ्य तथा सरसफाई कार्यविधिमा फोहोरमैला व्यवस्थापन सम्बन्धी केही कार्यविधिहरू समावेश भएतापनि फोहोरमैला व्यवस्थापन सम्बन्धी छुट्टै ऐन नबनेको साथै नगरमा कार्यविधि अनुरूप प्रभावकारी रूपमा कार्यान्वयनमा आउन नसकेको अवस्था रहेको छ। होटल व्यवसायहरूबाट निस्कने फोहोरहरू व्यवस्थापनका लागि स्पष्ट ऐनको अभाव एवं फोहोरमैला व्यवस्थापनको निमित्त आवश्यक प्रणालीको विकास नभएको कारण फोहोरहरू जथाभावी बिसर्जन गर्ने समस्या रहेको छ । यसका साथै नगरले बजार क्षेत्रमा मात्र फोहोरहरू सकंलन गर्ने व्यवस्था भएकोले फोहोरको समस्या बढ्दो रहेको छ । तसर्थ फोहोर समस्या समाधानका निमित्त नगरपालिकामा फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन कानुन कार्यविधि बनाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्राविधिक, आर्थिक तथा वातावरणीय रूपमा दीगो फोहोर व्यवस्थापनका लागि समुदायको सक्रिय सहभागिता तथा निजी क्षेत्रसँग साझेदारी (पि.पि.पि. मोडल) लाई आत्मसात गरी फोहोरमैला व्यवस्थापन सम्बन्धमा स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्ने । | १. फोहोरमैला व्यवस्थापन सम्बन्धी भएका नीति एवं कार्यविधिको आवश्यकता अनुसार परिमार्जन गर्ने । | १. फोहोरमैला व्यवस्थापन सम्बन्धी भएका नवीनतम खोजहरूलाई अँगाल्दै फोहोरमैला व्यवस्थापनमा भएका नीतिहरू परिमार्जन एवं संशोधन गर्ने । |
| २. फोहोरमैलाको सही ढंगले व्यवस्थापन गर्न सर्वप्रथम फोहोरको परिमाण, प्रकार र व्यवस्थापन बारे विस्तृत जानकारीको लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी आधारभूत अध्ययन (Baseline Study) गर्ने। | | २. जनसंख्या वृद्धिदरसँगै फोहोर हरूको आधारभूत अध्ययन पुन:सञ्चालन गर्ने । |
| ३. नगरमा रहेको बजार अनुगमन निर्देशिकामा फोहोरमैला व्यवस्थापन एवं वातावरण समावेश नभएका कारण फोहोरमैला व्यवस्थापनलाई समेत दृष्टिगत गरी उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न आवश्यकता अनुरूप संशोधन गर्ने। | ३. बजार अनुगमन निर्देशिकाको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुरूप परिमार्जन गर्ने । | ३. बजार अनुगमन निर्देशिकाको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुरूप परिमार्जन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. घरदैलो फोहोर संकलन प्रक्रियालाई क्रमश : विस्तार गर्दै सबै वडाहरूमा यसको सुविधा पुऱ्याउन आवश्यक प्रबन्ध मिलाउने । | ४. घरदैलो (Door-to-door) फोहोर संकलनका लागि पर्याप्त सवारी साधनहरूको व्यवस्था गरी उक्त सुविधा नगरका प्रत्येक घर एवं फोहोर निष्काशन हुने स्थानहरूमा पुऱ्याउने । | ४. घरदैलो फोहोर संकलन प्रक्रियाले नगरका फोहोर निष्काशन गर्ने उद्योग, कलकारखाना, होटल, अस्पताल, बजार क्षेत्र, विद्यालय लगायत अन्यलाई समेत समेटिने गरी फोहोरमैला संकलनमा विकास भएका नवीनतम उपायहरू अपनाई फोहोरहरू संकलन प्रक्रियालाई अझ सरल सहज बनाउने । |
| ५. फोहोरमैला व्यवस्थापन अन्तर्गत यस नगरपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन कार्यका लागि फोहोर Segregation Block, Composition Block र Storage Block सहितको पूर्वाधार निर्माणको लागि निर्माण कार्य गर्ने। | ५. वैज्ञानिक तवरले व्यवस्थापनका लागि नगरमा resource recovery center निर्माण एवं सञ्चालन गर्ने । | ५. निर्माणाधिन फोहोर, इलेक्ट्रोनिक्स फोहोर, हानीकारक फोहोर, धातु, सिसा प्लाष्टिक लगायत सबै किसिमका फोहोर हरूको व्यवस्थापन नगर आफैले गर्न सक्ने अवस्थामा पुग्ने । |
| ६. पर्यटकीय दृष्टिकोणले एकदमै महत्वपूर्ण भएका कारण नगरका मुख्य मुख्य स्थान, बसपार्क, पैदल मार्गहरूमा डस्टविनहरू व्यवस्था गर्ने । | ६. डस्टबिनहरूको व्यवस्था नगरका प्रत्येक मुख्य स्थानहरूमा राख्ने र आगन्तुक एवं यात्रुहरूले फोहोरहरू उक्त डस्टबिनमा मात्र फाल्ने प्रकृतिको विकास गर्ने । | ६. डस्टबिनहरू राखिएका स्थानहरूको अवलोकन गरी आवश्यक स्थानमा डस्टबिनको संख्यामा वृद्धि गरी सफा नगर निर्माण गर्ने । |
| ७. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय मापदण्डहरूलाई अनुशरण गर्दै ल्याण्ड फिल साइटको लागि सम्भाव्यता अध्ययन गर्ने । | ७. आवश्यकता भएको खण्डमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय मापदण्डहरूलाई अनुशरण गर्दै ल्याण्ड फिल साइटको निर्माण कार्यलाई अगाडि बढाउने । | ७. छनौट गरिएका ल्याण्ड फिल साइटको अवधि खयाल राखी, भविष्यको लागि वैकल्पिक साइटहरू रोजेर अधिकरणमा ल्याउने । |
| ८. फोहोरमैला संकलन गरेबापतको रकम स्थानीय एवं फोहोर निष्काशन गर्ने सबैले तिर्नुपर्ने प्रणालीको विकास गरी फोहोरमैला व्यवस्थापन गर्ने प्रक्रियालाई विस्तार गर्ने । | ८. सेवा शुल्कलाई वैज्ञानिक तथा न्यायोचित बनाउन फोहोरमैला व्यवस्थापनका लागि बिलिङ्ग र राजस्व संकलन प्रणालीहरूको व्यवस्थापन गर्ने । | ८. फोहोरमैला व्यवस्थापन सम्बन्धी राजस्व संकलन प्रक्रियामा सुधार गरी पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गर्ने । |

**ङ.** नगरमा जैविक फोहोर समेत उचित फोहोर व्यवस्थापनका कार्ययोजनाहरूको अभावले स्थानीयले जलाउने गरेका छन् । यसका साथै नगरमा सामुदायिक छाडा पशुचौपायाहरूको समस्या पनि यथावत नै रहेको छ । जसले नगरमा फोहोरहरूको समस्या एवं नगरको सौन्दर्यमा ह्रास ल्याएको छ । तसर्थ जैविक फोहोरहरू व्यवस्थित ढंगले व्यवस्थापन फोहोरको समेत उपयोग गर्नका निमित्त नीति तथा कार्यक्रमहरूको आवश्यकता रहेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. आफुले पालेका वा आफ्नो नियन्त्रणमा रहेको पशुपंक्षी सार्वजनिक स्थलमा छोड्न नहुने उल्लेख गर्दै जरिवाना समेत हुने गरी स्पष्ट नीति निर्माण गर्ने । | १. पशुपालनमा भएका नीतिको आवश्यकता अनुरूप परिमार्जन गर्ने । | १. पशुपालनमा भएका नीतिको आवश्यकता अनुरूप परिमार्जन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरमा हाल रहेका सामुदायिक छाडा पशुचौपायालाई समेत समाधान गर्ने उद्देश्यका साथ एकै स्थानमा राखेर गोबर ग्याँस साथै मलहरू समेत बनाउने कार्ययोजना तयार गर्ने । | २. जैविक फोहोरहरूको व्यवस्थापनका लागि समुदायस्तरमा सामुदायिक कम्पोष्ट मल प्लाण्टहरू राख्ने | २. जैविक फोहोरहरूको व्यवस्थापनका लागि नगरमा ठुलो स्केलको कम्पोष्ट प्लाण्ट राख्ने । |
| ३. पशुपालन एवं अन्य स्रोतहरूबाट नगर क्षेत्रभित्रमा संकलित गोबर र नगर क्षेत्र भित्रबाट उत्पादित सड्ने फोहोरहरूको यथोचित प्रयोग गरी बायोग्याँस (जैविक ऊर्जा) उत्पादन प्रक्रिया अगाडि बढाउने । | ३. फोहोर लगायत गोबरबाट बायोग्याँस निर्माणलाई निरन्तरता दिने । | ३. फोहोरबाट बायोग्याँस निष्काशनका लागि नगरमा ठुलो स्केलको बायोग्याँस प्लाण्ट राख्ने र उक्त ग्याँस घरघरमा वितरण गर्ने प्रणाली समेत व्यवस्था गरी कार्यान्वयन गर्ने । |

**च.** नगरमा प्लाष्टिक समस्या विकराल रूपमा रहेको छ। स्थानीय लगायत औद्योगिक व्यवसायीहरूले प्लाष्टिकहरू जथाभाबी जलाउनाले वातावरण एवं स्वास्थ्यमा प्रतिकुल असर परिरहेको छ। स्थानीयले प्लाष्टिक व्यवस्थापनका लागि उचित समाधानका व्यवस्था नभएकाले प्लाष्टिकहरू यत्रतत्र फाल्ने र बाल्ने गरिएको साथै ऊर्जाको स्रोतको रूपमा पनि प्लाष्टिक बाल्ने प्रवृत्ति रहेको छ । यस्तै नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम दर्ता भई सञ्चालनमा रहेको उद्योगहरूलाई खुला रूपमा फोहोर जलाउन प्रतिबन्ध लगाइएको भएता पनि नगरमा औद्योगिक फोहोरहरू जलाउने गरेका छन् । तसर्थ प्लाष्टिकको वैकल्पिक व्यवस्थापन र निषेधात्मक कार्यक्रम ल्याउन नगरपालिकामा प्लाष्टिक व्यवस्थापन सम्बन्धी कार्ययोजनाहरूको आवश्यकता छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्लाष्टिकको प्रयोग बढ्दै गएको सन्दर्भमा प्लाष्टिकलाई व्यवस्थापन गर्न, तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र पुनःचक्रण विधि एवं प्लाष्टिकजन्य पदार्थको पुनःप्रयोगको नीति अवलम्बन गर्ने । | १. पुनःप्रयोग, पुनःचक्रण, कम प्रयोग (3R' concept) लाई अवलम्बन गर्दै अधिकतम सदुपयोग गरी नगरमा अत्यन्तै थोरै फोहोरहरू मात्र विसर्जन गर्ने प्रणाली तयार गर्ने । | १. पुनःचक्रण गर्न सकिने फोहोरहरूलाई व्यवस्थापन गर्न सो सम्बन्धित उद्योगहरू पहिचान गरी स्थापना गर्ने । |
| २. वातावरणमैत्री झोला प्रयोगलाई प्राथमिकता दिनको निमित्त नगरका महिलाहरूको सक्रिय भूमिकामा वातावरणमैत्री झोला उत्पादन सम्बन्धी आवश्यक परामर्श एवं तालिमहरूको व्यवस्था गर्ने । | २. वातावरणमैत्री झोला निर्माण एवं प्रयोगलाई निरन्तरता दिने । | २. प्लाष्टिकको मात्रा बढेसँगै प्लाष्टिक व्यवस्थापनका नवीनतम उपायहरूलाई अवलम्बन गर्दै जाने । |
| ३. औद्योगिक फोहोरहरू जलाउन प्रतिबन्ध लगाएको बारे उद्योग व्यवसायीहरूलाई समेत जानकारीमा ल्याई सो को दीगो व्यवस्थापनका लागि अनुगमन सहित समुदायमा यसबारे जनचेतना जगाउने । | ३. प्लाष्टिक उत्पादन, प्रयोग एवं विसर्जन प्रक्रियाहरूको नियमित अनुगमन एवं समुदायस्तरमा जनचेतना जगाउने क्रियाकलापहरूको निरन्तरता दिने । | ३. प्लाष्टिक सम्बन्धी सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. फोहोरबाट मोहर भन्ने अवधारणालाई नगरका समुदायमा विकास गराउन फोहोरहरूलाई कच्चा पदार्थको रूपमा उपयोग गरी स्थापना गर्न सकिने उद्योगहरू बारेमा जानकारी एवं प्रशिक्षण एवं यस्ता उद्योगहरू सञ्चालन गर्ने व्यक्ति वा समुदायलाई नगरले प्रोत्साहन गर्ने कार्यक्रमहरू गर्ने । | ४. फोहोरहरूलाई कच्चा पदार्थको रूपमा प्रयोग गरी उद्योगहरू स्थापना गर्ने । | ४. फोहोरहरूलाई सक्दो सदुपयोग गरी पर्यावरणीय उद्योगहरू सञ्चालन गर्ने र भएका उद्योगहरूको नियमित अनुगमन गर्ने । |

**छ.** नगरमा धेरैजसो घरपरिवारले ट्युवेल र हातेपम्पको पानी पिउने गरेको र सो पानी पिउन वा अन्य प्रयोगका लागि पूर्णरूपमा सुरक्षित नहुने सम्भावना बढी रहेको उक्त पानी पिउन योग्य वा अयोग्य जाँच गर्नका लागि नगरमा कुनै पनि किसिमको प्रयोगशाला समेत नभएको अवस्था रहेको छ । तसर्थ दीगो विकास लक्ष्य Sustainable Development Goals Status & Roadmap: २०१६ - २०३० समेतलाई आधार बनाई नगरमा स्वच्छ खानेपानीको आपूर्ति गरी स्वच्छ खानेपानी उपभोग जनसंख्या क्रमश वृद्धि गर्नको निमित्त नगरमा खानेपानी तथा सरसफाई सम्बन्धी नीति निर्देशिका एवं पानी शुद्धिकरण सम्बन्धी निर्देशिकाको आवश्यकता छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. खानेपानी तथा सरसफाई सम्बन्धी नीति निर्देशिका निर्माण गर्ने । | १. नगरमा खानेपानी तथा सरसफाई सम्बन्धी नीतिहरू आवश्यकता अनुरूप परिमार्जन गर्ने । | १. खानेपानी सम्बन्धी नीति निर्देशिकाहरूको समीक्षा गर्ने, संशोधन एवं परिमार्जन गरी पूर्ण स्वच्छ खानेपानी उपभोग नगर निर्माण गर्ने । |
| २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिका निर्माण गर्ने । | २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिकामा आवश्यक परिमार्जन गर्ने । | २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिकामा आवश्यक परिमार्जन गर्ने । |
| ३. दीगो विकास लक्ष्य अनुरूप आमरूपमा जनस्वास्थमा सुधार गर्न जमिनमुनिको पानी एवं नदीको पानीको प्रयोग गर्दा पानीको उपयुक्तताको परीक्षणका लागि आवश्यक प्रयोगशाला एवं दक्ष जनशक्तिको व्यवस्था गर्ने । | ३. सबै प्रकारका पानीको परीक्षण नगरमै गर्न सक्ने अवस्थामा पुऱ्याउन विभिन्न प्रयोगशालाका सामग्री, रसायनहरू एवं उपयुक्त स्थानहरूको व्यवस्था गर्ने । | ३. पानी परीक्षणमा दक्ष जनशक्तिहरू नगरकै स्थानीयलाई तयार गर्ने र सम्पूर्ण सुविधायुक्त प्रयोगशाला निर्माण गर्ने । |
| ४. पानी शुद्धिकरणका विविध उपायहरू सम्बन्धी नगरबासीहरूलाई तालिमहरू दिने एवं सुरक्षित पानी सम्बन्धी व्यापक जनचेतना फैलाउने र पानी शुद्धिकरणका विविध प्रक्रियाहरू नपढेका ग्रामीण महिलाहरू समेतले बुझ्ने गरी चित्रमा प्रस्तुत गरी सूचना बोर्डहरू राख्ने । | ४. पानी शुद्धिकरण सम्बन्धी तालिम, जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने र यी कार्यक्रमहरूमा महिला स्वयंसेविका एवं नगर स्वयंसेवकहरूलाई सम्मिलित गर्ने । | ४. पानी शुद्धिकरण सम्बन्धी तालिम, जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |

**ज.** नगरमा ५५.५४ प्रतिशत घरधुरीले काठ दाउरा, ३७.२१ प्रतिशतले ग्याँस चुलो, ०.०६ प्रतिशतले मट्टितेल, ०.०६ प्रतिशतले विद्युत, ६.७६ प्रतिशत गोबर ग्याँस, ०.३ प्रतिशत गोबर/गुइँठा र ०.०७ प्रतिशतले अन्य स्रोतलाई घरेलु इन्धनको रूपमा प्रयोग गर्ने गरेको छ। स्थानीयहरूले अधिकांश काठ दाउराको प्रयोग गरेबाट एकातर्फ वनजगंल र पयार्वरणमा क्षति पुग्ने र अकातर्फ धुवाँ र दाउरा सकंलन गर्दा लाग्ने समयले क्रमशः स्वास्थ्यमा असर पुऱ्याउनुका साथै समय र बढी खर्च भएको छ।

**नक्सा ५.४.१ : काठ दाउरालाई खाना पकाउने ऊर्जाको प्रमुख स्रोत बनाउने घरधुरी**




| Ward | HHs using Firewood |
|---|---|
| 1 | 3755 |
| 2 | 1296 |
| 3 | 358 |
| 4 | 447 |
| 5 | 825 |
| 6 | 657 |
| 7 | 917 |
| 8 | 877 |
| 9 | 422 |

माथिको नक्सामा देखाइएको छ। जस अनुसार वडा नं. १ बाहेक सबैजसो वडामा काठ दाउरालाई खाना पकाउने ऊर्जाको प्रयोग गर्ने परिवारको संख्या आधाभन्दा बढी रहेको छ।

| | | |
|---|---|---|
| नगरपालिकामा भएका स्रोत र साधनहरूको प्रयोग गरी नवीकरणीय ऊर्जाहरूको खोजी, उत्पादन एवं कार्यान्वयनका लागि नीति निर्देशिकाहरू निर्माण गर्दै नगरबासीमा ऊर्जाको सहज उपलब्धताको सुनिश्चित गर्न आवश्यक छ । त्यसलै सम्भाव्यताका आधारमा ठोस फोहोरमा आधारित ऊर्जा, विद्युत तथा वैकल्पिक ऊर्जा मार्फत् काठ दाउरालाई इन्धनको रूपमा उपयोगको अवस्थामा कमी ल्याउन तल उल्लिखित कार्यक्रमले योगदान गर्नेछ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरमा परिवार तथा समुदायस्तरमा बायोग्याँसको सम्भावना बढी भएका कारण बायोग्याँस प्लाण्ट निर्माण र सञ्चालन सम्बन्धी निर्देशिका निर्माण गर्ने । | १. बायोग्याँस प्लाण्ट निर्माण र सञ्चालन सम्बन्धी निर्देशिकाको आवश्यकता अनुरूप परिमार्जन गर्ने। | १. बायोग्याँस प्लाण्ट निर्माण र सञ्चालन सम्बन्धी निर्देशिकाको आवश्यकता अनुरूप परिमार्जन गर्ने । |
| २. सौर्य ऊर्जाका लागि नगरमा सम्भाव्यता अध्ययन प्रक्रिया अगाडि बढाउने । | २. जलविद्युतमा आधारित ऊर्जा उपयोग र सौर्य ऊर्जा उपयोगका बिचको तुलनात्मक लाभका आधारमा सौर्य ऊर्जाको उपयोग गर्ने र नगरका घरहरूमा सहुलियतमा सौर्य उपकरणहरू जडान गर्ने र सडक बत्तीहरू नगरका मुख्य मुख्य स्थानहरूमा राख्ने । | २. वैकल्पिक ऊर्जाहरू जस्तैः सौर्य ऊर्जा, सुधारिएको चुलो, बायोग्याँस आदि जस्ता वैकल्पिक ऊर्जाको खपत बढाई कार्वन उत्सर्जनमा न्यूनीकरण गर्ने । |
| ३. विद्युत आपूर्तिको कमी पूर्तिका लागि पूर्वाधार निर्माणका लागि समन्वय गर्ने । | ३. जलविद्युत आपूर्ति बढाउन समन्वयात्मक प्रयास गरी दाउराको उपयोगलाई गोठको उपयोगमा सीमित गराउने । | ३. विद्युत आपूर्तिको कमी पूर्तिका लागि नेपाल विद्युत प्राधिकरणका लागि समन्वय गर्दै सबै वडाहरूमा विद्युतको सुविधा पुऱ्याउने । |
| **झ.** २०७५ सालको तथ्याङ्क अनुसार नगरको १०.२६ प्रतिशत घरपरिवारमा उपयुक्त चर्पीको व्यवस्था छैन । अस्थायी बस्तीहरूमा शौचालयको निर्माण एवं सञ्चालन गर्न नसकिएको अवस्था रहेको छ । चर्पीको प्रयोग नै नगर्नु व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यका हिसाबले जोखिम बढी रहन्छ । तसर्थ खुला दिसामुक्त नगर भएसँगै नगरमा अस्थायी बस्तीहरूमा बसोबास गर्ने घरपरिवारमा चर्पीको प्रयोग अत्यन्त न्यून भएकाले उक्त स्थानहरूमा शौचालय निर्माण एवं सञ्चालन गरी सरसफाई र स्वच्छता कायम राख्न आवश्यक छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरमा सेप्टिक ट्यांकीसहितको चर्पीको प्रयोगलाई अनिवार्य गर्न नीति निर्माण गर्ने ।<br>२. अस्थायी बस्तीहरूमा बसोबास गर्ने बासिन्दासँग सहकार्य गर्दै यी बस्तीहरूमा शौचालयको निर्माण एवं सञ्चालन गर्ने । | १. चर्पी प्रयोगमा बनेको नीतिको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुरूप परिमार्जन गर्ने । | १. चर्पी प्रयोगमा बनेको नीतिको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुरूप परिमार्जन गर्ने । |
| ३. महिला बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गमैत्री शौचालयहरू नगरका मुख्य मुख्य स्थानहरू, बजार क्षेत्र, बसपार्कहरूमा निर्माण गर्ने | ३. शौचालयको नियमित अनुगमन गर्ने । | ३. शौचालयहरूको मर्मत सम्भार गर्दै शौचालय प्रयोगको अनुगमन एवं समीक्षा गर्ने । |

| | | |
|---|---|---|
| **ञ.** नगरमा विवाह तथा अन्य सामाजिक कार्यमा मनोरञ्जनको लागि प्रयोग गरिने स्पिकरबाट मानव कानले सुन्न सक्ने ध्वनीभन्दा पनि चर्को आवाजमा गीत संगीत घन्काइने भएकाले ध्वनी प्रदुषणको समस्या रहेको छ। तसर्थ नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप ध्वनी प्रदुषण स्तर प्रत्येक वर्ष जाँच गर्ने र मानव कानले सुन्न सक्ने ध्वनीको मात्राभन्दा धेरै ध्वनी प्रदुषण भएमा दण्ड सजायको समेत व्यवस्था गर्न आवश्यक छ। | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. परम्परादेखि चल्दै आएको विवाह जस्तो सामाजिक कार्यमा स्थानीयलाई मानव कानले सुन्न सक्ने आवाजमा मात्र गीतहरू बजाउन निर्देशन दिनका लागि आवश्यक नीति निर्देशनहरू निर्माण गर्ने । | १. नगरको ध्वनि मापनका लागि ध्वनि मापन यन्त्रको व्यवस्थापनका साथै समय समयमा अत्यधिक ध्वनि निष्काशन हुने स्थानहरू जस्तैः मानव बस्ती, ट्राफिक, कलकारखाना इत्यादिमा मापन गर्ने र राष्ट्रिय मापदण्ड अनुरूप भए नभएको जाँच गर्ने । | १. अत्यधिक ध्वनि निष्काशन हुने स्थानहरूको नियमित अनुगमन गर्ने । |
| **ट.** थ्रेसर, हार्भेष्टर, क्रसर जस्ता मेसिनको प्रयोगले धुलोहरू बढेको छ। साथै नगरका सडकहरूबाट पनि धुवाँ धुलो निस्कने गरेकोले नगरमा वायु प्रदुषण बढेको र नगरमा Particulate matter PM2.5 पनि अत्यधिक मात्रामा रहेको छ। यस्तैगरी कृषिबालीमा प्रयोग गरिने विषादीले पनि वायु प्रदुषण लगायत अन्य वातावरणीय प्रदुषण भइरहेको छ। तसर्थ, वायु प्रदुषण नियन्त्रणका लागि नगरमा निर्देशिकासँगै अनुगमनको आवश्यकता रहेको छ। | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. विषादीजन्य पदार्थ न्यूनीकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिका निर्माण गर्ने । | १. विषादीजन्य पदार्थ न्यूनीकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिकाको आवश्यकता अनुरूप परिमार्जन गर्ने । | १. विषादीजन्य पदार्थ न्यूनीकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिकाको आवश्यकता अनुरूप परिमार्जन गर्ने । |
| २. नगरमा यातायात व्यवसायी संघसँग समन्वय गरी उच्च वायु प्रदुषण गर्ने पुराना सवारी साधनहरू हटाउने सम्बन्धमा नीति निर्माण गर्ने । | २. बजार क्षेत्र, औद्योगिक प्रतिष्ठान र जोखिममा रहेका क्षेत्रमा वायु गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन, वायु गुणस्तरको एकीकृत नक्साकंन, वायु प्रदुषण क्षमता यकिन र पूर्वानुमान गरी उत्सर्जन गतिविधिमा नियन्त्रण गर्ने । | २. एकदमै न्यून वायु प्रदुषण गर्ने र वातावरणमैत्री सवारी साधन जस्तैः विद्युतीय सवारी साधन लगायत अन्य नवीनतम उपायहरूलाई प्रयोगमा लाई सञ्चालन गर्ने । |
| ३. वातावरणीय प्रदुषणलाई मध्यनजर गरी ग्रामीण कच्ची सडकहरूको स्तरोन्नती गर्ने । | ३.गाउँघरका कच्ची सडकहरू कालोपत्रे गर्ने । | ३. वातावरणीय प्रदुषण परीक्षण प्रयोगशालाका लागि आवश्यक दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने । |
| ४. कृषिफर्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गर्ने विषादीको नियमन र नियन्त्रण गर्ने । | ४. नगरमा अर्गानिक खेतीलाई प्रोत्साहन गर्दै अर्गानिक खेतीको प्रभावकारी कार्यान्वयन गर्ने । | ४. विषादीलाई निर्मुल बनाउँदै अर्गानिक खेती गर्न कृषकहरूलाई प्रोत्साहन गर्ने । |
| **ठ.** नगरमा खडेरीको समस्या भइरहेको छ। साथै वन, वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गत नगरमा बजेट छुट्टिने भएकाले वातावरण विषयमा छुट्टिएको रकम एकदमै न्यून भएका कारण वातावरण सम्बन्धी विविध क्रियाकलापहरू प्रभावकारी रूपमा सकिरहेको छैन। वातावरणीय प्रदुषणले नगरको शोभा समेत घट्ने भएकाले वृक्षारोपण एव बगैंचा निर्माणले नगरको सौन्दर्यता लगायत वातावरण सन्तुलन कायम राख्ने भएकाले निम्न कार्यहरूलाई प्राथमिकतामा राखिएको छ। | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा भएका पोखरीहरूको संरक्षण गर्दै ठाउँ ठाउँमा रिचार्ज पोखरीहरू निर्माण गर्ने । | १. रिचार्ज पोखरीहरू निर्माण गर्ने । | १. रिचार्ज पोखरी संरक्षण तथा आवश्यकता अनुरूप निर्माण गर्ने । |
| २. खाली जग्गाहरूमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने । | २.वृक्षारोपण कार्यक्रमहरूलाई निरन्तरता दिने । | २. खाली जग्गाहरूमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने । |
| ३. एक वडा एक बगैंचाको अवधारणाले खुला तथा सार्वजनिक स्थलमा वृक्षारोपण गरी हरियाली कायम गर्ने साथै सडकपेटी किनारामा सुहाउँदो वृक्षारोपण गरी नगरको सौन्दर्यतामा वृद्धि तथा वातावरण सन्तुलनमा योगदान पुऱ्याउने । | ३. एक वडा एक बगैंचा कार्यक्रमलाई निरन्तरता दिँदै बगैँचाको संरक्षण गर्ने । | ३. स्थानीयको संलग्नतामा बगैँचाको संरक्षण गर्ने । |

**ङ.** नगरपालिकामा वातावरण तथा सरसफाई उप-शाखा रहेको छ । नगरमा बढ्दो वातावरणीय प्रदुषण निराकरणका साथै वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्नका साथै जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रबर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन र सरसफाई तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन गर्नका निमित्त नगरमा जिम्मेवारी सहित कर्मचारी व्यवस्थापन भएको छैन । यसका साथै नगरबासीमा वातावरण सम्बन्धी जनचेतनाको पनि कमी छ । तसर्थ मानव संशाधनको व्यवस्थासँगै क्षमता विकासका कार्यक्रमहरू आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वातावरण सम्बन्धी बालबालिका समेतमा चेतना जगाउन विद्यालयको पाठ्यक्रममा कम्तिमा महिनाको एकचोटि वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलाप समेटिने । | १. वातावरण विषय समावेश भएको पाठ्यक्रममा समयानुसार परिमार्जन गर्ने र वातावरण सम्बन्धित अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयमा निरन्तरता दिने । | १. वातावरण विषय समावेश भएको पाठ्यक्रममा समयानुसार परिमार्जन गर्ने र वातावरण सम्बन्धित अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयमा निरन्तरता दिने । |
| २. वातावरण सम्बन्धी विविध गतिविधि सचालनका लागि प्रमुख समन्वयकारी भूमिका निर्वाहका लागि नगरमा वातावरण सम्बन्धी दक्षता हाँसिल गरेका निपूर्ण कर्मचारीहरूको व्यवस्था गर्ने । | २. नगर कार्यपालिकाको आफ्नो राजस्वको क्षमता, खर्चको आवश्यकता, सेवा उपलब्ध गराउनु पर्ने जनसंख्या तथा विकासका मुख्य मुख्य प्राथमिकता अनुरूप सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा विषयगत दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने । | २. वातावरण विषय एकदमै बहुआयामिक विषय भएका कारण यसका विविध पक्षहरूमा समावेशी रूपमा कार्यहरू गर्नका लागि नगरमा फोहोरमैला, खानेपानी तथा सरसफाई, जलस्रोत, ऊर्जा जस्ता विषयहरूका लागि छुट्टाछुट्टै एकाई निर्माण गर्ने । |
| ३. वातावरण, वनजंगल, जैविक विविधता सम्बन्धी विविध जनचेतनाका कार्यक्रमहरू एवं तालिमहरू नियमित सञ्चालन गर्ने। | ३. वातावरण एवं प्राकृतिक स्रोत, जैविक विविधता सम्बन्धी व्यापक जनचेतना फैलाउन विभिन्न क्रियाकलापहरू गर्ने । | ३. नगरबासीहरूमा वातावरण संरक्षण सम्बन्धी चेतनास्तर वृद्धि गर्दै वातावरणमैत्री टीकापुर नगर निर्माण गर्ने । |

### तालिका २/५.४.१ : प्राकृतिक स्रोत र वातावरणको परिमाणात्मक लक्ष्य तथा अपेक्षित उपलब्धी

| विषय | आधार वर्ष २०७६/७७ | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| घरधुरी फोहोरमैला संकलन (door to door waste collection) को पहुँच पुगेको परिवार (%) | १.४१ | ५ | २० | ५५ |
| फोहोरमैला जलाएर व्यवस्थापन गर्ने परिवार (%) | ३८.५१ | ३० | २० | ० |
| फोहोरमैला नदी तथा खोलामा फालेर व्यवस्थापन गर्ने परिवार संख्या (%) | २.२९ | ० | ० | ० |
| फोहोरमैला जथाभावी खुला स्थानमा फालेर, कम्पाउण्ड भित्र, सार्वजनिक स्थलमा फालेर व्यवस्थापन गर्ने परिवार (%) | २९.३९ | २० | ० | ० |
| कम्पोष्टिङ्ग गर्ने परिवार (%) | २८.३१ | ३० | ४५ | ५५ |
| फोहोरमैला कुहिने र नकुहिनेमा छुट्याई फोहोर स्रोतमै वर्गिकरण गर्ने परिवार संख्या (%) | ० | ३० | ६० | १०० |
| स्यानिटरी ल्याण्ड फिल साइट | ० | - | - | १ |
| फोहोर मैला स्थानान्तरण केन्द्र (transfer station) (फोहोर प्रशोधन केन्द्रमा लानु अघि थुपार्ने ठाउँ) | ० | - | - | १ |
| फोहोर प्रशोधन केन्द्र | | १ | १ | २ |
| शौचालयको फोहोर व्यवस्थापनका लागि दिसाजन्य लेदो व्यवस्थापन सेवाको पहुँचमा रहेको परिवार (%) | | | ४० | ९५ |
| सार्वजनिक शौचालय संख्या | ७ | ८ | १० | १२ |
| खाना पकाउनको लागि काठ दाउराको प्रयोग गर्ने परिवारको संख्या (%) | ५५.५४ | १० | ५ | ० |
| खाना पकाउनको लागि एल.पि.जि. ग्याँसको प्रयोग गर्ने परिवारको संख्या (%) | ३७.२१ | ३० | २० | ५ |
| खाना पकाउनको लागि विद्युतको प्रयोग गर्ने परिवारको संख्या (%) | ०.०६ | १० | ३० | ८० |
| गोबर ग्याँस प्रयोग गरेर खाना पकाउने परिवार संख्या (%) | ६.७६ | ७ | १० | १५ |
| नगर मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या (%) | | | | ८० |

## ५.४.२. विपद् तथा आपत्कालीन व्यवस्थापन

### १. पृष्ठभूमि

भरपर्दो र विश्वसनीय विपद् पूर्व तयारी र प्रतिकार्यको प्रणालीको उपलब्धता तथा नागरिकलाई सुरक्षाको प्रत्याभुति दिलाउनु आम नागरिकमा नगरप्रतिको विश्वसनियता हाँसिल गर्ने र विपद् तथा असुरक्षाको कारणले जीवन तथा निजी तथा सार्वजनिक सम्पत्तिको क्षति कम गर्न अपरिहार्य हुन्छ। बाढीको बढी जोखिममा रहेको यस नगरपालिकामा विपद् प्रभावितको तत्काल उद्धार र राहतमा केन्द्रित गतिविधि सञ्चालन गर्ने गरेको भए पनि विपद् पूर्व तयारीका कार्यक्रमलाई अपेक्षित प्राथमिकतामा राख्न सकिएको छैन । विश्वव्यापी समस्यामा रहेको जलवायु परिवर्तन अनुकुलनमा समेत नगरले थप ध्यान दिनुपर्ने अवस्था छ ।

बाढी र डुबानका कारण पटक पटक विपद्को सामना गरेको यस नगरपालिकाले स्रोत सीमितता तथा तत्कालीन आवश्यकताको सम्बोधनका विषयमा नै केन्द्रित हुनुपर्दा नदी किनारको सुरक्षा, बस्ती क्षेत्रको वैकल्पिक निकास, तटबन्धन लगायत विपद् पूर्व तयारीका कार्यमा पर्याप्त ध्यान दिन नसकेको अवस्थाले गर्दा यस क्षेत्रका प्रमुख कार्य बाह्य निर्भरतामा आधारित बन्न पुगेको छ । विगतको अनुभवको आधारमा टीकापुर नगरपालिका भुकम्पबाट तुलनात्मक रूपमा कम प्रभावित देखिए पनि नेपाल उच्च भुकम्पीय जोखिममा रहेकोले टीकापुर पनि जोखिम बाहिर छैन। विश्वव्यापी जलवायु परिवर्तनको प्रभावका कारण पर्नसक्ने सम्भाव्य नकारात्मक प्रभावबाट पनि यो नगर बाहिर छैन । नगरपालिका क्षेत्रमा डुबान, बाढी, आगलागी, हावाहुरी, शीतलहर, खडेरी, महामारी जस्ता प्राकृतिक र मानव सिर्जित प्रकोप यस नगरमा रहेको छ । सडक विस्तार र सवारीको चाँपसँगै सडक दुर्घटनाको जोखिम पनि बढ्दो क्रममा रहेको छ । नगरका सबैजसो वडा बाढी र डुबानको जोखिममा रहेको विगतको अनुभवले देखाउँछ । कर्णाली नदीले निरन्तर गरिरहेको भूमि कटान, यहाँको भू-बनोट र बस्तीको अवस्थाको आधारमा नगरका सबै वडा बाढी र डुबानको उच्च जोखिममा रहेको छ ।

२०७३ को बाढीले सिंगो टीकापुरलाई प्रभावित गर्दा त्यसबेला विस्थापित परिवारको पुर्नस्थापनको कार्य अझै पूरा हुन सकेको छैन। नगरमा विपद् व्यवस्थापन तथा आपत्कालीन व्यवस्थापनका लागि नगरभित्र आपत्कालीन कार्य सञ्चालन केन्द्र निर्माण भएकोमा हाल यो एकाई क्रियाशील छैन तथापि विपद् व्यवस्थापन हेर्ने प्रमुख कर्मचारी तोकिनुका साथै वडास्तरमा प्राथमिक उपचार, खोज उद्धार जस्ता विपद् प्रतिकार्य टोली गठन गरी आधारभूत प्रशिक्षण उपलब्ध गराइएको छ ।

भारतीय सीमाबाट नजिक रहेकोले सिमापार अपराध र सुरक्षा यस नगरमा केही सुरक्षा जोखिम रहेको छ । टीकापुर नगरपालिकाभित्र वडा प्रहरी कार्यालय, प्रहरी विटहरू र सशस्त्र प्रहरी कार्यालय पनि रहेकोले शान्ति सुरक्षाको न्यूनतम प्रत्याभूति रहेको छ। नगरपालिकाले आफ्नो कार्यालय हाताभित्रको सुरक्षाका लागि नगर ६ जना प्रहरी नियुक्त गरी परिचालन पनि गरिरहेको छ। तर नगर प्रहरी सम्बन्धी स्थानीय कानुन निर्माण गरी साँस्कृतिक जमघट, मेला तथा महोत्सव, बजार तथा सवारीको जथाभावी पार्किङ नियन्त्रण आदि नगरको समग्र सुरक्षाका लागि नगर प्रहरी परिचालनको अभ्यास भने गर्न सकिएको छैन ।

संविधान र संघीय कानुनले स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा नगरलाई दिएको अधिकार, विपद्मा काम गर्ने सुरक्षा निकाय लगायत विभिन्न संघसंस्थासँगको सहकार्य आदिलाई अवसरका रूपमा लिएर असीमित आवश्यकताका बिच विपद् व्यवस्थापनका कार्यक्रमलाई नियमित र महत्वपूर्ण कार्यक्रमका रूपमा अघि बढाउने चुनौती नगरलाई छ ।

## २. लक्ष्य

टीकापुरलाई विपद् उत्थानशील र सुरक्षित नगर बनाउने ।

## ३. उद्देश्य तथा नीतिहरू

### उद्देश्य १ : विपद् व्यवस्थापनका नीतिगत र संरचनागत प्रबन्ध सुनिश्चित गर्नु ।

**नीति क.** नगरको विपद् तथा आपत्कालीन व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकुलन कार्ययोजना बनाई विपद् व्यवस्थापन चक्रका सबै चरणलाई योजनावद्ध एवं व्यवस्थित बनाइने छ ।

**नीति ख.** विपद तथा जलवायु उत्थानशील योजनाले निर्देश गरे अनुरूप बाढी, आगलागी तथा स्वास्थ्य महामारी नियन्त्रणका तथा तत्काल प्रतिकार्यका लागि चाहिने खुला स्थान निर्धारण गर्नुका साथै वडा र नगरस्तरमा विपद् व्यवस्थापनका न्यूनतम जनशक्ति, पूर्वाधार एवं उपकरणको व्यवस्थापन गरिने छ ।

**नीति ग.** नगरको विपद् व्यवस्थापन शाखालाई प्रकोप, विपद् तथा जलवायु परिवर्तनका समस्या सम्बन्धी सूचना संकलन, विश्लेषण, पूर्व तयारी र प्रतिकार्यका गतिविधि नियमित रूपमा सञ्चालन गर्न तथा शान्ति सुरक्षा सहित आपत्कालीन गतिविधि व्यवस्थित गर्न दक्ष जनशक्तिसहितको उपयुक्त संस्थागत संचरना निर्माण गरिने छ ।

**नीति घ.** नगरको विपद् प्रतिकार्यका मापदण्ड निर्धारण गरी सोही अनुसार विपद् व्यवस्थापन चक्रका समग्र कार्यक्रमलाई व्यवस्थित गरिने छ ।

**नीति ङ.** स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले निर्दिष्ट गरेका कार्यक्रम कार्यान्वयनका लागि सालवसली रूपमा न्यूनतम स्रोत व्यवस्थापन गरिने छ ।

**नीति च.** विपद् तथा जलवायु उत्थानशील व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा तथा परिमार्जन गरी बृहत् योजनाको अंग बनाउँदै लगिने छ ।

**नीति छ.** पूर्वाधार, उपकरण तथा नीति निर्धारणका लागि संघीय प्रदेश तथा बाह्य सहायता निकायसँग संस्थागत समन्वय गरिने छ ।

### उद्देश्य २ : विपद् पूर्व तयारी तथा अल्पिकरणका कार्यलाई संस्थागत र व्यवस्थित गर्नु ।

**नीति क.** बाढी तथा अन्य प्रकोपका दृष्टिकोणले उच्च र न्यून जोखिम क्षेत्र पहिचान गर्नुका साथै प्रत्येक प्रकारको विपद्का लागि सुरक्षित स्थानहरूको व्यवस्था गरिनेछ ।

**नीति ख.** आपत्कालीन अवस्थामा नागरिकहरूको सुरक्षाका लागि उपयुक्त सुरक्षा प्रबन्धसहितको आश्रय स्थल, खाद्यान्न भण्डार स्थल तथा गैरखाद्य सामग्री एवं उपकरणको पूर्व व्यवस्था गरिने छ ।

**नीति ग.** नगरपालिकाले कुनै पनि विपद् हुनु अघि समयमै स्थानान्तरण गर्न र साथै आपत्कालीन समयमा तत्काल प्रतिकार्य र पुनर्लाभ केन्द्रित सञ्चार योजना निर्माण गरिनेछ ।

**नीति घ.** विपद् प्रभावित परिवार तथा नागरिकलाई आपत्कालीन सेवाबाट वञ्चित हुन नदिन आश्रय स्थलका लागि सुरक्षित मार्ग र यातायात व्यवस्थापनका लागि आपत्कालीन सेवामा संलग्न हुने जिम्मेवार कर्मचारी, सम्बन्धित निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना लगायत) र स्वयंसेवकसहितको आपत्कालीन व्यवस्थापन संयन्त्र तयार गरिनेछ ।

**नीति ङ.** नगरपालिकाले सुरक्षित आपत्कालीन व्यवस्थापन प्रणालीको अभिन्न अंगका रूपमा संकाटासन्न परिवार लक्षित सामुदायिक अनुशिक्षण तथा सचेतनामूलक गतिविधि सञ्चालन गरिने छ ।

**नीति च.** विपद प्रतिकार्यको क्षमताको चुस्तता यकिन गर्न तथा समुदायमा विपद् पूर्व तयारीको सन्देश प्रवाहका लागि अर्धवार्षिक रूपमा कृतिम घटना अभ्यास सञ्चालन गरिने छ ।

**नीति छ.** विपद् तथा आपत्कालीन पूर्वतयारी योजना निर्माण गर्दा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती आदिको सुरक्षाका उपायहरू समावेश गरिनेछ ।

**नीति ज.** विपद् प्रभावितको व्यक्तिगत सुरक्षा बाहेक पूर्व तयारी योजनामा व्यक्तिगत सम्पत्ति तथा खाद्यान्न सुरक्षा एवं घरपालुवा पशुपंक्षी स्थानान्तरण तथा व्यवस्थापनका विषय पनि समावेश गरिने छ ।

**नीति झ.** नगरपालिकाले आपत्कालीन समयमा ठूलो परिमाणमा आपत्कालीन आवश्यकता सम्बोधन गर्न सक्ने गरी स्थानीय स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्ति तथा उपकरण तथा सेवाका लागि आवश्यक व्यवस्था गरिने छ ।

**नीति ञ.** कर्णाली, मोहना, पथरैया नदी तथा रानी, जमरा, कुलरिया सिचाईं आयोजनाबाट सिर्जना हुने सम्भाव्य बाढी तथा डुबान जोखिम कम गर्न दीर्घकालीन बस्ती व्यवस्थापन तथा जोखिम न्यूनीकरण र अल्पिकरणका कार्यलाई दीर्घकालीन मुख्य प्राथमिकताको कार्यक्रमका रूपमा अघि बढाइने छ ।

**नीति ट.** वर्षाको पानी तथा नालाको पानीजन्य डुबान नियन्त्रणका लागि आकासे पानी व्यवस्थापन प्रणाली स्थापना गरी सञ्चालन गरिने छ ।

**नीति ठ.** वडास्तरमा सुरक्षित आश्रय स्थल निर्धारण गरिने छ । सुरक्षित भवन निर्माणको बेग्लै मापदण्ड बनाई लागु गरिने छ ।

**नीति ड.** सुरक्षित भवन निर्माणमा नगरको स्रोत तथा बाह्य स्रोतको अधिकतम उपयोग गरी हरेक वडा तथा डुबान जोखिम बस्ती समेटिएको क्लस्टरमा निश्चित जनसंख्यालाई आश्रय उपलब्ध गराउन सक्ने गरी सुरक्षित भवन निर्माण गरिने छ ।

**उद्देश्य ३ : विपद् उत्थानशील समुदाय निर्माण गर्नु ।**

**नीति क.** आवास निर्माण, पेशा व्यवसाय सञ्चालन तथा परिवार र समुदायबाट हुने सबै विकासमूलक गतिविधिलाई विपद् प्रतिरोधी बनाउनका लागि सचेतनामूलक र प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गरिने छ ।

**नीति ख.** वार्षिक रूपमा प्रकोप तथा जोखिम मूल्याङ्कन र संकटासन्नता तथा क्षमता आँकलनका अभ्यासलाई सामुदायिक सचेतनाको अभिन्न माध्यमका रूपमा सञ्चालन गरिने छ ।

**नीति ग.** विपद् जोखिम व्यवस्थापनका विभिन्न पक्षमा समुदायस्तरीय तालिम तथा अनुशिक्षण सञ्चालन गरिने छ ।

**नीति घ.** वडास्तरीय विपद् व्यवस्थापन कार्यदल गठन गरी उनीहरूलाई लक्षित गरी प्राथमिक उपचार तालिम, खोज तथा उद्धार सम्बन्धी अनुशिक्षण सञ्चालन गरिने छ ।

**नीति ङ.** विपद र प्रकोप सम्बन्धी जनहितका सन्देश प्रवाहमा स्थानीय सञ्चार माध्यमको अधिकतम उपयोग गरिने छ ।

**उद्देश्य ४ : विपद् प्रभावितको सम्मान सुरक्षा, राहत र तत्काल पुनर्लाभ सुनिश्चित गर्नु ।**

**नीति क.** कुनै पनि प्रकारको प्रकोप सिर्जित विपद् प्रतिकार्य गर्दा प्रभावितहरूको सेवा तथा सुरक्षा मापदण्डको पूर्ण कार्यान्वयन गरिने छ ।

**नीति ख.** विपद्को समयमा अपाङ्गता भएका, ज्येष्ठ नागरिक, बालबालिका र गर्भवती र बिरामीहरूको सेवाको लागि विशेष प्रबन्ध गरिने छ ।

**नीति ग.** स्फेयर मापदण्ड (Sphere Standards) लगायत विपद्पश्चातको सेवाका विभिन्न आधार तथा मापदण्डको अधिकतम पालना गरिने छ ।

**नीति घ.** नगरपालिकाले विपद् प्रभावित परिवार तथा नगरबासीका लागि नगरका तर्फबाट उपलब्ध गराइने तत्कालिक राहत तथा अवस्था अनुसार नगद सहयोग उपलब्ध गराउन नगरको विपद् व्यवस्थापन कोषलाई सबल बनाइने छ ।

**नीति ङ.** विपद् प्रतिकार्यका सन्दर्भमा नगर, संघ र प्रदेशस्तरका सम्बन्धित निकायसँग प्रभावकारी समन्वय गरिने छ । क्षति मूल्याङ्कन र संकटासन्नताको आधारमा त्यस्ता सेवा तथा सुविधा उपलब्ध गराइने छ ।

**नीति च.** प्रकोप पीडितहरूलाई सहायता प्रदान गर्न र उनीहरूको बिमा दावी प्राप्तीमा सहजीकरण गर्न तथा स्वयं पुनर्लाभका कार्यक्रमका लागि सहयोग गर्न नगरको निर्धारित शाखा वा इकाईमार्फत् समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।

**नीति छ.** नगरपालिका वा सम्बन्धित घरधुरीकै योगदानमा गर्ने पुनर्लाभका कार्यलाई लागत प्रभावकारी र समयवद्ध बनाउन न्यून लागतमा सीप प्रविधि तथा निर्माण सेवा उपलब्ध गराउने विधि तय गरी लागु गर्नेछ ।

**नीति झ.** विपद् पछिको पुनर्लाभको चरणमा जोखिम अल्पिकरणका संरचना निर्माण तथा बस्ती स्थानान्तरण हुने नयाँ स्थानमा न्यूनतम सेवा र सुविधाका लागि आधारभूत आवश्यकतामा केन्द्रित रहेर स्रोत तथा सहयोग उपलब्ध गराउने छ ।

**उद्देश्य ५ : सुरक्षा चुनौती घटाई नगरलाई सुरक्षित बनाउनु ।**

**नीति क.** संविधान अनुसार नगर प्रहरी सम्बन्धी स्थानीय कानुन तर्जुमा गरी नगर प्रहरी परिचालनलाई संस्थागत र व्यवस्थित गरिने छ ।

**नीति ख.** नगर प्रहरीलाई नगर सुरक्षाका अतिरिक्त आपत्कालीन सेवा व्यवस्थापन विभिन्न कारणले हुने प्रयोजनमा हुने भिडभाड नियन्त्रण, बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन जस्ता कार्यको नियमन तथा साँस्कृतिक जमघट व्यवस्थापन जस्ता कार्यमा समेत परिचालन गरिनेछ ।

**नीति ग.** ट्राफिक प्रहरी तथा जनपद प्रहरीका तथा सशस्त्र प्रहरीको सम्बन्धित तहमा समन्वय गरी नगरको शान्ति सुरक्षा, लागुऔषध नियन्त्रण र सवारी व्यवस्थापन लगायतका कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

**नीति घ.** बस्ती विकास तथा विस्तार, औद्योगिक तथा व्यवसायिक गतिविधि, पर्यटक आवागमन आदिको आधारमा सम्बन्धित निकायसँगको समन्वयमा आवश्यक स्थानमा प्रहरीको स्थानीय इकाई वा विट व्यवस्थापना गरिनेछ ।

**नीति ङ.** नगरबासी, नगरमा आउने पर्यटक तथा विभिन्न प्रयोजनमा आउने आगन्तुकको सुरक्षाका लागि प्रहरीसँगको समन्वयमा सुरक्षा जोखिम विश्लेषण गरी सुरक्षा रणनीति निर्माणमा प्रहरीको स्थानीय इकाईसँग आवश्यक सहयोग र समन्वय गरिनेछ ।

**नीति च.** संघ तथा प्रदेश सरकारको नीति प्रतिकुल नहुने गरी सुरक्षा निकायका स्थानीय इकाईको क्षमता विकास तथा तिनलाई स्रोत साधनयुक्त बनाउन समन्वयकारी र सहयोगी भूमिका निर्वाह गरिने छ ।

**नीति ज.** नयाँ प्रहरी चौकी र प्रहरी स्टेशनहरू निर्माण गर्दा अग्नि नियन्त्रण लगायत अन्य आपत्कालीन सेवा व्यवस्थापनका पक्षहरूको समेत विश्लेषण गरिने छ भने सुरक्षा निकायका भवनलाई सुरक्षित र सुविधायुक्त बनाउन नगरका तर्फबाट आवश्यक सहयोग उपलब्ध गराइने छ ।

**उद्देश्य ६ : आपत्कालीन सेवालाई सुनिश्चित र व्यवस्थित गर्नु ।**

**नीति क.** बाढी लगायत विपद् सूचना प्रणाली स्थापना गर्नुका साथै सुरक्षा निकायसँगको समन्वयमा बाढीजन्य विपद् प्रतिकार्यका लागि नगर र वडास्तरमा खोज तथा उद्धारको विशिष्टिकृत सीपसहितको जनशक्ति पूर्व तयार अवस्थामा राखी समयवद्ध रूपमा परिचालित हुने व्यवस्था गरिने छ ।

**नीति ख.** आगलागी नियन्त्रणका लागि उपलब्ध वारुणयन्त्रको पहुँच विश्लेषण गरी १५ मिनेटभित्र नगरका आगलागी स्थलमा पुगिसक्ने गरी वारुणयन्त्र व्यवस्थापन गरी २४ घण्टा सञ्चालन गरिने छ । वारुणयन्त्रसँगै आगलागी नियन्त्रणको प्राविधिक तालिमयुक्त जनशक्ति परिचालित हुने व्यवस्था मिलाइने छ ।

**नीति ग.** वारुणयन्त्रमा नै आगलागीजन्य स्वास्थ्य सम्बन्धी समस्या कम गर्न प्राथमिक उपचार गर्न सक्ने जनशक्ति तथा स्वास्थ्य उपकरणको व्यवस्था गरिने छ । आगलागी स्थलमा आपत्कालीन स्वास्थ्य सेवाका लागि उपयुक्त सवारी साधानको पूर्व व्यवस्था गरिने छ ।

**नीति घ.** नगरपालिकाले वारुणयन्त्र व्यवस्थापनका लागि आवश्यक सामग्रीहरू जस्तैः पानी, रसायन, बालुवाहरू स्टेशन साइटहरूमा र नगरका सम्भाव्य भएका उपयुक्त स्थानहरूमा सुनिश्चित गरिनेछ ।

**नीति ङ.** आवसीय तथा व्यवसायिक भवन तथा प्रतिष्ठानमा आगलागी जोखिम अल्पिकरण तथा अग्नि नियन्त्रणका लागि अग्नि नियन्त्रक ग्याँस (Fire Extinguisher) राख्न सम्बन्धित पक्षलाई उत्प्रेरित गरिनुका साथै संस्थागत भवनमा पानीको न्यूनतम मौज्दात रहनुपर्ने व्यवस्था गरिने छ ।

**नीति च.** स्वास्थ्यजन्य महामारी नियन्त्रण तथा प्रतिकार्यका लागि नगरस्तरमा द्रुत प्रतिकार्य टोली बनाइनुका साथै अस्पतालमा महामारी नियन्त्रण एकाई गठनमा सहयोगी र समन्वयनकारी भूमिका निर्वाह गरिने छ ।

**नीति छ.** नगरस्तरका स्वास्थ्य संस्थाहरूमा सडक दुर्घटना लगायतका कारणले चोटपटक लाग्ने तथा अंगभंग हुने बिरामीको शीघ्र उपचारका लागि स्थानीय ट्रमा सेवा स्थापना र सञ्चालनका लागि समन्वयकारी भूमिका निर्वाह गरिने छ ।

**तालिका १/५.४.२ : प्राथमिकता : विपद् तथा आपत्कालीन व्यवस्थापन**

**क.** संविधानको अनुसूची ८ मा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा सुचिकृत गरेको छ । त्यसैगरी अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समेत विपद् व्यवस्थापनलाई समेटेको छ । नगरपालिकामा नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ रहेको छ तर विपद् व्यवस्थापन सम्बन्धी ऐन अन्तर्गत निर्माण हुनुपर्ने कार्यविधि नहुनुका साथै स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशील योजना निर्माण नभएको अवस्था रहेको छ । तसर्थ ऐनको प्रावधान अनुसार नगरको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, कार्यविधि, रणनीति र कार्यक्रम तय गरी स्थानीय तहको विपद् तथा आपत्कालीन व्यवस्थापनको संस्थागत नेतृत्व नगरपालिकाले लिने गरी विपद् तथा जलवायु उत्थानशील नगर निर्माण गर्न निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा जलवायु अनुकुलन तथा आपत्कालीन व्यवस्थापन (शान्ति सुरक्षा, आगलागी नियन्त्रण, सडक सुरक्षा, वन्यजन्तु आतंक, स्वास्थ्यजन्य महामारी नियन्त्रण) का विषय समेटी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन अन्तर्गत नियमावली, कार्यविधि तथा निर्देशिका निर्माण गर्ने । | १. विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी कानुनको पुनरावलोकन र संशोधन गर्ने । | १. परिवर्तित सन्दर्भमा विपद् तथा आपत्कालीन व्यवस्थापन र अनुकुलन सम्बन्धी स्थानीय कानुनमा आवश्यक परिमार्जन तथा नयाँ कार्यविधि तथा निर्देशिका निर्माण गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. पूर्वाधार निर्माण सम्बन्धी स्थानीय कानुनमा विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलताको विषय समेट्ने सम्बन्धी प्रावधान समेट्ने । | २. विपद् व्यवस्थापन समावेश भएको पूर्वाधार निर्माण सम्बन्धी स्थानीय कानुनको आवश्यकता अनुरूप परिमार्जन गर्ने । | २. विपद् व्यवस्थापन समावेश भएको पूर्वाधार निर्माण सम्बन्धी स्थानीय कानुनको आवश्यकता अनुरुप परिमार्जन गर्ने । |
| ३. नगर लगायत प्रत्येक वडाको संकटासन्नता तथा क्षमता विश्लेषण गरी नगरस्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा वडास्तरमा सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्ने । | ३. स्थानीय, सामुदायिक एवं विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको वार्षिक रूपमा समीक्षा तथा परिमार्जन गर्ने एवं नयाँ योजनाहरू निर्माण गर्ने । | ३. स्थानीय, सामुदायिक तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणलाई निरन्तरता दिने । |
| ४. नगरको बजार अनुगमन निर्देशिकामा विपद् र आपत्कालीन व्यवस्थापनका विषय समेटिने । | ४. विपद्को समयमा खाद्य व्यवस्थाको माग पूर्तिका साथै खाद्यवस्तुको गुणस्तरीयता कायम गर्न अनुगमन तथा निरीक्षण गर्ने । | ४. अनुगमन तथा निरीक्षणलाई निरन्तरता दिने । |
| ५. जलवायु परिवर्तन अनुकुलन मैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिका तयार गर्ने । | ५. जलवायु परिवर्तन अनुकुलन मैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिकामा आवश्यक परिमार्जन गर्ने । | ५. स्थानीय बजेटलाई जलवायु परिवर्तन अनुकलनमा केन्द्रित बजेट वर्गीकरणको पद्धति विकास गर्ने । |
| ६. दीगो विकासको लक्ष्य १३ अनुसार जलवायु परिवर्तन र यसको प्रभाव रोक्नका लागि तत्काल कदम चाल्नुपर्ने लक्ष्य हाँसिल गर्नका लागि नगरमा आवासीय, यातायात, औद्योगिक क्षेत्रहरूबाट हरित गृह ग्याँसहरू उत्सर्जन न्यूनीकरणका लागि आवश्यक निर्देशिका निर्माण एवं अनुगमन गर्ने। | ६. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरूलाई नगरको योजनाहरूमा समायोजन गर्ने । | ६. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरूलाई आफ्नो योजनाहरूमा समायोजन गर्ने । |

**ख.** संविधानको भाग ४ धारा ५१ 'छ' को प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने कुरा उल्लेख छ । नगरमा बाढी डुबान एउटा प्रमुख विपद्को रूपमा रहेको छ । तसर्थ समाज वा वातावरणलाई क्षति पुर्‍याउन सक्ने सम्भावित घटना वा आपत् स्थितिको विश्लेषण गरी त्यस्ता घटना वा परिस्थितिलाई प्रभावकारी एवं उपयुक्त ढङ्गले सामना गर्न सक्षम हुनको निमित्त विभिन्न योजनाहरू निर्माण एवं प्रभावकारी कार्यान्वयनको आवश्यकता छ ।

विभिन्न नदी प्रणालीबाट जोखिम क्षेत्रमा रहेका बस्तीलाई तलको नक्सामा प्रस्तुत गरिएको छ । जस अनुसार वडा नं. २, ३, ४ र ५ मा नदीबाट ५० मिटरमा रहेका घरको संख्या बढी देखिन्छ भने वडा नं. २ मा वन क्षेत्रका नजिक घरहरू रहेको अवस्था छ । तसर्थ, अत्यन्तै जोखिममा रहेका बस्तीहरूको पहिचान गरी स्थानान्तरण कार्यहरू अगाडि बढाउन सकिन्छ ।

**नक्सा १/५.४.२ : बाढीजन्य जोखिममा रहेका बस्ती**




| | Settlement | HHS |
|---|---|---|
| 1 | Within 50 meters | 490 |
| 2 | Within 100 meters | 1339 |
| 3 | Within 200 meters | 3168 |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रकोप तथा सम्भाव्य विपद् सम्बन्धी सूचना सहितको भौगोलिक सूचना प्रणाली (GIS based) विकास गर्ने । | १. सम्भावित हानी, नोक्सानी एवं क्षति कम गर्न जोखिम क्षेत्रमा रहेका व्यक्ति, समुदाय एवं संघ/संस्थाहरूलाई पूर्व तयारीमा रहन र समयमा नै उपयुक्त ढंगले कार्य गर्न आवश्यक पर्ने पूर्व सूचना चेतावनी प्रणालीको विकास गर्ने । | १. मुख्य नदीहरूमा बाढीको अनुगमन गरी पूर्व सूचना प्रणालीलाई थप प्रभावकारी बनाउँदै लैजाने । |
| २. बाढी तथा डुबानको जोखिममा रहेका स्थानहरू तथा बस्तीहरूको सुरक्षाका लागि संकटासन्न क्षेत्रमा भू-क्षय तथा नदी कटान रोकथामका लागि तटबन्धन कार्यक्रम सञ्चालन गर्ने । | २. बाढी, डुबानबाट बँच्न सुरक्षित भवन निर्माण, कटान रोकथामका लागि तटबन्धन निर्माण, पक्की पर्खाल निर्माण, पक्की नाला निर्माण जस्ता कार्ययोजनाहरूलाई निरन्तरता दिने । प्राकृतिक प्रकोपका हिसाबले जोखिममा रहेका स्थानहरूमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी वातावरणीय सन्तुलन कायम राख्दै हरियाली प्रवर्द्धन गर्ने । | २. साझेदारीमा विपद् तथा जलवायु समानुकुलित विकास योजनाहरू सञ्चालन गर्दै आगामी वर्षहरूमा नगरपालिका आफैले विगतका साझेदारीमा भएका सकारात्मक कार्ययोजनाहरूको अनुशरण गर्दै विपद् व्यवस्थापनका लागि कार्ययोजनाहरू बनाई कार्यान्वयन गर्ने । |
| ३. हरेक वर्षायाम अघि नाला सफाइ अभियान सञ्चालन गर्ने । | ३. नाला सफाई अभियानलाई निरन्तरता दिने । | ३.नाला सफाई कार्यक्रमलाई निरन्तरता दिने । |


**ग.** नगरपालिकामा खोज तथा उद्धार, राहत तथा शीघ्र पुर्नलाभका लागि आवश्यक केही सामग्रीहरू नगरपालिका कार्यालयमा रहेको छ । तर विपद् व्यवस्थापन ऐनमा व्यवस्था गरिए अनुसार राहतको न्यूनतम मापदण्ड तय नगरिएको तथा राहत सामग्रीको न्यूनतम पूर्व व्यवस्था नभएको अवस्था रहेको छ । तसर्थ आपत्कालीन अवस्थामा जन/धनको सुरक्षा तथा सेवा प्रदान गर्न आकस्मिक योजना लगायत विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूको व्यवस्था गरी वडास्तरमा समेत प्रतिकार्य एवं राहतका सामग्री एवं गोदाम घरको व्यवस्थापन गरी सेवा प्रवाह गर्नको निमित्त निम्न बुँदाहरूलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विपद्को समयमा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका एवं ज्येष्ठ नागरिकको सुरक्षा तथा आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा (Sphere Standard) अनुकुलका प्रावधान सहितको स्थानीय कार्यविधि निर्माण गर्ने । | १. अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका एवं ज्येष्ठ नागरिकको सुरक्षा तथा आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलका प्रावधानसहितको स्थानीय कार्यविधिमा आवश्यकता अनुरूप परिमार्जन गर्ने । | १. आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलनका प्रावधानसहितको स्थानीय कार्यविधिमा समयानुसार संशोधन एवं परिमार्जन गर्ने । |

| | | |
|---|---|---|
| २. विपद् प्रभावित समुदायहरूका लागि राहत एवं पुर्नस्थापनाका लागि आवश्यक कार्ययोजना एवं आर्थिक सहयोगका लागि कानुनी व्यवस्था गर्ने । कोभिड-१९ को सन्दर्भमा कोभिड कोषको लागि थप आर्थिक सहयोगको लागि कानुनी व्यवस्था गर्ने एवं यस विपद् प्रभावित समुदायहरूका लागि राहत एवं पुर्नस्थापनाका लागि आवश्यक कार्ययोजना निर्माण गर्ने । | २. विपद् प्रभावित समुदायहरूका लागि राहत एवं पुर्नस्थापनाका लागि बनेका नीतिहरूको आवधिक समीक्षासँगै आवश्यक परिमार्जन गर्ने । | २. विपद् प्रभावित समुदायहरूका लागि राहत एवं पुर्नस्थापनाका लागि बनेका नीतिहरूको आवधिक समीक्षासँगै आवश्यक परिमार्जन गर्ने । |
| ३. विपद् प्रभावितका लागि विपद् प्रतिकार्य कोष सञ्चालन कार्यविधि निर्माण गर्ने । | ३. सरोकारवालासँगको समन्वय बढाई विपद् व्यवस्थापन कोषमा जुट्ने सहयोगको दायरा विस्तार गरी मुलधनको आकार वृद्धि गरी सबै किसिमका विपद् प्रतिकार्य गर्न सक्ने अवस्थामा पुऱ्याउने । | ३.विभिन्न संघ संस्थाहरूसँग समन्वय गरी विपद् प्रतिकार्य कोषको रकम वृद्धि गर्ने । |
| ४. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने । यस्ता योजना बनाउँदा महामारी तथा विपद् जोखिम केन्द्रित स्वास्थ्य विमा कार्यक्रम पनि समेट्ने । | ४ विपद् व्यवस्थापन (पूर्व तयारी, आपत्कालीन प्रतिकार्य र पुनर्लाभ) को वित्तीय रणनीति तयार गरी लागु गर्ने । | ४. समयानुसार विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाहरूमा परिमार्जन गर्दै आवश्यकता अनुरूप नयाँ योजनाहरू निर्माण गर्ने । |
| ५. विपद् प्रतिकार्यका औजारहरू उपयुक्त अवस्थामा राख्नुका साथै क्लस्टरगत रूपमा सामुहिक बसोबासको सामग्री सेटको पूर्व व्यवस्था गर्ने । | ५. विपद् व्यवस्थापनका निमित्त बनाइने गोदाम घरको सञ्चालन एवं व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गरी आवश्यकता हेरी गोदाम घरको व्यवस्था प्रत्येक वडामा गर्ने । | ५. क्लस्टरगत रूपमा रहेका विपद् प्रतिकार्य औजारमा आवश्यक थपघट तथा सामुहिक बसोबासका सामग्रीको अपुग पूर्ति र उपयोगिता कायम गर्ने । |

**घ.** नगरपालिकामा भवन निर्माण संहिता कार्यान्वयनका लागि भवन तथा बस्ती विकास उपशाखा रहेको छ । भवन तथा शहरी विकास उपशाखाको बहु प्राथमिकताका कारण बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२ अनुरूप सबै किसिमका भवनको स्वीकृति तथा निर्माणको अनुगमन प्रक्रियामा स्थलगत रूपमा अध्ययन गरी सुरक्षाका मापदण्ड पूर्ण पालना भएको यकिन गर्नमा जनशक्तिको अपर्याप्तता रहेको छ। तसर्थ मानवीय जीवन सुरक्षा र हित सुनिश्चित गर्नुका साथै नभत्कने खालका सुरक्षित भवन संरचना निर्माणका लागि आवश्यक पर्ने संरचनाको डिजाइन, निर्माण पद्धति, निर्माण सामग्री, मर्मत-सम्भार परिमार्जन, भोगचलन जस्ता पक्षहरूको नियमन तथा नियन्त्रणका निम्ति स्थानीय कानुनको आवश्यकता छ । त्यसैगरी नगरको आवश्यकता अनुसार सुरक्षित निश्चित मापदण्ड सहितको भवनहरू पनि बनाउनु पर्ने हुन्छ ।

**नक्सा २/५.४.२ : सुरक्षित भवन, खुला क्षेत्र तथा प्रतिकार्य आपत्कालीन इकाई**




नगरको वडा नं. ८ र ९ मा रहेका ३ ओटा सुरक्षित भवन तलको नक्सामा प्रस्तुत गरिएको छ। ती भवनको कुल क्षमता करिब ३०० जना रहेकोले टीकापुर नगरपालिकाको जनसंख्याको २ प्रतिशतलाई आधार मान्ने हो भने आगामी २० वर्षका लागि कम्तीमा १० ओटा प्रति भवन २०० व्यक्ति अटाउने थप सुरक्षित भवन निर्माण गर्नुपर्ने आवश्यकता छ। त्यसैगरी २ किलोमिटर आसपास सुरक्षित भवन नभएको क्षेत्रमा सुरक्षित भवन थप्नुपर्ने आवश्यकता पनि छ।

| विपद्का दृष्टिकोणले आपत्कालीन आश्रय स्थलको रूपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुला स्थान, सुरक्षित भवन र पार्कहरूको संख्यामा अपर्याप्तता भएकाले निम्न बुँदाहरू प्राथमिकतामा राखिएका छन् । | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. वडागत रूपमा सुरक्षित स्थान पहिचान गरी नागरिकलाई सुसूचित गर्ने । नगर केन्द्र तथा वडास्तरमा रहेका सुरक्षित भवनको अवस्था विश्लेषण गर्ने । | १. बाल तथा अपाङ्गमैत्री र विपद् प्रतिरोधात्मक बहुउपयोगी शौचालय, खानेपानी, वैकल्पिक ऊर्जाको व्यवस्था भएको प्रत्येक नगरबासीको पहुँचमा पुग्ने गरी नगरमा सुविधायुक्त सुरक्षित भवनहरू निर्माण गरी समुदायको जानकारीमा ल्याउने । | १. जोखिमयुक्त बस्ती स्थानान्तरण गरी भू- उपयोग योजना बमोजिम सुरक्षित एकीकृत बस्ती निर्माण गर्ने ।<br>२. आवश्यकता हेरी भवन तथा पूर्वाधार निर्माणमा दक्ष प्राविधिकहरू थप गर्ने । |
| २. भूकम्पीय सुरक्षा बाहेक सुरक्षित निर्माणको बहु आयामलाई समेटेर भवन तथा पूर्वाधार निर्माणमा प्राविधिक सहायता गर्न सक्ने गरी प्राविधिक शाखाको क्षमता विकास गर्ने । | २. आवश्यकता हेरी भवन तथा पूर्वाधार निर्माणमा प्राविधिकहरू थप गर्ने र उक्त शाखाका कर्मचारीहरूका लागि अनुशिक्षण उपलब्धतालाई निरन्तरता दिने । | |
| ३. पूर्वाधार र सेवा व्यवस्थापन शाखाका कर्मचारीका लागि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने । | ३. आवश्यकता हेरी भवन तथा पूर्वाधार निर्माणमा प्राविधिकहरू थप गर्ने र उक्त शाखाका कर्मचारीहरूका लागि अनुशिक्षण उपलब्धतालाई निरन्तरता दिने । | ३. विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने । |
| ४. विपद् परेको समयमा प्रयोग गर्नका लागि खुला स्थान तथा चौरहरूको पहिचान र नक्सांकन गर्ने । | ४. खुला स्थानहरूको संरक्षणमा स्थानीयलाई प्राथमिकता दिँदै सरसफाई लगायत संरक्षणका कार्यक्रमहरू गर्ने । | ४. सुरक्षित आश्रय स्थलको व्यवस्थापन तथा उपयोगिता कायम राख्ने वा बढाउने । |
| ५. मौसम पूर्वानुमानको लागि मौसमी पात्रो सहितको सूचना बोर्ड आवश्यक स्थानमा राख्ने । | | |

**ङ.** नगरमा ६ जना नगर प्रहरी रहेका छन् । नगर प्रहरीलाई आपत्कालीन समयमा साथै हाट तथा अन्य प्रयोजनमा हुने भिडभाड नियन्त्रण, बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन जस्ता कार्यको नियमन तथा साँस्कृतिक जमघट व्यवस्थापन जस्ता कार्यमा परिचालन गर्नका निमित्त नगर प्रहरी व्यवस्थापन सम्बन्धी नीति निर्देशिकाको आवश्यकता छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगर प्रहरी गठन र सञ्चालन सम्बन्धी ऐन र नियमावली निर्माण गर्ने । | १. नगर प्रहरी सञ्चालन सम्बन्धी बनेका नीतिहरूको आवधिक समीक्षा गरी आवश्यकता अनुरूप परिमार्जन गर्ने । | १. नगर प्रहरी सञ्चालन सम्बन्धी बनेका नीतिहरूको आवधिक समीक्षा गरी आवश्यकता अनुरूप संशोधन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. विपद् प्रतिकार्य तथा आपत्कालीन सेवा प्रवाहमा आवश्यकता अनुसार नगर प्रहरी परिचालनको अभ्यास शुरु गर्ने । विश्वव्यापी महामारी कोभिड-१९ बाट नगरबासीलाई जोगाउन नेपाल प्रहरीसँग सहकार्य गरी नगर प्रहरीलाई आवश्यकता अनुरूप विपद प्रतिकार्य तथा आपत्कालीन सेवा प्रवाहमा परिचालन गर्ने । | २. विपद् प्रतिकार्य र आपत्कालीन सेवामा नगर प्रहरीलाई परिचालन गर्ने । | २. नगर प्रहरीको थप व्यवस्थासँगै विपद् प्रतिकार्य र आपत्कालीन सेवामा नगर प्रहरीलाई परिचालन गर्ने । |
| ३. समुदाय स्वयं तथा नगर प्रहरी र अन्य सुरक्षा संयन्त्र (प्रहरी, सेना आदि) को सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू लगायत सम्पदा क्षेत्र संरक्षण गर्ने । | ३. नगर प्रहरी, अन्य सुरक्षा संयन्त्र र स्थानीय (प्रहरी, वन विभाग, आदि) को सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू संरक्षण गर्ने । | ३. नगर प्रहरीको सेवाको निरन्तरता र विस्तार गर्दै जाने । |
| ४. विपद्को समयमा गरिने खोज तथा उद्धार, पुनःस्थापना एवं व्यवस्थापन कार्यलाई सहज तथा प्रभावकारी बनाउनका लागि प्रहरी र नगर प्रहरी एवं नागरिक बिचमा पारस्परिक सम्बन्ध कायम गरी सम्बन्धित निकायसँगको समन्वयमा नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाईलाई स्थानीय शान्ति सुरक्षाको चुनौती सामना गर्न सघाउने गरी क्षमता विकासका सैद्धान्तिक कक्षा सञ्चालन गर्ने । | ४. नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाईलाई स्थानीय शान्ति सुरक्षाको चुनौती सामना गर्न सघाउने गरी क्षमता विकासका कार्यक्रमहरू आयोजना गर्ने । | ४. नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाईको क्षमता विकासका कार्यक्रमहरूलाई निरन्तरता दिने । |

**च.** नगरमा सडक दुर्घटना पनि प्रमुख समस्याको रूपमा रहेको छ । सामुदायिक छाडा गाईवस्तुहरूले गर्दा पनि नगरमा दुर्घटना हुने क्रम बढ्दो रहेकोले सडक सुरक्षाको दुष्टिकोणबाट दुर्घटनाको सम्भाव्यतालाई मध्यनजर गर्दै सडक सुरक्षा कायम गर्न विभिन्न नीतिका साथै सडक स्तरोन्नति आवश्यक भएकाले निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. घरपालुवा पशुहरू सार्वजनिक स्थलमा जथाभावी छोड्न रोक लगाउनको निमित्त स्पष्ट नीति एवं निर्देशिका निर्माण गर्ने । | १. पशुपालन सम्बन्धी बनाएको नीतिको आवश्यकता अनुरूप परिमार्जन गर्ने । | १. पशुपालन सम्बन्धी बनाएको नीतिको आवश्यकता अनुरूप परिमार्जन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. सडक दुर्घटना लगायत दुर्घटनाका विरामीको तत्काल स्वास्थ्य सेवा तथा प्रेषणका लागि टीकापुर अस्पतालमा स्थानीय ट्रमा सेवा व्यवस्थित गर्ने । | २. टीकापुर अस्पतालमा स्थानीय ट्रमाबाट सेवा दिने वातावरण निर्माण गर्ने । | २. उपचार सेवालाई निरन्तरता दिने । |
| ३. सडक दुर्घटना एवं अन्य सामाजिक अपराधका गतिविधि न्यूनीकरण गर्न राजमार्ग क्षेत्र र सघन बस्ती एवं अन्य स्थानहरूमा सी.सी. क्यामेराको व्यवस्था गर्ने । समुदाय र निजी क्षेत्रसँगको सहकार्यमा वडा नं. १ तथा बाह्य व्यवसायिक केन्द्र आसपासका सडक क्षेत्रमा सडक बत्तीको व्यवस्थापन गर्ने । | ३. सडक बत्ती एवं सी.सी. क्यामेराको व्यवस्था नगरका प्रत्येक स्थानमा पुऱ्याउने । | ३. सी.सी. क्यामेराको जगेर्नासँगै आवश्यकता अनुरूप नगरका प्रत्येक स्थानमा जडान गर्ने । |
| ४. सडक दुर्घटनालाई मध्यनजर गरी आवश्यक स्थानमा सडक चिन्हहरू, सिग्नलहरू, जेब्राक्रस एवं ट्राफिक प्रहरीहरूको व्यवस्था गर्ने । | ४. सबै घरमा आपत्कालीन सेवा सुनिश्चित हुने गरी सडक पूर्वाधार विकास गर्ने । सडक दुर्घटना नियन्त्रणका लागि जोखिमयुक्त स्थानहरूमा सडक सुरक्षाको संरचना बनाउने । | ४. आवश्यकता हेरी नगरमा रहेका स्थानमा ट्राफिक चिन्ह, ट्राफिक लाइटहरूको मर्मत सम्भार गर्ने तथा आवश्यक स्थानमा ट्राफिक चिन्ह, ट्राफिक लाइट एवं ट्राफिकहरूको व्यवस्था गर्ने । |
| ५. सडक दुर्घटना हुने क्षेत्रहरूको पहिचान गरी न्यूनीकरणका लागि ट्राफिक सचेतना कार्यक्रमका गर्ने । निर्माण सामग्री जथाभाबी सडकमा राख्नाले पनि दुर्घटना हुन सक्ने सम्भावना भएका कारण आवश्यक नियमन गरी व्यक्ति स्वयंले आफ्ना सामग्री व्यवस्थापन गर्नुपर्ने प्रवन्ध मिलाउने । | ५. सडक दुर्घटना न्यूनीकरणका लागि सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । | ५. सडक दुर्घटना न्यूनीकरणका लागि सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |
| ६. सम्बन्धित निकायसँगको समन्वयमा समुदायस्तरमा प्रहरी बिटहरूको व्यवस्थापन गर्ने । | ६. आवश्यकता अनुरूप ट्राफिक विट एवं ट्राफिक प्रहरीहरूको थप व्यवस्था गर्ने । | ६. शहरीकरण बढेसँगै ट्राफिक विट एवं ट्राफिक प्रहरीहरूको थप व्यवस्था गर्ने । |
| **छ.** आपत्कालीन अवस्थाका लागि नगरमा एम्बुलेन्स एवं वारुणयन्त्रहरू एवं यी साधनहरू सञ्चालन गर्ने पर्याप्त कर्मचारीहरूको व्यवस्था नभएको अवस्था रहेको छ । यसका साथै नगरमा आगलागी जस्ता विपद्को लागि कुनै पनि नीति निर्देशिकाका साथै कार्यान्वयनका प्रावधानहरू नभएका कारण निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वारुण यन्त्र सञ्चालन तथा फायरम्यान परिचालन एवं एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गर्ने । | १. वारुणयन्त्र सञ्चालन, शव वाहन, ऐम्बुलेन्स तथा फायरम्यान परिचालन कार्यविधिको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. वारुणयन्त्र सञ्चालन, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन कार्यविधिको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । |
| २. व्यवसायिक, संस्थागत तथा सामुदायिक भवन, विद्यालय, सरकारी भवन, कलकारखाना जस्ता मानिसको बढी जमघट हुने संचरनामा अग्नि नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य रूपमा राख्ने सम्बन्धी निर्देशिका निर्माण गर्ने । | २. अग्नि नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य राख्ने सम्बन्धमा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने । | २. अग्नि नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य राख्ने सम्बन्धमा निर्देशिकाको आवधिक समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने । |
| ३. आगलागी नियन्त्रण गर्न प्रत्येक वडाको पहुँचमा पुग्ने गरी स्थान पहिचान गरी पानी संकलन विन्दु निर्धारण र पूर्वाधार व्यवस्थापन गर्ने । | ३. सबै वडाको पहुँचमा पुग्ने गरी स्थान पहिचान गरी पानी संकलन विन्दु एवं पूर्वाधार व्यवस्थापनलाई निरन्तरता दिने । | ३. सबै वडाको पहुँचमा पुग्ने गरी स्थान पहिचान गरी पानी संकलन विन्दु एवं पूर्वाधार व्यवस्थापनलाई निरन्तरता दिने । |
| ४. एम्बुलेन्स, दमकल समयमा पुऱ्याउनको निमित्त सडक स्तरोन्नति गर्ने । | ४. सबै किसिमका आपत्कालीन सेवा कम्तीमा टोलस्तरमा पुग्ने गरी वडास्तरका सडकलाई ग्राभेल गरिसक्ने र क्लस्टरस्तरमा एम्बुलेन्स रहने गरी स्थानीय र बाह्य संघ संस्था तथा निजी क्षेत्रसँग सहकार्य गर्ने । | |
| ५. वारुणयन्त्र तथा एम्बुलेन्सको सेवा सबैतिर समयमा पुऱ्याउनका लागि भौतिक पूर्वाधार, जनशक्ति तथा सम्बन्धित उपकरणको व्यवस्थापन गर्ने । | ५. नगर अस्पताल मार्फत् 'ख' वर्गको (स्वास्थ्य सहायक सहितको) एम्बुलेन्स सेवा सञ्चालन गर्ने । | ५. 'ख' वर्गको एम्बुलेन्स सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी कम्तीमा ३ ओटा एम्बुलेन्स नगर अस्पताल वा क्लस्टरस्तरबाट सञ्चालन गरी हालको एम्बुलेन्स सेवालाई विस्थापित गर्ने । |
| ६. बढी जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवती) लाई आपत्कालीन स्वास्थ्य सेवा पुऱ्याउन सहयोग गर्न एम्बुलेन्स सेवा निःशुल्क गराउन पहल गर्ने । | ६. बढी जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवती) लाई आपत्कालीन स्वास्थ्य सेवा पुऱ्याउन सहयोग गर्न एम्बुलेन्स सेवा निःशुल्क गराउन नगरपालिकाबाट लागत व्यहोर्ने व्यवस्था मिलाउने । | ६. एम्बुलेन्स लगायतका आपत्कालीन सेवामा जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवती) को निःशुल्क पहुँच सुनिश्चित गर्ने । |

**ज.** टीकापुर नगरपालिकामा जाडोयाममा शीतलहरले अत्यधिक प्रभाव पार्ने गरेको छ । चिसोको कारणले जनजीवन कष्टकर बन्ने भएका कारण शीतलहरले हुने ठुलो प्रकोप न्यूनीकरणका निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. शीतलहर तथा चिसोबाट जोगाउन तथा पूर्व तयारीहरू गरी तातो हुने अवस्था सृजनाका लागि आवश्यक भएका व्यक्तिहरूलाई राहत वितरण गर्ने कार्यविधि निर्माण गर्ने । | १. शीतलहर तथा चिसोबाट प्रभावित पीडितहरूको पहिचान गरी ती मध्ये विपन्न वर्गका लागि कम्बल लगायत अन्य राहत तथा पूर्व तयारी स्वरूप उपलब्ध गराउन विभिन्न संघ संस्थाहरू समन्वय गर्ने । | १. प्राकृतिक विपत्ति तथा विपद्मा परेकाको हकमा सही पीडितको छानवीन गरी कार्यविधि अनुरूप आर्थिक सहायता दिने प्रावधानलाई निरन्तरता दिने । |
| २. जाडोयाम शुरु हुनु अघि शितलहरबाट बच्ने उपाय सम्बन्धी सचेतनामूलक सन्देश पर्याप्त रूपमा प्रवाह गर्ने । | २. जाडो मौसममा शीतलहर सम्बन्धी जानकारीमूलक सूचनाहरू सञ्चार मार्फत् निरन्तरता दिने । | २. जाडो मौसममा शीतलहर सम्बन्धी जानकारीमूलक सूचनाहरू सञ्चार मार्फत् निरन्तरता दिने । |

**ज.१.** विश्व किटजन्य महामारीको एकपछि अर्को समस्याबाट गुज्रिरहेको छ । नेपाल र टीकापुर नगरपालिका पनि यसबाट अछुतो छैन । महामारीको संक्रमणले ठुलो संख्यामा तीव्र रूपमा क्षति गर्न सक्दछ । तसर्थ नगरमा महामारी फैलन नदिन र नगरबासीलाई महामारी सम्बन्धी सचेतीकरण गर्न निम्न प्राथमिकता तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकाको स्वास्थ्य तथा सरसफाई कार्यविधिमा महामारी नियन्त्रणको विषय समेटी संशोधन गर्ने । जसमा पशुपंक्षीहरूबाट सर्ने रोगहरूलाई मध्यनजर गरी कुखुरा, बंगुरलाई नियमित चेकजाँच गराउने, पशुपन्छी बस्तीभन्दा टाढा पालन गर्ने, क्वारेन्टाइनको व्यवस्था गर्ने जस्ता विषयहरू समेटिने । | १. स्वास्थ्य तथा सरसफाई कार्यविधिको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुरूप समीक्षा गर्ने । | १. स्वास्थ्य तथा सरसफाई कार्यविधिको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुरूप समीक्षा गर्ने । |
| २. महामारी फैलन नदिन र स्वास्थ्य सेवा प्रवाह गर्न सतर्कता अपनाउँदै जनशक्ति, औषधी/औजारको पूर्व भण्डारण लगायत आवश्यक तयारी अवस्थामा राख्ने सम्बन्धी कार्यविधि निर्माण गर्ने । | २. जनशक्ति, औषधी/औजारको पूर्व भण्डारण लगायत आवश्यक तयारी अवस्थामा रहन बनेको कार्यविधिको समीक्षा गर्ने र आवश्यकता अनुरूप परिमार्जन गर्ने । | २. जनशक्ति, औषधी/औजारको पूर्व भण्डारण लगायत आवश्यक तयारी अवस्थामा रहन बनेको कार्यविधिको समीक्षा गर्ने र आवश्यकता अनुरूप परिमार्जन एवं नयाँ कार्यविधि निर्माण गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. कोभिड-१९ लाई समेत मध्यनजर गरी अस्पताल एवं स्वास्थ्य चौकीहरूमा आपत्कालीन प्रतिकार्य योजनाहरू निर्माण गर्ने । | ३. विपद्लाई मध्यनजर गरी नगरमा भएका स्वास्थ्य चौकीहरूमा आपत्कालीन सेवा प्रदान गर्ने व्यवस्थासहित स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्ने । | ३. महामारी फैलँदा समेत नगर सुरक्षित हुन सक्ने अवस्थामा पुग्न पूर्वाधार, जनशक्ति, साधन स्रोतहरूको पूर्व व्यवस्था गर्ने । |
| ४. कोभिड-१९ लगायत अन्य महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने । | ४. महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने | ४. महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने । |
| ५. कोभिड-१९ महामारीलाई मध्यनजर गर्दै नगरमा क्वारेन्टाइन एवं आइसोलेसनको व्यवस्था गर्ने । | ५. क्वारेन्टाइनमा आवश्यकता अनुरूपको स्वास्थ्य उपकरण लगायत अन्य अत्यावश्यक वस्तुहरूको व्यवस्था गर्ने र सरसफाई कायम राख्ने । | ५. क्वारेन्टाइनको नियमित अनुगमन गर्ने । |

**झ.** बेरोजगारी एवं अन्य विविध कारणहरूले गर्दा युवाहरूमा लागुपदार्थ दुर्व्यसनी बढ्दो रहेको छ। तसर्थ, रोजगारको व्यवस्था सँगै मदिरा सेवन एवं लागुपदार्थ दुर्व्यसनीमुक्त नगर निर्माण गर्नका लागि निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. मदिराको व्यवस्थित बिक्री वितरण सम्बन्धी स्थानीय कार्यविधि बनाउने । | १. मदिरा बिक्री वितरण सम्बन्धी बनेका कार्यविधिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने । | १. मदिरा बिक्री वितरण सम्बन्धी बनेका कार्यविधिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने । |
| २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी विविध जनचेतनाका कार्यक्रमहरू विद्यालयहरू लगायत प्रत्येक वडाहरूमा सञ्चालन गर्ने । | २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । | २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |
| ३. युवाहरूलाई बढीभन्दा बढी सामाजिक कार्यहरूमा संलग्न गराउनका लागि आवश्यक रणनीतिहरू निर्माण गर्ने । | ३. लागुपदार्थ दुर्व्यसनीमा लागेका व्यक्तिहरू लक्षित गर्दै नगरमा विभिन्न रोजगारको व्यवस्था गर्ने । | ३. युवाहरूलाई स्वरोजगार बनाई लागुपदार्थ दुर्व्यसनी मुक्त नगर निर्माण गर्ने । |

**ञ.** जलवायु परिवर्तन भएसँगै जमिन सुख्खा हुने समस्या पनि नगरबासीले भोग्दै आएका छन् जसले कृषि उत्पादनमा ह्रास ल्याउने सम्भावना बढी रहेको छ । तसर्थ, खडेरी समस्यालाई निराकरण गर्नका निमित्त निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जमिन सुख्खा हुने जस्ता समस्या भइरहेको सन्दर्भमा नगरमा भएका पोखरीहरूको संरक्षण गर्दै ठाउँ ठाउँमा रिचार्ज पोखरीहरू निर्माण गर्ने । | १. नगरमा भएका पोखरीहरूको संरक्षण गरी आवश्यकता हेरी Plastic Pond हरू निर्माण गर्ने । | १. रिचार्ज पोखरीहरूको मर्मत गर्ने र आवश्यकता अनुरूप थप पोखरी निर्माण गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. जलवायु परिवर्तन न्यूनीकरण र स्वच्छ ऊर्जा कार्यक्रम जस्तैः विद्युतीय सवारी साधनको सम्भाव्यता अध्ययन एवं परीक्षण गर्ने। | २. विद्युतीय सवारी साधनहरू सञ्चालन गर्ने । | २. विद्युतीय सवारी साधनलाई प्राथमिकता दिई विस्तार गर्न निजी सहभागिता र लगानीलाई वृद्धि गर्ने । |

**ट.** नगरपालिकामा एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ समेटिएको जसमा आपत्कालीन वा विपद्को समयमा नगर कार्यपालिकाबाट निर्देशन भएमा सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नुपर्ने व्यवस्था रहेको र नगरमा विभिन्न स्थानमा ५ वटा निजी स्थानीय एफ.एम. सञ्चालनमा रहेको छ । विपद्को समयमा सञ्चार माध्यमको प्रमुख भूमिका रहने भएका कारण नगरमा रहेका रेडियो लगायत सञ्चारका अन्य माध्यमहरूको उपयोग सम्बन्धी कार्यविधिहरू आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रकोप, विपद् तथा आपत्कालीन सूचना सामग्री निर्माण तथा प्रचार प्रसारको माध्यम (रेडियो, अनलाइन, एसएमएस, सामाजिक सञ्जाल आदि) सम्बन्धी स्थानीय मापदण्ड निर्माण गर्ने । | १. बढ्दो सञ्चार माध्यमको विकास सँगै नगरले आफ्नो नगरमा भएका विपद् सम्बन्धी घटनाक्रमहरूको बारेमा तुरुन्त जानकारी एवं समन्वय गर्न सक्ने गरी सञ्चार माध्यमहरूको प्रयोग गर्ने गरी मापदण्डलाई परिमार्जन एवं संशोधन गर्ने | १. विपद् पत्रकारितामा लागेका व्यक्तिहरूलाई सूचना सम्प्रेषण गर्नका निमित्त विपद् पुस्तिकाहरू निर्माण गर्ने । |
| २. सर्वसाधारण सम्पूर्णको जानकारीको निमित्त कोभिड-१९ एवं अन्य विपद् जोखिम व्यवस्थापनका विषयवस्तु समेटेर सञ्चार सामग्री बनाएर रेडियो लगायत अन्य सञ्चार माध्यम मार्फत् सम्प्रेषण गर्ने । | २. सञ्चार माध्यममार्फत् विपद् व्यवस्थापन सम्बन्धी जनचेतना जगाउने । | २. सञ्चार माध्यममार्फत् विपद् व्यवस्थापन सम्बन्धी जनचेतना जगाउने । |

**ठ.** नगरपालिकामा पर्याप्त रूपमा खेतियोग्य जमिन रहेको साथै कृषि एवं पशुपालनको सम्भावना प्रचुर मात्रामा रहेका छन् । तर जंगल नजिक बस्ती एवं खेत भएका कारण किसानहरूले जंगली जनावरको आतंकको समस्या भोग्नु परेको छ । जंगली जनावरको आतंकले नगरका वडाहरू जस्तैः वडा नं. २, ५, ६, ७, ८ र ९ का बासिन्दाहरूलाई क्षति गरेको छ जसलाई नक्सा ३/५.४.१. मार्फत् पनि देखाइएको छ । जंगली आतंकले जनजीवनमा नै असर गरेको साथै कृषि उत्पादनमा ह्रास ल्याएको कारणले जंगल एवं जंगली जनावरको सुरक्षासँगै उपयुक्त उपायहरूको नितान्त आवश्यक भएकोले निम्न प्राथमिकताहरूलाई तल प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जंगली जनावरद्वारा नाश हुन नसक्ने खेतीहरूबारे अनुसन्धान गरी वैकल्पिक खेतीको विकास गर्ने । | १. जंगली जनावरको आतंकलाई मध्यनजर गरी वन कार्यालयसँग सहकार्य गरी जंगलमा घेराबार लगाउने । | १. जंगली आतंक शुन्य गर्न नवीनतम प्रविधिहरूको विकासलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने । |
| २. वन कार्यालय एवं सामुदायिक वन उपभोक्ता समूहहरूसँगको सहकार्य एवं समन्वयमा वन जंगलमै जंगली जनावरको पर्याप्त आहाराको लागि विविध फलफुलको बिरुवा एवं अन्य बिरुवाहरू रोप्ने । | २. जंगलहरू मासिने सम्भावना धेरै भएका कारण वनहरूको संरक्षण गर्ने । | २. जंगली आतंकबाट हुने नोक्सानी न्यूनीकरण गर्न जंगली आतंक बीमाको अवधारणाको विकास गर्ने । |

**ङ.** नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू गर्न कार्यालयमा स्थानीय आपत्कालीन सञ्चालन केन्द्र र विपद व्यवस्थापन उपशाखा रहेको छ । यसका साथै नगरमा पूर्व सूचना कार्यदलका सदस्यहरू, प्राथमिक उपचार कार्यदलका सदस्यहरू र खोज तथा उद्धार कार्यदलका सदस्यहरू नगरमा रहेका छन् तर विपद् व्यवस्थापन उपशाखामा हाल पनि आवश्यक कर्मचारीहरूको व्यवस्था गर्न नसकिएको अवस्था रहेको छ । नगरका प्रत्येक वडाहरू समेट्न सक्ने गरी प्रतिकार्य टोलीहरू एवं अन्य मानव संशाधनको अपर्याप्तता छ । यसका साथै नगरमा स्थानीयहरूमा विपद् व्यवस्थापन सम्बन्धी चेतनामा कमी छ । प्रकोप एवं जलवायु परिवर्तन, विपद् व्यवस्थापन कोष, विपद् प्रतिकार्य टोली, आपत्कालीन योजना, आपत्कालीन नम्बरहरू लगायत विपद्का विविध पक्षहरूबारे हाल पनि वडाबासीहरूमा जानकारीको कमी भएका कारण निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकामा अवस्थित विभिन्न संघ संस्थाहरूसँग आपसी समन्वयमा प्रत्येक वडाहरू समेटिने गरी विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू गर्ने साथै नियमित रूपमा यी संघ संस्थाहरूद्धारा गरिने कार्यहरूको अनुगमन एवं मूल्याङ्कन गर्ने । | १. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शिक्षण संस्थान, अनुसन्धानकर्ता तथा निजी क्षेत्रको साझेदारी र सहकार्यलाई प्रवर्द्धन र सुदृढ गर्ने । | १. अनुगमन एवं मूल्याङ्कनसँगै विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शिक्षण संस्थान, अनुसन्धानकर्ता तथा निजी क्षेत्रको साझेदारी निरन्तरता दिने । |
| २. प्रकोप र विपद् जोखिमको अनुगमन, सूचना सम्प्रेषण, खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण, बन्दोबस्तीका सामग्री र दक्ष जनशक्ति सहितको क्षमता अभिवृद्धि गर्ने । | २. जलवायु परिवर्तन अल्पिकरण, अनुकुलन, प्रभाव न्यूनीकरण मानव तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने । | २. खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण, बन्दोबस्तीका सामग्री र दक्ष जनशक्ति सहितको क्षमता अभिवृद्धि गर्ने । |
| ३. सबै वडामा स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत परिचालित हुने गरी सामुदायिक विपद् प्रतिकार्य तथा प्राथमिक उपचार टोली गठन र टोलीको क्षमता बढाई टोलीको न्यूनतम व्यवस्थापन र परिचालन गर्ने । | ३. सामुदायिक विपद् प्रतिकार्य तथा प्राथमिक उपचार टोली गठन र टोलीको क्षमता बढाई टोलीको व्यवस्थापन र परिचालनलाई निरन्तरता दिने । | ३. जलवायु परिवर्तन अनुकुलन तथा अन्य विपद् तथा आपत्कालीन व्यवस्था सम्बन्धी आवश्यक क्षमता अभिवृद्धि गरी परिचालन गर्ने । |
| ४. विपद्का हरेक प्रकोप समेटिने गरी नगरमा विपद् व्यवस्थापन सम्बन्धी जनसमुदायमा चेतना अभिवृद्धिका लागि बृहत् कार्यक्रमहरू सञ्चालन गर्ने । | ४. विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने । | ४. नगर, वडा र सामुदायिक विपद् व्यवस्थापन समितिबाट हुने सचेतनामूलक गतिविधिको कार्यान्वयनलाई निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ५. विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी ऐन, नियम वा निर्देशिका सम्बन्धी अनुशिक्षण सबै कर्मचारीहरूलाई दिने । | ५. वडा र नगरस्तरको विपद् व्यवस्थापन समितिमा नव निर्वाचित प्रतिनिधि सहित आवश्यक परिवर्तन र विपद् र जलवायु परिवर्तन सम्बन्धी अनुशिक्षण र वार्षिक रूपमा पुर्नताजगी दिने । | ५. नयाँ कर्मचारी तथा जनप्रतिनिधिलाई जलवायु परिवर्तन अनुकुलन तथा अन्य विपद् तथा आपत्कालीन व्यवस्था सम्बन्धी नीति र अभ्यासको अनुशिक्षण र आवश्यक सैद्धान्तिक तालिम दिने । |

**तालिका २/५.४.२ : विपद् तथा आपत्कालीन व्यवस्थापनको परिमाणात्मक लक्ष्य/अपेक्षित उपलब्धी**

| विषय | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| सुरक्षित भवन | ३ | ४ | ५ | ९ |
| वारुणयन्त्र | १ | १ | २ | २ |
| एम्बुलेन्स | ३ | | | |
| नगर प्रहरी | ६ | ६ | ९ | ९ |
| 'ख' वर्गको एम्बुलेन्स | | | १ | ३ |
| फायर स्टेशन<br>(अग्नि नियन्त्रक यन्त्रमा पानी भर्ने विन्दु व्यवस्थापन) | १ | ५ | १० | १५ |
| आपत्कालीन निकासद्वार सहितका संस्थागत भवन | | १ | १० | ३० |
| स्थानीय र सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना | | | ११ | ११ |
| तालिम प्राप्त खोज तथा उद्धार स्वयंसेवक<br>(प्राथमिक उपचार समेत) | | ४० | ५० | ८० |
| तालिम प्राप्त पूर्वसूचना कार्यदलका सदस्यहरू | | ४० | ५० | ८० |
| तालिम प्राप्त खोज तथा उद्धार कार्यदलका सदस्यहरू | | ४० | ५० | ८० |
| आपत्कालीन सामग्रीको पूर्व व्यवस्थापन भएका विन्दु | १ | ३ | ९ | ९ |

## ५.५. संस्थागत विकास र सुशासन

यो खण्डमा नगरपालिकाको आन्तरिक सङ्गठन संरचना तथा संयन्त्रको क्षमता विकास गरी नगरको सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन गरिने कार्यक्रम तथा सुशासन प्रवर्द्धनका नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

### ५.५.१. संस्थागत विकास

संविधानले निर्धारण गरे अनुसारको नगर सभा नगरको सङ्गठन संरचनाको सबैभन्दा माथिल्लो अंग हो भने नगर कार्यपालिका नगर सभाप्रति उत्तरदायी कार्यकारिणी अंग हो । नगर कार्यपालिकाको नगर प्रमुखको अध्यक्षतामा रहन्छ भने नगर उपप्रमुखले न्यायिक समितिको संयोजकका साथै नगर प्रमुखको अनुपस्थितिमा नगर कार्यपालिकाको अध्यक्षको भूमिका निर्वाह गर्छन् । प्रमुख प्रशासकीय अधिकृतले नगर कार्यपालिकाको सदस्य सचिवको अतिरिक्त नगरको प्रशासनिक नेतृत्व गर्छन् । संविधान र संघीय कानुनले निर्धारण गरेका उल्लिखित संरचना तथा जिम्मेवारी अनुरूप नगरमा विभिन्न प्रयोजनका लागि विभिन्न समिति तथा संयन्त्र निर्माण र सञ्चालन टीकापुर नगरपालिकाले गरिरहेको छ । बृहत् योजना तर्जुमाका क्रममा पहिचान गरिएका आन्तरिक क्षमतामा रहेको कमी पूरा गर्ने योजना कार्यान्वयनका लागि आवश्यक क्षमता तयारीका कार्यक्रमलाई नगरले अघि बढाउने छ ।

नगरको संस्थागत क्षमता विकासका सवाल सम्बन्धित विषयगत क्षेत्रको नीति तथा प्राथमिकतामा नै समेटिएको छ । त्यसैले आवधिक प्राथमिकतालाई यस खण्डमा समेटिएको छैन । तथापि यो क्षेत्रमा गरिने प्रमुख प्राथमिकताका विषयलाई बुँदागत रूपमा निम्नानुसार तय गरिएको छ ।

- नगरको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नगर बृहत् योजनाले प्रस्ताव गरेको क्षेत्रगत शाखा तथा इकाईहरूको स्वरूपमा आवश्यक परिवर्तन वा परिभाषित गर्ने ।
- प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण हुने गरी नगरपालिकामा एक योजना शाखा बनाउने । यसरी बन्ने शाखाले बृहत् योजना कार्यान्वनको समीक्षा, योजनामा आवश्यक परिमार्जनको सहजीकरण, वार्षिक नीति तथा कार्यक्रम तयारीमा सहजीकरण तथा पूँजी सुधार योजना निर्माण र कार्यान्वन जस्ता समग्र पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।
- दीर्घकालमा सबै किसिमका भौतिक पूर्वाधार र सम्बन्धित सेवा व्यवस्थापनको जिम्मेवारी सहितको शहरी विकास महाशाखाको अंग हुने गरी प्रविधिक शाखालाई विशिष्ठ शाखा तथा इकाईको स्तरमा लाने ।
- पर्यटन तथा उद्योग व्यवसाय हेर्ने जिम्मेवारी सहित आर्थिक विकासको समग्र पक्ष हेर्ने बेग्लैक्षमतायुक्त शाखा बनाउने ।
- शिक्षा र स्वास्थ्य जस्ता सामाजिक विकासका संयन्त्रलाई थप जनशक्ति र क्षमतायुक्त बनाउने ।
- प्राकृतिक स्रोत तथा वातावरण, विपद् तथा आपत्कालीन व्यवस्थापन, सम्पदा संरक्षण, पार्क तथा मनोरञ्जन आदिलाई थप प्राथमिकता दिन सम्बन्धित क्षेत्रको सङ्गठन विकासका कार्यक्रम कार्यान्वयन गर्ने ।
- सबै क्षेत्रका समिति, आयोग आदि गठन र क्षमता विकासका कार्यक्रम सम्बन्धित क्षेत्रको प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने ।

## ५.५.२. सुशासन

### १. पृष्ठभूमि

पारदर्शी, जवाफदेही, उत्तरदायी र सहभागितामुलक, गुणात्मक प्रतिस्पर्धामा आधारित समतामूलक र सदाचारयुक्त एवं शासन प्रणालीलाई संस्थागत गर्ने प्रण टीकापुर नगरपालिकाले लिएको छ । विकास निर्माणको हरेक प्रक्रियामा नागरिकको सुसूचित सहभागिता तथा सामाजिक जवाफदेहिता प्रवर्द्धनका विभिन्न औजार उपयोग गर्दै आएको छ । सार्वजनिक सरोकारका सबै सूचनामा नागरिकको सरल र सहज पहुँच सुनिश्चित गर्न नगरले संस्थागत प्रबन्ध गरेको छ । तथापि सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मसात गरी नगर र नागरिकका बिचको विश्वास प्रवर्द्धन गर्न तथा आम नागरिकलाई जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउनका लागि थप प्रयास गर्नुपर्ने आवश्यकता नगरले महसुस गरेको छ ।

संवैधानिक अधिकार, सूचनाको हक र सुशासन प्रवर्द्धनमा योगदान गर्ने जवाफदेहिताका उपकरणबारे जनतामा रहेको सचेतना सहितको सुशासनको बलियो माग पक्षलाई अवसरका रूपमा लिँदै सेवा प्रवाहमा रहेका कार्य विधिगत प्रकृयालाई छिटो र सहज बनाउन आधुनिक प्रकृयामा आधारित विद्युतीय शासन प्रणालीको विकास र विस्तार गर्दै नागरिकका तहसम्म सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने चुनौती नगरलाई छ ।

### २. लक्ष्य

नगरबासीलाई सुशासनयुक्त स्थानीय शासनको अनुभूति गराउने ।

### ३. उद्देश्य तथा नीतिहरू

**उद्देश्य १ : नगरको शासकीय अभ्यासको पारदर्शिता अभिवृद्धि गर्नु ।**

**नीति क.** सूचनाको हक सम्बन्धी संघीय ऐनको पूर्ण कार्यान्वयन गरिने छ ।

**नीति ख.** नगरका विकास तथा सेवा सम्बन्धी सूचनालाई अध्यावधिक गरी नागरिकले बुझ्न सक्ने भाषा र स्वरूपमा समय समयमा सार्वजनिक गरिने छ ।

**नीति ग.** विकासका कार्यक्रम सम्बन्धी सूचना सम्बन्धित समुदायले सहज रूपमा प्राप्त गर्न सक्ने गरी कानुनी र प्रक्रियागत प्रबन्ध गरिने छ ।

**नीति घ.** नगरको आन्तरिक संयन्त्रको क्षमता विकास र कार्यस्थलको स्वरूपमा आवश्यक परिवर्तन खुला कार्य स्थलको अवधारणा प्रवर्द्धन गरिने छ ।

**नीति ङ.** नगरका निर्णय तथा आर्थिक गतिविधिका सूचनामा आम नागरिकको पहुँच बढाउन सूचना व्यवस्थापन र प्रवाहका बढीभन्दा बढी माध्यमको उपयोग गरिने छ ।

**उद्देश्य २ : स्थानीय विकास प्रक्रियालाई सहभागितामूलक बनाउनु ।**

**नीति क.** नगरबाट कार्यान्वयन हुने सबै किसिमका पूर्वाधार निर्माणका कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता सुनिश्चित गर्ने विधि तय गरी कार्यान्वयन गरिने छ ।

**नीति ख.** उपभोक्ता समितिमा पदाधिकारी तहमा महिला सहभागिता अनिवार्य हुने गरी कम्तीमा ३३ प्रतिशत महिला सहभागिता र सम्बन्धित समुदायको जनसाङ्ख्यिक समिश्रणका आधारमा दलित, आदिवासी जनजाती तथा सिमान्तकृत वर्गको सहभागिता सुनिश्चित गरिने छ ।

**नीति ग.** विकासका कार्यक्रम र बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी र गरिबी निवारण केन्द्रित पद्धति कार्यान्वयन गरिने छ ।

**नीति घ.** विकास कार्यक्रमको उपलब्धी मूल्याङ्कन तथा परिमार्जन सम्बन्धी निर्णयमा सम्बन्धित समुदायको प्रतिनिधित्वका लागि आवश्यक प्रबन्ध गरिने छ ।

### उद्देश्य ३ : स्थानीयस्तरमा सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्नु ।

**नीति क.** नगर तथा अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा तथा सुविधामा नागरिकको धारणा र सन्तुष्टी आँकलन गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, टाउनहल बैठक, नागरिक प्रतिवेदन प्रणाली जस्ता सामाजिक जवाफदेहिताका उपयुक्त औजारहरूको समयवद्ध रूपमा उपयोग गरिने छ ।

**नीति ख.** सेवा र विकासका प्रक्रियाप्रति नागरिक तहमा रहनसक्ने असन्तुष्टी सम्बोधनका लागि नगरस्तरमा गुनासो संकलन र सुनुवाईका लागि संयन्त्र तयार गरी क्रियाशील गराइने छ ।

**नीति ग.** विकास निर्माणको निर्णय लिनु अघि स्थानीय परम्परा, संस्कृति तथा सम्पदा एवं निश्चित समुदायको हितमा पर्नसक्ने नकारात्मक प्रभावको लेखाजोखा प्रक्रियामा सम्बन्धित समुदायको प्रतिनिधित्व सुनिश्चित गरिने छ ।

**नीति घ.** नगरको कार्यप्रतिको नागरिक धारणा अभिव्यक्त हुने वातावरण बनाउन अनलाइन विधिहरू निर्धारण र प्रचार प्रसार गरिने छ ।

### उद्देश्य ४ : स्थानीय प्रशासनको सदाचारिता सुनिश्चित गर्नु ।

**नीति क.** नगर र नगर अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा र सुविधा प्राप्तीको प्रक्रिया थप सरल बनाइने छ ।

**नीति ख.** राजस्व भुक्तानी, सिफारिस, नक्सा स्वीकृति प्रक्रिया आदिलाई विद्युतीय प्रणालीमा आवद्ध गरिने छ ।

**नीति ग.** नगरको संयन्त्र तथा नगरभित्रका सबै सार्वजनिक निकायको सेवा प्रवाहमा हुनसक्ने आर्थिक अनियमितताको सूचना संकलन, विश्लेषणका लागि नगरस्तरीय संयन्त्र निर्माण गरिने छ ।

**नीति घ.** आन्तरिक र बाह्य रूपमा आर्थिक अनियमितता सम्बन्धी सूचना उपलब्ध गराउने सूचनादाताको संरक्षण गरिने छ ।

**नीति ङ.** आर्थिक अनियमितता सम्बन्धी अनुसन्धान, अभियोजन र तहकीकातका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने छ ।

## तालिका १/५.५.२ : आवधिक प्राथमिकता : सुशासन प्रवर्द्धन

| **क.** नेपालको संविधानको धारा ५१ मा उल्लिखित सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने, राज्यको नीतिलाई मार्गदर्शक नीतिको रूपमा लिँदै नगरपालिकाको शासकीय अभ्यासलाई थप पारदर्शी, जवाफदेही र सहभागितामूलक बनाउन सुशासन सम्बन्धी प्राथमिकतालाई निम्नानुसार प्रस्तुत गरिएको छ । | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरको अभिलेख व्यवस्थापन प्रणालीमा सुधार गर्न सूचना अधिकारी तथा सम्बन्धित सूचना व्यवस्थापन शाखाका कामको बिचमा समन्वय बढाउन संस्थागत विधि निर्धारण गर्ने । | १. अभिलेख व्यवस्थापन, सूचनाको स्वयं खुलासा तथा सूचनाको मागको सम्बोधनको अभ्यासलाई व्यवस्थित गराई सूचनाको हकको पूर्ण कार्यान्वन गर्ने । | १. सबै क्षेत्रको सूचना व्यवस्थापन र सूचना अधिकारीको कार्यलाई आन्तरिक नेटवर्कमार्फत् एकीकृत र व्यवस्थित गर्ने । |
| २. व्यक्तिको संविधान प्रद्धत्त गोपनीयताको हकमा असर नपर्ने गरी नगरका विकास, सेवा तथा आर्थिक सूचनालाई डिजिटाइज गरी सार्वजनिक पहुँचमा उपलब्ध गराउने प्रक्रिया प्रारम्भ गर्ने । | २. खुला तथ्याङ्क (कम्प्युटरकृत ओपन डाटा) तयारी गरी स्वतः खुलासाको अभ्यासलाई थप प्रभावकारी बनाउने । | २. सूचना सार्वजनिकीकरणको विधिलाई अनलाइन बनाई निर्धारित मितिमा सञ्चालन हुने व्यवस्था गर्ने । |
| ३. नगरमा रहेको डिजिटल सूचना पार्टीलाई आर्थिक तथा अन्य सूचना सार्वजनिक गर्ने विधिका रूपमा विकास गर्ने तथा वडा कार्यालयमा सूचना पाटीमा आर्थिक सूचना लगायतका सूचना टाँस गर्ने र व्यवस्थित र प्रभावकारी उपयोग गर्ने । सार्वजनिक स्थानमा सूचना पाटीबाट सूचना सार्वजानिकीकरणको अभ्यास विस्तार गर्ने । | ३. डिजिटल सूचना पाटीलाई आर्थिक सूचना प्रवाहको माध्यमका रूपमा निरन्तर उपयोग गर्ने । | |
| ४. बजेट तथा योजना एवं उपलब्धी विश्लेषणका आधारमा आर्थिक सूचनासहितको चौमासिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने र सोका आधारमा चौमासिक नागरिक सम्बाद गर्ने । | ४. आर्थिक सूचना सार्वजनिकीकरण नागरिक सम्वाद र सार्वजनिक सुनुवाईको विधिलाई आवश्यक परिस्कृत गरी निरन्तरता दिने । | ४. नागरिक सम्बाद कार्यक्रमलाई अनलाइन संस्करण सहित विस्तार गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
| --- | --- | --- |
| ५. उपभोक्ताबाट कार्यान्वयन हुने कार्यक्रम कार्यान्वनको विद्यमान कानुनी व्यवस्था परिमार्जन गरी स्थानीय योजना तर्जुमा, कार्यान्वयन र अनुगमन पद्धतिलाई थप सहभागितामूलक बनाउन स्थानीय कानुन बनाउने । | ५. योजना तर्जुमा तथा कार्यान्वनको विधिलाई सहभागितामूलक बनाउन तय गरिएका स्थानीय कानुनको प्रभावकारी कार्यान्वयन गर्ने । | ५. वार्षिक योजना तथा बृहत् योजना निर्माण र परिमार्जनको अभ्यासलाई निरन्तर सुझावका आधारित बनाउन अनलाइनमा आधारित पद्धति विकास गर्ने । |
| ६. वडा र नगरस्तरीय सार्वजनिक सुनुवाईमा सुसुचित सहभागिता प्रवर्द्धन गर्न वर्तमान अभ्यासमा आवश्यक परिमार्जन गर्ने । | | |
| ७. नागरिकको गुनासो संकलन तथा फछ्र्यौटको विधि निर्माण गरी कार्यान्वयन शुरु गर्ने । | ७. गुनासो संकलन र फछ्र्यौटको अभ्यासलाई अनलाइन बनाउने । | |
| ८. कर भुक्तानी तथा नक्सा पास प्रकृयालाई अनलाइन बनाउन आवश्यक विधि तय गर्ने र यसको प्रचार प्रसार गर्ने । | ८. अनलाइन नक्सा स्वीकृति तथा राजस्व भुक्तानी प्रणाली कार्यान्वयन गर्ने । | ८. नगर र वडाका सिफारिस लगायतका सेवालाई अनलाइन बनाउने । |
| ९. जनप्रतिनिधि तथा कर्मचारीलाई सुशासन र सूचनाको हक सम्बन्धी अनुशिक्षण उपलब्ध गराउने । | ९. जनप्रतिनिधि तथा कर्मचारीलाई सुशासन र सूचनाको हक सम्बन्धी अनुशिक्षण उपलब्ध गराउने अभ्यासलाई वार्षिक रूपमा निरन्तरता दिने । | ९. जनप्रतिनिधि तथा सूचनाको हक, शुसासन तथा सुशासन प्रवर्द्धनका लागि नगरले तय गरेका विधि तथा मापदण्ड सम्बन्धी अनुशिक्षण दिने । |
| १०. संघीय कानुन बमोजिम नगर सुशासन सम्बन्धी स्थानीय कानुन बनाई, पदाधिकारी, कर्मचारी तथा अन्य सम्वद्ध पक्षको आचार संहिता तय गर्ने र अनियमितताको सूचना संकलन, विश्लेषण तथा कारवाही सिफारिसको विषयलाई स्थानीय कानुनबाट संस्थागत गर्ने । | १०. लागत प्रभावकारिता तथा सुशासन प्रवर्द्धनलाई सम्बन्धित शाखा र कर्मचारीको कार्यसम्पादन मापनको सूचक बनाई कार्यान्वयन गर्ने । | १०. पारदर्शिता र सुशासनमा योगदान गर्ने एकजना कर्मचारी र एकजना नागरिक समाजका सदस्यलाई वार्षिक रूपमा पुरुस्कृत गर्ने अभ्यास शुरु गर्ने ।<br><br>११. कार्यस्थललाई खुला बनाउन संरचनागत व्यवस्था गरी यो अवधारणा कार्यान्वयन गर्ने । |

## तालिका २/५.५.२ : सुशासन प्रवर्द्धनको परिमाणात्मक लक्ष्य

| उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|
| नगरको बृहत् योजना, विभिन्न नीति तथा सान्दर्भिक कानुन एवं रणनीति विषयमा प्रशिक्षित जनप्रतिनिधि (प्रत्येक पटक निर्वाचित) | | ५५ | ५५ | ५५/५५ |
| सूचनाको हक र सुशासन सम्बन्धी विषयमा प्रशिक्षित स्थानीय जनप्रतिनिधि तथा कर्मचारी (वार्षिक) | | १०० | १०० | १०० |
| सूचनाको हक सम्बन्धी कानुनमा आधारित स्वयं खुलासाको अभ्यास (वार्षिक पटक) | | ४ | ४ | ४ |
| सूचनाको हक र सुशासनका सूचक समेत समावेश भएको स्थानीय कार्य सम्पादन सूचक तयार गरी मापन (वार्षिक) | | प्रारम्भ | ५ | १० |
| नगर सभा बैठकको प्रत्यक्ष जानकारी नागरिकलाई हुने अवस्था (वार्षिक २ पटक) | | २ | १० | २० |
| नगरका विषयगत समितिका बैठकको खुलापनको सुनिश्चितता (प्रतिशत) | | २० | ५० | १०० |
| विद्युतीय भुक्तानी पद्धतिमा आवद्ध करदाता (प्रतिशत) | | | ५० | ८० |
| इ-नक्सा स्वीकृति सेवा आवद्ध सेवाग्राही (प्रतिशत) | | | ४० | ८० |
| चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगतिका वित्तीय तथ्याङ्क सहितको प्रतिवेदन अनलाइन विधिबाट सार्वजनिक (वार्षिक) | | ३ | ५ | १० |
| अनलाइन गुनासो संकलन र फर्छौट प्रणाली स्थापना भई कार्यान्वयनमा आएको अवस्था | | शुरुवात | नियमितता | नियमितता |
| नगर र वडास्तरमा डिजिटल सूचना पाटीको व्यवस्था | | १ | १० | १० |
| सदाचारी कर्मचारी र सुशासन प्रवर्द्धनमा योगदान गर्ने नागरिक सम्मान (वार्षिक २ जना) | | | १० | २० |
| खुला कार्यस्थल (पदाधिकारी र कर्मचारीको कार्य स्थल पारदर्शी र सबैले देख्न सक्ने रहने अवस्था) अवधारणाको प्रगति (प्रतिशत) | | | | ५० |
| मध्यकालीन खर्च संरचनाको पद्धति निर्माण र अध्यावधिक (पटक) | | शुरुवात | ५ | १० |

# खण्ड ६
# अनुगमन र मूल्याङ्कन

टीकापुर नगरपालिकाले बृहत् योजना निर्माण गर्दा वार्षिक एवं आवधिक विकास कार्यक्रम लगायत विकास र सेवाका गतिविधिलाई निर्देशित र व्यवस्थित गरी समयवद्ध रूपमा कार्यान्वयन गर्न मार्गदर्शन गर्ने जीवन्त नीतिगत दस्ताबेजका रूपमा तयार गरेको हो । बृहत् योजना स्थानीय कानुनका आधारमा समय समयमा अद्यावधिक हुनेछ । बृहत् योजना तयार गर्दाका बखत यो योजनाको समयावधि हरेक वर्ष २० वर्ष निर्धारण गरिएको छ । हरेक ३ वर्षमा अध्यावधिक गर्ने क्रममा पुनः नयाँ २० वर्षको योजनाको रूप यसले पाउने छ भने यो प्रक्रिया निरन्तर चल्ने छ ।

यो योजनाका नीति तथा प्राथमिकता संशोधनका लागि सुझाव लिन तथा संशोधन गर्न नीति तथा प्राथमिकताका लागि दिइएका संकेत वा नम्बर र अवधिलाई आधार बनाइने छ । यसका लागि खण्ड, विषय, उद्देश्य, नीति तथा आवधिक प्राथमिकतालाई नम्बर वा संकेत दिइएको छ । यी नम्बर र संकेत कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा समेत प्रयोग गरिने छ ।

बृहत् योजना कार्यान्वयनको समग्र पक्ष कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको जिम्मा नगर कार्यपालिका र कार्यपालिकाले तोकेको संयन्त्रको हो । नगर कार्यपालिका तथा जिम्मेवार अन्य संयन्त्रलाई प्रमुख प्रशासकीय अधिकृत तथा विभिन्न शाखा तथा इकाईबाट कार्यक्रम अनुगमन र मूल्याङ्कनको कार्यमा सहयोग हुनेछ । नगर परिषद् अन्तर्गतका समिति तथा नगर सभाले तोकेका अन्य संयन्त्रले पनि अनुगमन र मूल्याङ्कनमा भूमिका निर्वाह गर्नेछन् ।

बृहत् योजना कार्यान्वनको अनुगमन मूल्याङ्कनको पद्धतिलाई बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

- बृहत् योजनामा समेटिएका विकास र सेवा क्षेत्रको आवधिक रूपमा अपेक्षित उपलब्धी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ । यसलाई क्षेत्रगत योजनाको प्रभावकारिता मूल्याङ्कनको आधार बनाई सम्बन्धित शाखाबाट तयार हुने वार्षिक तथ्याङ्कलाई एकीकृत रूपमा प्रमुख प्रशासकीय अधिकृतको सहजीकरणमा नगर कार्यपालिकाबाट हरेक ३ वर्षमा मूल्याङ्कन हुनेछ भने वार्षिक रूपमा तथ्याङ्क अध्ययन गरी त्यसका आधारमा सुधारात्मक कार्यक्रम तय गरी कार्यान्वयन गर्दै लगिने छ ।
- हरेक कार्यक्रम कार्यान्वनको अनुगमनका तहगत संयन्त्र रहने छन् । कार्यको प्रकृति अनुसार सम्बन्धित शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न समिति, नगर कार्यपालिका जस्ता तहबाट अनुगमन र मूल्याङ्कनको कार्य हुनेछ ।
- बृहत् योजनामा तय गरिएका आवधिक प्राथमिकताका आधारमा नगर प्रमुखको नेतृत्वमा रहने राजस्व पूर्वानुमान तथा बजेट सीमा निर्धारण समितिले वार्षिक योजना तथा बजेट तर्जुमा निर्देशिका बनाउने छ । यसरी बन्ने निर्देशिकाका आधारमा आर्थिक योजना तथा बजेट तर्जुमाको कार्यलाई बजेट तथा योजना समितिले निर्देशित र व्यवस्थित गर्नेछ ।

- नगरले तय गर्ने वार्षिक विकास कार्यक्रमको अंग हुने गरी बृहत् योजनाले अनुमान गरेको अपेक्षित उपलब्धीका आधारमा वार्षिक कार्यतालिका र परिमाणात्मक लक्ष्य सम्बन्धित शाखाले तयार गर्नेछन्। यसका आधारमा सम्बन्धित शाखाको आन्तरिक अनुगमन र मूल्याङ्कनको विधि तय गरिने छ।
- बृहत् योजनामा निर्धारित प्राथमिकता मध्ये स्थानीय कानुन तथा विभिन्न नीति निर्माणको कार्यान्वयन पक्ष नगर कार्यपालिका र विषयगत समिति हुने हुनाले ती विषय नगर परिषद् तथा विषयगत समितिको अनुगमन र मूल्याङ्कनको क्षेत्रमा समेटिने छन्।
- वस्तु तथा सेवा सम्बन्धी कार्यको अनुगमनको कार्य सम्बन्धित शाखा प्रमुखको प्राविधिक सहयोगमा नगर उपप्रमुख नेतृत्वको नगरस्तरीय अनुगमन समितिले गर्नेछ।
- सङ्गठन विकाससँग सम्बन्धित विषयको अनुगमन तथा मूल्याङ्कनको कार्य प्रमुख प्रशासकीय अधिकृतको मूख्य प्राविधिक सहयोगमा नगर कार्यपालिकाले गर्नेछ।
- योजना कार्यान्वयन अनुगमन र मूल्याङ्कनको समग्र पक्षको अभिलेखीकरण र व्यवस्थापनको कार्य नगरको नीति तथा योजना शाखाले गर्नेछ।
- वडास्तरमा कार्यान्वयन गरिने गतिविधिको अनुगमनको कार्य र मूल्याङ्कनमा सहयोग सम्बन्धित वडा समिति तथा वडास्तरीय अनुगमन समितिबाट हुनेछ।

# अनुसुची १
# बृहत् योजना कार्यान्वयनको आर्थिक पक्ष

## १. वर्तमान अवस्था

टीकापुर नगरपालिकाले आन्तरिक राजश्व, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा विशेष कार्यक्रमका लागि संघ, प्रदेश तथा अन्य निकायबाट प्राप्त हुने विभिन्न अनुदान तथा सहयोगबाट आर्थिक स्रोत एकीकृत गरी विकास तथा सेवा प्रवाहका कार्य गरिरहेको छ। आर्थिक वर्ष २०७६/७७ मा उल्लिखित स्रोत तथा कृषि तथा पशुपालन, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा प्राप्त हुने सशर्त अनुदान समेतका आधारमा रू. ७४ करोड २९ लाखको बजेट सार्वजनिक गरेकोमा चालु खर्च रू. ४४ करोड ५९ लाख र पूँजीगत खर्च तर्फ रू. ३१ करोड ५९ लाख खर्च हुने अपेक्षा राखेको थियो । विभिन्न अनुदान, राजश्व बाँडफाँड, आन्तरिक राजश्व र अन्य आम्दानीबाट जम्मा हुने हुने स्रोतका आधारमा सोही अनुसार खर्च गर्ने लक्ष्य राखिएको थियो ।

आर्थिक वर्ष २०७५/७६ मा नगरले आन्तरिक राजश्व, राजश्व बाँडफाँड तथा संघ र प्रदेशबाट प्राप्त विभिन्न अनुदान समेत रू. ८१ करोड स्रोत जुटाएको थियो ६६ करोड मात्र खर्च गर्न सकेको थियो । सो वर्ष नगरले आन्तरिक करिव रू. ४ करोड ७६ लाख जुटाउन सकेको र २८ करोड पूँजीगत खर्चको लक्ष्य राखेको र वास्तविक पूँजीगत खर्च रू. २३ करोड मात्र गर्न सकेको थियो । यस आधारमा नगरको पूँजीगत खर्चको हिस्सा ३४.५ प्रतिशत मात्र रहेको अवस्था छ। यस तथ्यलाई दृष्टिगत गरी नगरले एकातिर आन्तरिक स्रोतमा वृद्धि र अर्कातिर खर्च गर्ने क्षमता बढाउनु पर्ने आवश्यकता छ।

## २. योजना कार्यान्वयनको लागत

बृहत् योजनाका सबै लक्षित कार्यक्रम कार्यान्वयन गर्न लाग्ने यथार्थ लागत अनुमान गर्नका लागि कतिपय कार्यक्रमको सम्भाव्यता अध्ययन गर्नुपर्ने, दीर्घकालका लागि गरिने कतिपय कार्यक्रका लागि त्यस समयमा सो कार्यक्रमको आवश्यकता र औचित्य विश्लेषण समेत गर्नुपर्ने सन्दर्भमा हालको अवस्थालाई दृष्टिगत गरी कार्यक्रमको हालको मुल्यका आधारमा लागत अनुमान गर्ने प्रयास गरिएको छ। अल्पकाल र मध्यकालका कार्यक्रमको लागत प्रक्षेपणले सबैजसो कार्यक्रम समेट्ने भएपनि दीर्घकालका कतिपय कार्यक्रम समयक्रममा परिभाषित हुँदै जाने भएकोले हाल अल्पकालीन र मध्यकालीन खर्चको सार संक्षेप मात्र यहाँ प्रस्तुत गरिएको छ। लागत अनुमान बृहत् योजनाको अंग भई योजना कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गर्न उपयोगी सन्दर्भ सामग्रीको रूपमा मात्र रहने छ। यस क्रममा तयार भएका कोरा तथ्याङ्कलाई नगरको मध्यमकालीन खर्च संरचना र वार्षिक कार्यक्रम निर्माणको उपयोगी सामग्रीको रूपमा नगरमा रहने छ।

**तालिका ६.१ : लागत अनुमानको सार संक्षेप**

**क. आर्थिक विकास**

| क्र. सं. | आर्थिक विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) |
| १ | कृषि तथा पशुपालन | १,४०० | ६७५ | ७२५ |
| २ | पर्यटन | ३,६७० | ३६५ | ३,३०५ |
| ३ | उद्योग र वाणिज्य | ३,१९० | ४४५ | २,७४५ |
| ४ | आर्थिक पूर्वाधार तथा राजस्व अभिवृद्धि | ६५५ | १५५ | ५०० |

| क्र. सं. | आर्थिक विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) |
| ५ | सहकारी | ३४५ | १३५ | २१० |
| ६ | सीप तथा रोजगारी | २,५५७.५ | ३४२.५ | २,२१५ |
| ७ | संस्थागत विकास (आर्थिक विकास) | २९५ | २२० | ७५ |
| **जम्मा** | | **१२,११२.५** | **२,३३७.५** | **९,७७५** |

## ख. सामाजिक विकास

| क्र. सं. | सामाजिक विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) |
| १ | शैक्षिक विकास | १०,८१३ | २,३९७.५० | ८,४१५.५० |
| २ | स्वास्थ्य | ६,०२९ | ४,२५२ | १,७७७ |
| ३ | सम्पदा संरक्षण | ४,०५२ | २,२२७ | १,८२५ |
| ४ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ८०५ | २४५ | ५६० |
| **जम्मा** | | **२१,६९९** | **९,१२१.५०** | **१२,५७७.५०** |

## ग. पूर्वाधार विकास

| क्र. सं. | पूर्वाधार विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) |
| १ | भू-उपयोग तथा आवास व्यवस्थापन | ३८०.५ | १६४.५ | २१६ |
| २ | पार्क तथा मनोरञ्जन | ३,७८५ | २,९९५ | ७९० |
| ३ | यातायात | ११,८६० | २,७५२ | ९,१०८ |
| ४ | सार्वजनिक निर्माण | १३,३६३.०४ | ३,७६७.२९ | ९,५९५.७५ |
| **जम्मा** | | **२९,३८८.५४** | **९,६७८.७९** | **१९,७०९.७५** |

## घ. वन, वातावरण तथा विपद् व्यवस्थापन

| क्र. सं. | वन, वातावरण तथा विपद् व्यवस्थापनका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) |
| १ | प्राकृतिक स्रोत र वातारण | २,८९२.५० | ६५६.५ | २,२३६ |
| २ | विपद् तथा आपत्कालीन व्यवस्थापन | ३,१५२ | १,१७२ | १,९८० |
| **जम्मा** | | **६,०४४.५** | **१,८२८.५** | **४,२१६** |

**ङ. संस्थागत विकास र सुशासन (संस्थागत विकासका कार्यक्रम सम्बन्धित क्षेत्रमा नै समेटिएको)**

| क्र. सं. | संस्थागत विकास र सुशासनका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) |
| १ | सुशासन | १३९ | १९ | १२० |
| | **जम्मा** | **१३९** | **१९** | **१२०** |

**समग्र लागत अनुमान (रू. लाखमा)**

| कुल जम्मा | अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) |
|---|---|---|
| **६९३८३.५४** | **२२,९८५.२९** | **४६,३९८.२५** |

माथि उल्लिखित लागत अनुमानमा नयाँ थप हुने बाहेकका नियमित प्रशासनिक खर्च तथा सेवा उपभोग खर्च समावेश छैन । त्यसैले त्यसका लागि थप लागत लाग्ने छ । यो अनुमान आ.व. २०७६/७७ को मुल्यमा गरिएको हुनाले मुद्रास्फीतिलाई ध्यान दिएर मौद्रिक मुल्यलाई यथार्थ मुल्यमा रूपान्तरण गर्दै जानुपर्ने हुन्छ । यो मोटामोटी अनुमान भएको कारणले वार्षिक योजना निर्माणको क्रममा गतिवधि निर्धारण गर्दा थप वैज्ञानिक लागत अनुमान गर्न सकिने छ । सुशासन, समाजिक समावेशीकरण, वातावरण, विपद् व्यवस्थापन जस्ता कतिपय क्षेत्रका कार्यक्रमलाई नगरले अन्य क्षेत्रको अन्तरसम्बन्धित कार्यक्रमको रूपमा समावेश गरी लागतमा कमी ल्याउन सकिने अवस्था पनि रहेको छ ।

बृहत् योजनामा कर्मचारीको तलव तथा अन्य प्रशासनिक खर्च बाहेक अल्पकाल र मध्यकालनमा कार्यक्रम कार्यान्वयनको लागत वि.सं. २०७७ को मुल्यमा वार्षिक करिव रू. १ अर्ब हुने मोटामोटी अनुमान रहेकोमा त्यसका लागि नगरले आयको स्रोत बढाउने, खर्च गर्ने क्षमता बढाउने र विभिन्न पक्षसँग सम्भाव्य साझेदारीको खोजी गर्ने कुरालाई सँगसगै अघि बढाउने छ ।

## ३. लागत बेहोर्ने स्रोत

१. आन्तरिक राजश्वको रकम हरेक वर्ष औसत १५ प्रतिशत (वास्तविक मुल्यमा) ले वृद्धि भई आ.व. २०९६/९७ सम्ममा १८ करोड हाराहारारी पुग्ने अनुमान गरिएको छ ।

२. संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा संघ, प्रदेश र स्थानीय सरकार बिचको राजश्व बाँडफाँडको रकम क्रमशः बढ्दै जाने अपेक्षा गरिएको छ ।

३. नीति निर्माण र प्रवर्द्धनात्मक कार्यक्रमका लागि स्थानीय सामुदायिक संस्था तथा अन्य विभिन्न संघ संस्थासँग साझेदारी हुने अपेक्षा गरिएको छ ।

४. कतिपय महत्वपूर्ण पूर्वाधारका लागि शहरी विकास मन्त्रालय र संघ र प्रदेश अर्न्तातका भौतिक पूर्वाधार मन्त्रालय र अन्य बाह्य निकायको लगानीका लागि आवश्यक पहल गरिने छ ।

५. आर्थिक विकास अन्तर्गतका सीपमूलक कार्यक्रम तथा पूर्वाधार विकासका कार्यक्रममा निजी, सार्वजनिक, सहकारी साझेदारीका आधारमा कार्य अघि बढाइने छ ।

६. राजश्वको दायरा विस्तारमा केन्द्रित गतिविधि र लगानी समेत बढाउने गरी कार्यक्रम प्रस्ताव गरिएको छ ।

**टीकापुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, टीकापुर, कैलाली, सुदूर पश्चिम प्रदेश, नेपाल
फोन नं.: ०९१-५६०८१६ | फ्याक्स: ०९१-५६१३८०
वेबसाइट: www.tikapurmun.gov.np | इमेल: tikapurmun@gmail.com